# राष्ट्रिय आर्थिक गणना, २०८२

## नेपालस्तरीय औद्योगिक बर्गिकरण

## Nepal Standard Industrial Classification

NSIC कोड अनुसारका आर्थिक क्रियाकलापहरुको विवरण

**संक्षिप्त संस्करण (Brief Edition)**

*(राष्ट्रिय आर्थिक गणना २०८२ को तथ्याङ्क सङ्कलन र डाटा प्रशोधनको प्रयोजनको लागि)*

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

थापाथली, काठमाडौं

**प्रकाशक:**

नेपाल सरकार

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

**राष्ट्रिय तथ्याङ्क कार्यालय**

थापाथली, काठमाडौं

**फोन:** ४१००५२४,५३४१८०१, ५३४५९४६(४७,४८)

E-mail: info@nsonepal.gov.np, Website: www.nsonepal.gov.np

**प्रकाशन वर्ष:** २०८२

**प्रथम संस्करण:** ५५०० प्रति

# प्राक्कथन

नेपालस्तरीय औद्योगिक वर्गीकरणको सङ्क्षेपीकृत रूपमा प्रकाशित यो पुस्तक राष्ट्रिय आर्थिक गणना २०८२ का लागि तयार गरिएको छ । गुणस्तरीय शुद्ध तथ्याङ्क संकलन तथा विषयगत नतिजा प्रकाशन गर्नमा यो वर्गीकरणको प्रयोग निकै उपयोगी रहनेछ। विशेष गरी वस्तु तथा सेवाहरूको उत्पादनमा आधारित आर्थिक क्रियाकलापहरूलाई वर्गीकरण गर्नमा यो पुस्तक सहयोगी हुनेछ। यस पुस्तकले राष्ट्रिय आर्थिक गणना २०८२, को तथ्याङ्क संकलन तथा डाटा प्रशोधन (कोडिङ, इडिटिङ आदि) कार्यमा खटिएका कर्मचारीहरुलाई प्रतिष्ठान/व्यवसायहरुले संचालन गरेको आर्थिक क्रियाकलाप अनुसार आर्थिक क्रियाकलापको खण्ड, डिभिजन, समुह र बर्ग पहिचान गर्न, छुटयाउन र यसै अनुसार बैज्ञानिक कोडिंग गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

यस पुस्तकको तयारीमा संलग्न रही अथक प्रयास गर्ने यस कार्यालयको आर्थिक गणना शाखा र आर्थिक गणनाको तयारी समुहमा रहनुभएका अन्य कर्मचारीहरुप्रति विशेष धन्यवाद दिन चाहन्छु । यस पुस्तकको तयारीमा नेतृत्वदायी भूमिका प्रदान गर्नुहुने यस कार्यालयका उप प्रमुख तथ्याङ्क अधिकारी श्री ढुण्डीराज लामिछानेलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यो पुस्तक राष्ट्रिय आर्थिक गणनाको गुणस्तरीय तथ्याङ्क संकलन तथा प्रशोधनका लागि उपयोगी हुने विश्वास लिएको छु।

**डा. कमल प्रसाद पोखरेल**

**प्रमुख तथ्याङ्क अधिकारी**

**नोट :**

१. यस संक्षिप्त निर्देशिकामा खण्ड ओ, खण्ड टि र खण्ड यु को बिबरण राखिएको छैन ।

२. गणक तथा सुपरिवेक्षकले राष्ट्रिय आर्थिक गणना २०८२ को तथ्याङ्क संकलनको क्रममा प्रमुख आर्थिक क्रियाकलापहरुको बिबरण उत्तरदाताले भने अनुसार नै अक्षरमा लेख्नु पर्दछ र सम्बन्धित आर्थिक क्रियाकलापको कोड यस निर्देशिका अध्ययन र रुजु गरि सहि कोड लेख्नु पर्दछ । यदि सहि NSIC कोड लेख्न द्विविधा भएमा सम्बन्धित अधिकारीको सहायता लिनु पर्दछ ।

३. गणक तथा सुपरिवेक्षकले गणना अवधिभर यो निर्देशिका आफ्नो साथमा राख्नु पर्दछ ।

# बिषयसूची


| | |
|---|---|
| आर्थिक क्रियाकलाप, बर्गिकरण पहिचान र कोडिंङ | |
| खण्ड A कृषि, वन तथा माछापालन | |
| खण्ड B खानी तथा उत्खनन् | |
| खण्ड C औद्योगिक उत्पादन | |
| खण्ड D विद्युत्, ग्याँस, बाफ तथा वातानुकूलित सेवा | |
| खण्ड E पानीको आपूर्ति, ढलनिकास, फोहर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलापहरू | |
| खण्ड F निर्माण | |
| खण्ड G थोक तथा खुद्रा व्यापार, मोटरगाडी र मोटरसाइकलको मर्मत सम्भारका कार्यहरू | |
| खण्ड H यातायात तथा भण्डारण | |
| खण्ड I आवास तथा भोजन सेवासम्बन्धी क्रियाकलापहरू | |
| खण्ड J सूचना तथा सञ्चार | |
| खण्ड K वित्तीय तथा बिमासम्बन्धी क्रियाकलापहरू | |
| खण्ड L घरजग्गा कारोवारका व्यवसायिक क्रियाकलापहरू | |
| खण्ड M पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू | |
| खण्ड N प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू | |
| खण्ड P शिक्षा | |
| खण्ड Q मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलापहरू | |
| खण्ड R कला, मनोरञ्जन तथा मनोविनोद | |
| खण्ड S अन्य सेवा प्रदान गर्ने क्रियाकलापहरू | |

# आर्थिक क्रियाकलाप, बर्गिकरण पहिचान र कोडिङ

## 1. परिचय

आर्थिक गणनामा गणना गरिएका प्रतिष्ठान (Establishment) को आर्थिक क्रियाकलापलाई ४-अङ्कको **नेपाल स्तरीय औद्योगिक बर्गिकरण (NSIC)** कोडमा सही ढंगले वर्गीकरण गर्नु सबैभन्दा महत्त्वपूर्ण कार्य हो। यस प्रक्रियाबाट शुद्द आर्थिक तथ्याङ्क प्राप्त गर्न सकिनेहुन्छ । स्थलगत कर्मचारीले प्रतिष्ठानको मुख्य आर्थिक क्रियाकलाप पहिचान र सो अनुसार 4 अंकको NSIC कोड लेख्नु निकै महत्वपूर्ण छ । यसका लागी आर्थिक क्रियाकलापको आधरभूत ज्ञान, प्रमुख आर्थिक क्रियाकलाप छुट्याउने बिधि, आर्थिक क्रियाकलापको बर्गिकरण संरचना र समबन्धित कोडको ढाँचा बुझ्नु निकै जरुरी छ । आर्थिक क्रियाकलापहरुको बिबरण र अन्तराष्ट्रिय मानकको आधारमा नेपाल स्तरीय औद्योगिक बर्गिकरण तयार गरिएको छ । आर्थिक गणनाको स्थलगत तथ्याङ्क संकलनमा प्रतिष्ठानको मुख्य आर्थिक क्रियाकलापको कोडिङ गर्न सहज होस् भन्ने हेतुले नेपाल स्तरीय औद्योगिक बर्गिकरणको संक्षिप्त संस्करण तयार गरिएको छ । स्थलगत कर्मचारीहरुले गणना गरिएको प्रतिष्ठानको प्रमुख आर्थिक क्रियाकलापको एक अंक र 4 अंकको कोड राख्नको लागि यो पुस्तक साथमा राखु पर्नेछ । यस परिच्छेदमा आर्थिक क्रियाकलापको अवधारणा, परिभाषा, बर्गिकरणको ढाँचा, प्रमुख आर्थिक क्रियाकलाप कसरि पहिचान गर्ने र सहि NSIC कोड कसरि खोज्ने भन्ने बारे बिधिबारे जानकारी दिईएको छ।

## 2. आर्थिक क्रियाकलापः अवधारणा, परिभाषा र कर्ता

### आर्थिक क्रियाकलाप

कुनै पनि वस्तु वा सेवा उत्पादन गर्ने, तिनीहरूको वितरण गर्ने, र बजारमा बिक्री गरेर आय आर्जन गर्ने कार्य नै आर्थिक क्रियाकलाप हो। सरल अर्थमा कुनै क्रियाकलाप जसले वस्तु तथा सेवाहरू उत्पादन गर्दछ र राष्ट्रिय उत्पादनमा मुल्य

अभिवृद्धि गर्दछ भने ती क्रियाकलापहरूलाई आर्थिक क्रियाकलापको रूपमा लिइन्छ। यस्ता क्रियाकलापहरू मुख्यतया नाफा कमाउन, स्वरोजगारी प्राप्त गर्न, वा परिवारको आफ्नै उपभोगका लागि गरिन्छ।

आर्थिक क्रियाकलापहरु संस्थागत एकाईले संचालन गरेका हुन्छन् । यस्तो संस्थागत एकाइ भन्नाले घरपरिवारको रुपमा एक व्यक्ति वा व्यक्तिहरुको समुह वा कानूनी तथा सामाजिक संस्थालाई बुझिन्छ। राष्ट्रिय लेखाको दृष्टिकोणबाट यस्ता आर्थिक क्रियाकलापहरु आवाशीय र गैर आवाशीय संस्थागत एकाइले संचालन गरेको हुन्छन । राष्ट्रिय लेखा प्रणाली अन्तर्गत आवाशीय आर्थिक क्रियाकलापहरुको संचालनबाट मात्र कुल गार्हस्थ उत्पादनको अनुमानको लागि योगदान पुर्याउँछ । विभिन्न प्रकारका आर्थिक क्रियाकलापहरु संचालन, उत्पादन, वितरण, उपभोग, लगानी आदि प्रकृतिको आधारमा आवाशीय संस्थागतगत एकाईहरुलाई पाँच वटा संस्थागत क्षेत्रहरु सरकारी, वित्तीय संगठन, गैर वित्तीय संगठन, घरपरिवारलाई सेवा उपलब्ध गर्ने गैर नाफामुखी संगठन र घरपरिवारमा बिभाजन गरिएको हुन्छ । यी संस्थागत क्षेत्रले बजारयोग्य र गैरबजार योग्य बस्तु तथा सेवाको उत्पादन गर्दछन ।

उत्पादनको दृष्टिकोणबाट आर्थिक क्रियाकलाप गर्ने एक आर्थिक एकाईलाइ प्रतिष्ठान भनिन्छ । आर्थिक गणनामा तथ्याङ्क संकलन गर्न लागिएको आर्थिक एकाइ मुलतः एउटा प्रतिष्ठान हो । एउटा निश्चित वा एकल (Single) स्थानमा अवस्थित वा स्थापना गरिएको आर्थिक एकाइलाई प्रतिष्ठान भनिन्छ । यस्ता प्रतिष्ठानले मुख्यतया एकै प्रकारको मात्र आर्थिक क्रियाकलाप सञ्चालन गरेका हुन्छन् । यस सम्बन्धी बिस्तृत ब्याख्या गणना पुस्तिकामा गरिएको छ ।

## आर्थिक क्रियाकलापको बर्गिकरण

बिश्वब्यापीरुपमा समान आर्थिक क्रियाकलापका तथ्याङ्क संकलन देखि विश्लेषण, नीति तर्जुमा, मुल्यांकन, प्रशासनिक व्यवस्थापन गर्न सहजता होस् भन्ने हेतुले आर्थिक क्रियाकलापहरुलाई यसको इनपुट, प्रक्रिया उत्पादन (output) को समान प्रकृतिको आधारमा विभिन्न चार तहमा बर्गिकरण गरिएकोछ । यसलाई

अन्तरराष्ट्रिय स्तरीय औद्योगिक बर्गिकरण भनिन्छ । यसको आधारमा नेपालमा पनि नेपाल स्तरीय औद्योगिक बर्गिकरण तयार गरिएको छ । आर्थिक क्रियाकलापहरुको प्रशासनिक रेकर्ड राख्न, तथ्याङ्क संकलन, प्रस्तुति गर्नको लागि यो बर्गिकरणको महत्व निकै छ । यसैले बिभिन्न तथ्यांकीय गणना तथा सर्वेक्षणहरु जस्तै जनगणना, आर्थिक गणना, जिबनस्तर सर्वेक्षणमा यस बर्गिकरण अनुसार आर्थिक क्रियाकलापहरुको वास्तविक कोडिङ गर्ने गरिन्छ साथै तथ्याङ्क प्रस्तुति गरिन्छ ।

औद्योगिक बर्गिकरण अनुसारका आर्थिक क्रियाकलापहरुलाई सामान्यतया तीन क्षेत्रमा बाँडिन्छ:

**प्राथमिक क्षेत्र**: प्राकृतिक स्रोतको प्रत्यक्ष प्रयोग (जस्तै: A, B) ।

**द्वितीयक क्षेत्र:** कच्चा पदार्थलाई प्रशोधन गरेर नयाँ वस्तु बनाउने (जस्तै: C,D,E,F) ।

**तृतीयक क्षेत्र:** सेवा प्रदान गर्ने कार्य (जस्तै: G,H,I,J,K,L,M,N,O,P,Q,R,S,T,U) ।

## केलाई आर्थिक क्रियाकलाप मानिँदैन?

आर्थिक गणनाको उद्देश्यका लागि केही कार्यहरूलाई यसमा समावेश गरिँदैन जस्तै घरायसी कार्य: आफ्नै परिवारका लागि गरिने खाना पकाउने वा सफाइ गर्ने जस्ता बेतलबी काम। अवैध कार्य: तस्करी, जुवा, वा चोरी, मगन्ते क्रियाकलाप। व्यक्तिगत आवश्यकता: खानु, सुत्नु वा व्यक्तिगत मनोरञ्जनका कार्यहरू।

## NSIC अनुसार आर्थिक क्रियाकलापको बर्गिकरण संरचना

| क्र.सं. | आर्थिक क्रियाकलाप | खण्ड | डिभिजन | समूह | वर्ग |
|---|---|---|---|---|---|
| १ | कृषि, वन तथा माछापालन | A | ०१ -- ०३ | १३ | ३८ |
| २ | खानी तथा उत्खनन् | B | ०५ -- ०९ | १० | १४ |
| ३ | औद्योगिक उत्पादन | C | १० -- ३३ | ७१ | १३७ |
| ४ | विद्युत्, ग्याँस, बाफ तथा वातानुकूलित सेवा | D | ३५ -- ३५ | ३ | ३ |
| ५ | पानीको आपूर्ति, ढलनिकास, फोहर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलापहरू | E | ३६ -- ३९ | ६ | ८ |
| ६ | निर्माण | F | ४१ -- ४३ | ८ | ११ |
| ७ | थोक तथा खुद्रा व्यापार, मोटरगाडी र मोटरसाइकलको मर्मत सम्भारका कार्यहरू | G | ४५ -- ४७ | २० | ४३ |
| ८ | यातायात तथा भण्डारण | H | ४९ -- ५३ | ११ | २० |
| ९ | आवास तथा भोजन सेवासम्बन्धी क्रियाकलापहरू | I | ५५ -- ५६ | ६ | ७ |
| १० | सूचना तथा सञ्चार | J | ५८ -- ६३ | १३ | २३ |
| ११ | वित्तीय तथा बिमासम्बन्धी क्रियाकलापहरू | K | ६४ -- ६६ | १० | १८ |
| १२ | घरजग्गा कारोवारका व्यवसायिक क्रियाकलापहरू | L | ६८ -- ६८ | २ | २ |
| १३ | पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू | M | ६९ -- ७५ | १४ | १४ |
| १४ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू | N | ७७ -- ८२ | १९ | २६ |
| १५ | सार्वजनिक प्रशासन तथा सुरक्षा; अनिवार्य सामाजिक सुरक्षासम्बन्धी क्रियाकलापहरू | O | ८४ -- ८४ | ३ | ७ |
| १६ | शिक्षा | P | ८५ -- ८५ | ५ | ८ |
| १७ | मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलापहरू | Q | ८६ -- ८८ | ९ | ९ |
| १८ | कला, मनोरञ्जन तथा मनोविनोद | R | ९० -- ९३ | ५ | १० |
| १९ | अन्य सेवा प्रदान गर्ने क्रियाकलापहरू | S | ९४ -- ९६ | ६ | १७ |
| २० | रोजगारदाताका रूपमा घरपरिवारका घरायसी क्रियाकलापहरू; आफ्नो प्रयोगका | T | ९७ -- ९८ | ३ | ३ |

| क.सं. | आर्थिक क्रियाकलाप | खण्ड | डिभिजन | समूह | वर्ग |
|---|---|---|---|---|---|
| | लागि छुट्याउन नसकिने विभिन्न वस्तु तथा सेवाहरू उत्पादन गर्ने क्रियाकलापहरू | | | | |
| २१ | बाह्य संघसंस्था एवं यसका अङ्गहरूका क्रियाकलापहरू | U | ९९ --९९ | १ | १ |
| | जम्मा | २१ | ८८ | २३८ | ४१९ |

## NSIC संक्षिप्त सन्दर्भ पुस्तिकाको आवश्यकता

यो निर्देशिका NSIC मुख्य बर्गिकरण पुस्तकको आधारमा तयार गरिएको छ । शुद्द तथ्याङ्क उत्पादन गर्न यस बर्गिकरण पुस्तकको महत्वपूर्ण भूमिका रहन्छ । आर्थिक गणनाको मुख्य तथ्याङ्क संकलन गर्नु पर्ने बिषयबस्तु नै प्रतिष्ठानको मुख्य आर्थिक क्रियाकलाप भएकोले प्रतिष्ठानको मुख्य आर्थिक क्रियाकलापलाई सहीरुपमा बर्गिकरण गर्नु आवश्यक हुन्छ । गणक सुपरिवेक्षकले संकलन गरेको प्रतिष्ठानको मुख्य आर्थिक क्रियाकलापलाई तत्काल बर्गिकरण गर्न सके उत्पादित तथ्याङ्कमा त्रुटी/भ्रमांशको मात्रामा उल्लेख्य सुधार गर्न सकिने हुन्छ । यसैले गणक सुपरिवेक्षकले संकलन गरेकोको आर्थिक क्रियाकलापलाई तत्काल बर्गिकरण गर्न सहजताको लागि NSIC संक्षिप्त सन्दर्भ पुस्तिका (निर्देशिका) तयार गरिएको छ ।

# 3. प्रतिष्ठानको आर्थिक क्रियाकलाप पहिचान गर्ने बिधि

गणकले फिल्डमा वास्तविक कोड पहिचान गर्न प्रयोग गर्ने **मुख्य विधिहरू** तल दिइएका छन्:

### १. प्रतिष्ठानले गर्ने आर्थिक क्रियाकलापहरुको जानकारी सङ्कलन

- सबैभन्दा पहिले, गणकले प्रतिष्ठानले गर्ने कामको बारेमा विस्तृत जानकारी लिनुपर्छ। प्रतिष्ठानले बस्तु उत्पादन को कार्य गर्छ कि सेवा प्रदान / उत्पादनको कार्य गर्छ भन्ने कुराको जानकारी राख्नु पर्छ । गणना गर्न लागिएको प्रतिष्ठानको **उत्पादन (Outputs) के हो (**अन्त्यमा के बन्छ वा कस्तो सेवा दिइन्छ) जस्तै लगाउने लुगा (सर्ट) वा चिकित्सा सेवा हो ; यो

उत्पादनगर्न कस्तो इनपुटहरु (जस्तै कच्चा सामग्रीको प्रयोग गरिन्छ; कुन कुन प्रक्रिया अपनाइन्छ (त्यो सामग्रीलाई के गरिन्छ? (जस्तै: मेसिनले बुन्ने, हातले काट्ने) **जस्ता उत्पादनका आधरभूत कुराहरु** सही कोड राख्नको लागि यी **जानकारी लिनु पर्दछ ।**

## २. प्रमुख क्रियाकलापको पहिचान (Identifying Principal Activity)

- विभिन्न प्रतिष्ठानहरुले कुनै एक प्रकारको मात्र आर्थिक क्रियाकलाप संचालन गरेका हुनसक्छन जस्तै मदिरामात्र बिक्रि गर्ने पसल । कुनै प्रतिष्ठानले एक भन्दा बढी आर्थिक क्रियाकलापहरु संचालन गरेका पनि हुन्छन् जस्तै कुनै होटल लजले खाद्य र गैर खाद्य मिस्रित सामानहरु पनि बिक्रि गर्ने । प्रतिष्ठानले एकै प्रकारको आर्थिक क्रियाकलाप संचालन गरेको छ भने गणकले बिस्तृत कामको विवरण लेख्नु पर्दछ र यसको कोड पहिचान गर्न सहज हुन्छ ।
- यदि एउटै प्रतिष्ठानले धेरै काम गर्छ भने, कुन कामलाई "मुख्य" मान्ने भन्ने निर्णय गर्नु पर्छ । यसरि निर्णय गर्नको लागि प्रतिष्ठानले गरेको कुल कारोबारमा मूल्य अभिवृद्धि (Value Added) को आधारमा गर्नुपर्दछ । जस्तै मूल्य अभिवृद्धि (Value Added) = कुल प्रतिफल — मध्यवर्ती उपभोग (Gross Output – Intermediate Consumption)
- प्रतिष्ठानको जुन क्रियाकलापबाट सबैभन्दा बढी मूल्य अभिवृद्धि हुन्छ, त्यही नै उक्त प्रतिष्ठानको मुख्य आर्थिक क्रियाकलाप हुन्छ र यसैको वास्तविक कोड राख्नु पर्दछ । यदि मूल्य अभिवृद्धि निकाल्न कठिन भएमा प्रतिष्ठानको आम्दानी (Revenue) वा कामदारको सङ्ख्यालाई आधार मानिन्छ। जस्तै कुन आर्थिक क्रियाकलापबाट बढी आम्दानी हुन्छ सोहि क्रियाकलाप प्रमुख क्रियाकलाप हुन्छ । यदि यसबाट पनि प्रमुख आर्थिक क्रियाकलाप पहिचान गर्न कठिन भए बढी कामदार लाग्ने कुन आर्थिक

क्रियाकलाप हो सोधी प्रमुख आर्थिक क्रियाकलाप पहिचान गर्नुपर्छ र सोहि अनुसार वास्तविक कोड लेख्नु पर्दछ ।

## ३. 'टप-डाउन' विधि (Top-Down Method)

NSIC कोड खोज्दा सिधै ४-अङ्कमा जानु हुँदैन। यसको एउटा निश्चित तहगत प्रक्रिया हुन्छ:

- प्रतिष्ठानको प्रमुख आर्थिक क्रियाकलापको बिस्तृत विवरण प्रश्नावलीको उचित स्थानमा लेख्नु पर्दछ । अस्पष्ट विवरण लेख्नु हुदैन । विवरण अस्पष्ट भयो भने उक्त क्रियाकलापको विवरणको वास्तविक कोड पहिचान गर्न कठिन वा असम्भव हुन्छ । यसैले आर्थिक क्रियाकलापको विवरण जति स्पष्ट भयो कोडिङ गर्न वा वास्तविक कोड पहिचान गर्न सजिलो हुन्छ ।
- खण्ड (Section) पहिचान: पहिले प्रतिष्ठानको आर्थिक क्रियाकलापको व्यापक क्षेत्र छान्नुहोस् । (जस्तै: Section C - उत्पादन)। यसको मतलब NSIC बर्गिकरण २१ वटा खण्डहरु मध्ये प्रतिष्ठानले गर्ने आर्थिक क्रियाकलाप खण्ड A देखि खण्ड U मध्ये कुन खण्डमा पर्दछ उक्त खण्ड पहिचान गर्नु पर्दछ ।
- डिभिजन (Division) छनोट: प्रतिष्ठानले संचालन गरेको आर्थिक क्रियाकलापको व्यापक क्षेत्र अर्थात् खण्ड पहिचान गरे पछी त्यसभित्रको मुख्य विधा छान्नुहोस् (जस्तै: Division १० - खाद्य पदार्थ उत्पादन)।
- समूह (Group) छनोट: प्रतिष्ठानले संचालन गरेको आर्थिक क्रियाकलापको खण्ड अन्तर्गतको डिभिजन पहिचान गरे पछी अझ भित्र गएर विशिष्ट समूह पहिचान गर्नुहोस् (जस्तै: Group १०७ - अन्य खाद्य पदार्थ)।

- वर्ग (Class/4-digit): अन्त्यमा, प्रतिष्ठानले संचालन गरेको आर्थिक क्रियाकलापको खण्ड अन्तर्गत  डिभिजन र विशिष्ट समूह पहिचान गरे पछी यो भन्दा पनि अझ भित्र गएर 4 अंकको बर्ग पहिचान गर्नुहोस र ठ्याक्कै मिल्ने ४-अङ्कको कोड रोज्नुहोस् (जस्तै: १०७२ -चिनी उत्पादन)। यस 4 अंकको आर्थिक क्रियाकलापको बर्गिकरणमा एक वा एक भन्दा धेरै आर्थिक क्रियाकलापहरुको विवरण रहेको हुन्छ । जस्तै उखुको रस प्रशोधन गरि गुडको उत्पादन; चिनीको उत्पादन) ।  गणकले यी विवरणहरु बिस्तृत अध्ययन गरेर यदि प्रतिष्ठानले गर्ने क्रियाकलाप उक्त 4 अंकको आर्थिक क्रियाकलापको बर्गिकरणको विवरणसंग ठ्याक्कै मिल्ने वा मिल्दो भएको पाइए उक्त कोड लेख्नु पर्दछ ।

## ४. कोडिङ इन्डेक्स र निर्देशिकाको प्रयोग

- आर्थिक गणनाको क्रममा गणकसँग एउटा NSIC को संक्षिप्त सन्दर्भ पुस्तिका (Brief Manual) को डिजिटल र हार्डकपि पुस्तक हुनेछ। यदि डिजिटल पुस्तक प्रयोग गर्ने हो भने युनिकोडको नेपाली रोमन अक्षर अनुसार Find index बाट आर्थिक क्रियाकलापको मुख्य उत्पादनको अक्षर टाइप गरि पत्ता लगाउन सकिन्छ जस्तै "जुत्ता उत्पादन" हो भने 'जु 'वा **'Ju'** बाट 'जुत्ता' वा ' 'juta÷ वा ' jutta÷  खोज्ने। यसरि खोज्दा उक्त डिजिटल डकुमेन्ट भरिको "जुत्ता" highlight हुदै जान्छ र अध्ययन गरि मिल्दो क्रियाकलाप पहिचान गर्नु पर्छ ।
- यदि हार्डकपि पुस्तक प्रयोग गरिएको भए प्रतिष्ठानको आर्थिक क्रियाकलापको क्रमश: खण्ड, डिभिजन, समुह र बर्ग अध्ययन गरि वास्तविक कोड निक्यौंल गर्नु पर्दछ ।

- *उदाहरण:* यदि कसैले जुत्ता मर्मत गर्छ भने, निर्देशिकाले उक्त क्रियाकलापलाई 'उत्पादन' (१५२०) मा होइन, 'मर्मत' (९५२३) मा राख्न सिकाउँछ।

## 5. बिस्तृत निर्देशिका हेर्ने वा परामर्श लिने

- प्रतिष्ठानको आर्थिक क्रियाकलापको आधारमा वास्तविक कोड पहिचान गर्न द्विविधा भएमा वा कठिनाइ भएमा आफु निकटको सुपरिवेक्षक वा आर्थिक गणना अधिकारी संग सम्पर्क गरि निर्देशन अनुसार गर्नु पर्दछ । यस्तो अवस्थामा नेपाल स्तरीय औद्योगिक बर्गिकरणको बिस्तृत निर्देशिका अध्ययन गरि समबन्धित अधिकारीले द्विविधा भएको क्रियाकलापको लागि उपयुक्त कोडको लागि निर्देशन दिनेछ र गणकले उक्त कोड लेख्नु पर्दछ ।

## ६. केही विशेष नियमहरू (Special Rules)

| अवस्था | अपनाइने विधि |
|---|---|
| **भर्टिकल इन्टिग्रेसन** | यदि एउटै ठाउँमा फलाम खानी पनि छ र फलामको डन्डी पनि बन्छ भने, 'अन्तिम उत्पादन' (डन्डी) को कोड दिइन्छ। |
| **आउटसोर्सिङ** | यदि काम अरूलाई ठेक्कामा दिइएको छ तर कच्चा पदार्थ आफ्नै हो भने, त्यसलाई 'उत्पादन' मै राखिन्छ। |
| **मिश्रित व्यापार** | यदि एउटै पसलमा थोक र खुद्रा दुवै व्यापार छ भने, जसबाट बढी नाफा हुन्छ, त्यही कोड (४६ वा ४७) दिइन्छ। |

7. **गणकले ध्यान दिनु पर्ने कुरा :** प्रतिष्ठानको **साइनबोर्डमा लेखिएको नाममा मात्र भर नपरी** भित्र भइरहेको वास्तविक आर्थिक कार्य (Value creating activity) को आधारमा कोडिङ गर्नुपर्छ।

## 8. बिशेष उदाहरण

नेपालको सन्दर्भमा अहिले निकै चर्चामा रहेको "अनलाइन डेलिभरी सेवा" (Online Delivery Service) को व्यवहारिक उदाहरण लिएर चरणबद्धरुपमा ४-अङ्कको कोड पत्ता लगाउने तरिका निम्न अनुसार ब्याख्या गरिएको छ । यो अनलाइन डेलिभरी सेवा" (Online Delivery Service) व्यवसाय अलि जटिल छ किनभने यसमा प्रविधि (App), यातायात (Delivery), र व्यापार (Trading) जोडिएका हुन्छन्।

### चरण १: मुख्य क्रियाकलापको गहिरो अध्ययन

गणकले पहिले सोध्नुपर्छ‘ यो प्रतिष्ठानको क्रियाकलाप के हो ? मुख्य आम्दानी कसरी हुन्छ ?

- के यो आफ्नै सामान बेच्ने अनलाइन पसल हो? (जस्तै: एउटा खुद्रा पसल जसको आफ्नै वेबसाइट छ)।
- के यो अरूको सामान ओसारपसार वा डेलिभरी गर्ने कुरियर सेवा हो? (जस्तै: हाम्रो सामान एक ठाउँबाट अर्कोमा पुऱ्याउने मात्र) ।
- के यो एउटा प्लेटफर्म मात्र हो जसले ग्राहक र पसललाई जोडिदिन्छ? जस्तै Hamro bazar

### चरण २: टप-डाउन विधि (The Top-Down Logic)

मानौं, यो प्रतिष्ठान एउटा यस्तो डेलिभरी गर्ने कम्पनी हो ।यसले विभिन्न रेस्टुरेन्टबाट खाना अर्डर लिन्छ र आफ्नै राइडर प्रयोग गरेर डेलिभरी गर्छ। यसले डेलिभरी शुल्क र कमिसनबाट आम्दानी गर्छ।प्रतिष्ठानको कामको प्रकृति: यो संस्थाले आफैं खाना पकाउँदैन। यसको मुख्य काम भनेको "ढुवानी र वितरण"

(Logistics and Delivery) हो। अरूको सामान (खाना) एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउने कार्यलाई ISIC ले कुरियर सेवा मान्दछ।

**कोड हेर्ने बिधि**

1. खण्ड (Section) छनोट: यो डेलिभरी गर्ने सेवा मुलक काम हो। त्यसैले Section H (Transport and Storage) छनौट गर्नु पर्छ ।
2. डिभिजन (Division) छनोट: Section H भित्र चिठीपत्र वा सामान ओसारपसार गर्ने काम Division 53 (Postal and courier activities) मा पर्छ। यसैले डिभिजन 53 छनौट गर्नु पर्दछ ।
3. समूह (Group) छनोट: अझै यो डिभिजन 53 अन्तर्गत दुई वटा समूहहरु छन् : ५३१ हुलाक सेवाका क्रियाकलापहरु र ५३२ कुरियर सेवा सम्बन्धी क्रियाकलापहरु । प्रतिष्ठानको कामको प्रकृति अनुसार खानेकुरा डेलिभरी गर्ने काम, कुरियर सेवासम्बन्धी क्रियाकलापहरु(Courier activities) अन्तर्गत पर्छन्। यसैले समुह ५३२ छनौट गर्नु पर्छ ।
4. वर्ग (Class/4-digit): समुह ५३२ भित्र कोड 5320 को विवरणमा निजि सेवा बाट निजि सेवा अन्तर्गत सहित होम डेलिभरी सेवा पनि रहेकोले प्रतिष्ठानको खाना अर्डर लिई online delivery गर्ने सेवाको उपयुक्त ४-अङ्कको कोड 5320 नै छनौट गर्नु पर्दछ ।

**चरण ३ : वास्तविक कोड लेख्ने**

गणकले यी आर्थिक क्रियाकलाप अनुसार कोड र कोड अनुसारका बिबरणहरु समावेश भएको संक्षिप्त सन्दर्भ पुस्तिका अध्ययन गर्नु पर्दछ र क्रियाकलाप जाँच गरि प्रश्नावलीमा वास्तविक कोड लेख्नु पर्दछ ।

**ध्यान दिनुपर्ने कुरा :**

- यदि प्रतिष्ठानले घर-घरमा सामान पुऱ्याउने सेवा, कुरियर सेवा, खाना डेलिभरी (यदि रेस्टुरेन्ट आफैंले गरेको होइन भने) कोड ५३२० छनौट गरिन्छ ।
- यदि रेस्टुरेन्ट आफैंले अनलाइन अर्डर लिई खान डेलिभरी गर्छ भने त्यो रेस्टुरेन्टको कोड (5610) मा नै पर्दछ।
- यदि कुनै प्रतिष्ठानले आफैं खाना बनाउँदैन र आफ्नै मोटरसाइकल, गाडीबाट ओसार्ने काम डेलिभरी पनि गर्दैन, तर केवल एउटा डिजिटल प्लेटफर्म (App) उपलब्ध गराउँछ जसले ग्राहक र बिक्रेतालाई जोड्ने काम मात्र गर्छ भने, यसलाई NSIC अनुसार Class 6311 (IT Service) कोड गरिन्छ । यस्तो प्रतिष्ठानले मुख्य रूपमा एउटा "Web Portal" वा "App Interface" सञ्चालन गर्छ।

| NSIC वर्गिकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| **खण्ड ए (A) कृषि, वन र माछापालन** | |
| | यस खण्ड अन्तर्गत वनस्पतिय तथा प्राणीजन्य प्राकृतिक स्रोतहरुको उपयोग गर्ने |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | क्रियाकलापहरु पर्दछन् । बालीहरुको उत्पादन, पशुपालन तथा तिनको प्रजनन सम्बन्धी कार्य, काठपात र अन्य वन पैदावर उत्पादनका कार्य, घरपालुवा वा प्राकृतिक बसोबासको स्थानबाट पशु तथा पशुजन्य वस्तुको उत्पादन लिने क्रियाकलापहरु |
| | राष्ट्रिय आर्थिक गणना, २०८२ मा यस खण्ड अन्तर्गतका क्रियाकलापहरु सञ्चालन गर्ने प्रतिष्ठान/व्यवसाय कुनै **सरकारी निकायमा दर्ता भए मात्र** लिइन्छ अर्थात दर्ता नगरी वा कुनै पेशागत संघ / संस्थामा मात्र दर्ता भएका प्रतिष्ठान/व्यवसायहरुले यस खण्ड अन्तर्गतका क्रियाकलाप सञ्चालन गरे पनि यो गणनामा त्यस्ता प्रतिष्ठान/व्यवसायको विवरण संकलन गर्नुपर्दैन। |
| **01** | **खाद्यान्न बाली तथा पशु उत्पादन र शिकार तथा तत्सम्बन्धी सेवाका क्रियाकलापहरू** |
| **011** | **अस्थायी खाद्यान्न बालीको उत्पादन** |
| **0111** | **खाद्यान्न (धानबाहेक), कोशेबाली र तेलबालीको उत्पादन** |
| | यस वर्ग अन्तर्गत खाद्यान्न बाली (गहुँ, मकै, कोदो, जुनेलो, फापर,उवा आदी); कोशेबाली (मुसुरो, मास, रहर, चना, केराउ, सिमी, बोडी, गहत आदी); तेलबाली (तोरी/सर्स्यू, भटमास, बदाम, तिल, आलस आदि)को उत्पादन गर्ने क्रियाकलाप पर्दछन्। |
| **0112** | **धानको उत्पादन** |
| | यस वर्ग अन्तर्गत धान बाली (चैते धान,बर्षे धान, घैया धान) उत्पादन गर्ने क्रियाकलाप पर्दछन् । |
| **0113** | **तरकारीबाली, खरबुजा र कन्दमूल उत्पादन** |
| | यस वर्ग अन्तर्गत पात र काण्ड तरकारी बाली (कुरिलो, बन्दाकोवी, काउली, ब्रोकाउली, चाइनिज साग, रायो, चम्सुर र पालुङ्गो जस्ता सागपातहरू),फल लाग्ने तरकारी बाली (काँक्रो, भण्टा, गोलभेडाका,तरबुजा र खरबुजा ), कन्दमूल बाली (गाजर, सलगम, लसुन, प्याज, हिउँदे तथा वर्षे आलु, तरुल, सखरखण्ड र पिँडालु)उत्पादन गर्ने क्रियाकलाप पर्दछन् । साथै फूल वा सजावटका बिरुवाहरू, च्याउ तथा ट्रुफ्लेक्स, चुकन्दर, विभिन्न तरकारीहरूको बीउ उत्पादन, अन्य तरकारीहरुको उत्पादन गर्ने क्रियाकलाप पर्दछन् । |
| **0114** | **उखुको उत्पादन** |
| | यस वर्ग अन्तर्गत उखु उत्पादन गर्ने क्रियाकलाप पर्दछ । |
| **0115** | **सुर्तीको उत्पादन** |
| | यस वर्ग अन्तर्गत अप्रशोधित सुर्ती उत्पादन गर्ने क्रियाकलाप पर्दछ । |
| **0116** | **रेसा आउने बालीको उत्पादन** |
| | यस वर्ग अन्तर्गत कपास, जुट, केतुकी, अल्लो, सन्पाट, एवका (केरा प्रजाती) जस्ता |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | रेसा वा धागो आउने बालीहरुको उत्पादन गर्ने क्रियाकलाप पर्दछ । |
| **0119** | **अन्य अस्थायी बालीको उत्पादन** |
| | यस वर्ग अन्तर्गत अन्यत्र उल्लेख नगरिकएका अस्थायी बालीहरुः सबै प्रकारका फूलहरु, फूलका कोपिला तथा फूलको बीउ, चिनीजन्य वनस्पतिको बीउ उत्पादन (चुकुन्दर बाहेक) गर्ने क्रियाकलाप पर्दछ। |
| **012** | **स्थायी बालीको उत्पादन** |
| **0121** | **अंगुरको उत्पादन** |
| | यस वर्ग अन्तर्गत अङ्गुरको उत्पाद गर्ने क्रियाकलाप पर्दछ। |
| **0122** | **उष्ण र समशीतोष्ण फलको उत्पादन** |
| | यस वर्ग अन्तर्गत गर्मी वा उष्ण र समशीतोष्ण क्षेत्रमा उत्पादन हुने फलको उत्पादन जस्तैः आँप, केरा, मेवा, भुईँकटहर, एभोकाडो, खजुर, अञ्जिर आदि गर्ने क्रियाकलाप पर्दछन्। |
| **0123** | **अमिलो जातका फलको उत्पादन** |
| | यस वर्ग अन्तर्गत अमिलो जातका फल बालीको खेती जस्तैः सुन्तला, जुनार, कागती, निबुवा, भोगटे, ज्यामिर, बिमिरो, मौसमी, मुन्तला, चाक्सी आदिको उत्पादन गर्ने क्रियाकलाप पर्दछ। |
| **0124** | **अनारजन्य तथा कडा कोया हुने फलफूल** |
| | यस वर्ग अन्तर्गत अनारजन्य तथा कडा कोया हुने फलफूलहरु जस्तैः अनार,दारिम, स्याउ, खुर्पानी, चेरी, नास्पती, वयर, आरु, आरुवखडा, चुत्रो, अम्वा आदिको उत्पादन गर्ने क्रियाकलाप पर्दछ । |
| **0125** | **अन्य रूख, झाडी फल र कडा बोक्रा भएको फलफूलको उत्पादन** |
| | यस वर्ग अन्तर्गत रुख र झाडीमा फल्ने फलफूल बालीको खेती (ऐँसेलु, अमला, किवी, स्ट्रबेरी, लप्सी, काफल,लिची, अमारो), कडा बोक्राभएको फलफूल ( हाडे बदाम, काजु,कटुस, पिस्टा, ओखर) उत्पादन तथा यी फलफूलहरूको बीउ उत्पादन गर्ने क्रियाकलाप पर्दछ। |
| **0126** | **तेलजन्य फलको उत्पादन** |
| | यस वर्ग अन्तर्गत तेल जन्य फल बालीको खेती जस्तैः नरिवल, जैतुन, ताडीको तेल तथा अन्य तेलजन्य फल आदि उत्पादन गर्ने क्रियाकलाप पर्दछ। तर भटमास, बदाम र अन्य तेलहन उत्पादन 0111 मा पर्दछ । |
| **0127** | **पेय बालीको उत्पादन** |
| | यस वर्ग अन्तर्गत पेय बालीको खेती जस्तैः चिया, कफी, मातेयी (mate एक प्रकारको चिया जस्तै पेय), कोका, अन्य पेय बाली उत्पादन गर्ने क्रियाकलाप पर्दछ। |
| **0128** | **मसला, सुगन्धित जडिबुटी तथा औषधीजन्य बालीको उत्पादन** |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | यस वर्ग अन्तर्गत मसला बाली (मरिच, खुर्सानी (भेडे खुर्सानीसमेत),जाइफल, जाइपत्री, अलैंची, सौफ, मेथी, दालचिनी, ल्वाङ, अदुवा, हलेदो, भेनिला, सुकुमेल,जीरा धनियाँ, टिमुर, केसर,सुगन्धवाला आदि,अन्य बास्ना आउने सुगन्धित बाली); जडिबुटी तथा औषधीजन्य बाली(गुर्जो, बोजो, तुलसी,अफिम,गाँजा); औषधी, किटजन्य विषादी आदि प्रयोग गरिने अन्य बालीहरूको उत्पादन; मेहदीको पातको उत्पादन गर्ने क्रियाकलाप पर्दछ । तर प्याज, लसुन उत्पादन 0113 मा पर्दछ । |
| **0129** | **अन्य स्थायी बालीको उत्पादन** |
| | यस वर्ग अन्तर्गत रबर, बाँस, बेत, सजीवन, चोप आउने अन्य रुख उत्पादन गर्ने क्रियाकलाप पर्दछ। तर जङ्गलमा चोप सङ्कन गर्ने कार्य 0230 मा पर्दछ । |
| **013** | **ब्याडको तयारी** |
| **0130** | **ब्याडको तयारी कार्यहरू** |
| | यस वर्ग अन्तर्गत सानासाना बिरुवा उत्पादन गर्न तयार गरिएका नर्सरीहरु तथा नर्सीको लागि गरिएका कटाइ, छटाइ, कलमी बनाउने, बीउ छर्ने जस्ता क्रियाकलाप पर्दछ जस्तैः अन्यत्र रोप्न वा सार्नका लागि उमारिएका सानासाना बिरुवाहरू; सजावटका लागि उमारिएका सजावटका बिरुवाहरू(दुबोका चपरी बिछ्याउने वा प्रत्यारोपणगर्नेसमेत); बोटबिरुवाको जरा, हाँगाबाट टुसा, मुना उत्पादन; जङ्गली रुखबाहेकका अन्य रुखका (फलफुलका समेत) नर्सरी राख्ने क्रियाकलाप । तर जङ्गली रुखहरुमा गरिने छाँटकाँट तथा नर्सरी कार्य 0210 मा पर्दछ । |
| **014** | **पशुपन्छी उत्पादन** |
| **0141** | **गाईवस्तु तथा भैंसी पालन** |
| | यस वर्ग अन्तर्गत गाईबस्तु तथा भैंसी पालन तथा दुध उत्पादन र साँढे, राँगाको विर्य उत्पादन गर्ने क्रियाकलाप पर्दछ। |
| **0142** | **घोडा र घोडावर्गका वस्तुको पालन** |
| | यस वर्ग अन्तर्गत घोडापालन, खच्चरपालन र गधापालन गर्ने क्रियाकलाप पर्दछ । |
| **0143** | **उँट तथा उँटवर्ग पालन** |
| | यस वर्ग अन्तर्गत उँटपालन र उँट बस्ने ठाउँको व्यवस्था गर्ने क्रियाकलाप पर्दछ। |
| **0144** | **भेडाबाखापालन** |
| | यस वर्ग अन्तर्गत च्यांग्रा पालन; भेडा पालन, बाखापालन, भेडाबाखाको दूध उत्पादन, कच्चा ऊन उत्पादन गर्ने क्रियाकलाप पर्दछ। |
| **0145** | **सुँगुर/बंगुरपालन** |
| | यस वर्ग अन्तर्गत सुँगुर/बंगुरको पालन गर्ने क्रियाकलाप पर्दछ। |
| **0146** | **पन्छीपालन** |
| | यस वर्ग अन्तर्गत पन्छी पालन(कुखुरा, हाँस, टर्की, लौकाट, परेवा), अण्डा उत्पादन ; |

| NSIC वर्गिकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | चल्ला उत्पादन गर्ने क्रियाकलाप पर्दछ। |
| **0149** | **अन्य जनावर पालन** |
| | यस वर्ग अन्तर्गत अष्ट्रिच, इमु; अन्य पन्छी (*हाँस, कुखुरा, परेवा, टर्की, लौकाटबाहेक*); कीरा फट्यांग्रा पालन; खरायो र अन्य भुवायुक्त जनावर; पशुपन्छी पाल्ने, ठूलाठूला घस्रने जीव (रेप्टायल) र चराको भुवा र छाला निकाल्ने कार्य ; गँड्यौला पालन, शंखेकीरा, घोगी पालन; रेशम कीरापालन र कोकन उत्पादन; मौरीपालन, मह र चाका (मैन) उत्पादन; सोखको लागि जनावरपालन (माछा पालनबाहेक); विरालो र कुकुर; मैना, सुगाजस्ता पन्छीहरू; मुसा आदि; अन्य विविध जातका पशुपन्छी उत्पादन गर्ने क्रियाकलाप पर्दछ । |
| **015** | **मिश्रित खेती** |
| **0150** | **मिश्रित खेती** |
| | यस वर्ग अन्तर्गत खाद्यन्न बाली र पशुपालनको कार्य मिश्रित रुपमा गरिने तर कुनै एकमा मात्र विशेष लाइ जोड नदिइएको क्रियाकलाप पर्दछ। तर यदि कुल उत्पादन मूल्यको दुई-तिहाइ वा सोभन्दा बढी हिस्सा कुनै एक (बाली वा पशु) को मात्र छ भने यहाँ नराखी सम्बन्धित बाली वा पशुपालन समूहमा नै राख्नुपर्दछ। |
| **016** | **कृषिकार्यका सहयोगी क्रियाकलाप र बाली थन्क्याउने क्रियाकलापहरू** |
| **0161** | **बाली उत्पादन गर्ने सहयोगी क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत शुल्क तथा सम्झौता करारका आधारमा गरिने कृषि क्रियाकलापहरू (खेती गरिने जग्गाको तयारी, बाली लगाउने वा रोप्ने, बालीको उपचार, औषधी राख्ने वा छर्ने , फलफूलका रुखहरूको काँटछाट , धानको रोपाइँ गर्ने, गोड्ने , बाली काट्ने वा भित्र्याउने, बाली नष्ट गर्ने जनावरको नियन्त्रण); सिँचाइ गर्ने कृषि उपकरणको सञ्चालन; चालकको सहायताले कृषिको औजार मेसिन सञ्चालन; कृषिको लागि जमिन तयारीको सम्भार गर्ने क्रियाकलाप पर्दछ । |
| **0162** | **पशुजन्य उत्पादन गर्ने सहयोगी क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत शुल्क तथा सम्झौता करारका आधारमा गरिने पशुपालनसम्बन्धी क्रियाकलापहरू (पशुको उत्पादन, वृद्धि, विस्तार र विकास गर्ने, पशुको बथानको उपचार सेवा, पशु चरनमा गोठालो लाग्ने काम, पशु चरनको लागि छाडा छोड्ने काम, पन्छी बन्ध्याकरण, पन्छीको खोर सफाइ, कृत्रिम गर्भाधानसम्बन्धी ,घोडाको वथानलाई बस्ने तवेला बनाउने, भेडाको ऊन काट्ने, फर्मका पशुपन्छीको हेरचाह गर्ने); घोडाको नाल राख्ने क्रियाकलाप पर्दछ । |
| **0163** | **बाली उठाउने वा थन्क्याउने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत उत्पादित बालीलाई बजारमा लैजान गरिने प्रारम्भिक क्रियाकलाप जस्तैः सफाइ, काँटछाँट, ग्रेडिङ आदि गर्ने काम; कपासबाट बियाँ झिक्ने काम; सुर्तीको |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | पातको सफाइ र तयारी; कोकाको बियाँ झिक्ने काम; फलफूललाई चम्काउने काम (waxing); फलफूल तथा तरकारीलाई घाममा सुकाउने कार्य पर्दछ । |
| **0164** | **बीउ बिन्याउने वा प्रशोधन गर्ने कार्य** |
| | यस वर्ग अन्तर्गत बाली भित्र्याइसकेपछि बीउको गुणस्तर वृद्धि आदिको लागि गरिने सबै प्रकारका क्रियाकलापहरू (बीउमा काम नलाग्ने पदार्थहरू हटाउने, साना, यान्त्रिकीकरणका कारण बिग्रेका, किराले बिगारेका, पूर्ण विकास नभएका दानाहरू हटाउने, सुरक्षित बीउ भण्डारणको लागि उपयुक्त हुने गरी बीउको आवश्यक चिस्यान (Moisture) कायम गरी भण्डारण, बीउ सुकाउने, सरसफाइ गर्ने, ग्रेडिङ गर्ने तथा बजारमा नपुर्याउँदासम्म गरिने बीउका उपचार, बीउको अनुवांशिक सुधार (Genetic Improvement) क्रियाकलापहरू) पर्दछ । |
| **017** | **शिकार खेल्ने, पासो थाप्ने र तत्सम्बन्धी सेवाका क्रियाकलापहरू** |
| **0170** | **शिकार खेल्ने, पासो थाप्ने र तत्सम्बन्धी सेवा क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत व्यापारिक प्रयोजनले वन्यजन्तुको शिकार गर्ने वा पासो थाप्ने; भुवा, छाला, मासु, अनुसन्धान वा चिडियाखानाका लागि (जीवित वा मरेका) जनावर पन्छी प्राप्ति तथा सरिसृप (Reptiles) र पन्छी समात्ने, सिकार गर्ने; समुद्री स्तनधारी जीवहरू (जस्तै: सिल, वालरस) जमिनमा पक्रने क्रियाकलाप पर्दछ । |
| **02** | **बन तथा रुख कटानी** |
| **021** | **वन लगाउने, काँटछाँट गर्ने र अन्य वनसम्बन्धी क्रियाकलापहरू** |
| **0210** | **वन लगाउने, काँटछाँट गर्ने र अन्य वनसम्बन्धी क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत काठको लागि वृक्षरोपण गर्ने, रुख रोप्ने, पुनः रोप्ने (replanting), बिरुवा सार्ने , काँटछाँट गर्ने र वनको संरक्षण गर्ने र वन क्षेत्रभित्र बाटो बनाउने (timber tracts); अग्निरेखा बनाउने ; दाउरा, रेसा, काठ तथा कागज बनाउने, काठ उत्पादन गर्ने; वन नर्सरीको सञ्चालन गर्ने क्रियाकलाप पर्दछ । |
| **022** | **गोलिया काठ उत्पादन** |
| **0220** | **गोलिया काठ उत्पादन** |
| | यस वर्ग अन्तर्गत वनमा आधारित उद्योगका लागि गोलिया काठको उत्पादन; गोलिया काठका थाम/खम्बाहरू, सत्तरी/पसेट/निदाल र अन्य उपभोग्य खम्बाहरू आदिको उत्पादन; दाउरा सङ्कलन तथा उत्पादन; परम्परागतरूपमा गोल/कोइला उत्पादन; डुङ्गा,पानीजहाज आदिका लागि गोलियाको तयारी गर्ने क्रियाकलाप पर्दछ । |
| **023** | **गैरकाठजन्य वन पैदावारको सङ्कलन** |
| **0230** | **गैरकाठजन्य वन पैदावारको सङ्कलन** |
| | यस वर्ग अन्तर्गत गैरकाठजन्य बनपैदावारहरुको वनमा नै बिरुवा उमार्न तथा सङ्कलन गर्ने सम्बन्धी क्रियाकलापहरु जस्तैः जङ्गली च्याउ, गोब्रे च्याउ, फुट्की च्याउ, truffles आदि; बयरजन्य फल; सुपारीहरू; गुँदजन्य फलहरूहरूको सङ्कलन जस्तैः |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | वलाटा, वेल; कर्क; लाहा र खोटो तार्पिन; वनस्पतीय झुस (vegetable hair);औषधीजन्य घाँस (eelgrass);भलायो, horse chestnuts; काई तथा जङ्गली झार; पाँचऔले, जटामसी, यार्चागुम्बा, टिमुर आदि वन औषधी (जडीबुटी) आदि सङ्कलन गर्ने; गूँद, सालधुप वनाउने क्रियाकलाप पर्दछ । |
| **024** | **वन पैदावारका लागि सहयोगी सेवाहरू** |
| **0240** | **वन पैदावारका लागि सहयोगी सेवाहरू** |
| | यस वर्ग अन्तर्गत शुल्क लिएर वा शुल्क लिएर वा ठेक्काका आधारमा वन विकस गर्ने पूरै वा केही भागको काम सञ्चालन गर्ने क्रियाकलाप पर्दछ ।जस्तैःवन सेवाका कार्यहरु (वन उपजको लगत (inventories) तयारी, वन व्यवस्थापन परामर्श सेवा, काठको मूल्याङ्कन, वनको अग्नि नियन्त्रण तथा संरक्षण, वनका लागि हानिकारक जीवजन्तुको नियन्त्रण, दाउरा वा मुढा सङ्कलनका लागि वनभित्र गरिने ढुवानी सेवाहरू) |
| **03** | **माछा मार्ने तथा जलचर पालन** |
| **031** | **माछा मार्ने** |
| **0311** | **समुन्द्री माछा मार्ने** |
| | यस वर्ग अन्तर्गत समुन्द्री माछा, जनावर मार्ने तथा समुन्द्री जन्तु तथा सामाग्री संकलन(मोती, मुगा) गर्ने क्रियाकलाप पर्दछ । |
| **0312** | **स्वच्छ पानीमा माछा मार्ने** |
| | यस वर्ग अन्तर्गत व्यावसायिक रूपमा खोलानाला, नदीहरूमा माछा मार्ने; खोलानालमा झिँगे माछा, शंखेकिरा, गँगटा आदि मार्ने काम,खोलानाला, नदीमा माछा मार्ने तथा अन्य जलचर मार्ने काम, खोलानाला, नदीमा स्वच्छ पानीमा पाइने जलजन्य सामग्रीको सङ्कलन गर्ने क्रियाकलाप पर्दछ । |
| **032** | **जलचरपालन** |
| **0321** | **समुद्री जलचरपालन** |
| | यस वर्ग अन्तर्गत समुद्री जलचरहरुको पालन तथा समुन्द्री आभुषणको लागि माछा खेती, समुन्द्रमा माछाको भुराउत्पादन गर्ने क्रियाकलाप पर्दछ । |
| **0322** | **शुद्ध पानीमा (नुनिलो पानीबाहेक) गरिने जलचरपालन** |
| | यस वर्ग अन्तर्गत पोखरी वा नदीमा माछापालन खेती; सजावटका लागि गरिने माछा खेती जस्तैः एक्यूरियममा राखिने माछाका भुरा उत्पादन गर्ने क्रियाकलाप; गँगटा, झिंगेमाछा, सिपी, अन्य शंखेकिरा र अन्य समुद्रीबाहेकका जलचरपालन भ्यागुता पालन,पानीमा बस्ने अन्य जनावर झिक्ने, हटाउने क्रियाकलाप पर्दछ । |
| **खण्ड बि (B )खानी तथा उत्खनन्** | |
| | यस खण्ड अन्तर्गत प्राकृतिक खनिजहरु जस्तैः ठोस पदार्थ, तरल पदार्थ तथा ग्याँस पदार्थ उत्खनन् गर्ने र झिक्ने क्रियाकलापहरु पर्दछन् ।भूगर्भ अथवा सतह उत्खनन्, इनार उत्खनन् तथा सामुन्द्रिक उत्खनन् आदि पर्दछन्। यस खण्डको सहयोगी |

| NSIC वर्गिकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | क्रियाकलापको रूपमा कच्चा सामग्रीलाई बजारमा लैजाने उद्देश्यले गरिने क्रियाकलापहरू समावेश गरिन्छ । उदाहरणका लागि मिच्नु, पेल्नु, सफाइ गर्नु, सुकाउनु, छुट्याउनु, थिग्राउनु, प्राकृतिक ग्याँसलाई तरलमा परिणत गर्नु तथा ठोस इन्धनलाई सञ्चय वा थुप्रो लगाउने क्रियाकलापहरू पर्दछन् । यस प्रकारका क्रियाकलापहरू उत्खनन् गरिएको ठाउँमा वा सोको नजिकैमा सञ्चालन गरिन्छ । |
| **05** | **पत्थरकोइला र लिगनाईट (नरम कोइला) को उत्खनन्** |
| **051** | **पत्थरकोइलाको उत्खनन्** |
| **0510** | **पत्थरकोइलाको उत्खनन्** |
| | यस वर्ग अन्तर्गत जमिनमुनि वा जमिनको सतहबाट उत्खनन् गर्ने, तरलीकरण पद्धतिबाट गरिने पत्थरकोइलाको उत्खनन् क्रियाकलापहरू; पत्थरकोइला सफा गर्ने,साइज तयार गर्ने, साना टुक्रा बनाउने, खँदिलो बनाउने, वर्गीकरण गर्ने, गुणस्तरमा सुधार गर्ने, ढुवानी गर्ने र गोदाममा जम्मा गर्ने क्रियाकलापहरू;घाँस तथा डाँठबाट पत्थरजस्तैः कडा कोइला बनाउने क्रियाकलाप पर्दछ । |
| **052** | **लिगनाइट (नरम कोइला) को उत्खनन्** |
| **0520** | **लिगनाइट (नरम कोइला) को उत्खनन्** |
| | यस वर्ग अन्तर्गत लिगनाइट (खैरो कोइला) खानीबाट वा सतहबाट निकाल्ने तथा तरलीकरण विधिबाट उत्खनन् गर्ने, कोइला सफा गर्ने, टुक्रा पार्ने, वर्गीकरण गर्ने, खँदिलो बनाउने र गुणस्तर सुधार गर्ने, कोइलाको ढुवानी तथा गोदाममा भण्डारण गर्ने क्रियाकलाप पर्दछ । |
| **06** | **कच्चा पेट्रोलियम पदार्थ तथा प्राकृतिक ग्याँसको उत्खनन् तथा तत्सम्बन्धी सेवा कार्य** |
| **061** | **कच्चा पेट्रोलियम पदार्थ उत्खनन्** |
| **0610** | **कच्चा पेट्रोलियम पदार्थ उत्खनन्** |
| | यस वर्ग अन्तर्गत कच्चा पेट्रोलियम पदार्थ झिक्ने; पत्रे चट्टान/बालुवाबाट तेल, अलकत्रा र विटुमिन निकाल्ने; कच्चा तेलको प्रशोधन(थिग्ग्राउने,नुन निकाल्ने,निर्जलीकरण र स्थिरीकरण)गर्ने क्रियाकलाप पर्दछ । |
| **062** | **प्राकृतिक ग्याँसको उत्खनन्** |
| **0620** | **प्राकृतिक ग्याँसको उत्खनन्** |
| | यस वर्ग अन्तर्गत कच्चा प्राकृतिक ग्यासको उत्पादन तथा उत्खनन् गर्ने, ग्यासबाट लेदो निकाल्ने,तरल भाग छुट्याउने तथा कार्बन, नाइट्रोजन, सल्फर जस्ता अन्य ग्यास हटाउने, अत्यधिक तापको प्रयोग गरी विभिन्न तत्व वा धुलोबाट ग्यास प्राप्त गर्ने क्रियाकलाप पर्दछ । |
| **07** | **धातुका धाउ (कच्चा धातु)को उत्खनन्** |
| **071** | **फलामको कच्चा धातुको उत्खनन्** |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| **0710** | **फलामको कच्चा धातुको उत्खनन्** |
| | यस वर्ग अन्तर्गत फलाम तत्व रहेको कच्चा धातु उत्खनन् कार्य, सङ्कलन तथा एकीकृत गर्ने क्रियाकलाप पर्दछ । |
| **072** | **गैरफलाम कच्चा धातुको उत्खनन्** |
| **0721** | यस वर्ग अन्तर्गत युरेनियम र थोरियम(रेडियो धर्मी तत्व) कच्चा धातुहरुको उत्खनन, युरेनियम र थोरियम कच्चा धातुहरुको उत्खनन तथा एकिकृत गर्ने क्रियाकलाप पर्दछ। |
| | यस वर्ग अन्तर्गत मुख्यतया युरेनियम र थोरियमको कच्चा धातु जस्मा पीच ब्लैण्ड आदि तत्व भएको धातु उत्खनन् कार्य; एकीकृत गर्ने; एल्लोकेक (यूरोनियम)उत्पादन गर्ने क्रियाकलाप पर्दछ। |
| **0729** | **गैरफलाम अन्य कच्चा धातुहरूको उत्खनन्** |
| | यस वर्ग अन्तर्गत फलाम तथा युरेनियम र थोरियमबाहेक अन्य धातुहरुको कच्चा धातु उत्खनन गर्ने कार्य जस्तैःआल्मुनियम, तामा, सिसा, जस्ता, टिन, निकल, कोबाल्ट, म्याग्नेसियम आदि उत्खनन्; सुन, चाँदी, प्लाटिनम आदि उत्खनन् पर्दछ । |
| **08** | **अन्य खानी तथा उत्खनन्** |
| **081** | **ढुङ्गा, बालुवा र माटोको उत्खनन्** |
| **0810** | **ढुङ्गा, बालुवा र माटोको उत्खनन्** |
| | यस वर्ग अन्तर्गत ढुङ्गा, बालुवा र माटो आदि (अधात्विक वस्तुहरू) निकाल्ने एवं उत्खनन् गर्ने निम्न क्रियाकलापहरू: स्मारक वा घरहरूको लागि मार्वल, ग्रेनाइट, वलौटे ढुङ्गा आदिको उत्खनन् गर्ने, रफ काँटछाँट गर्ने, कुँदेका ढुङ्गा बनाउने आदि; खरीढुङ्गा तथा चुनढुङ्गा निकाल्ने, फुटाउने र काट्ने; जिप्सम, अनहाइड्राइड (gypsum and anhydrite) को उत्खनन् ; चक तथा क्याल्सिनाइट नभएको डोलो-माइटको उत्खनन्;औद्योगिक बालुवा, निर्माण कार्यमा प्रयोग हुने बालुवा, गिट्टी आदिको जमिन वा समुद्री सतहबाट उत्खनन् गर्ने; ढुङ्गालाई फोड्ने,कुट्ने, गिट्टी बनाउने; उत्खनन क्षेत्रमानै संचालित क्रसर उद्योग; बालुवा उत्खनन् गर्ने कार्य; माटो, रिफ्याक्टरी माटो तथा kaolin (कमेरो माटो) उत्खनन् गर्ने क्रियाकलाप पर्दछ । |
| **089** | **अन्यत्र उल्लेख नगरिएको खनिज र उत्खनन् कार्य** |
| **0891** | **रासायनिक र मलखाद खनिजहरूको उत्खनन्** |
| | यस वर्ग अन्तर्गत रासायनिक खनिज र पलखादसम्बन्धी वस्तुहरु निकाल्ने क्रियाकलापहरु जस्तैः प्राकृतिक फोसफेट, पोटासियम साल्ट, गन्धक (Sulfur) र पाइराइट्स उत्खनन्, Ochre तथा अन्य प्राकृतिक रङहरू निकाल्ने, वारियम सल्फेट, म्याग्नेसियम सल्फेट, Fluorspar आदि,चरा, कीराबाट जम्मा भएको मलखाद (Guano) सङ्कलन पर्दछ । |
| **0892** | **पिट (वनस्पती कुहिएर इन्धनको रुपमा प्रयोग हुने वस्तु)को उत्खनन् क्रियाकलापहरु** |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | यस वर्ग अन्तर्गत पिट (वनस्पति कुहिएर बनेको इन्धन) निकाल्ने तथा सङ्कलन गर्ने, पिटको गुणस्तर सुधारगर्ने कार्य, पिटको ढुवानी तथा गोदाम(भण्डारण) सम्बन्धी सहयोग गर्ने क्रियाकलाप पर्दछ । |
| **0893** | **नून उत्खनन्** |
| | यस वर्ग अन्तर्गत जमिनमुनिबाट नून निकाल्ने वा पम्पद्वारा तान्ने, समुद्र वा नूनिलो पानी सुकाएर नून उत्पादन गर्ने, उत्पादकद्वारा नै नून शुद्ध पार्ने, छान्ने र पेल्ने क्रियाकलाप पर्दछ । |
| **0899** | **अन्यत्र कतै नपरेका धात्विक वा अधात्विक वस्तुहरूको उत्खनन** |
| | यस वर्ग अन्तर्गत अन्यत्र कतै नपरेका धात्विक वा अधात्विक वस्तुहरुको उत्खनन जस्तैः खाग्सी वा चिल्लो बनाउन प्रयोग हुने बालुवा; एस्बेस्टस, सिलेशियस जीवाश्म वस्तु, प्राकृतिक ग्रेफाइट, खरी (टालो); विभिन्न खनिज तथा सिलिकन, प्राकृतिक बहुमूल्य पत्थरहरू (हिरा, पन्ना, जास्पर आदि); प्राकृतिक सोडियम अलकत्रा, अभ्रक, स्फटिक(Quartz), रत्न/मणि (Gem) तथा अन्य यस्तै खनिज वस्तुहरूको उत्खनन्,उत्पादन गर्ने क्रियाकलाप पर्दछ । |
| **09** | **खानी क्रियाकलापहरूलाई सहयोग पुर्याउने सेवाहरू** |
| **091** | **पेट्रोलियम र प्राकृतिक ग्यौंस निकाल्ने सहयोगी क्रियाकलापहरू** |
| **0910** | **पेट्रोलियम र प्राकृतिक ग्यौंस निकाल्ने सहयोगी क्रियाकलापहरु** |
| | यस वर्ग अन्तर्गत शुल्क वा ठेक्का/करारमा पेट्रोलियम र प्राकृतिक ग्यास निकाल्ने सेवा, ड्रिलिङ गर्ने, प्वाल पार्ने, मर्मत गर्ने, सिमेन्ट लगाउने (Cementing) तथा कुवा खन्ने, कुवाबाट तेल/ग्यास तान्ने, खानी क्षेत्रमै ग्यास तरलीकरण गर्ने तथा कुवा बन्द गर्ने/हटाउने, सम्भाव्य क्षेत्रको भौगर्भिक अवलोकन तथा परीक्षण गर्ने क्रियाकलाप पर्दछ । |
| **099** | **धातुको खानी तथा अधात्वीक वस्तु उत्खनन् कार्यका अन्य सहयोगी क्रियाकलापहरु** |
| **0990** | **धातुको खानी तथा अधात्वीक वस्तु उत्खनन् कार्यका अन्य सहयोगी क्रियाकलापहरु** |
| | यस वर्ग अन्तर्गत डिभिजन 05,07 र 08 मा उल्लेख भएका कार्यको लागि शुल्क तथा करारका आधारमा गरिने सहयोगी क्रियाकलाप: अन्वेषण कार्यको परम्परागत सेवा कार्यहरू जस्तैः सम्भाव्य क्षेत्रमा गई भौगर्भिक अवलोकन गर्ने, नमुना परीक्षण गर्ने आदि सेवा कार्यहरू: शुल्क तथा करारका आधारमा प्वाल पार्ने तथा तान्ने सेवा प्रदान गर्ने सहयोगी सेवा कार्य; परीक्षणको लागि प्वाल पार्ने वा परीक्षणको लागि खन्ने सहयोगी सेवा क्रियाकलाप पर्दछ । |
| **खण्ड सी (C )औद्योगिक उत्पादन** | |
| | औद्योगिक उत्पादन कार्य भन्नाले निर्जीव वा जैविक वस्तु(कच्चा पदार्थ) लाई यान्त्रिक वा रासायनिक वा अन्य प्रक्रियाद्वारा प्रशोधन वा रुपान्तरण गरी नयाँ वस्तुमा परिणत गर्ने कार्यलाई बुझाउँदछ । कृषि, जङ्गल, खनिज, उत्खनन् र स्वयं औद्योगिक |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | उत्पादनहरु यसमा कच्चा पदार्थ हुन्छन् । |
| **10** | **खाद्य बस्तुको औद्योगिक उत्पादन** |
| **101** | **मासुको प्रशोधन र संरक्षण गर्ने क्रियाकलापहरू** |
| **1010** | **मासुको प्रशोधन र संरक्षण गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत बधशाला सञ्चालन, मासुको उत्पादन, प्रशोधन, संरक्षण र यस सँग सम्बन्धित अन्य क्रियाकलापहरु पर्दछन् ।वधशाला सञ्चालन: पशुपन्छी (खसी, राँगो, बंगुर, कुखुरा आदि) वध गर्ने, सफा गर्ने र प्याकिङ गर्ने। मासु उत्पादन: ताजा, चिसो, सुकाएको (सुकुटी) तथा प्रशोधित मासु (ससेज, सलामी) उत्पादन। उप-उत्पादन: छाला, हाड, सिङ, प्वाँख, ऊन, बोसो तथा मल उत्पादन। |
| **102** | **माछा र माछाबाट तयार हुने खाद्य पदार्थको प्रशोधन र संरक्षण** |
| **1020** | **माछा र माछाबाट तयार हुने खाद्य पदार्थको प्रशोधन र संरक्षण** |
| | यस वर्ग अन्तर्गत  माछाबाट तयार हुने खाद्य पदार्थको प्रशोधन र संरक्षण, माछाको मासुको सफाइ र प्याकिङ गर्ने क्रियाकलापहरु पर्दछन् जस्तै: माछालाई सुकाउने (घाम/धुवाँ), नून लगाउने र डिब्बामा प्याक (Canning) गर्ने, मानिसको उपभोग वा पशु आहारका लागि ताजा वा प्रशोधित माछाको मासु उत्पादन,अन्य: माछा मिसिएका खाद्य पदार्थ तथा सीविड (Seaweed) प्रशोधन। |
| **103** | **फलफूल तथा तरकारी प्रशोधन र संरक्षण** |
| **1030** | **फलफूल तथा तरकारी प्रशोधन र संरक्षण** |
| | यस वर्ग अन्तर्गत  फलफूल तथा तरकारीको प्रशोधन र संरक्षणका क्रियाकलापहरु जस्तै: फलफूल तथा तरकारी सुकाउने, क्यानिङ, प्याकिङ गर्ने तथा तेल/अमिलोमा डुबाएर राख्ने, फलफूल तथा तरकारी प्रशोधन गरी जाम, जेली, जुस, अचार, गुन्द्रुक, सिन्की, मस्यौरा, तितौरा, पाउँ आदि बनाउने, आलुको चिप्स, पिठो तथा अन्य परिकार बनाउने र संरक्षण गर्ने, नट्स (Nuts) भुट्ने, सलाद, तोफु तथा ताजा परिकार तयार गर्ने<br>पर्दछ । |
| **104** | **वनस्पति तथा पशुको तेल र चिल्लो पदार्थको उत्पादन** |
| **1040** | **वनस्पति  तथा पशुको  तेल र चिल्लो पदार्थको उत्पादन** |
| | यस वर्ग अन्तर्गत वनस्पति तथा जनावरको कोरा तथा शुद्ध तेल एवं चिल्लो पदार्थ उत्पादन गर्ने क्रियाकलाप पर्दछ ।जस्तै:वनस्पति तेल: तोरी, सर्स्यु, तिल, आलस, सूर्यमुखी, बदाम, भटमास आदिबाट तेल निकाल्ने, प्रशोधन तथा शुद्धीकरण गर्ने। जनावर/माछाको तेल: माछा तथा अन्य जनावरको बोसोबाट खाद्य वा अखाद्य तेल उत्पादन गर्ने। प्रशोधित बोसो: मार्जारिन (Margarine) तथा मिश्रित खाने तेल उत्पादन। उप-उत्पादन: तेल निकालेपछि बाँकी रहने पिना (Oilcake) तथा अन्य वस्तुको प्रशोधन। |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| **105** | **दुग्ध पदार्थ उत्पादन गर्ने क्रियाकलापहरू** |
| **1050** | **दुग्ध पदार्थ उत्पादन गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत दुग्ध पदार्थ उत्पादन गर्ने क्रियाकलापः ताजा दूधलाई उमाल्ने, चिस्याउने, पाश्चराइज गर्ने, क्रिम निकाल्ने र प्याकिङ गर्ने, दही, मही, नौनी, घिउ, पनिर, चिज (Cheese) र खुवा उत्पादन, चिज, छुर्पी, दुरखा जस्ता कडा दुग्ध पदार्थ उत्पादन, धुलो दूध, आइसक्रिम, बाक्लो दूध (Condensed Milk) तथा दूधबाट बन्ने अन्य पेय पदार्थ पर्दछ । |
| **106** | **मिलबाट खाद्यान्न प्रशोधन गर्ने, स्टार्च (खाद्यान्नको माड) तथा स्टार्च भएका अन्य खाद्य पदार्थहरू प्रशोधन गरी उत्पादन गर्ने क्रियाकलापहरू** |
| **1061** | **मिलबाट खाद्यान्न प्रशोधन गरी उत्पादन गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत मिलबाट खाद्यान्न प्रशोधन गरी उत्पादन गर्ने क्रियाकलापः धान कुट्ने, चामल पालिस गर्ने, चिउरा कुट्ने तथा उसिना चामल उत्पादन, गहुँ, मकै, कोदो, फापर, चना तथा अन्य गेडागुडी पिँधेर पिठो वा मैदा बनाउने, बिहानको खाजा, केक/बिस्कुटको लागि मुछेको पिठो तथा मिश्रित पिठो तयारी,कुटनी पिसानी मिलबाट विना प्रशोधन पशुआहारका लागि प्रयोग हुने उपउत्पादनहरु ढुटो, चोकर तथा ब्राउन उत्पादन पर्दछ। |
| **1062** | **खाद्यवस्तुको प्रशोधन गरी माड र माड भएका अन्य खाद्य पदार्थ उत्पादन गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत खाद्यवस्तुको प्रशोधन गरी माड उत्पादन गर्ने क्रियाकलापहरुः मकै, चामल, गहुँ, आलु, तथा सिमलतरुल र अन्य खाद्य पदार्थबाट स्टार्च(माड) निकाल्ने, ग्लुकोज, ग्लुकोज सिरप, माल्टोज तथा इन्सोलिन उत्पादन,मकैबाट तेल निकाल्ने पर्दछ। |
| **107** | **अन्य खाद्य पदार्थको प्रशोधन गरी उत्पादन गर्ने क्रियाकलापहरू** |
| **1071** | **बेकरी उत्पादन गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत ताजा, चिसो वा सुख्खा बेकरी उत्पादन गर्ने क्रियाकलापः पाउरोटी, केक, पेस्ट्री, क्रिम रोल, दुनोट, बिस्कुट, रस्क (टोस्ट), कुकिज, क्र्याकर, निम्की तथा उत्सवका लागि बनाइने केकहरू पर्दछ। |
| **1072** | **चिनी उत्पादन गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत चिनी उत्पादन गर्ने क्रियाकलापहरुः उखु, चुकन्दर वा अन्य वनस्पतिबाट चिनी उत्पादन गर्ने, उखुको रसबाट गुड (भेली), सख्खर तथा खाडसारी चिनी बनाउने,खुदो (Molasses) को प्रशोधन तथा चिनीजन्य अन्य उत्पादन पर्दछ । |
| **1073** | **कोका, चक्लेट र गोली मिठाइहरूको उत्पादन गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत चकलेट र गोली मिठाइहरुको उत्पादन गर्न क्रियाकलापहरुः चकलेट, कोका तथा कोकाजन्य वस्तुहरूको उत्पादन, गोली मिठाई (Candy), चाकु, |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | चुइगम तथा ललिपप उत्पादन, चिनीमा डुबाएर संरक्षण गरिएका फलफूल, नट्स तथा फलफूलका बोक्राहरू (Candied fruits) पर्दछ। |
| **1074** | **म्याक्रोनी, चाउचाउ आदि वस्तुहरूको उत्पादन गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत म्याकरोनी, पास्ता, चाउचाउ (Noodles), सेवई, कुसकुस आदि उत्पादन, दालमोठ, पापड, सोयाबिन नट, लावा, मुरई (भुजा) आदि उत्पादन, पकाएको वा नपकाएको पिठोका परिकार प्याकिङ तथा संरक्षण गर्ने कार्य पर्दछ । |
| **1075** | **खाना तथा खानाका विभिन्न परिकार तयार गर्ने क्रियाकलापहरु** |
| | यस वर्ग अन्तर्गत पुनः बिक्रीका लागि प्याकिङ र लेबलिङ गरिएका तयारी खाना वा परिकारहरू उत्पादन तथा प्याकिङ गर्ने क्रियाकलापहरु पर्दछ। जस्तैः मासु, माछा वा तरकारी प्रशोधन गरी बनाइएका तयारी वा संरक्षित परिकारहरू,फ्रोजन/क्यान्ड फुड ( चिस्याइएका (Frozen) पिज्जा, डिब्बामा बन्द गरिएका तयारी खाना। नोटः होटल तथा रेष्टुरेन्टमा तुरुन्त खानका लागि बनाइने खाना यसमा पर्दैन (त्यो सेवा अन्तर्गत पर्छ)। |
| **1079** | **अन्यत्र उल्लेख नगरिएका खाद्य पदार्थहरूको प्रशोधन तथा उत्पादन गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत अन्यत्र उल्लेख नगरिएका खाद्य पदार्थहरुका प्रशोधन तथा उत्पादनका क्रियाकलापहरुः कफीका गेडा छान्ने, भुट्ने, पिस्ने, प्याकिङ गर्ने, कफीबाट कफीजन्य पदार्थ उत्पादन गर्ने, चिया र त्यसका सहायक वन्तुहरु मिसाएर चियापत्ती उत्पादन, मसला कुट्ने/पिस्ने, सस, मेयोनेज, तोरीको धुलो, चुक (Vinegar) तथा अन्य स्वादका लागि प्रयोग हुने वस्तु उत्पादन, शिशु तथा विशेष खाना: बालबालिकाको लिटो, पोषिलो पीठो तथा विशेष प्रकारका खाना उत्पादन,अर्ध-तयारी खाना: स्यान्डविच, नपकाएको मःमः, पिजा, रोटी तथा छिटै उपभोग गर्नुपर्ने ताजा परिकार,अन्य खाद्य वस्तु: मर्चा (Yeast), जडिबुटीको झोल, कृत्रिम मह, वनस्पतिजन्य दूध/चिज, अण्डाका परिकार तथा नून आयोडिनयुक्त बनाउने कार्य,कृत्रिम पेय: रसना, टयांग जस्ता कृत्रिम पेय पदार्थको धुलो उत्पादन पर्दछ । |
| **108** | **पशु आहार (दाना) उत्पादन गर्ने क्रियाकलापहरू** |
| **1080** | **पशु आहार (दाना) उत्पादन गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत पशु आहार (दाना) को प्रशोधन तथा उत्पादन गर्ने क्रियाकलापहरुः गाई, भैंसी, भेडा, बाखा, सुँगुर, घोडा, चौंरी लगायतका घरपालुवा जनावरको दाना उत्पादन तथा प्रशोधन, कुकुर, बिरालो, खरायो, माछा तथा चराचुरुङ्गीको दाना प्रशोधन तथा उत्पादन, वधशालाका उप-उत्पादन बाट दाना बनाउने तथा विभिन्न चिज मिश्रण नगरी दाना उत्पादन गर्ने क्रियाकलाप पर्दछ । |
| **11** | **पेय पदार्थ उत्पादन गर्ने क्रियाकलापहरू** |
| **110** | **पेय पदार्थ उत्पादन गर्ने क्रियाकलापहरू** |
| **1101** | **वाष्पीकरण, शुद्धीकरण र सम्मिश्रण गरी स्पीरिटको प्रशोधन र उत्पादन गर्ने** |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | **क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत  कडा मदिरा उत्पादनः ह्वीस्की, ब्राण्डी, जिन तथा मिश्रित मदिरा (Cocktails) उत्पादन, घरपाला रक्सी, न्यूट्रल स्पीरिट उत्पादन तथा स्पीरिटको सम्मिश्रण (Blending) गर्ने क्रियाकलाप पर्दछ । |
| **1102** | **वाइन बनाउने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत  वाइन उत्पादनःअङ्गुर तथा अन्य फलफूलबाट वाइन, स्पार्कलिंग वाइन  र अङ्गुरको गाढा झोलबाट वाइन बनाउने, फलफूल कुहाएर बनाइने पेय, विभिन्न वाइन मिसाएर बनाउने तथा जडीबुटीयुक्त वाइन, अल्कोहल कम भएको वा अल्कोहल रहित वाइन उत्पादन गर्ने क्रियाकलाप पर्दछ । |
| **1103** | **अन्न कुहाई जाँड-बियर उत्पादन गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत  जौ वा अन्य अन्न कुहाई जाँड,बियर उत्पादन, अल्कोहल कम भएको वा अल्कोहल रहित  बियर उत्पादन गर्ने क्रियाकलापहरु पर्दछ । |
| **1104** | **हल्का पेय पदार्थको प्रशोधनः मिनरल वाटर र बोतलमा राखिएको पेयजलको उत्पादन गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत अल्कोहल नभएका पेय पदार्थको उत्पादन, हल्का पेय पदार्थ (कोक, पेप्सी, सोडा, टनिक वाटर, लेमोनेड आदि) उत्पादन, मिनरल वाटर तथा बोतल/जारमा राखिएको प्रशोधित पिउने पानी, स्क्वाइस, सर्वत तथा अल्कोहल रहित अन्य पेय पदार्थ वनाउने क्रियाकलाप पर्दछ ।(फलफूल तथा तरकारीको जुस 1030) |
| **12** | **सुर्तीजन्य पदार्थको उत्पादन** |
| **120** | **सुर्तीजन्य पदार्थको उत्पादन** |
| **1200** | **सुर्तीजन्य पदार्थ उत्पादन** |
| | यस वर्ग अन्तर्गत सुर्तीजन्य उत्पादनः चुरोट, बिंडी, सिगार, तमाखु, खैनी तथा सुर्तीको नस (Snuff) उत्पादन, प्रशोधन कार्यः सुर्तीको पात काट्ने, सुकाउने तथा धुलो बनाउने क्रियाकलाप पर्दछ । |
| **13** | **कपडाको उत्पादन** |
| **131** | **कात्ने, बुन्ने, कपडालाई फिनिसिङ गर्ने (अन्तिम स्वरूप दिने) क्रियाकलाप** |
| **1311** | **कपडाको धागो तयारी र कात्ने क्रियाकलाप** |
| | यस वर्ग अन्तर्गत कपडाको धागो उत्पादन गर्न तयारीका क्रियाकलापहरुः रेसम धुने/बेर्ने, ऊन सफा गर्ने, रङाउने तथा रेसाहरू सोइयाउने,कपास, जुट, रेशम, ऊन तथा कृत्रिम रेसा (नाइलन/सेन्थेटिक) बाट धागो वा रेसा तयार गर्ने, धागो बटार्ने, पट्याउने, लठ्ठा बनाउने तथा कृत्रिम रेसालाई टेक्सर (Texturing) गर्ने,कागजको रेसा/धागो उत्पादन गर्ने कार्य पर्दछ । |
| **1312** | **कपडा बुन्ने** |
| | यस वर्ग अन्तर्गत चौडा(ठूलो वा सानो) तानमा बुनिएका  सुती, ऊनी, रेशमी(सिल्क), |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | सेन्थेटिक तथा मिश्रित धागोबाट कपडा (Fabric) बुन्ने वा उत्पादन गर्ने ,जुट, अल्लो, भाङ तथा अन्य वनस्पति रेसाबाट चौडाइ कपडा बुन्ने, बुनिएका कार्पेट, राडीपाखी, रेशमबाट बुनिएका कपडा वा डोरी,टेरी टावेल, गज तथा नक्कली भुवा (Imitation fur) उत्पादन, ग्लास फाइबर तथा कार्बन धागोबाट कपडा बुन्ने क्रियाकलाप पर्दछ । |
| **1313** | **धागो तथा कपडाको फिनिसिङ (अन्तिम स्वरूप दिने)** |
| | यस वर्ग अन्तर्गत धागो, कपडा वा तयारी पोसाकलाई रङाउने, ब्लीच गर्ने, धुने र सुकाउने, कपडा वा गार्मेन्टमा बुट्टा, चित्र वा शब्द छाप्ने कार्य, कपडालाई खुम्च्याउने, तन्काउने, चम्किलो बनाउने , पट्याउने र सुधार गर्ने, कपडालाई वाटरप्रुफ बनाउने, कोटिङ गर्ने, रबराइजिङ गर्ने तथा जिन्सको कपडा ब्लीच गर्ने क्रियाकलाप पर्दछ । |
| **139** | **अन्य प्रकारका कपडाहरूको उत्पादन** |
| **1391** | **मेसिन र कुरूशबाट कपडा बुनाइ** |
| | यस वर्ग अन्तर्गत मेसिन वा कुरुशको प्रयोग गरी फेब्रिक (कपडा) बुन्ने कार्य, पाइल, टेरी, जालीदार (Net) तथा बुट्टा भरेका कपडा उत्पादन, झ्यालका फर्निसिङ कपडा तथा काँटाले बुनेर नक्कली भुवा बनाउने क्रियाकलाप पर्दछ । |
| **1392** | **तयारी पोशाकबाहेक अन्य तयारी कपडाहरूका उत्पादन** |
| | यस वर्ग अन्तर्गत लगाउने तयारी पोशाकबाहेक सिलाइबुनाइ गर्ने कार्यसहित अन्य कुनै पनि कपडाको तयारी वस्तुको उत्पादन गर्ने कार्य जस्तैः ब्लाङ्केट,ओड्ने रग,कम्बल तयार गर्ने, सिरक, डसना, सिरानी, तन्ना, स्लीपिङ ब्याग, कुशन तथा विद्युतीय ब्लाङ्केटको कपडा, पर्दा, टेबलपोस, फर्निचर छोप्ने कपडा तथा भित्तामा झुन्ड्याउने बुट्टेदार कपडा, त्रिपाल, टेन्ट, क्याम्पिङ पाल, जहाजको पाल, सनब्लाइन्ड तथा मेसिन/गाडी/टायर छोप्ने कभरहरू, जुटका बोरा, झोला तथा प्याकिङ सामग्री, झण्डा, ब्यानर, लाइफ ज्याकेट, प्यारासुट तथा सरसफाइ गर्ने कपडाहरू पर्दछ । |
| **1393** | **दरी (कार्पेट) तथा रग (राडीपाखी) उत्पादन** |
| | यस वर्ग अन्तर्गत मुख्य भुइँमा ओच्छ्याउने उत्पादनहरूको टेक्सटाइल उत्पादन जस्तैः कार्पेट र म्याटः, रग; राडीपाखी उत्पादन, जुट, नरिवलको जटा, ऊन, सुती वा अन्य रेसा जस्ता सामग्रीबाट बनेका कार्पेट र म्याट जस्ता भुइँमा ओछ्याउनेहरू क्रियाकलाप पर्दछ । |
| **1394** | **लठ्ठा, डोरी, सुतलीको डोरी र जाली बनाउने क्रियाकलाप** |
| | यस वर्ग अन्तर्गत लठ्ठा, डोरी, सुतलीको डोरी र जाली बनाउने, टेक्सटाइल फाइबरको केबल तथा टेक्सटाइल फाइबरका स्ट्रीपहरू उत्पादन, जुट, नरिवलको जटा वा खरबाट बाटेको डोरी, नाम्लो, दाम्लो आदि बनाउने, माछा मार्ने जाल तथा अन्य जाली बनाउने,जहाजको फेन्डर तथा सामान लोड/अनलोड गर्न प्रयोग हुने रिङ जडान भएका |

| NSIC वर्गिकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | केबल/स्लिङ उत्पादन गर्ने क्रियाकलाप पर्दछ । |
| **1399** | **अन्यत्र कहीं उल्लेख नभएका कपडा उत्पादन** |
| | यस वर्ग अन्तर्गत डिभिजन १३ र १४ मा उल्लेख नभएका कपडा वा कपडाको सामग्रीहरुका विधिन्न वस्तुहरु प्रशोधन गर्ने वा उत्पादन गर्ने क्रियाकलापहरु पर्दछ ।जस्तैः तानमा साँघुरो गजमा बुनिएका कपडाहरुको उत्पादन(झोलाका फित्ता, लेबल, ब्याज, बिल्ला,गहनाको रुपमा प्रयोग गर्ने धागो/ रिबन, जुत्ताको तुना,इम्ब्राइडरी तथा जालीदार कपडा ), मेसिनका बेल्ट, बत्तीको सलेदो, ग्यासको जाली, होजपाइप र छान्ने कपडा, कोटिङ वा प्लास्टिक ल्यामिनेट गरिएका कपडा, चित्रकारको क्यानभास, बक्रम, ट्रेसिङ कपडा र टाँसिने टेप, जनावरको भुत्लाबाट बनेका कपडा, गाडीको सजावटका कपडा र पाउडर पफ । |
| **14** | **लगाउने तयारी पोशाकको उत्पादन** |
| **141** | **भुवादार पोशाकबाहेक लगाउने तयारी पोशाकको उत्पादन** |
| **1410** | **भुवादार पोशाक बाहेक लगाउने तयारी पोशाकको उत्पादन** |
| | यस वर्ग अन्तर्गत कुनै पनि प्रकारका कच्चा सामाग्रीवाट उत्पादन गरिने तयारी पोशाकहरुको उत्पादन गर्ने क्रियाकलाप पर्दछ ।जस्तैः महिला, पुरुष र बालबालिकाले लगाउने कोट, सुट, ज्याकेट, पाइन्ट, स्कर्ट, सर्ट(बुनेका वा सिलाएका), टिसर्ट, अन्डरपेन्ट, भेस्ट, ब्लाउज, ब्रा, पाइजामा, नाइटड्रेस , छालाका कपडा, वेल्डरले लगाउने एप्रोन तथा काम गर्दा लगाउने विशेष पोसाक, ट्र्याकसुट, स्विमसुट, स्की सुट तथा बच्चाका कपडाहरू, टोपी, ह्याट, पन्जा, टाई, मोजा, सल, पेटी, कपालको ब्यान्ड आदि, टेलरिङ (कटिङ/डिजाइन) गरी बनाइने सर्ट, पाइन्ट, चोलो, सांस्कृतिक पोसाक तथा कपडाका जुत्ताहरू । |
| **142** | **भुवादार वस्तु वा कपडाको उत्पादन** |
| **1420** | **भुवादार वस्तु वा कपडाको उत्पादन** |
| | यस वर्ग अन्तर्गत जनावरका भुवादार छालाबाट बनेका वस्तुहरु वा लुगाहरु जस्तैः लगाउने पोशाक तथा अन्य भुवादार कपडाको वस्तु उत्पादन(ज्याकेट, टोपी, आदि),भुवादार छालाका एसेम्बलीज (जोडजाड गर्ने) पोशाकहरूको उत्पादन जस्तैः dropped fur skin, म्याट, रग, स्ट्रीप्स् आदि, भुवादार छालाका विविध वस्तुहरूको उत्पादन जस्तैः रग, गद्दाहरू (unstuffed pouffes), औद्योगिक पालिस गर्ने कपडाहरू आदि पर्दछ । |
| **143** | **सिलाइ तथा वुनाइ बाट तयारी लुगा बनाउन** |
| **1430** | **सिलाइ तथा वुनाइ बाट तयारी लुगा बनाउन** |
| | यस वर्ग अन्तर्गत मेसिन वा काँटाको वुनाइबाट लगाउने लुगाहरू उत्पादन जस्तैः बुनाईका कपडा(स्वेटर, जर्सी, कार्डिगन, वेस्टकोट, टिसर्ट आदि) र यस्तै प्रकारका वस्तुहरू आदि, होजियारी (मोजा, टाइट्स, पेन्टीहोज) आदि क्रियाकलापहरु पर्दछ । |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| **15** | **छाला र छालाजन्य वस्तु उत्पादन गर्ने क्रियाकलापहरू** |
| **151** | **छालाको रङरोगन एवं काँटछाँट गर्ने, छालाको बाकस, हाते झोला, काठी, लगामका सामग्रीहरू बनाउने, भुवाको रङरोगन एवं काँटछाँट गर्ने क्रियाकलापहरू** |
| **1511** | **छालाको प्रशोधन, रङरोगन एवं काँटछाँट गर्ने क्रियाकलाप** |
| | यस वर्ग अन्तर्गत काँचो छालालाई रसायन प्रयोग गरी प्रशोधन, ड्रेसिङ, काँटछाँट र रङरोगन गर्ने,भुवादार रौं भएको (Fur) छालाको प्रशोधन, ड्रेसिङ र रङरोगन, जुत्ताको सोल वा अन्य प्रयोजनका लागि छाला तयार गर्ने क्रियाकलापहरु पर्दछ । |
| **1512** | **छालाको ब्याग, सुटकेश, ह्यान्डब्याग, काठी आदि बनाउने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत छाला तथा छालाजन्य उत्पादनहरूबाट तयार गरिएका ब्याग, सुटकेश, ह्यान्डब्याग, पेटी , पर्स, गैर-धातुका घडीको ब्यान्ड, जुत्ताको तुना तथा खेलकुद सामग्री, जनावरका लागि प्रयोग हुने काठी र लगाम उत्पादन गर्ने क्रियाकलाप पर्दछ । |
| **152** | **जुत्ता चप्पल उत्पादन गर्ने क्रियाकलापहरू** |
| **1520** | **जुत्ता चप्पल उत्पादन गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत जुनसुकै कच्चा पदार्थहरु(छाला, प्लास्टिक, काठ, रबर, सेन्थेटिक) आदिका प्रयोग गरी बनाइएको विभिन्न साइजका जुत्ता, चप्पल, वुट उत्पादन गर्ने क्रियाकलाप पर्दछ । यस्तै जुत्ता बनाउँदा प्रयोग हुने भित्री तथा बाहिरी भागहरू को उत्पादन, जुत्ता बनाउने साँचो,जुत्ताको सोल, फित्ता, ग्यान्टिस तथा तुना सुतली उत्पादन गर्ने क्रियाकलाप पर्दछ । |
| **16** | **पराल एवं छबालीबाट निर्मित फर्निचर वा वस्तुहरूबाहेक काठ वा काठ प्रयोग भएका वस्तुहरू र कर्क उत्पादन गर्ने क्रियाकलापहरू** |
| **161** | **काठ चिर्ने र रन्दा लगाउने क्रियाकलापहरू** |
| **1610** | **काठ चिर्ने र रन्दा लगाउने (चिप्लो पार्ने) क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत काठ चिर्ने, रन्दा लगाउने, चिल्लो बनाउने र विभिन्न साइजका टुक्रा पार्ने, नजोडीकन काठका टुक्रालाई भूईँमा छाप्नयोग्य बनाउने, काठ सुकाउने (Seasoning) तथा किरा नलागोस् भनी रसायनद्वारा उपचार/संरक्षण गर्ने क्रियाकलाप पर्दछ । |
| **162** | **काठका वस्तुहरू, कर्क, पराल, छबाली, चोया आदिबाट बनाइने वस्तुहरूको उत्पादन** |
| **1621** | **काठका पातला फल्याकहरू, प्लाइउड, लेमिन वोडका टुक्राहरू मिलाएर बोर्ड बनाउने, फ्रेम बनाउने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत प्लाइउड, प्लाइबोर्ड तथा काठका टुक्रा मिलाएर बोर्ड बनाउने, भेनियर सिट, लेमिनेट कार्ड तथा पातलो काठका सिट उत्पादन, पार्टिकल बोर्ड, फाइबर बोर्ड तथा डेन्सीफाइड काठ उत्पादन, पातला बोर्डहरूमा गुँदले चप्काएर |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | प्लाइउड तयार गर्ने क्रियाकलाप पर्दछ । |
| **1622** | **काठ जोडेर काठका विभिन्न प्रकारका (फर्निचरबाहेक) सामान बनाउने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत काठका बिम, झ्याल, ढोका, सटर, कठवार (Partitions) तथा फिक्चरहरू, काठको भऱ्याङ, रेलिङ, ऱ्याक तथा शोकेश उत्पादन, काठको फ्लोर ब्लक, पारकेटिङ तथा स्ट्रिपहरू, मोबाइल (चलायमान) घरका काठका सामान, छुट्याउन मिल्ने काठका सामान तथा घर निर्माणमा हुने सिकर्मीका क्रियाकलाप पर्दछ । |
| **1623** | **काठका भाँडाहरू वा काठका बाकस बनाउने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत काठका भाँडा तथा प्याकिङ सामग्रीहरू जस्तैः काठका बक्स, क्रेट, ड्रम, प्यालेट तथा तार बेर्ने केबल ड्रम, काठको ठेकी, चौठी, हर्पे, आरी, गाग्री तथा तुम्बा तान्ने काठको भाडा, चर्खा, बयलगाडा, कुमालेको चक्र तथा बन्दुकको नाली/कुन्दा बनाउने कार्य पर्दछ । |
| **1629** | **काठजन्य अन्य वस्तुहरू (कर्क, बाँस, पराल वा छवालीको प्रयोग गरी गुन्द्री, सुकुल आदि) बनाउने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत काठ, बाँस तथा परालका अन्य उत्पादनहरू जस्तैः औजारका बिंड (कुटो, कोदालो, हँसिया), जुत्ताको हिल, कपडा राख्ने स्टयान्ड, ऐना/तस्बिरका फ्रेम तथा भान्साका भाँडाकुँडा,बाँस/निगालोका सामानः डोको, डालो, नाङ्लो, थुन्से, भकारी, मान्द्रो, घुम तथा ह्याङ्गर फ्रेम, पराल/खरका सामानः गुन्द्री, चकटी, सुकुल तथा पराल/छवालीबाट बन्ने पेपरबोर्ड पर्दछ । |
| **17** | **कागज र कागजजन्य वस्तु उत्पादन गर्ने क्रियाकलापहरू** |
| **170** | **कागज र कागजजन्य वस्तु उत्पादन गर्ने क्रियाकलापहरू** |
| **1701** | **पल्प, कागज र कागजको बोर्ड उत्पादन गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत पल्प,कागज र कागजका बोर्ड उत्पादन गर्ने क्रियाकलापहरू जस्तैः कच्चा पदार्थ वा रद्दी कागजबाट रासायनिक/यान्त्रिक विधिले पल्प तयार गर्ने, अखबारी कागज, नेपाली कागज, छाप्ने कागज, कोटेड पेपर तथा बोर्ड पेपर उत्पादन, मेसिनबाट पेपरबोर्ड, कार्टुन तथा प्याकिङ गर्ने कागजका सामान उत्पादन, विशेष प्रकारका औद्योगिक वा अन्य कागज उत्पादन पर्दछ । |
| **1702** | **बाक्लो कागज (नालीदार) का पाताहरू, कागजका बोर्डहरू र कागजका प्याक गर्ने बक्स बनाउने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत कागजका कन्टेनर तथा प्याकेजिङ सामग्रीहरू जस्तैः नालीदार (Corrugated) कागज तथा कागजका बोर्डहरू उत्पादन, कागजका बोर्डबाट बन्ने पटयाउन मिल्ने वा नमिल्ने (Rigid) बाकस तथा कार्टुनहरू, कागजका बोरा, झोला तथा प्याकेजिङ सामग्री, बक्स फाइल तथा कार्यालयमा प्रयोग हुने यस्तै अन्य |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | सामग्रीहरूको उत्पादन कार्य पर्दछ। |
| **1709** | **कागज र पेपरबोर्डका अन्य सामानहरू बनाउने क्रियाकलापहरु** |
| | यस वर्ग अन्तर्गत कागज र पेपरबोर्डबाट बन्ने विभिन्न सामग्रीहरूको उत्पादनहरु जस्तैः ट्वाइलेट पेपर, नेपकिन, कागजका प्लेट, गिलास, र स्यानेटरी प्याडहरू, लेख्ने र प्रिन्ट गर्ने कागज, फोटोकपी पेपर, कार्बन पेपर, खाम, पोष्ट कार्ड, र लेबलहरू,ट्रेसिङ पेपर, फिल्टर पेपर, र भित्ते कागज, अण्डा राख्ने ट्रे र विभिन्न प्रकारका कोटेड कागजहरू गर्ने क्रियाकलाप पर्दछ । |
| **18** | **छपाइ र रेकर्डेड साधनको प्रतिलिपि उत्पादन गर्ने क्रियाकलापहरू** |
| **181** | **मुद्रण/छपाइ र छपाइसम्बन्धी सेवा सञ्चालन** |
| **1811** | **मुद्रण/छपाइसम्बन्धी काम गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत छपाइ तथा मुद्रण कार्यहरू जस्तैः अखबार, पत्रपत्रिका, किताब, ब्रोसर, नक्सा, क्यालेन्डर, डायरी, पोस्टर, क्याटलग तथा व्यावसायिक फारमहरू, बैंक नोट, चेक, हुलाक टिकट, राजश्व स्टिकर (अन्तःशुल्क), लेटरप्याड तथा अन्य सुरक्षित कागजात छपाइ, अफसेट, लेटरप्रेस, फ्लेक्सोग्राफिक तथा कम्प्युटर/फोटोकपी मेसिनबाट गरिने छिटो छपाइ, कागज बाहेक प्लास्टिक, ग्लास, धातु, काठ वा सेरामिकमा गरिने छपाइ (कपडा उद्योगमा हुने बाहेक), लेबल, ट्याग तथा प्याकेजिङ सामग्रीको छपाइ पर्दछ । |
| **1812** | **मुद्रण/छपाइसम्बन्धी सेवाको काम गर्ने क्रियाकलाप** |
| | यस वर्ग अन्तर्गत मुख्य मुद्रण सेवा तथा बाइन्डिङ कार्यहरू जस्तैः बाइन्डिङ र फिनिसिङः किताब, ब्रोसर, पत्रिका आदिलाई पट्याउने, सिलाउने (Stitching), टाँस्ने, बाइन्डिङ गर्ने तथा गोल्ड स्टयाम्पिङ गर्ने, डिजाइन, कम्पोज, टाइपसेटिङ, स्क्यानिङ, लेआउट मिलाउने तथा प्रुफ रिडिङ गर्ने,अफसेट वा लेटरप्रेसका लागि प्लेट, ब्लक, सिलिन्डर तथा टाँचा (Dies) बनाउने र एन्ग्रेभ (Engraving) गर्ने, ल्यामिनेटिङ, वार्निसिङ, पन्चिङ, ब्रेल कपी गर्ने तथा अन्य कलात्मक ग्राफिक कार्यहरू पर्दछ । |
| **182** | **रेकर्ड गरिएका सामग्रीहरूको प्रतिलिपि उत्पादन** |
| **1820** | **रेकर्ड गरिएका सामग्रीहरूको प्रतिलिपि उत्पादन** |
| | यस वर्ग अन्तर्गत ग्रामोफोन, सीडी (CD), टेप, चलचित्र तथा भिडियो रेकर्डिङहरूको मास्टर कपी (गुरूप्रति) बाट प्रतिलिपि उत्पादन गर्ने, डिस्क वा टेपमा रहेका कम्प्युटर सफ्टवेयर तथा डाटाहरूको मास्टर कपीबाट प्रतिलिपि (Reproduction) तयार गर्ने पर्दछ । |
| **19** | **कोक (अप्रशोधिक इन्धन), प्रशोधित पेट्रोलियम पदार्थ उत्पादन** |
| **191** | **कोक ओभनका उत्पादन तथा प्रशोधन** |
| **1910** | **कोक ओभनका उत्पादन तथा प्रशोधन** |
| | यस वर्ग अन्तर्गत कोइलालाई प्रयोगयोग्य उत्पादनहरूमा रूपान्तरण गर्ने |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | क्रियाकलापहरू अन्तर्गत कोक भट्टी सञ्चालन, कोक तथा अर्ध-प्रशोधित कोक उत्पादन, पिच (अलकत्रा), पिच कोक, कोइलाको खोटो (Tar) तथा कोक ग्याँस उत्पादन। अन्य: कोकको डल्लो वा थुप्रो बनाउने कार्य पर्दछ । |
| **192** | **प्रशोधित पेट्रोलियम वस्तुको उत्पादन** |
| **1920** | **प्रशोधित पेट्रोलियम वस्तुको उत्पादन** |
| | यस वर्ग अन्तर्गत मोटर इन्धन (पेट्रोल, डिजेल, मट्टीतेल), रिफाइनरी ग्यास (इथेन, प्रोपेन, ब्युटेन) तथा जैविक इन्धन ब्लेन्डिङ (ग्याँसोहोल),लुब्रिकेन्ट र लुब्रिकेटिङ तेल, ग्रीज, सडकमा प्रयोग हुने अलकत्रा (Bitumen), सेतो स्पिरिट, भेसलाइन तथा प्याराफिन व्याक्स, कोइला, लिग्नाइट, पेट्रोलियम तथा जैविक (Bio) ब्रिकेट उत्पादन पर्दछ । |
| **20** | **रसायन र रासायनिक वस्तुको उत्पादन** |
| **201** | **प्राथमिक स्वरूपमा आधारभूत रसायन, रासायनिक मल, नाइट्रोजनयुक्त यौगिक पदार्थ, प्लास्टिक र सिन्थेटिक (कृत्रिम) रबरको उत्पादन** |
| **2011** | **आधारभूत रसायनको उत्पादन** |
| | यस वर्ग अन्तर्गत अक्सिजन, नाइट्रोजन, कार्बनडाइअक्साइड, रेफ्रिजिरेन्ट ग्याँस, कम्प्रेस्ड हावा तथा अन्य तरल/कम्प्रेस्ड ग्याँसहरू, आधारभूत अर्गानिक तथा इनअर्गानिक रसायन (एसिड, क्षार, हाइड्रोकार्बन), रङाउने पदार्थ (Dyes) र पिगमेन्ट उत्पादन, डिस्टिल्ड वाटर (Distilled water), सिन्थेटिक सुगन्धित वस्तु, काठबाट कोइला (Charcoal) तथा अल्कोहलका लागि फर्मेन्टेसन गर्ने कार्य, युरेनियम/थोरियम प्रशोधन (आणविक इन्धन) तथा फलामको पाइराइट्स पगाल्ने (Roasting) कार्य पर्दछ । |
| **2012** | **रासायनिक मल र नाइट्रोजनयुक्त यौगिकको उत्पादन** |
| | यस वर्ग अन्तर्गत रासायनिक मल तथा नाइट्रोजन यौगिक उत्पादन जस्तै: नाइट्रिक एसिड, अमोनिया, एमोनियम क्लोराइड, एमोनियम कार्बोनेट तथा पोटासियम नाइट्रेट आदि पर्दछ।साथै पिट मिसिएको माटो, मुल्तानी माटो, चक पाउडर तथा बालुवा वा खनिज मिसिएको गमलाको माटो उत्पादन पर्दछ। |
| **2013** | **प्राथमिक स्वरूपमा प्लास्टिक र सिन्थेटिक (कृत्रिम) रबरको उत्पादन** |
| | यस वर्ग अन्तर्गत प्राथमिकरुपमा प्लास्टिकहरु (इथिलाइन, प्रोपेलिन, स्टीरिन, भिनिल क्लोराइड/एसेटेट, एक्रेलिक, पोलिमाइड, फेनोलिक, इपोक्साइड, एल्कीड, पोलिष्टर, पोलीइथर, सिलीकोन, आयोन एक्सचेन्जर), प्राथमिकरुपमा सिन्थेटिकको उत्पादन( सिन्थेटिक रबर, फ्याक्टीस),प्राकृतिक रबर र सिन्थेटिक रबर वा रबर जस्तै: गमको मिश्रित उत्पादन तथा प्रशोधन जस्तैः बलाटा, सेलुलोज उत्पादन/प्रशोधन: सेलुलोज तथा रासायनिक उपजहरू पर्दछ । |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| **202** | **अन्य रासायनिक वस्तुहरूको उत्पादन** |
| **2021** | **किटनासक औषधी र अन्य कृषिजन्य रसायनहरूको उत्पादन** |
| | यस वर्ग अन्तर्गत खेतीपाती र पशुपन्छीको सुरक्षाका लागि प्रयोग हुने रासायनिक वस्तुहरूको उत्पादन र प्रशोधन जस्तैः बाली संरक्षण: कीरा मार्ने , मुसा मार्ने, ढुसी हटाउने र अनावश्यक झार मार्ने औषधीहरूको उत्पादन, बिरुवालाई चाँडो बढाउने हर्मोनहरू  र अनावश्यक अंकुरण रोक्ने रसायनहरू, कृषि र पशुपालन क्षेत्रमा कीटाणु नष्ट गर्न प्रयोग गरिने 'डिस्इन्फेक्टेन्ट्स' (Disinfectants) को उत्पादन, अन्य कुनै पनि शीर्षकमा नसमेटिएका कृषिमा प्रयोग हुने रासायनिक वस्तुहरू बनाउने क्रियाकलाप पर्दछ । |
| **2022** | **रङहरू, वार्निसहरू तथा यस्तै अन्य सतह ढाक्ने वस्तुहरू, छपाइ गर्ने मसी, र खोटो** |
| | यस वर्ग अन्तर्गत रङरोगनसँग सम्बन्धित वस्तुहरूको उत्पादन र प्रशोधन( पेन्ट, वार्निस, इनामेल, स्प्रीट, र टल्किने इनामेलको उत्पादन), पिगमेन्ट र सोल्भेन्ट( रङका कच्चा पदार्थ, जैविक घोलक र रङ पातलो बनाउने थिनर),टाल्ने र भर्ने वस्तुहरू( खोट , पुटिन  र सतह टाल्ने विभिन्न यौगिकहरू), लगाइसकेको रङ वा वार्निस उडाउन प्रयोग गरिने विशेष रसायनहरू, विभिन्न प्रकारका छाप्ने मसी , टोनर र छपाइसँग सम्बन्धित अन्य मसीहरूको उत्पादन गर्ने क्रियाकलाप पर्दछ । |
| **2023** | **साबुन तथा डिटरजेण्ट, सरसफाइ र पालिस गर्ने रसायन वस्तु र सुगन्धित अत्तरहरू एवं सौन्दर्य श्रृंगारका प्रशाधनहरू, सरसफाइका वस्तु उत्पादन** |
| | यस वर्ग अन्तर्गत साबुन, डिटरजेन्ट, सरसफाइका सामग्री र श्रृङ्गारका वस्तुहरूको उत्पादन,  ठोस वा झोल साबुन, लुगा धुने पाउडर, भाँडा माझ्ने साबुन र लुगा नरम बनाउने 'टेक्सटाइल सफ्टनर' हरू, कोठा सुगन्धित बनाउने स्प्रे, जुत्ता, गाडी, भुइँ र फर्निचर टल्काउने मैन (waxes) तथा पालिसहरू,: अत्तर (Perfumes), मेकअपका सामान, सन-स्क्रिन क्रिम, नेल पालिस, र लोसनहरू, स्याम्पु, हेयर जेल, दन्तमञ्जन, र मुख धुने झोलहरू (Mouthwash)। सेभिङ र दाह्री काट्ने क्रिम, अफ्टर सेभ, शरीरको गन्ध हटाउने स्प्रे (Deodorants), र शरीरका रौं हटाउने रसायनहरू उत्पादन गर्ने क्रियाकलाप पर्दछ साथै अगरबत्ती र लामखुट्टे धुप जस्ता बालेर सुगन्ध फैलाउने वस्तुहरूको उत्पादन पर्दछ । |
| **2029** | **अन्यत्र उल्लेख नगरेका अन्य रासायनिक वस्तुहरूको उत्पादन** |
| | यस वर्ग अन्तर्गत अन्यत्र उल्लेख नगरिएका रासायनिक वस्तुहरूको उत्पादन र प्रशोधन कार्य पर्दछ ।जस्तैः बारुद, विष्फोटक धुलो, डिटोनेटर, र सङ्केत दिने फ्लेयर्स (Flares) को उत्पादन, रबरमा आधारित गम, विभिन्न प्रकारका गुँद, र जिलेटिनको उत्पादन, प्राकृतिक बास्नादार अर्क (Aromatic extracts), सुगन्धित डिस्टिल्ड पानी, र अत्तर बनाउन प्रयोग हुने गन्धयुक्त मिश्रणहरूको उत्पादन, फोटो खिच्न प्रयोग हुने प्लेट, फिल्म, र फोटो धुलाउन चाहिने आवश्यक रसायनहरू, वेल्डिङ वा सोल्डरिङमा प्रयोग हुने पाउडर, सिमेन्टमा मिसाइने एडिटिभ्स, लुब्रिकेटिङ आयल |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | एडिटिभ्स, प्रयोगशालामा परीक्षणका लागि प्रयोग हुने रिएजेन्टहरू, एन्टी-फ्रिज रसायन, र छाला एवं कपडा उद्योगमा फिनिसिङका लागि प्रयोग हुने पदार्थहरू, लेख्ने र चित्र कोर्ने मसी र सलाईको उत्पादनका क्रियाकलापहरु पर्दछ। |
| **203** | **मानव निर्मित कृत्रिम रेसाहरूको उत्पादन** |
| **2030** | **मानव निर्मित कृत्रिम रेसाहरूको उत्पादन** |
| | यस वर्ग अन्तर्गत कपडा तथा औद्योगिक प्रयोजनका लागि बनाइने कृत्रिम रेसाहरूको उत्पादनका क्रियाकलापहरु पर्दछ । जस्तैः सिन्थेटिक रेसाहरू जस्तै नाइलन, पोलिष्टर  र अन्य कृत्रिम फिलामेन्ट उत्पादन, उच्च तन्किने क्षमता भएका धागोहरू (High tenacity yarn) र विभिन्न प्रकारका कृत्रिम डोरीहरूको निर्माण, सिन्थेटिक फाइबरहरू, एकै किसिमको तार (Monofilament) र कृत्रिम पाता (Strips) हरूको उत्पादन। |
| **21** | **सामान्य औषधी उत्पादन र औषधी बनाउने तयारी कार्यहरू** |
| **210** | **औषधी, चिकित्साजन्य रसायन र वनस्पतिजन्य उत्पादन** |
| **2100** | **औषधी, चिकित्साजन्य रसायन र वनस्पतिजन्य उत्पादन** |
| | यस वर्ग अन्तर्गत औषधि र स्वास्थ्यसँग सम्बन्धित रासायनिक तथा वनस्पतिजन्य उत्पादन तथा प्रशोधनहरू का क्रियाकलापहरु पर्दछ ।जस्तैः एन्टिबायोटिक, भिटामिन, एन्टिसेरा, भ्याक्सीन र होमियोप्याथिक औषधिहरूको उत्पादन, रगतको प्रशोधन, हर्मोनल जन्मनिरोधक वस्तुहरू र ग्रन्थि (Glands) बाट निकालिने अर्कहरूको उत्पादन, गर्भ परीक्षण किटसहित मेडिकल डायग्नोस्टिक सामग्रीहरू र रेडियो विकिरणयुक्त डायग्नोस्टिक पदार्थहरूको  निर्माण, औषधि मिसाइएका ब्यान्डेज, गज, र शल्यक्रियामा प्रयोग हुने ड्रेसिङ सामग्रीहरूको उत्पादन, जडिबुटीलाई औषधि बनाउनका लागि कुट्ने, पिस्ने र प्याकिङ गर्ने जस्ता वनस्पतिजन्य प्रशोधनका कार्यहरू, बायोटेक फर्मास्युटिकल र रासायनिक रूपमा शुद्ध चिनी उत्पादन। |
| **22** | **रबर वा प्लास्टिकका सामग्री उत्पादन गर्ने क्रियाकलापहरू** |
| **221** | **रबरजन्य वस्तुको उत्पादन गर्ने क्रियाकलापहरू** |
| **2211** | **रबरका टायर र ट्युबको उत्पादन गर्ने, रबर टायरको परिमार्जन वा रिसोलिङ गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत सवारी साधनका टायर र ट्युबको उत्पादनदेखि पुराना टायरलाई नयाँ जस्तै बनाउने (Retreading) सम्मका क्रियाकलापहरु पर्दछ । जस्तैः सवारी साधन  बस, ट्रक, कार, मोटरसाइकल, अटोरिक्सा, डोजर, बुल्डोजर र हवाईजहाजका लागि रबरका टायर र ट्युबहरूको उत्पादन, साइकल, रिक्सा र साना खेलौनाहरूमा प्रयोग हुने टायर र ट्युबहरूको निर्माण, हावा भर्ने (Pneumatic) टायरहरूका साथै ठोस (Solid) र कुसन (Cushion) टायरहरूको प्रशोधन र उत्पादन, पुराना भइसकेका टायरहरूको सतहमा नयाँ रबरको लेयर राखेर पुन: प्रयोगयोग्य बनाउने (Re- |

| NSIC वर्गिकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | soling/Retreading) कार्यहरू । |
| **2219** | **अन्य रबरजन्य वस्तुहरूको उत्पादन गर्ने क्रियाकलाप** |
| | यस वर्ग अन्तर्गत टायर र ट्युब बाहेकका अन्य सबै प्रकारका रबरजन्य वस्तुहरूको उत्पादन र प्रशोधन कार्य पर्दछ । जस्तैः रबरका प्लेट, सिट, रड, पाइप, होज पाइप, रबरका रिङ, फिटिङ्स, र सिल गर्ने वासरहरू (जस्तै: कुकर वा धारामा प्रयोग हुने), जुत्ताको रबरको तलुवा (Soles), पेटी, हट वाटर बोतल, रबरका डोरी, काँइयो, ब्रुस, र कपालमा लगाउने रोलरहरू, रबरयुक्त कपडा, नुहाउँदा लगाउने टोपी, एप्रोन, कृषि र ड्राइभिङ गर्दा लगाउने विशेष रबरका पोशाकहरू, रबरका बेलुन, हावा वा पानी भरिने डसना (Mattress), रबरका सोफा, र यौनजन्य स्वास्थ्यका लागि प्रयोग हुने रबरका सामग्रीहरू, रबर मर्मतका सामानहरू र रबर लेमिनेट गरिएका कपडाहरू । |
| **222** | **प्लास्टिकका सामान उत्पादन गर्ने क्रियाकलापहरू** |
| **2220** | **प्लास्टिकका सामान उत्पादन गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत अर्ध-प्रशोधित देखि पूर्ण तयारी अवस्थाका विभिन्न प्लास्टिकजन्य वस्तुहरूको उत्पादन र प्रशोधनका क्रियाकलापहरु पर्दछ । जस्तैः प्लास्टिकका सिट, पाइप, होज, फिटिङ्स, ट्याङ्की, ढोका, झ्याल, फ्रेम, सटर, र सिलिङ तथा फ्लोरिङका सामग्रीहरू, सामान राख्ने वा प्याक गर्ने झोला, बाकस, बोतल, क्यारी ब्याग र विभिन्न प्रकारका कन्टेनरहरू, बाल्टिन, वाशबेसिन, बाथरुमका धारा, सावर, साबुदानी, र भान्छामा प्रयोग हुने सिङ्क तथा टायलहरू, प्लास्टिकका फर्निचर फिटिङ, स्कुल र कार्यालयका सामान, गहना, जुत्ताका फित्ता, काँइयो, हेयर कलर, र चुरोट राख्ने बट्टा जस्ता सानातिना सामग्रीहरू, प्लास्टिकबाट बनेका विशेष प्रकारका पोशाकहरू । |
| **23** | **गैरधातुका खनिजहरू उत्पादन गर्ने क्रियाकलापहरू** |
| **231** | **काँच र काँचजन्य वस्तुको उत्पादन गर्ने क्रियाकलापहरू** |
| **2310** | **काँच र काँचजन्य वस्तुको उत्पादन गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत कांच सिसाको उत्पादनदेखि सिसाबाट बन्ने विभिन्न घरायसी र औद्योगिक वस्तुहरूको उत्पादन र प्रशोधनका क्रियाकलापहरु पर्दछ । जस्तैः समतल सिसा (Flat glass), तार भएको वा रङीन सिसा, लेमिनेटेड सिसा, ऐना, र भित्तामा प्रयोग हुने कुचालक (Insulator) हरू, सिसाका टेबुल, गिलास, कचौरा, जग र स्नान गृहमा प्रयोग हुने विभिन्न सामानहरू, घडी, चस्मा र क्यामेराका सिसा, प्रयोगशालामा प्रयोग हुने भाँडाकुँडा, ल्याम्प इनभिलोप, र औषधि राख्ने काँचका बोतलहरू, सिसाका गहना, चुरा, सजावटका सामग्री, र नक्कली जुहारतहरू। औद्योगिक रेसा: ग्लासउल (Glass wool), सिसाको धागो र रेसा (Fibre) हरू। |
| **239** | **अन्यत्र उल्लेख नभएका गैरधातुका खनिज वस्तु उत्पादन गर्ने क्रियाकलापहरू** |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| **2391** | **आवर्तक वस्तुको उत्पादन गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत अग्नि-प्रतिरोधी वस्तुहरूको उत्पादन क्रियाकलापहरु पर्दछ । जस्तैः उच्च तापक्रम हुने ठाउँमा प्रयोग गरिने विशेष प्रकारको सिमेन्ट, मसला (Mortars) र कङ्क्रिटको निर्माण, सिलिसियस फसिल मिल्स (Siliceous fossil meals) बाट बनेका ताप-कुचालक (Heat-insulating) सेरामिक वस्तुहरू, अग्नि-प्रतिरोधी इँटा (Refractory bricks), ब्लक र टायलहरूको उत्पादन,धातु गाल्न वा रासायनिक प्रक्रियाका लागि प्रयोग हुने रिटोर्ट, क्रुसिबल, मफल ,नोजल, पाइप र ट्युबहरू उत्पादन, म्याग्नेसाइट, डोलोमाइट वा क्रोमाइट मिसाइएका अग्नि-प्रतिरोधी वस्तुहरूको उत्पादन,(सामान्य घर बनाउने इँटा यसमा पर्दैनन्, तर इँटा भट्टाको भित्री भाग वा चिम्नीमा प्रयोग हुने, जसले धेरै तापक्रम सहन सक्छ (Firebricks), त्यस्ता इँटा बनाउने उद्योग; धातु गाल्ने भाँडाहरू (Crucibles) बनाउने कार्यहरू |
| **2392** | **माटाका भवन निमार्ण सामग्रीहरू उत्पादन गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत घर, भवन र अन्य पूर्वाधार निर्माणमा प्रयोग हुने माटोका सामग्रीहरूको उत्पादन कार्य पर्दछ । घरको भित्ता वा भुइँमा टाँस्ने टायलहरू, मोज्याक क्युब्स (Mosaic cubes) आदि उत्पादन, बाटो वा आँगनमा बिछ्याइने सेरामिकका इँटा वा ब्लकहरूको उत्पादन, इँटाहरू, छाना छाउने टायल वा झिँगटी (Roofing tiles), चिम्नीका भाँडा (Chimney pots), पाइप र नालीका सामानहरू उत्पादन, माटोलाई पोलेर बनाइएका भुईंमा बिछ्याउने ब्लकहरू उत्पादन, कम्बोड, वासवेसिन जस्ता सेरामिकबाट बन्ने सरसफाइका सामग्रीहरू उत्पादन। इँटा भट्टाहरू, सेरामिक स्यानिटरी उद्योग (ट्वाइलेट प्यान र स्यानिटरी सामान उत्पादन गर्ने ठूला कारखानाहरू) |
| **2393** | **पोर्सिलिन र चिनियाँ माटोबाट बनेका अन्य वस्तुहरूको उत्पादन गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत घरायसी प्रयोग, सजावट र औद्योगिक प्रयोजनका लागि बनाइने विशिष्ट प्रकारका चिनियाँ माटो (Porcelain) र सेरामिक वस्तुहरूको उत्पादन पर्दछ । भान्छामा प्रयोग हुने प्लेट, कप, चिया सेट र शौचालयमा प्रयोग हुने सानातिना सामानहरू (स्यानिटरी फिक्स्चर बाहेक), सेरामिकका साना मूर्तिहरू (Statuettes) र अन्य सजावटी सामानहरू, बिजुलीको पोल वा प्रसारण लाइनमा प्रयोग हुने सेरामिकका इन्सुलेटरहरू, सेरामिक र फेराइट (ceramic and ferrite magnets) चुम्बकहरूको उत्पादन, प्रयोगशालामा प्रयोग हुने रासायनिक वा औद्योगिक सेरामिक वस्तुहरू, सामान ढुवानी वा प्याक गर्न प्रयोग हुने सेरामिकका घैंटा, खुत्रुके, जार (Jars) र यस्तै वस्तुहरू, सेरामिकबाट बनाइने फर्निचरका सामग्रीहरूको उत्पादन |
| **2394** | **सिमेन्ट, चुन र प्लास्टरको उत्पादन गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत सिमेन्ट, चुन र प्लास्टरको कच्चा धूलो वा ढिक्का (Raw Form) उत्पादनका क्रयाकलापहरु पर्दछ । जस्तै: सिमेन्टको उत्पादन, क्लिङ्कर (Clinkers) र हाइड्रोलिक सिमेन्टहरू (पोर्टल्याण्ड, एलुमिनस, स्ल्याग र सुपरफस्फेट सिमेन्ट) को |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | उत्पादन, काँचो चुन (Quicklime), भिजाएको चुन (Slaked lime) र हाइड्रोलिक चुनको उत्पादन, क्याल्साइन गरिएको जिप्सम वा क्याल्साइन गरिएको सल्फेटबाट बन्ने प्लास्टरहरूको उत्पादन, क्याल्साइन गरिएको डोलोमाइटको उत्पादन। *उदाहरण नेपालमा सञ्चालित ठूला सिमेन्ट कारखानाहरू जसले चुनढुङ्गा खानीबाट क्लिङ्कर बनाउँछन् वा क्लिङ्कर पिसेर सिमेन्टको धूलो (OPC/PPC) प्याक गर्छन्।* |
| **2395** | **कंक्रिट, सिमेन्ट र प्लास्टरका सामान उत्पादन गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत ढुङ्गा, सिमेन्ट ब्लक, पाइलिङ ब्लक, कङ्क्रीट पाइप, स्ल्याब, पाना आदि उत्पादन तथा निर्माण सामग्रीको पूर्वनिर्मित उत्पादनका क्रियाकलापहरु पर्दछ। सिमेन्ट, कङ्क्रिट वा प्लास्टरलाई कच्चा पदार्थको रूपमा प्रयोग गरी बनाइने ठोस वस्तुहरू (Finished Products) को उत्पादन जस्तै: सिमेन्ट वा कृत्रिम ढुङ्गाबाट बनेका टायल, इँटा (Blocks), पाइप, खम्बा (Posts), पाता (Sheets) र प्यानलहरूको उत्पादन, भवन वा इन्जिनियरिङका लागि पहिले नै कारखानाबाट तयार पारिएका संरचनाका भागहरू, निर्माणमा प्रयोग हुने प्लास्टरका बोर्ड, पाता र प्यानलहरू, काठको रेसा, पराल वा अन्य वनस्पतिलाई सिमेन्ट वा प्लास्टरसँग मिसाएर बनाइने निर्माण सामग्री, सेलुलोज वा एस्बेस्टस-सिमेन्टबाट बन्ने लहरदार पाता (Sheets), पाइप, ट्याङ्की, फर्निचर र झ्यालका फ्रेमहरू, सिमेन्ट वा प्लास्टरबाट बनेका मूर्तिहरू, फूलदानी, गमला र फर्निचर उत्पादन, निर्माण स्थलमा सिधै प्रयोग गर्न मिल्ने गरी तयार पारिएको कङ्क्रिटको घोल उत्पादन । उदाहरण: ह्युम पाइप उद्योग (Hume Pipe), सिमेन्ट ब्लक र इँटा उद्योग: अचेल घर बनाउन प्रयोग हुने होलो ब्लक (Hollow Blocks), इन्टरलकिङ इँटा र भुइँमा बिछ्याइने 'पेभर्स' (Pavers) बनाउने व्यवसाय; रेडि-मिक्स कङ्क्रिट (RMC): ठूला सडक वा भवन बनाउँदा मिक्स्चर ट्रकमा लोड गरी पठाइने कङ्क्रिट घोल उत्पादन गर्ने प्लान्टहरू; *प्रि-फ्याब घरका प्यानल: भूकम्पपछि नेपालमा लोकप्रिय भएका 'प्रि-फ्याब' (Prefab) घरका सिमेन्ट प्यानल वा बोर्डहरू।* |
| **2396** | **ढुङ्गा काट्ने, छाँट्ने र परिष्कृत गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत प्राकृतिक ढुङ्गालाई खानीबाट ल्याएपछि त्यसलाई निर्माण कार्य वा सजावटका लागि काट्ने, आकार दिने र टल्काउने क्रियाकलापहरु पर्दछ । जस्तै: निर्माण कार्य, चिहान (स्मारक), सडक, र छाना छाउन प्रयोग हुने ढुङ्गाहरूलाई काट्ने, आकार दिने र फिनिसिङ गर्ने कार्य, ढुङ्गाबाट बन्ने टेबल, बेन्च वा अन्य फर्निचरहरूको निर्माण। *उदाहरण मार्बल र ग्रेनाइट प्रशोधन उद्योग; स्लेट (Slate) वा झिँगटी ढुङ्गा उद्योग: विशेषगरी नेपालका पहाडी भेगमा घरको छाना छाउनका लागि ढुङ्गालाई पातलो पारेर काट्ने र आकार दिने उद्योगहरू।* स्मारक निर्माण: मृतकको सम्झनामा बनाइने शिलालेख वा ढुङ्गाको स्मारकमा नाम खोप्ने र आकार दिने व्यावसायिक कार्य। |
| **2399** | **अन्यत्र उल्लेख नभएका गैरधातुजन्य खनिज पदार्थहरू उत्पादन गर्ने क्रियाकलापहरू** |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | ढुङ्गा काट्ने, तिखार्ने, पालिस गर्ने तथा रगड्ने काम (जाँतो, सिलाउटो, खल आदि), खनिज इन्सुलेटिङ सामग्री (खनिज उन, धागो/रेसा, ताप तथा ध्वनि इन्सुलेट), खनिज वस्तुहरू (अभ्रक, पिट, ग्राफाइट, एफाल्ट तथा तिनका रेसा), कार्बन तथा ग्रेफाइड फाइबर (इलेक्ट्रोड र विद्युतीय सामानबाहेक) तथा कोइला, तार पिच, जिप्सम र अन्य खनिज पदार्थबाट बनेका वस्तुहरूको उत्पादन क्रियाकलापहरू । |
| **24** | **आधारभूत धातुहरूको उत्पादन गर्ने** |
| **241** | **आधारभूत फलाम र इस्पात उत्पादन** |
| **2410** | **आधारभूत फलाम र इस्पात उत्पादन** |
| | यस वर्ग अन्तर्गत फलामलाई खानी वा कवाडी फलामबाट पगालेर विभिन्न औद्योगिक र निर्माण कार्यमा प्रयोग हुने आधारभूत पाता, रड, पाइप र फिटिङ्स बनाउने सम्पूर्ण प्रक्रियालाई समेट्छ। फलामको कच्चा धातु वा फलामका टुक्राटाक्री लाई भट्टीमा पगालेर कच्चा इस्पात र फलाम उत्पादन गर्ने, किट फलाम, फलाम मिश्रित धातु, स्पन्जी फलाम, फलामका धुलो वा दानाहरू र इस्पातका ढिक्काहरू (Ingots) तयार गर्ने, पगालिएको धातुलाई विभिन्न साँचोमा ढालेर अर्धतयारी वस्तुहरू बनाउने र त्यसलाई पुनः तताएर पाता (Sheets), पाताका रोलहरू (Strips), रड, डण्डी तथा तारहरू उत्पादन गर्ने, तातो वा चिसो रोलिङ विधिबाट इस्पातका सिमलेस (Seamless) तथा वेल्ड गरिएका पाइप, ट्युब र तिनका फिटिङ्स (जस्तै: एल्बो, सकेट, टि, युनियन आदि) उत्पादन गर्ने, रेल्वे ट्र्याकका सामग्रीहरू, स्टीलका खम्बा वा पाताका चाङ (Sheet piling) र अन्य औद्योगिक प्रयोजनका लागि चाहिने फलामका ठोस खण्डहरू निर्माण गर्ने। |
| **242** | **आधारभूत बहुमूल्य तथा गैरफलामजन्य धातुको उत्पादन** |
| **2420** | **आधारभूत बहुमूल्य तथा गैरफलामजन्य धातुको उत्पादन** |
| | सुन-चाँदी जस्ता बहुमूल्य धातुदेखि आल्मुनियम, तामा, सिसा र युरेनीयम जस्ता धातुहरूलाई कच्चा पदार्थ वा कवाडी सामग्री (scrap) बाट प्रशोधन गरी औद्योगिक प्रयोजनका वस्तु र पाताहरू बनाउने क्रियाललाप। बहुमूल्य धातुहरूको उत्पादन: कच्चा पदार्थ वा पत्रु (scrap) बाट सुन, चाँदी र प्लेटिनम जस्ता बहुमूल्य धातुहरूको प्रशोधन, उत्पादन र ती धातुहरूको मिश्रण (alloys) बनाउने। साथै, अन्य धातुमा सुन, चाँदी वा प्लेटिनमको जलप लगाउने कार्य। आल्मुनियम उत्पादन: आल्मुनियमको कच्चा पदार्थ (Alumina) वा पत्रुबाट आल्मुनियम निकाल्ने, यसका मिश्रित धातुहरू बनाउने र आल्मुनियमका पाता, र्यापिङ फोइल (Wrapping foil) तथा ल्यामिनेट्सहरू उत्पादन गर्ने। तामा, सिसा, जस्ता र टिन: खानी वा पत्रुबाट तामा, सिसा, जस्ता र टिन निकाल्ने, प्रशोधन गर्ने र तिनीहरूबाट अर्ध-प्रशोधित वस्तुहरू, फ्युज तार तथा पाताहरू निर्माण गर्ने। अन्य गैर-फलामजन्य धातुहरू: क्रोम, म्यांगानीज, निकल र युरेनीयम जस्ता धातुहरू खानी वा अक्साइडबाट निकाल्ने, रिफाइनिङ गर्ने र यिनका मिश्रित धातुहरू (Alloys) तयार |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | गर्ने। अर्ध-प्रशोधित र तयारी वस्तु: यी सबै गैर-फलामजन्य धातुहरूबाट तार बनाउने, पाता बनाउने, चम्किलो जलप लगाउने र औद्योगिक प्रयोगका लागि विभिन्न अर्ध-तयारी वस्तुहरू तयार गर्ने। |
| **243** | **विभिन्न धातुको ढलाइ** |
| **2431** | **फलाम तथा इस्पातलाई विभिन्न आकारमा ढाल्न** |
| | यस वर्ग अन्तर्गत फलाम र इस्पातलाई पगालेर साँचो (molds) मा ढाल्ने कार्यहरू वा फलाम र इस्पातका फाउन्ड्री (Foundry) हरूका कार्यहरु पर्दछ। थप प्रशोधनका लागि चाहिने फलामका अर्ध-तयारी सामानहरू बनाउने, मेसिनका पाटपूर्जा बनाउन प्रयोग हुने खरानी रङ्गको फलाम ढलाइ गर्ने, अलि बढी लचकता र शक्ति भएको फलाम ढलाइ गर्ने, पिटेर वा तन्काएर आकार दिन सकिने फलामका वस्तुहरूको ढलाइ, विभिन्न आकारका इस्पातका वस्तु वा अर्ध-तयारी सामग्रीहरूको ढलाइ, फलाम ढलाएर बनाइएका पाइप, ट्युब, खोक्रा प्रोफाइल र तिनका फिटिङ्स (Fittings) हरूको उत्पादन, सिमलेस पाइप (Seamless Pipes) र सेन्ट्रीफ्युगल (Centrifugal) ढलाइ विधिबाट जोडनी नभएका इस्पातका पाइप र ट्युबहरूको उत्पादन, इस्पात ढलाएर बनाइएका पाइपका फिटिङ्सहरू, सडक वा ढलमा प्रयोग हुने फलामका भारी बिर्काहरू बनाउने काम, इन्जिन ब्लक, गियर बक्सको कभर, वा उद्योगमा प्रयोग हुने मेसिनका ढलौट भागहरू बनाउने, खानेपानी वा ढल निकासमा प्रयोग हुने कास्ट आइरन (Cast Iron) पाइप, बेन्ड (Bends), र टि (Tees) बनाउने, फलाम ढलाएर बनाइने जोर्खे ढकहरू बनाउने, *ढलाएर बनाइएका फलामका गेटका बुट्टाहरू वा बगैंचामा राखिने फलामका कुर्सीका खुट्टाहरू* । जस्तै: *ढलौट फलामका कराई वा तावा (Cast Iron Skillets) बनाउने कारखाना।* |
| **2432** | **गैरफलामजन्य धातुको ढाल्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत फलाम बाहेकका अन्य धातुहरू (जस्तै: तामा, पित्तल, आल्मुनियम आदि) लाई पगालेर साँचो (molds) मा ढाल्ने कार्यहरू: आल्मुनियम, म्याग्नेसियम, टाइटेनियम, जस्ता (Zinc) आदिका अर्ध-तयारी सामानहरूको ढलाइ,तामा, काँस, सिसा जस्ता गह्रौं धातुहरूको ढलाइ, सुन, चाँदी, प्लेटिनम जस्ता बहुमूल्य धातुहरूलाई साँचोमा ढाल्ने कार्य, मेसिन र साँचोको प्रयोग गरी गैर-फलामजन्य धातुहरूलाई निश्चित आकारमा ढाल्ने प्रक्रिया, *काँसको थाल, कचौरा, गाग्री, करुवा वा तामाका भाँडाहरू ढलाएर बनाउने कार्य, तामा, पित्तल वा काँस ढलाएर बनाइने देवी-देवताका मूर्तिहरू र सजावटका सामानहरू बनाउने, सुन वा चाँदीका गहनाहरू बनाउँदा साँचोमा ढालेर प्रारम्भिक आकार दिने कार्य,* पित्तल वा अन्य धातु ढलाएर बनाइएका पानीका धारा, भल्ब र पाइपका फिटिङ्सहरू, ढोकाका ह्यान्डल र ताल्चा बनाउने, पित्तल वा जस्ता (Zinc) बाट ढलाएर बनाइएका ढोकाका कब्जा, ह्यान्डल र तगारोहरू बनाउने, धातु ढलाएर बनाइने मेडल, ट्रफी वा लोगोहरू बनाउने। |
| **25** | **मेसिनरी र उपकरणबाहेकका विभिन्न ढाँचा र बुट्टामा बनेका वा फेब्रिकेट गरिएका** |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | **धातुका वस्तुहरू उत्पादन गर्ने क्रियाकलापहरू** |
| **251** | **धातुका विभिन्न ढाँचामा बनेका संरचनाहरू जस्तैः ट्याङ्क, रिजर्भायर, स्टिम जेनेरेटरजस्ता वस्तुहरूको उत्पादन** |
| **2511** | **धातुका निर्माण संरचनाहरूको उत्पादन** |
| | यस वर्ग अन्तर्गत निर्माण कार्यमा प्रयोग हुने धातुका बलिया संरचनाहरू वा फ्रेमहरू बनाउने कार्यहरू पर्दछ। जस्तै: भवन, टावर, खम्बा, ट्रस, र पुलहरूका लागि आवश्यक धातुका ढाँचाहरू र तिनका पाटपूर्जाहरूको उत्पादन, ठूला भट्टीहरूका फ्रेमहरू, सामान उठाउने वा ओसारपसार गर्ने मेसिनका धातुका संरचनाहरू आदि बनाउने। मुख्यतया धातुबाट बनेका तयारी घर वा टहराहरू, जस्तै: लेबर क्वार्टर (Site huts), प्रदर्शनीका लागि बनाइने मोडुलर कक्षहरू आदि, धातुका ढोका, झ्याल, तिनका चौकोस (Frames), सटर र गेटहरूको उत्पादन, भुइँमा जडान गरिने कोठाका धातुका पार्टिसनहरू ।उदाहरणहरू ग्रिल र गेट उद्योग, फलामका गेट, झ्यालका ग्रिल, र कैंची गेट बनाउने वर्कशपहरू, स्टील ट्रस (Steel Trusses गोदाम, कारखाना वा विद्यालयका छानाका लागि बनाइने ठूला स्टीलका ट्रस वा फ्रेमहरू, पसलहरूमा प्रयोग हुने फलामका रोलिङ सटर बनाउने, घर वा अफिसमा प्रयोग हुने आल्मुनियमका झ्याल, ढोका र तिनका फ्रेमहरू बनाउने कार्य। |
| **2512** | **धातुका पानी ट्याङ्की, जलाशय वा रिजर्वोइर र धातुका कन्टेनरहरूको उत्पादन** |
| | यस वर्ग अन्तर्गत मुख्यतया भण्डारण वा औद्योगिक प्रयोजनका लागि प्रयोग हुने ठूला र स्थिर धातुका भाँडा वा ट्याङ्कीहरूको उत्पादन कार्य परेदछ ।जस्तै: धातुका जलाशय र ट्याङ्कीहरू र उस्तै प्रकारका ठूला कन्टेनरहरूको उत्पादन, खाँदिएको (Compressed) वा तरल बनाइएको (Liquefied) ग्याँस भर्नका लागि प्रयोग हुने धातुका कन्टेनर वा सिलिन्डरहरूको उत्पादन, घर वा भवनहरूलाई तातो राख्न प्रयोग गरिने केन्द्रीय प्रणालीका ब्वाइलर (Central heating boilers) र रेडियटर (Radiators) हरूको उत्पादन। *उदाहरणहरू पानीका ठूला मेटल ट्याङ्कीहरू: घरको छतमा वा जमिनमुनि राखिने फलाम वा स्टीलका ठूला पानी ट्याङ्कीहरू।* |
| **2513** | **स्टिम जेनेरेटरको उत्पादन (पानी तताउने मुख्य व्वाइलरबाहेक)** |
| | यस वर्ग अन्तर्गत पानी वा अन्य बाफबाट चल्ने स्टिम जेनेरेटरको उत्पादन, स्टिम जेनेरेटरका सहायक प्लान्टका भागहरू (जस्तै कन्डिन्सर, इकोनोमाइजर, सुपरहिटर, स्टिम कलेक्टर, एकुमुलेटर) र वोइलर/मरिन वोइलरका आवश्यक पार्ट—पुर्जा निर्माणको क्रियाकलाप पर्दछ। |
| **252** | **हातहतियार र खरखजाना (गोलीगठ्ठा) को उत्पादन** |
| **2520** | **हातहतियार र खरखजाना (गोली गठ्ठा) को उत्पादन** |
| | यस वर्ग अन्तर्गत ठूला तथा साना हतियारहरू (आर्टिलरी, मोबाइल बन्दुक, रकेट लन्चर, हेभी/हलुका मेसिनगन, रिभल्बर, शटगन), एयर वा ग्यास गन/पेस्तोल, युद्धका खरखजाना (गोलीगठ्ठा), शिकार तथा खेलकुद प्रयोजनका फायरआर्म र तिनका |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | खरखजाना, विस्फोटक उपकरणहरू (बम, माइन, टर्पेडो आदि) को उत्पादन सम्बन्धी क्रियाकलापहरू पर्दछ । |
| **259** | **अन्य फेब्रिकेटेड धातुका वस्तुहरूको उत्पादन र धातुसम्बन्धी काम गर्ने सेवाका क्रियाकलापहरू** |
| **2591** | **धातुलाई गलाउने, पिट्ने, थिच्ने, स्ट्याम्पिङ गर्ने, रोल बनाउने (बेर्ने), धातुलाई धुलो बनाउने अर्थात् पाउडर मेटालर्जीका क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत धातुलाई विभिन्न भौतिक प्रक्रियाहरू (जस्तैः कुटेर, थिचेर वा मोडेर) बाट निश्चित आकार दिने र धातुको धुलो प्रयोग गरी सामान बनाउने कार्यहरू पर्दछ । जस्तैः धातुलाई तताएर वा नतताई कुटेर वा पिटेर आकार दिने कार्य, मेसिनले थिचेर वा ठप्पा लगाएर धातुका पाताहरूबाट निश्चित आकृति वा पाटपूर्जा काट्ने र बनाउने कार्य, धातुका पातालाई रोलर मेसिनमा हालेर बग्याउने वा आकार दिने कार्य, धातुको धुलोलाई चाप (Pressure) मा राखेर वा तताएर (Sintering) सोझै ठोस वस्तुहरू बनाउने प्रविधि, धातुमा ठप्पा लगाएर वा छापेर सिक्का, मेडल वा छाप (Seal) बनाउने कार्य, स्टील वा आल्मुनियमका पातालाई मेसिनले थिचेर थाल, कचौरा वा तावाको प्रारम्भिक आकार दिने कार्य, धातुका पातामा मेसिनले थिचेर बुट्टाहरू वा अक्षरहरू छाप्ने कार्य। |
| **2592** | **मेसिनका सहायताबाट धातुहरूको प्रशोधन तथा जलप लगाउने** |
| | यस वर्ग अन्तर्गत धातुका वस्तुहरूको प्लेटिङ, एनोडाइजिङ, तताउने/गलाउने, घोट्ने/टल्काउने/सफा गर्ने फिनिसिङ, रंगाउने, कुँद्ने, गैरधातुजन्य लेपन (प्लास्टिक, इनामेल आदि), कडा पार्ने/वफिङ गर्ने, प्वाल पार्ने, तह लगाउने, पट्याउने, पालिस/लेभल/चिल्लो पार्ने, लेजर विमद्वारा कटिङ, वेल्डिङ र लेख्ने कार्य सम्बन्धी क्रियाकलापहरू उदाहरण धार लगाउने केन्द्रः खुकुरी, हँसिया, मेसिनका ब्लेड वा कैंचीहरूमा धार लगाउने कार्य पर्दछ। |
| **2593** | **काट्ने सामानहरू, हाते औजारहरू र सामान्य हार्डवेयर सामानहरू बनाउने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत भान्छामा प्रयोग हुने धारिला औजारहरू, विभिन्न पेशामा प्रयोग हुने हाते औजारहरू र घर वा फर्निचरमा जडान गरिने धातुका सामानहरू (हार्डवेयर) को उत्पादन कार्य पर्दछ । जस्तै : चक्कु, काँटा, चम्चा, दाउ, दाह्री काट्ने रेजर र ब्लेड, कैंची, कपाल काट्ने मेसिन (Hair clippers) आदिको उत्पादन, मेसिन वा मेकानिकल उपकरणहरूमा प्रयोग हुने काट्ने ब्लेड र चक्कुहरूको उत्पादन, पिलास, स्क्रु-ड्राइभर (पेचकस), रड काट्ने आरी, आरा र आराका ब्लेडहरूको उत्पादन, शक्ति प्रयोग नहुने सामान्य कृषि हाते औजारहरू उत्पादन, ड्रिल (Drills), पन्च (Punches), र मिलिङ कटरहरू; आरनमा प्रयोग हुने अचानो (Anvils) र मार्तोलहरू; भाइस (Vices) र क्ल्याम्पहरू उत्पादन, ताल्चा, साँचो, कब्जा (Hinges), र भवन, फर्निचर वा सवारी साधनमा प्रयोग हुने धातुका फिटिङ्सहरू उत्पादन, खुँडा, तरबार, सङ्गीन (Bayonets) |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | आदि उत्पादन।( *खुकुरी र चक्कु उद्योग; कोदालो, हँसिया, कुटो, बन्चरो र गैंची बनाउने वर्कशप।)* |
| **2599** | **अन्यत्र उल्लेख नभएको अन्य प्रकारको फेब्रिकेटेड धातुका वस्तुहरू बनाउने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत अन्य विशिष्ट कोडहरूमा नपरेका धातुका लगभग सबै साना-ठूला तयारी वस्तुहरूको उत्पादन पर्दछ । जस्तै: धातुका थाल, कचौरा, बटुका, ताप्के, कराही, केतली, तावा र हातले चल्ने भान्छाका साना उपकरणहरू, पेन्ट, तेल वा खाद्यान्न प्याकिङका लागि प्रयोग हुने धातुका ड्रम, बाल्टी, टिनका डब्बा र ट्युबहरू, काँडे तार, घेरा बार्ने जाली, तारको कपडा र इन्सुलेशन नगरिएका धातुका तार/केबलहरू, किल्ला , नट-बोल्ट, स्क्रु, वासर, रिभेट र पिनहरूको उत्पादन, सवारी साधनमा प्रयोग हुने कमानी (Leaf springs), स्प्रिङ र तिनका पाताहरू (घडीको स्प्रिङ बाहेक), सेफ(, पैसा राख्ने बलियो बाकस), स्टिलका दराजका कडा ढोका र अफिसमा प्रयोग हुने धातुका साना सामान (फर्निचर बाहेक), धातुका बाथटब, सिङ्क (Sinks), वाशबेसिन र उस्तै सामानहरू बनाउने, घण्टी, जहाजका पंखा, एङ्कर, फलामका सिक्री, धातुका लोगो, ब्याच, छाताका ह्यान्डल र फ्रेमहरू, र भ्याकुम फ्लस्क/बोतलहरू बनाउने,।उदाहरण:*स्टिलका थाल, कचौरा, डेक्ची, ताप्के र आल्मुनियमका कराही वा बाटा बनाउने,बैंक वा वित्तीय संस्थाका लागि बलियो सेफ, लकर वा भल्ट (Vault) बनाउने उद्योग* |
| **26** | **कम्प्युटर, इलेक्ट्रोनिक र अप्टिकल उत्पादन गर्ने क्रियाकलापहरू** |
| **261** | **इलेक्ट्रोनिक सामान बनाउने क्रियाकलापहरू** |
| **2610** | **इलेक्ट्रोनिक सामान बनाउने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत विद्युतीय प्रयोजनका सेमिकन्डक्टर र अन्य इलेक्ट्रोनिक उपकरण तथा कम्पोनेन्टहरूको उत्पादन (जस्तै: इलेक्ट्रोनिक क्यापासिटर, रेसिस्टर, माइक्रोप्रोसेसर, प्रिन्टेड सर्किट बोर्ड, इलेक्ट्रोनिक ट्युब, कनेक्टर, एनालग/डिजिटल/हाइब्रिड इन्ग्रेटेड सर्किट, डायोड, ट्रान्जिस्टर, इन्डक्टर, क्रिस्टल, सोलेनॉइड, स्वीच, अर्धप्रशोधित/प्रशोधित डाइस, इन्टरफेस कार्ड, डिस्प्ले उपकरणहरू (LCD/प्लाज्मा, LED, सर्किट बोर्डका अवयव, प्रिन्टर/मोनिटर/डेटा केबल र कनेक्टर) सम्बन्धी क्रियाकलापहरू पर्दछन्। |
| **262** | **कम्प्युटर र तत्सम्बन्धी सामान बनाउने क्रियाकलापहरू** |
| **2620** | **कम्प्युटर र तत्सम्बन्धी सामान बनाउने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत मेनफ्रेम, डेस्कटप, ल्यापटप, ट्याब्लेट/पामटप (PDA) लगायतका कम्प्युटरको उत्पादन वा एसेम्बली, डाटा भण्डारण ड्राइभ (चुम्बकीय, फ्ल्यास, अप्टिकल), इनपुट/आउटपुट उपकरणहरू (प्रिन्टर, मोनिटर, किबोर्ड, माउस, ज्वाइस्टीक, ट्र्याकबल), कम्प्युटर सर्वर, टर्मिनल, स्मार्ट कार्ड रिडर, इमेज/बारकोड स्क्यानर, भर्चुअल/रियालिटी हेलमेट, प्रोजेक्टर, ATM/Point of Sale मेसिन, |

| NSIC वर्गिकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | बहुउपयोगी कार्यालय उपकरण (फ्याक्स, स्क्यानर, कपियर) लगायतका कम्प्युटर र तत्सम्बन्धी उपकरणहरूको उत्पादन सम्बन्धी क्रियाकलापहरू पर्दछ । |
| **263** | **सञ्चारका उपकरण उत्पादन गर्ने कियाकलापहरू** |
| **2630** | **सञ्चारका उपकरण उत्पादन गर्ने कियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत रेडियो टेलिभिजन प्रसारण र ताररहित सञ्चारका उपकरणद्वारा ताररहित माध्यम वा तारबाट नै विद्युतीय सङ्केतहरु प्रसारण गर्न प्रयोग गरिने टेलिफोन र डाटा सञ्चार गर्ने उपकरणहरु बनाउने कार्य पर्दछ ।जस्तैः स्टुडियो र प्रसारण उपकरण, व्यवसायिक भिडियो क्यामरा; ताररहित/तारयुक्त सञ्चार उपकरणः केन्द्रीय स्वीचिङ सिस्टम, कर्डलेस टेलिफोन, PBX, टेलिफोन/फ्याक्स/आन्सरिङ मेसिन, पेजर, सेलुलर/मोबाइल फोन, मोडेम, क्यारियर उपकरण; नेटवर्क/डेटा उपकरणः डाटा सञ्चार उपकरण (ब्रिज, राउटर, गेटवे), ट्रान्समिसन/रिसिभिङ एन्टिना, केबल टेलिभिजन उपकरण; सुरक्षा र नियन्त्रण उपकरणः सुरक्षा साइरन, फायर अलार्म, सार्वजनिक सम्पर्क प्रणाली, इनफ्रारेड रिमोट कन्ट्रोल |
| **264** | **घरायसी उपभोगका इलेक्ट्रोनिक्स सामानहरूको उत्पादन** |
| **2640** | **घरायसी उपभोगका इलेक्ट्रोनिक्स सामानहरूको उत्पादन** |
| | यस वर्ग अन्तर्गत घरायसी वा मोटरकारमा मनोरञ्जनका लागि प्रयोग हुने म्यूजिकल र एम्प्लीफिकेशन उपकरण, भिडियो/अडियो रेकर्डर, डुप्लिकेटिङ उपकरण, टेलिभिजन, मोनिटर/डिस्प्लेयर, स्टेरियो, रेडियो रिसिभर, स्पीकर सिस्टम, घरायसी भिडियो क्यामरा, जुकेबक्स, एम्प्लीफायर र पब्लिक एड्रेस सिस्टम, माइक्रोफोन, CD/वीसीडी प्लेयर, कराओके मेसिन, हेडफोन, भिडियो गेम उपकरणहरू उत्पादन सम्बन्धी क्रियाकलापहरू पर्दछ । |
| **265** | **मापन, परीक्षण, खोजबिन र नियन्त्रण गर्ने उपकरण; घडी र भित्ते घडी उत्पादन** |
| **2651** | **मापन, परीक्षण, खोजबिन र नियन्त्रण गर्ने उपकरण** |
| | यस वर्ग अन्तर्गत एयरक्राफ्ट इन्जिन उपकरण, मोटरगाडी उत्सर्जन परीक्षण उपकरण, जलवायु विज्ञान उपकरण, वातावरणीय नियन्त्रण उपकरण, स्वचालित नियन्त्रण उपकरण; भौतिक गुण परीक्षण उपकरण, पोलिग्राफ, दूरसञ्चार उपरकण, रेडियसन डिटेक्सन उपकरण, इलेक्ट्रोन/प्रोटोन माइक्रोस्कोप, सर्वेक्षण उपकरण; थर्मोमिटर, आद्रता मापक, हाइड्रोनिक/ज्वाला नियन्त्रक, स्पेक्ट्रोमीटर, ग्याँस/पानी मिटर, माइक्रोमिटर, हाइड्रोमिटर, ब्यारोमिटर, पेडोमिटर, हिटमिटर, म्यानोमिटर, फ्लो मिटर, काउन्टिङ डिभाइस, ट्याली काउन्टर, विष्फोटक/मेटल/सङ्केत डिटेक्टर, हवाई/समुद्री दूरी तथा दिशा मापन, राडार, GPS; प्रयोगशाला उपकरणः रक्त विश्लेषक, इन्कुवेटर, स्केल, तौल मेसिन आदि बनाउने कार्य पर्दछ । |
| **2652** | **घडी र भित्ते घडी उत्पादन गर्ने क्रियाकलापहरू** |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | यस वर्ग अन्तर्गत सबै प्रकारका घडी र भित्ते घडी, बहुमूल्य धातु जडित घडी, समय रेकर्ड गर्ने यन्त्र/उपकरण (पार्किङ मिटर, डेट स्ट्याम्प, रबर स्ट्याम्प, टाइम रेकर्डर, प्रोसेस टाइम रेकर्डर, टाइम लक) तथा हाते/भित्ते घडीका पार्टपुर्जा (स्प्रिङ, डायल, प्लेट, ब्रिज आदि) को उत्पादन पर्दछ। |
| **266** | **इलेक्ट्रोमेडिकल, चिकित्साविज्ञान र विकिरण पद्धतिबाट रोग निदान गर्ने उपकरण उत्पादन** |
| **2660** | **इलेक्ट्रोमेडिकल, चिकित्साविज्ञान र विकिरण पद्दतिबाट रोग निदान गर्ने उपकरण उत्पादन** |
| | यस वर्ग अन्तर्गत CT स्क्यानर, PET स्क्यानर, MRI, मेडिकल अल्ट्रासाउण्ड, ECG, इलेक्ट्रोमेडिकल एन्डोस्कोपी, मेडिकल लेजर, पेसमेकर, श्रवण यन्त्र, अल्फा/बिटा/गामा/अन्य रेडिएसन उपकरण, खाना/दूध विकिरण शुद्धीकरण उपकरण निर्माण पर्दछ । |
| **267** | **अप्टिकल र फोटोग्राफीका उपकरण उत्पादन** |
| **2670** | **अप्टिकल र फोटोग्राफीका उपकरण उत्पादन** |
| | यस वर्ग अन्तर्गत माइक्रोस्कोप (इलेक्ट्रोन/प्रोटोन बाहेक), दूरिबन, प्रिज्म, लेन्स (आँखा भित्र लगाउनेबाहेक), अप्टिकल ऐना, म्याग्नीफाइङ उपकरण, अप्टिकल प्रिसिजन मेसिन, कम्प्यारेटर, गन साइटिङ, पोजिसनिङ, मापन/चेकिङ उपकरण; क्यामरा, प्रकाशमिटर, डिजिटल/एनालग क्यामरा, मोसन पिक्चर/स्लाइड/ओभरहेड प्रोजेक्टर, लेजर एसेम्बली उपकरण बनाउने कार्य पर्दछ । |
| **268** | **चुम्बकीय तथा अप्टिकल मिडियाको उत्पादन** |
| **2680** | **चुम्बकीय तथा अप्टिकल मिडियाको उत्पादन** |
| | यस वर्ग अन्तर्गत चुम्बकीय श्रव्य दृष्यका खाली टेप, क्यासेटको उत्पादन, अप्टिकल खाली डिस्कहरूको उत्पादन, हार्ड ड्राइभ मिडीयाको उत्पादन पर्दछ । |
| **27** | **विद्युतीय उपकरणहरूको उत्पादन** |
| **271** | **विद्युतीय मोटर, जनेरेटर, ट्रान्सफरमर र विद्युत् वितरण तथा नियन्त्रण गर्ने उपकरण उत्पादन गर्ने क्रियाकलापहरू** |
| **2710** | **विद्युतीय मोटर, जनेरेटर, ट्रान्सफरमर र विद्युत् वितरण तथा नियन्त्रण गर्ने उपकरण उत्पादन गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत बिजुलीको शक्ति उत्पादन गर्ने, घटाउने-बढाउने (Transformation) र वितरण प्रणालीलाई नियन्त्रण गर्ने ठूला उपकरणहरूको उत्पादन, विद्युत् वितरणका लागि प्रयोग हुने वितरण ट्रान्सफर्मर, सब-स्टेशन ट्रान्सफर्मर, र वेल्डिङ मेसिनमा प्रयोग हुने ट्रान्सफर्मरहरूको उत्पादन,विद्युतीय मोटर र जेनेरेटर, वितरण र नियन्त्रण उपकरण, स्विचबोर्ड र कन्ट्रोल प्यानल, कारखाना स्तरमा गरिने विद्युतीय मोटर वा जेनेरेटरको क्वाइल फेर्ने वा रिवाइन्डिङ गर्ने कार्य पर्दछ ।उदाहरणहरू: ट्रान्सफर्मर |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | उद्योग, विद्युतीय मोटर उत्पादन, औद्योगिक मेसिनरीको सुरक्षाका लागि बनाइने ठूला क्षमताका भोल्टेज रेगुलेटर उद्योग । |
| **272** | **ब्याट्री र एकुमुलेटरहरूको उत्पादन** |
| **2720** | **ब्याट्री र एकुमुलेटरहरूको उत्पादन** |
| | यस वर्ग अन्तर्गत विभिन्न प्रकारका ब्याट्री र इलेक्ट्रिक एकुमुलेटर (अक्साइडयुक्त प्राइमरी सेल/ब्याट्री'जस्तैः म्यागनेज डाईअक्साइड, मर्करी डाईअक्साइड, सिल्भर डाईअक्साइड), लीड–एसिड, NiCad, NiMH, लिथियम, सुख्खा तथा वेट ब्याट्री, र त्यससँग सम्बन्धित पार्ट–पुर्जा (सेपारेटर, कन्टेनर, कभर आदि) उत्पादन पर्दछ । |
| **273** | **बिजुलीका तार र तारका सामान उत्पादन** |
| **2731** | **अप्टिकल फाइबर (सानासाना रेसा भएका तार) केबल उत्पादन** |
| | यस वर्ग अन्तर्गत इलेक्ट्रोनिक/इलेक्ट्रोकिस उपकरण र लाइभ प्रसारणका लागि प्रयोग हुने अप्टिकल फाइबर (सानासाना रेसा भएको तार) केबल उत्पादन पर्दछ । |
| **2732** | **अन्य इलेक्ट्रोनिक तथा बिजुलीका तार र केबलहरूका उत्पादन** |
| | यस वर्ग अन्तर्गत इन्सुलेट गरिएको तार र केबल, तामाको तार/केबल, इस्पातको तार/केबल, आल्मुनियमको तार/केबल उत्पादन *उदाहरण विद्युतीय तारहरू, कोएक्सियल केबल, सञ्चार केबलको उत्पादन कार्य पर्दछ ।* |
| **2733** | **बिजुलीका वाइरिङ र वाइरिङका विभिन्न सामानहरूको उत्पादन** |
| | यस वर्ग अन्तर्गत विद्युत् वाइरिङ र सम्बन्धित सामग्रीहरू (विद्युत् कन्डक्टर'स्वीचगेयर बाहेक, GFCI, बस बार, ल्याम्प होल्डर, लाइटिङ पार्ट/क्वाइल, सबै प्रकारका स्वीच, आउटलेट/सकेट, स्वीच बक्स, जक्सन बक्स, फेश प्लेट, लिष्टि, फिटिङ्स, कन्डक्ट सामग्री, ट्रान्समिटर पोल/लाइन हाडवेयर, प्लास्टिक जक्सन बक्स/फेश प्लेट/लिष्टि) उत्पादन पर्दछ । |
| **274** | **बिजुलीबाट बल्ने बत्तीका विभिन्न उपकरण उत्पादन** |
| **2740** | **बिजुलीबाट बल्ने बत्तीका विभिन्न उपकरण उत्पादन** |
| | यस वर्ग अन्तर्गत चिम, फिलामेन्ट, UV/IR/इनसेक्ट ल्याम्प, फलस बल्ब, ट्युबलाइट, सेलिड लाइट फिक्स्चर, टेबल ल्याम्प, क्रिसमस ट्रि लाइट सेट, विद्युतीय आतिशबाजी, फ्ल्यास लाइट, किरा बत्ती, लालटिन (बिजुली/ग्यास/तेल), स्पोर्ट लाइट, सडक बत्ती, यातायात साधनका बत्ती, हाते/इमर्जेन्सी लाइट, उत्सव झिलिमिली लाइटिङ सेट उत्पादन र गैरविद्युतीय बत्तीः विभिन्न प्रकारका बत्ती निर्माण पर्दछ । |
| **275** | **घरायसी विद्युतीय उपकरणहरू उत्पादन गर्ने क्रियाकलाप** |
| **2750** | **घरायसी विद्युतीय उपकरणहरू उत्पादन गर्ने क्रियाकलाप** |
| | यस वर्ग अन्तर्गत फ्रिज, रेफ्रिजरेटर, डिश वासर, लुगा धुने/सुकाउने मेसिन, भ्याकुम क्लीनर, फोहोर डिस्पोजर, मिक्सर/ग्राइन्डर, रस निर्चोने, विद्युतीय रेजर/टुथब्रस/व्यक्तिगत उपकरण, धार लगाउने उपकरण, पंखा; विद्युतीय वाटर |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | हिटर, ब्लाङ्केट, ड्रायर, काँइयो, ब्रस, आइरन, स्पेस हिटर, माइक्रोवेव, चुलो, कुकिङ प्लेट/हट प्लेट, टोष्टर, टि/कफी मेकर, फ्राइङ प्यान, हिटिङ रजिष्टर, गैरविद्युतीय समान उपकरण: स्पेस हिटर, कुकिङ प्लेट, वाटर हिटर, स्टोभ, प्लेट वार्मर आदि उत्पादन पर्दछ । |
| **279** | **विद्युतीय अन्य उपकरण उत्पादन** |
| **2790** | **विद्युतीय अन्य उपकरण उत्पादन** |
| | यस वर्ग अन्तर्गत ब्याट्री चार्जर, ठोस आकारको इनभर्टर, रेक्टीफाइङ उपकरण, पावर सप्लायर, UPS, भोल्ट वृद्धिकारक उपकरण, फ्यूल सेल, रेगुलेटर, विद्युतीय ढोका खोल्ने/बन्द गर्ने उपकरण, घण्टी, अल्ट्रासोनिक क्लिनिङ मेसिन, टेनिङ वेड; इन्सुलेट वायर, कनेक्टरसहितको एक्सटेन्सन तार, विद्युतीय तार सेट; इलेक्ट्रोड, विद्युतीय कार्बन/ग्राफाइट उपकरण, पार्टीकल एसेलेटर; इलेक्ट्रोम्याग्नेट, विद्युतीय क्यापासिटर, रजिष्टर, कन्डेन्सर, लाउडस्पीकर/साइरन, स्कोरबोर्ड, ट्राफिक/पैदल सङ्केत, विद्युतीय चिह्न उपकरण, विद्युतीय कुचालक (सिसा/प्रोसेलिनबाहेक), हातले/सोल्डरीङ गर्ने विद्युतीय वेल्डिङ/सोल्डरीङ उपकरण उत्पादन पर्दछ । |
| **28** | **अन्यत्र उल्लेख नगरिएका मेसिन तथा उपकरण बनाउने क्रियाकलापहरू** |
| **281** | **सामान्य प्रयोगका मेसिनरीको उत्पादन** |
| **2811** | **हवाईजहाज, मोटर, मोटरसाइकल र साइकलका इञ्जिनबाहेक अन्य इञ्जिन वा टरबाइनको उत्पादन** |
| | यस वर्ग अन्तर्गत समुद्री जहाज, रेलवे आदि इन्जिन निर्माण; पिस्टन, पिस्टन रिङ, कार्बुरेटर र अन्य यान्त्रिक पार्ट उत्पादन; इनलेट (भित्र आउने) र आउटलेट (बाहिर निस्कने) भल्ब निर्माण; स्टिम टर्बाइन र अन्य बाफ चल्ने टर्बाइन; हाइड्रोलिक टर्बाइन, वाटरह्वील, रेगुलेटरवाइण्ड टर्बाइन (हावाबाट चल्ने); ग्याँस टर्बाइन (एयरक्राफ्ट प्रोपल्सन बाहेक); बायलर टर्बाइन सेट र टर्बाइन जेनेरेटर सेट निर्माण पर्दछ । |
| **2812** | **तरल पदार्थबाट उर्जा निकाल्ने उपकरणको उत्पादन** |
| | यस वर्ग अन्तर्गत पानी वा तेल जस्ता तरल पदार्थबाट पावर उत्पादन गर्ने उपकरण निर्माण सम्बन्धी क्रियाकलापहरू, हाइड्रोलिक पम्प, हाइड्रोलिक मोटर, हाइड्रोलिक र न्युमेटिक सिलिन्डर, भल्ब, हाइड्रोलिक र न्युमेटिक होज, पाइप र फिटिङ्स, न्युमेटिक प्रणालीमा प्रयोग हुने एयर प्रिपरेशन उपकरण निर्माण, तरल उर्जा प्रणाली निर्माण, हाइड्रोलिक प्रसारण उपकरण उत्पादन पर्दछ। |
| **2813** | **अन्य पम्प, कम्प्रेशर, धारा र भल्वको उत्पादन** |
| | यस वर्ग अन्तर्गत पम्प, कम्प्रेसर, धार र भल्ब निर्माण सम्बन्धी क्रियाकलापहरू पर्दछ । जस्तै: हावा तथा भ्याकुम पम्प, हावा वा अन्य ग्याँस कम्प्रेसर उत्पादन, मापन उपकरणमा फिट गरिएका वा नगरिएका तरल पदार्थका पम्पहरूको उत्पादन, मोटरगाडीको आन्तरिक कम्बसन् इन्जिनमा फिट गर्न डिजाइन गरिएका तेल, पानी, |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | पेट्रोल पम्पहरूको उत्पादन, औद्योगिक धार (ट्याप) र भल्वहरू, इन्टेक धार र रेगुलेटिङ भल्बसहितको उत्पादन,घरायसी स्यानिटरी धार र भल्ब निर्माण। तातो पानी आउने (हिटिङ ट्याप) तथा भल्ब उत्पादन। धातुका हाते पम्प र नल निर्माण। |
| **2814** | **बियरिङ, गियर तथा ड्राइभिङसम्बन्धी वस्तुहरूको उत्पादन** |
| | यस वर्ग अन्तर्गत रोलर बियरिङ, बल बियरिङ तथा तिनका पार्टपुर्जाहरूको निर्माण, गियर, गियर बक्स तथा गति परिवर्तन गर्ने यान्त्रिक उपकरण निर्माण, क्यामशाफ्ट, क्रान्क शाफ्ट तथा ट्रान्समिसन शाफ्ट/क्रान्क उत्पादन, बियरिङ हाउजिङ तथा प्लेन शाफ्ट बियरिङहरूको निर्माण, क्लच तथा शाफ्ट कप्लिङ उत्पादन, फ्लाइह्वील तथा घिर्नी (Pulley) निर्माण, शक्ति प्रसारण गर्ने चेन तथा आर्टिकुलेटेड लिंक चेन निर्माण पर्दछ । |
| **2815** | **चुलो, विद्युतीय ताप दिने फर्नेस र फर्नेस बर्नरहरूको उत्पादन** |
| | यस वर्ग अन्तर्गत औद्योगिक तथा प्रयोगशाला प्रयोजनका फर्नेस, ओभन र इन्सिनरेटरको निर्माण, बर्नर (Burners) उत्पादन, स्थायी रूपमा जडान गरिने विद्युतीय स्पेस हिटर तथा पानी/पौडीपोखरीमा प्रयोग हुने तापिय हिटर निर्माण, भित्तामा स्थायी रूपमा जडित गैरविद्युतीय घरायसी तापिय उपकरण (सौर्य, स्टिम, तेल/वायु, आयल हिटिङ) निर्माण, घरायसी विद्युतीय फर्नेस (Electric forced air furnaces, heat pumps) तथा गैरविद्युतीय फर्नेस निर्माण पर्दछ साथै, फर्नेसका सहायक उपकरण: ठोस इन्धन फिड गर्ने भाँडा, यान्त्रिक स्टोकर, ग्रेट, मकल जाली तथा खरानी डिस्चार्ज उपकरण निर्माण पर्दछ । |
| **2816** | **उचाल्ने तथा समाल्ने उपकरणहरूको उत्पादन** |
| | यस वर्ग अन्तर्गत हात वा बाह्य उर्जा शक्तिबाट सञ्चालन हुने सामान उठाउने तथा ह्याण्डलिङ गर्ने मेसिनरी निर्माण:पुली ट्याकल, होइस्ट, विन्च, चर्खा, क्याप्स्टयान तथा ज्याक आदि उत्पादन, क्रेन (डेरिक, क्रेन), मोबाइल लिफ्टिङ फ्रेम तथा स्ट्र्याडल क्यारियर निर्माण,कारखानामा प्रयोग हुने सेल्फ प्रोपेलर वा गैर प्रोपेलर वर्क ट्रक (ह्याण्ड ट्रक, ह्वीलबारो) निर्माण, यान्त्रिक मेनुपुलेटर, औद्योगिक रोबोट तथा सामान सार्ने मेसिन (कन्भेयर, टेल्फर) निर्माण, लिफ्ट, एस्कालेटर तथा मुभिङ वाकवे निर्माण, लिफ्टिङ तथा ह्याण्डलिङ उपकरणका पार्टपुर्जा निर्माण पर्दछ । |
| **2817** | **कम्प्युटर र तत्सम्बन्धी उपकरणहरूबाहेक कार्यालयमा प्रयोग गरिने मेसिन तथा उपकरणहरूका उत्पादन** |
| | यस वर्ग अन्तर्गत क्यालकुलेटर तथा हिसाब जोड्ने मेसिन निर्माण,क्यास रजिष्टर तथा नगदी गणना/बेर्ने मेसिन उत्पादन, मेल ह्यान्डलिङ, पोस्टेज मिटर, खाम भर्ने/सिल गर्ने मेसिन निर्माण; टाइपराइटर, स्टेनोग्राफी तथा डिक्टेटिङ मेसिन उत्पादन,फोटोकपी तथा स्क्यानिङ मेसिन निर्माण, चेक राइटिङ तथा कार्यालय प्रयोगका अन्य यान्त्रिक उपकरण निर्माण जस्तै: स्टाप्लर, पन्चिङ, टेप डिस्पेन्सर, सिसाकलम तेज गर्ने उपकरण निर्माण, टोनर कार्ट्रिज, ब्ल्याकबोर्ड, ह्वाइटबोर्ड तथा मार्कर बोर्ड निर्माण पर्दछ । |

| NSIC वर्गिकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| **2818** | **बाह्य उर्जा शक्तिका सहायताले चलाउने हाते औजारको उत्पादन** |
| | यस वर्ग अन्तर्गत विद्युतीय/गैरविद्युतीय हाते पावर औजार (ब्याट्री, चार्ज वा न्युमाटिक ड्राइभ सहित) निर्माण, करौंती (सर्कुलर/रिसिप्रोकेटिङ), ड्रिल तथा ह्याम्मर ड्रिल निर्माण, हाते पावर स्यान्डर, ग्राइण्डर, बफर, राउटर उत्पादन, न्युमाटिक नेलर, स्टाप्लर, रिवेट गन, इम्प्याक्ट रेन्च निर्माण, प्लेनर, शीयर, नीब्लर तथा पाउडर एक्चुएटेड नेलर निर्माण; हातले चलाइने साधारण औजार (ह्याम्मर, रेन्च, पेचकस, करौंती आदि) निर्माण, कृषि तथा घरेलु हाते औजार (हसिया, कुटो, कोदालो, रामो आदि) निर्माण; प्रेस गर्ने तथा अन्य सहायक हाते औजार निर्माण पर्दछ । |
| **2819** | **अरू सामान्य प्रयोजनका मेसिनरीको उत्पादन** |
| | यस वर्ग अन्तर्गत औद्योगिक फ्रिज, एयर कन्डिसनर (औद्योगिक/मोटरगाडी) का प्रमुख पार्ट्स उत्पादन, गैर-घरायसी पंखा, एटिक फ्यान, भेन्टिलेटर, भान्सा ग्यावल फ्यान, घरायसी/पसल/प्लेटफर्म तराजु, ब्रिज तराजु, प्रिसिजन टुल (optical बाहेक), फिल्टर/शुद्धीकरण यन्त्र, स्प्रे/फायर/क्लिनिङ मेसिन, डिस्टिलिङ/रेक्टीफाइङ/ग्राउने प्लान्ट, Heat exchanger, ग्याँस जेनेरेटर उत्पादन, सामान भर्ने/बन्द/सिल/क्याप्सुलिङ/लेबलिङ गर्ने, बोतल सफा/एयरेटिङ, स्वचालित भेन्डिङ मेसिन उत्पादन, रोलिङ/क्यालेन्डरिङ मेसिन, सेन्ट्रिफ्युज (कपडा ड्रायर/क्रिम सेपेरेटर बाहेक), ग्याँस्केट/वासर, सामान्य यान्त्रिक जगेडा पार्टउत्पादन, गैरविद्युतीय वेल्डिङ र सोल्डरिङ उपकरणको उत्पादन पर्दछ। |
| **282** | **विशेष प्रयोजनका मेसिनरी उपकरणहरूको उत्पादन** |
| **2821** | **कृषि र वनसम्बन्धी मेसिन उत्पादन** |
| | यस वर्ग अन्तर्गत खेतीपाती, पशुपालन र वन व्यवस्थापनमा प्रयोग हुने सानादेखि ठूला मेसिनहरूको निर्माण पर्दछ ।जस्तैः कृषि र वन कार्यमा प्रयोग हुने ठूला ट्र्याक्टर तथा हातले समातेर चलाइने साना ह्यान्ड ट्र्याक्टर (Power Tillers), हलो, मल छर्ने मेसिन, बीउ रोप्ने मेसिन र डल्ला फोर्ने मेसिन, धान/गहुँ काट्ने मेसिन, थ्रेसर, अन्न छुट्याउने मेसिन,बगैंचा वा चौरको घाँस काट्ने मेसिन, दूध दुहुने मेसिन, कुखुरापालन र मौरीपालनमा प्रयोग हुने उपकरणहरू र पशुआहार (दाना) बनाउने मेसिनहरू, बालीमा विषादी वा औषधि छर्कने स्प्रेयरहरू, अण्डा, फलफूल वा तरकारीको आकार अनुसार वर्गीकरण गर्ने मेसिनहरू निर्माण पर्दछ। |
| **2822** | **धातुका मेसिनरी र मेसिन औजार उत्पादन** |
| | यस वर्ग अन्तर्गत धातु, काठ, ढुङ्गा, कडा प्लास्टिक वा सिसालाई काट्ने, मोड्ने वा निश्चित आकार दिने ठूला मेसिन बनाउने मेसिनको उत्पादन,काठ, हाड, ढुङ्गा, कडा रबर/प्लास्टिक/सिसा, लेजर/अल्ट्रासोनिक/प्लाज्मा/चुम्बकीय पल्स औजारको उत्पादन, ड्रिल, प्वाल, वेन्डिङ, आकार दिने, पिस्ने, पन्च/हाइड्रोलिक प्रेस/ड्रप ह्याम्मर/फोर्जिङ कैंची उत्पादन, ड्र वेन्चेस, थ्रेड रोलर, तार मेसिनरीको उत्पादन, जोड्ने, स्टेसनरी/रोटरी ड्रिल, फिलिङ, रिभेटर, सिट मेटल कटर र इलेक्ट्रोप्लेटिङ मेसिन, वर्क होल्डर, |

| NSIC वर्गिकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | डिभाइडिङ हेड, विशेष एट्याचमेन्टको उत्पादन पर्दछ । |
| **2823** | **खानीबाट झिकिएका कच्चा धातुलाई शुद्ध पार्ने मेसिन उत्पादन** |
| | यस वर्ग अन्तर्गत विशेष गरी पग्लिएको तातो धातु व्यवस्थापन गर्ने र ठूला फलामका पाता वा डन्डी बनाउने मेसिनहरू(कन्भर्टर, इनगोट मोल्ड, ल्याडल)को उत्पादन, ढलौट मेसिन, कास्टिङ उपकरण तथा मेटल रोलिङ मिल, रोलिङ मिलका रोलको उत्पादन पर्दछ । |
| **2824** | **खानी, ढुङ्गा, बालुवा, गिट्टी झिक्ने वा पेल्ने र निर्माणको काममा प्रयोग हुने मेसिनरी उपकरणहरूको उत्पादन** |
| | यस वर्ग अन्तर्गत खानीमा प्रयोग हुने निरन्तर लिफ्ट, एलेवेटर, कन्वेयर मेशिनको उत्पादन, वोरिङ, माटो काट्ने, सुरुङ खन्ने, डुबाउने/खसाउने, छान्ने/धुने/टुक्र्याउने मेसिन, ग्रेडिङ, छनोट गर्ने उपकरणको निर्माण, कन्क्रीट/मोर्टार मिक्सर, खन्ने, सोहर्ने, पन्छाउने, सम्याउने मेसिन, बुल्डोजर, एंगल डोजर, ग्रेडर, स्क्र्यापर, मेकानिकल साभेल/लोडर, पाइल ड्राइभर, पाइल एस्ट्याक्टर, मोर्टार स्प्रेडर, कन्क्रिट सम्याउने उपकरण; ट्र्याक्टर, ट्र्याक-लेइङ ट्र्याक्टर, अफ—रोड डम्पिङ ट्रक डोजर/वोल्डोजर पार्ट निर्माण पर्दछ । |
| **2825** | **खाद्यान्न, पेयपदार्थ तथा सुर्तीको प्रशोधनका लागि मेसिनरी उपकरण उत्पादन** |
| | यस वर्ग अन्तर्गत खाद्यन्न, पेय पदार्थ तथा सुर्तीको प्रशोधनका लागि आवश्यक उपकरण बनाउने क्रियकलापहरु पर्दछ । जस्तैः कृषि उत्पादन सुकाउने, दूध प्रशोधन (होमोजेनाइजर, बटर चर्मर/वर्कर, माउल्डिङ, चिज मेसिन) उपकरण, पिस्ने/मिलिङ, सफा/निफन्ने/छान्ने/ग्रेड गर्ने (वीनोअर, सिभिङ बेल्ट, सेपेरेटर, ग्रेन ब्रसिङ) उपकरण, ग्राइन्डिङ मिल, फिडर, सिफ्रटर, ब्रान क्लिनर, ब्लेन्डर, राइस हुलर, पी स्प्लिटर उपकरण, रक्सी, वाइन, फलफूल जुस/सर्वत प्रेस, क्रशर, बेकरी ओभन, डफ मिक्स्चर/डिभाइडर, माउल्डर, स्लाइसर, केक डिपोजिटिङ, म्याकरोनी/स्पागेटी/पास्ता बनाउने उपकरण, कन्फेक्शनरी, चक्लेट, कोकोआ, बियरको लागि चिनी, मासु/माछा/कुखुरा/फलफूल/तरकारी/सुपारी प्रशोधन गर्ने उपकरण, समुद्री खानेकुरा छान्ने/शुद्ध गर्ने मेशिनको उत्पादन, पशुपन्छी बोसो, वनस्पतिक तेल निकाल्ने/प्रशोधन गर्ने मेसिन, चुरोट, बिँडी, सिगार, पाइप, अन्य सुर्तीजन्य मेसिन, खाद्य/पेय तयारी मेसिनरी/औजारको उत्पादन पर्दछ। |
| **2826** | **कपडा, तयारी पोशाक र छालाका वस्तुहरू उत्पादनका लागि प्रयोग गरिने मेसिनरी उपकरणहरूको उत्पादन** |
| | यस वर्ग अन्तर्गत यार्न मेसिन (हात/कृत्रिम), धागो तान्ने, ड्राइङ, टेक्स्चराइजिङ, कटिङ मेशिन उत्पादन पर्दछ। जस्तैः कटन जिन्स, बेल विकर्स, गार्नेटर्स, कटन स्प्रिडर्स, वुल स्काउरर्स, वुल कार्बोनाइजर्स, कम्ब्स, कार्डर्स, रोभिङ फ्रेम्स; स्पिनिङ मेसिन, रिलर, वार्पर, हातले/स्वचालित लुम मेसिन, निटिङ/बुन्ने मेसिन, जाली/तुना/लेस/ टागिभ/बाटेको धागो मेसिन; डोबिज, ज्याकर्ड, स्टप मोसन, स्पाइण्डल/स्पाइण्डल फ्लायर; प्रिन्टिङ/छाप्ने, धुने, |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | व्लेचिङ, डाइङ, ड्रेसिङ, कोटिङ, अनरीलिङ, काट्ने, पट्याउने; आइरन, वासिङ, ड्राइङ, ड्राइक्लिनिङ, कपडा सिउने कल/सियो; फेल्ट/नन्-ओवन, कपडा फिनिसिङ: आवश्यक मेसिन र उपकरण; छाला: छाला टेनिङ, हाड/भुवादार छाला सामान बनाउने/प्रशोधन गर्ने मेसिनको उत्पादन |
| **2829** | **अन्य विशेष उद्देश्यका मेसिनहरूको उत्पादन** |
| | यस वर्ग अन्तर्गत पल्प मेसिन, कागज/पेपर बोर्ड बनाउने, सुकाउने, सहायक उपकरणको उत्पादन, नरम रबर/प्लास्टिक मेसिन, प्रिन्टिङ, किताब बाइण्डिङ, छपाइमा सहयोगहुने मेसिन निर्माण, टायल, इँट, माटाका भाँडा, इलेक्ट्रोड पाइप, ब्ल्याकबोर्ड, ग्राफिक/चक उत्पादन, Semiconductor उत्पादन, औद्योगिक रोबोट, बहु उद्देश्य मेसिन, अत्यधिक तातो खप्ने ग्लास/ग्लास फाइबर उत्पादन, टायर अलाइनमेन्ट/ सन्तुलन (पांग्रा बाहेक), ग्रीस प्रणाली, एयरक्राफ्ट लन्चिङ गियर/क्याटापल्ट उत्पादन, स्वचालित बाउलिङ alleyको उत्पादन |
| **29** | **मोटरगाडी, मोटरले तान्ने ट्रेलर र सेमी ट्रेलरको उत्पादन** |
| **291** | **मोटरगाडी /सवारी साधनहरूको उत्पादन** |
| **2910** | **मोटरगाडी/सवारी साधनहरूको उत्पादन** |
| | यस वर्ग अन्तर्गत यात्रुवाहक गाडी/कार (Passenger cars) को उत्पादन भ्यान, लरी, अर्धट्रेलर तान्ने ओभर द रोड ट्याक्टरको उत्पादन, बस, ट्रलीबस तथा कोचको उत्पादन,मोटरगाडीमा प्रयोग हुने इन्जिनको उत्पादन,इन्जिनसँग जडान गरिएको च्यासिसको निर्माण, मोटरगाडी इन्जिनको पुनर्निर्माण गर्ने कारखाना, हिउँमा चल्ने गाडी (Snow mobiles), गल्फ कार्ट तथा एम्फीभियस गाडीको उत्पादन, फायर इन्जिन, सडक सफा गर्ने स्ट्रीट स्वीपर, घुम्ती पुस्तकालय गाडी तथा हतियारजडित मजवुत गाडी (Armoured cars), कन्क्रीट मिक्सर लरीको उत्पादन, गो कार्ट तथा अन्य रेसिङ गाडीहरूको उत्पादन पर्दछ । |
| **292** | **मोटरगाडीको बडी (कोचवर्क) बनाउने, मोटरले तान्ने ट्रेलर र सेमी ट्रेलरको उत्पादन** |
| **2920** | **मोटरगाडीको बडी (कोचवर्क) बनाउने, मोटरले तान्ने ट्रेलर र सेमी ट्रेलरको उत्पादन** |
| | यस वर्ग अन्तर्गत मोटरगाडीको बडी (body) निर्माण, ट्रक, बस तथा अन्य सवारी साधनका क्याब उत्पादन, मोटरगाडी, ट्रेलर र सेमी ट्रेलरका बाह्य फिटिङ सामान, सामान ओसार्ने ट्याङ्कर तथा छुट्याउन मिल्ने ट्रेलरको निर्माण, यात्रु ओसार्ने क्याराभान ट्रेलर तथा ट्रलीको उत्पादन, सडक, रेल, जल तथा हवाई यातायातका विभिन्न माध्यममा प्रयोग हुने कन्टेनरहरूको निर्माण पर्दछ । |
| **293** | **मोटरगाडीका पार्टपुर्जाहरू तथा सहायक सामानहरूका उत्पादन** |
| **2930** | **मोटरगाडीका पार्टपुर्जाहरू तथा सहायक सामानहरूका उत्पादन** |
| | यस वर्ग अन्तर्गत यान्त्रिक पार्टपुर्जा, ब्रेक प्रणाली, गियरबक्स, एक्सल, रोडह्वील तथा सस्पेन्सन सक एब्जर्वर उत्पादन, रेडिएटर, साइलेन्सर, एक्जहस्ट पाइप तथा |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | क्याटालाइटिक कन्भर्टर उत्पादन, क्लच, स्टेरिङ ह्वील, स्टेरिङ कोलम/डण्डा तथा स्टेरिङ बक्स उत्पादन, बडी पार्टपुर्जा तथा सहायक सामान जस्तैः सेफ्टी बेल्ट, एयरब्याग, ढोका तथा बम्पर उत्पादन; कार तथा मोटरगाडीका सिट उत्पादन, जेनेरेटर, अल्टरनेटर, स्पार्क प्लग तथा इग्निसन वायरिङ हारनेस उत्पादन, पावर विन्डो तथा डोर सिस्टम, इन्स्ट्रुमेन्ट प्यानल गेजेज एसेम्ब्ली तथा भोल्टेज रेगुलेटर उत्पादन पर्दछ । |
| **30** | **अन्य यातायातका उपकरणका उत्पादनहरू** |
| **301** | **पानीजहाज तथा डुङ्गाका उत्पादन** |
| **3011** | **पानीजहाज तथा डुङ्गा, फेरी आदिका उत्पादन** |
| | यस वर्ग अन्तर्गत व्यवसायिक, अनुसन्धानात्मक, युद्ध तथा माछामार्ने प्रयोजनका लागि प्रयोग हुने विभिन्न प्रकारका पानीजहाज र जलयातायात साधनहरूको निर्माण सम्बन्धी क्रियाकलापहरू पर्दछ। जस्तैः यात्रुवाहक फेरी तथा कार्गो, डुङ्गा, पानीजहाजको उत्पादन, युद्ध तथा वैज्ञानिक अनुसन्धानका लागि प्रयोग हुने जलयातायात साधनको निर्माण, माछा मार्ने डुङ्गा तथा अन्य माछामार्ने संरचनाहरूको निर्माण, अन्य जलयातायात संरचनाहरूको उत्पादन (पन्टुन, ड्रम, तखत, फ्लोटिङ ट्याङ्क, बार्ज, लाइटर, क्रेन आदि), तैरने संरचना तथा पानीजहाजका विभिन्न भागहरूको निर्माण । |
| **3012** | **मनोरञ्जन र खेलका लागि डुङ्गा उत्पादन** |
| | यस वर्ग अन्तर्गत पानीमा मनोरञ्जन, खेलकुद तथा व्यक्तिगत प्रयोजनकालागि प्रयोग हुने विभिन्न प्रकारका डुङ्गा तथा जलयातायात साधनहरूको उत्पादन सम्बन्धी क्रियाकलापहरू पर्दछ। जस्तैः इनफ्लेटेबल डुङ्गा तथा रेफ्टर (Rafts) को उत्पादन, सिलवोट/पालदार डुङ्गा (मोटर सहित वा बिना) को निर्माण, मनोरञ्जन तथा खेलकुदका लागि प्रयोग हुने होवरक्राफ्टको उत्पादन, व्यक्तिगत प्रयोगका लागि एक व्यक्ति अटाउने डुङ्गा (Personal watercraft) निर्माण, अन्य मनोरञ्जन/खेलकुद प्रयोजनका डुङ्गा, स्कफी, रोइङ बोट, कायक, क्यानोको उत्पादन । |
| **302** | **रेलवे लोकोमोटिभ (इन्जिन) र रोलिङ स्टक उत्पादन** |
| **3020** | **रेलवे लोकोमोटिभ (इन्जिन) र रोलिङ स्टक उत्पादन** |
| | यस वर्गमा रेलका इन्जिनहरू, डब्बाहरू, र तिनका विशेष पार्टपूर्जाहरूको निर्माण पर्दछ। उदाहरणहरू: रेल इन्जिनहरू (Locomotives); रेलमार्गका गाडीहरू; रेलका डब्बाहरू (Rolling Stock); विशेष पार्टपूर्जाहरू; ट्राफिक नियन्त्रण उपकरण |
| **303** | **वायुयान, अन्तरिक्षयान र तत्सम्बन्धी मेसिन तथा उपकरण उत्पादन** |
| **3030** | **वायुयान, अन्तरिक्षयान र तत्सम्बन्धी मेसिन तथा उपकरण उत्पादन** |
| | यस वर्गमा आकाशमा उड्ने सबै प्रकारका सवारी साधन, तिनका पार्टपूर्जा र अन्तरिक्षमा पठाइने यानहरूको निर्माण पर्दछ। उदाहरणहरू: हवाईजहाजहरू, हेलिकप्टर र ग्लाइडर, बेलुनहरू, अन्तरिक्ष यान, मुख्य पार्टपूर्जाहरू,, विमानका |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | इन्जिन, मर्मत र रूपान्तरण |
| **304** | **युद्धसम्बन्धी सैनिक गाडी उत्पादन** |
| **3040** | **युद्धसम्बन्धी सैनिक गाडी उत्पादन** |
| | यस वर्ग अन्तर्गत सैनिक प्रयोजनका युद्ध गाडी/ युद्ध ट्याङ्क तथा वख्तरबन्द (Armoured) गाडी उत्पादन ; हतियारले सुसज्जित सैनिक मोटरगाडी निर्माण; सैनिकद्वारा युद्ध प्रयोजनमा प्रयोग हुने अन्य सबै प्रकारका गाडीहरूको उत्पादन पर्दछ । |
| **309** | **अन्यत्र उल्लेख नभएका यातायातका उपकरण उत्पादन** |
| **3091** | **मोटरसाइकल बनाउने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत मोटरसाइकल र मोपेड उत्पादन; मोटरसाइकल, मोपेड तथा सहायक इन्जिन भएका मोटरसाइकल निर्माण; मोटरसाइकलका इन्जिन उत्पादन; साइडकार निर्माण; मोटरसाइकल र मोपेडमा प्रयोग हुने पार्ट—पुर्जा उत्पादन पर्दछ । |
| **3092** | **साइकल तथा अपाङ्गमैत्री यातायातका साधनहरू उत्पादन** |
| | यस वर्ग अन्तर्गत साइकल तथा अपाङ्गमैत्री यातायात उत्पादन: साइकल, रिक्सा, तीन पांग्रे साइकल, बच्चाको साइकल, ट्राइसाइकल, टान्डेम आदि मोटरबिना चल्ने यातायात साधन उत्पादन; यी साधनका पार्ट—पुर्जा र सहायक सामग्री उत्पादन; मोटर जडित वा रहित अपाङ्गमैत्री यातायात साधन निर्माण; अपाङ्गमैत्री साधनका पार्ट—पुर्जा तथा सहायक सामान उत्पादन; बच्चा बोक्ने (baby carriages) साइकल निर्माण पर्दछ । |
| **3099** | **अन्यत्र उल्लेख नभएका अन्य यातायातका उपकरण उत्पादन** |
| | यस वर्ग अन्तर्गत अन्यत्र उल्ल्ख नभएका इन्जिनबाट नचल्ने सवारी साधनहरूकाको उत्पादन पर्दछ ।उदाहरणहरू: सामान ओसार्ने साना हातगाडी (Luggage trucks), ठेलागाडी (Handcarts), हिउँमा चिप्लने स्लेज (Sledges), र सुपरमार्केटमा प्रयोग हुने सपिङ कार्टहरू । (गोरुगाडी, टाँगा, बग्गी, गधागाडी, र शव बाहनका रूपमा प्रयोग गरिने जनावरले तान्ने गाडीहरू । |
| **31** | **फर्निचर बनाउने क्रियाकलापहरू** |
| **310** | **फर्निचर बनाउने क्रियाकलापहरू** |
| **3100** | **फर्निचर बनाउने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत ढुङ्गा, कङ्क्रिट र चिनी माटो (Ceramic) बाहेक जुनसुकै सामग्री (काठ, धातु, प्लास्टिक, बाँस, बेत आदि) प्रयोग गरी जुनसुकै स्थान (घर, कार्यालय, होटल, विद्यालय) का लागि बनाइने फर्निचरहरूको उत्पादन पर्दछ । जस्तै : घर, कार्यालय, होटल, रेष्टुरेन्ट, सिनेमा हल र बगैंचाका लागि कुर्सी, सोफा, सोफा-बेड र बस्ने सिटहरूको उत्पादन। अफिसका टेवल, दराज, पसलका काउन्टर, सामान सजाउने सो-केश (Display cases) र ऱ्याकहरूको उत्पादन।भान्छाका क्याबिनेट, खाट, दराज, टेवल र बैठक कोठाका फर्निचरहरू।: विद्यालयका बेन्च-डेस्क, |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | प्रयोगशाला (Lab) का विशेष टेवल र स्टुलहरू, चर्च वा मन्दिरमा राखिने फर्निचर। स्प्रिङ भएका वा नभएका डस्ना, गद्दा (Mattresses) र मट्रेस सपोर्टहरूको उत्पादन। फर्निचरमा रङ लगाउने ( पोलिस गर्ने) र सोफा वा कुर्सीमा गद्दी/कपडा भर्ने कार्य। |
| **32** | **अन्य उत्पादनका क्रियाकलापहरू** |
| **321** | **गहना, आभूषण तथा तत्सम्बन्धी उत्पादन** |
| **3211** | **गहना, आभूषण तथा तत्सम्बन्धी उत्पादन** |
| | यस वर्ग अन्तर्गत सुन, चाँदी, प्लेटिनम जस्ता बहुमूल्य धातुहरू र हीरा तथा बहुमूल्य पत्थरहरू (Gems) प्रयोग गरी गहना वा अन्य कलात्मक वस्तुहरू बनाउने कार्यहरू पर्दछ ।जस्तै : हीरा काट्ने र टल्काउने (Diamond working), मोती र अन्य बहुमूल्य वा अर्ध-बहुमूल्य पत्थरहरूलाई बुट्टा भर्ने वा काट्ने कार्य।सुन, चाँदी, प्लेटिनम वा बहुमूल्य पत्थर जडित गहनाहरूको निर्माण।बहुमूल्य धातुबाट बनेका घरायसी सामानहरू (थाल, कचौरा, चम्चा), धार्मिक वस्तुहरू (मूर्ति, कलश), र अफिसमा प्रयोग हुने सजावटका सामानहरू।बहुमूल्य धातुबाट बनेका प्रयोगशालाका भाँडाहरू (Crucibles, Spatulas आदि)।कानुनी रूपमा चल्ने वा संकलनका लागि बनाइने सिक्का वा पदक (Coins) हरूको उत्पादन।बहुमूल्य धातुका सामानहरूमा नाम, बुट्टा वा अक्षरहरू कुँद्रे कार्य।उदाहरणहरु सुनचाँदी पसल (गहना बनाउने); चाँदीका थाल, कचौरा, गिलास र चम्चा बनाउने उद्योग। |
| **3212** | **नक्कली गहना तथा तत्सम्बन्धी सामानहरूको उत्पादन** |
| | यस वर्ग अन्तर्गत बहुमूल्य धातु वा सक्कली पत्थर प्रयोग नगरी बनाइने फेसनका गहनाहरू ("इमिटेसन ज्वेलरी" (Imitation Jewellery)) र घडीका धातुका फित्ताहरूको उत्पादन कार्यहरु पर्दछ ।जस्तै: नक्कली वा फेसन गहना (Costume Jewellery): सामान्य धातु (Base metals) मा सुन वा चाँदीको पातलो जलप लगाएर बनाइएका औंठी, बाला, सिक्री, हार र अन्य गहनाहरू।नक्कली पत्थर जडित गहना: कृत्रिम वा नक्कली हीरा, नक्कली पत्थर र सिसाका टुक्राहरू जडान गरिएका गहनाहरूको उत्पादन।घडीका धातुका फित्ताहरू: बहुमूल्य धातु (सुन, चाँदी) बाहेकका अन्य धातु (जस्तै: स्टील, पित्तल, आल्मुनियम) बाट बनेका घडीका चेन वा फित्ताहरू। उदाहरणहरू बजारमा पाइने सस्तो मूल्यका सुनको जलप लगाइएका "ग्यारेन्टी" वाला गहना बनाउने उद्योग; सिसाका रङ्गीन टुक्रा, प्लास्टिकका मोती वा पत्थर प्रयोग गरेर बनाइने आकर्षक हार, झुम्का र क्लिपहरू; धातुबाट बनेका फेसनका पिन, टप र ब्रोच (Brooches) हरू। |
| **322** | **सङ्गीत वाद्ययन्त्र सामग्रीहरू उत्पादन** |
| **3220** | **संगीत वाद्ययन्त्रहरूको उत्पादन** |
| | यस वर्ग अन्तर्गत परम्परागत नेपाली लोक बाजादेखि आधुनिक विद्युतीय र पाश्चात्य वाद्य यन्त्रहरू र तिनका पाटपूर्जा बनाउने सम्पूर्ण कार्य पर्दछ ।जस्तै: गितार, सितार, सारङ्गी जस्ता तारवाला यन्त्रहरू र पियानो, हार्मोनियम जस्ता किबोर्ड भएका वाद्य |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | यन्त्रहरूको निर्माण। बाँसुरी, मुरली, सहनाई, नरसिंङ्गा जस्ता फुकेर बज्ने (Wind instruments) र मादल, तबला, ढोल, दमाह जस्ता ठोकेर बज्ने (Percussion instruments) परम्परागत तथा आधुनिक यन्त्रहरूको उत्पादन। विद्युतीय माध्यमबाट ध्वनि उत्पादन गर्ने आधुनिक उपकरणहरू जस्तै: इलेक्ट्रिक गितार आदिको निर्माण। वाद्य यन्त्रका पाटपूर्जाहरू, सहायक सामग्रीहरू, सिठ्ठी र सुसेली निकाल्ने साना उपकरणहरूको उत्पादन। |
| **323** | **खेलकुदका सामान उत्पादन** |
| **3230** | **खेलकुदका सामान उत्पादन** |
| | यस वर्ग अन्तर्गत व्यावसायिक र सौखिन दुवै प्रकारका खेलकुदका लागि चाहिने सम्पूर्ण शारीरिक व्यायामका सामग्री, खेल उपकरण र तिनका सहायक सामानहरूको उत्पादन पर्दछ । जस्तै : घरभित्र वा बाहिर खेलिने खेलका लागि आवश्यक सबै प्रकारका बल (हावा भर्ने वा कडा), ब्याट, र्‍याकेट र क्लबहरूको उत्पादन। पहाड चढ्ने (Climbing), शिकार खेल्ने, माछा मार्ने सामग्रीका साथै स्कीइङ, सर्फिङ र जलकुद (Water sports) का उपकरणहरूको निर्माण। जिम्न्यास्टिक, फिट्नेस सेन्टरमा प्रयोग हुने मेसिनहरू र एथलेटिक्सका लागि आवश्यक उपकरणहरूको उत्पादन। बक्सिङका पन्जा र हेडगियर, धनुष-काँड, स्केटिङका जुत्ता (Ice/Roller skates) र खेलकुदमा प्रयोग हुने अन्य सुरक्षाका सामग्रीहरूको निर्माण। |
| **324** | **खेल र खेलौना उत्पादन** |
| **3240** | **खेल र खेलौना उत्पादन** |
| | यस वर्ग अन्तर्गत बच्चाका सामान्य खेलौनादेखि लिएर आधुनिक भिडियो गेम, परम्परागत बोर्ड गेम र मनोरञ्जन स्थलमा प्रयोग हुने ठूला खेल उपकरणहरू बनाउने कार्य पर्दछ ।जस्तै: कपडा वा प्लास्टिकबाट बनेका पुतली, जनावरका खेलौना, एक्सन फिगर (Action Figures) र संगीतका खेलौनाहरूको उत्पादन। खेल्ने तास, चेस, लुडो, बाघचाल, नागपाश र विभिन्न प्रकारका पजल (Puzzles) जस्ता बोर्ड गेमहरूको उत्पादन। भिडियो गेमका सामानहरू, इलेक्ट्रोनिक चेस र सिक्का वा क्वाइन हालेर खेलिने मनोरञ्जनका मेसिनहरूको निर्माण। विद्युतीय रेल, साना आकारका गाडीका नमुना (Scale models) र घर वा मेसिन बनाउन सिक्ने खालका निर्माण सेट (Construction sets) को उत्पादन। बालबालिकाले चढेर चलाउन मिल्ने प्लास्टिकका साइकल वा ट्राइसाइकल, र बिलियार्ड वा क्यासिनोमा प्रयोग हुने विशेष प्रकारका टेबुलहरूको उत्पादन। |
| **325** | **सामान्य चिकित्सा तथा दन्त चिकित्साका उपकरण बनाउने र त्यसको आपूर्तिसम्बन्धी क्रियाकलापहरू** |
| **3250** | **चिकित्सा र दन्त चिकित्साका उपकरण उत्पादन** |
| | यस अन्तर्गत फिलिङ सिमेन्ट, दन्त मोम, प्लास्टर, कृत्रिम दाँत, दाँत बाकस, दन्त प्रयोगशालाका चुलो, कुर्सी, उपकरण उत्पादन; हाड पुनर्निर्माण सिमेन्ट, प्लेट्स, पेच, |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | सुइ, क्याथेटर, क्यानल, Orthopedic र prosthetic उपकरण; अल्ट्रासोनिक सफाइ मेसिन, sterilizers, distilling उपकरण, centrifuges आदि; अपरेशन टेबल, स्वास्थ्य परीक्षण टेबल, अस्पताल बेड (मेकेनिकल जडानसहित), दन्त कुर्सी; चस्मा (आइलेन्स, ग्लास आइ, सन ग्लास, कन्टयाक्ट लेन्स), सुरक्षा चस्मा, सोका उपकरण , मेडिकल उपकरण: थर्मोमिटर, रक्तचाप मिटर आदिको उत्पादन पर्दछ । |
| **329** | **अन्यत्र उल्लेख नभएका सामान उत्पादन** |
| **3290** | **अन्यत्र उल्लेख नभएका सामान उत्पादन** |
| | यस वर्ग अन्तर्गत आगो नलाग्ने पोशाक, लाइनम्यान पेटी, कर्क लाइफ, प्लास्टिक/धातु, टोप, फायर फाइटिङ पोशाक, कान/नाक प्लग, ग्यास मास्क आदि;: कुचो, डष्टर, रङ रोलर, ब्रस आदि; ब्रस, कलम, पेन्सिल/लिड, मिति राख्ने मेसिन, हाते प्रिन्टिङ उपकरण, टाइपराइटर, इम्बोसिङ लेबल आदि; टाँक, हुक, स्लाइड फास्टनर आदि; सिगरेट लाइटर, स्मोकिङ पाइप, सेन्ट स्प्रे, भ्याकुम बोतल, आँखीभौ आदि; मोमबत्ती, पासो, पुष्प गुच्छा/माला/टोकरी, कृत्रिम पुष्प/फल/पात, प्रहसन सामग्री, हाते चाल्नाहरू; टयाक्सीडर्मी (उस्तै देखिने पशु बनाउने) को उत्पादन पर्दछ । |
| **33** | **मेसिन तथा उपकरणको जडान र मर्मत गर्ने क्र्रियाकलापहरू** |
| **331** | **धातुबाट बनेका मेसिन तथा उपकरणको मर्मत गर्ने क्रियाकलापहरू** |
| **3311** | **धातुबाट बनेका बनेका सामानहरूको मर्मत गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत पानी टयाङ्क, रिजर्भायर, कन्टेनर, पाइप र पाइपलाइन, इस्पात स्पिड ड्रम मर्मत; वाष्प/वाष्पीकरण जेनेरेटर, ब्वाइलर र पाट्र्स, मुख्य तापिय ब्वाइलर र रेडिएटर, न्यूक्लियर रिएक्टर मर्मत; कण्डनसर, इकोनोमाइजर, सुपरहिटर, वाष्प सङ्कलक पार्ट मर्मत; अग्नि सङ्केत अलार्म, बन्दुक (सांस्कृतिक, खेल, मनोरञ्जन) मर्मत पर्दछ । |
| **3312** | **मेसिन तथा उपकरणको मर्मत गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत अस्वचालित पानीजहाज र रेल इन्जिन, पम्प र तरल शक्ति उपकरण, शक्ति बढाउने तथा हाते उपकरण, ट्याक्टर, कृषि र वन/दाउरा काट्ने मेसिन मर्मत: भल्भ, औद्योगिक चुलो, मेशिनरी, फलाम काट्ने/फ्ल्याटिङ उपकरण, खानी/निर्माण/तेल—ग्याँस सम्बन्धी उपकरण, खाद्यान्न/पेय/सुर्ती प्रशोधन, कपडा/पोशाक/छाला उत्पादन मेसिन, कागज तथा सम्बन्धित मेसिन, तौलिने/भेण्डरिङ/क्यास रजिष्टर; इलेक्ट्रोनिक/साधारण क्याल्कुलेटर, टाइपराइटर मर्मत पर्दछ । |
| **3313** | **इलेक्ट्रोनिक तथा अप्टिकलसम्बन्धी उपकरणको मर्मत गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत परिक्षण, नाप्ने, मार्ग/दिशा पत्ता लगाउने र नियन्त्रण उपकरण ( |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | एयरक्राफ्ट इन्जिन, गाडी उत्सर्जन परीक्षण, मौसम विज्ञान, भौतिक/रासायनिक/इलेक्ट्रिकल परीक्षण, सर्वे र रेडिएसन अनुगमन उपकरण )मर्मत; प्रकाश र इलेक्ट्रोमेडिकल उपकरण (चुम्बकीय प्रतिध्वनि इमेजिङ, अल्ट्रासाउण्ड, पेसमेकर, इलेक्ट्रोकार्डियोग्राफ, इलेक्ट्रोथेरापी उपकरण, प्रकाश दिने उपकरण) मर्मत; अप्टिकल उपकरण (विनाकुलर, माइक्रोस्कोप (इलेक्ट्रोन/प्रोटोनबाहेक), टेलिस्कोप, फोटोग्राफिक उपकरण, आँखासम्बन्धी प्रिजम र लेन्स उपकरण (रोगबाहेक) मर्मत पर्दछ । |
| **3314** | **विद्युतीय उपकरणको मर्मत गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत ट्रान्सफर्मर, मोटर, जेनेरेटर, मोटर-जेनेरेटर सेट, स्वच गेयर, स्वीचबोर्ड, र औद्योगिक कन्ट्रोल/रिलेज, प्राइमरी तथा स्टोरेज ब्याट्री, प्रकाश दिने विद्युतीय उपकरण तथा विद्युतीय वायरिङ मर्मत र सम्बन्धित सामान मर्मत पर्दछ । |
| **3315** | **मोटरगाडीबाहेकका यातायातका उपकरणको मर्मत गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत सवारी साधन तथा जल-आकाशीय यन्त्रको, पानी जहाज र मनोरञ्जनका डुङ्गा, लोकोमोटिभ, रेलकार (पुनर्निर्माण वा ओभरहोल बाहेक), हवाईक्राफ्ट र हवाई इन्जिन तथा जनावरद्वारा तानिने वग्गी तथा गाडी मर्मत-सम्भार पर्दछ । |
| **3319** | **अन्य उपकरणको मर्मत गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत माछा मार्ने जाली, डोरी, पासोको स्तर उन्नति र मर्मत, पानीजहाज वा डुङ्गाको पाल मर्मत, रासायनिक वस्तु वा मल राख्ने थैला मर्मत, काठबाट बनेका भाँडा, ड्रम, वारा आदि मर्मत, पीन बल, सिक्का खेल्ने खेलका सामान मर्मत, ऐतिहासिक वा पारम्परिक सांगीतिक उपकरण मर्मत—सम्भार पर्दछ । |
| **332** | **औद्योगिक मेसिन तथा उपकरणको जडान गर्ने क्रियाकलापहरू** |
| **3320** | **औद्योगिक मेसिन तथा उपकरणको जडान गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत औद्योगिक मेसिन तथा उपकरणको जडान गर्ने क्रियाकलापहरू जस्तै: औद्योगिक प्लाण्टमा औद्योगिक मेसिनहरू जडान; औद्योगिक प्रक्रिया नियन्त्रण गर्ने उपकरण ओच्छ्याउने जडान; अन्य औद्योगिक उपकरणहरू जस्तैः सञ्चारका उपकरणहरू, मेन फ्रेम र अन्य यस्तै कम्प्युटर, प्रकाश दिने उपकरणहरू, इलेक्ट्रो मेडिकलका उपकरणहरू; ठूलो स्तरका मेसिन तथा उपकरणहरू हटाउने (डिस्मेन्टिड गर्ने) काम; मिल मर्मतगर्ने क्रियाकलाप; मेसिनको साटफेर गर्ने]{; installation of bowling alley equipment (बल गुडाएर खेलिने स्पट स्थापना) पर्दछ । |
| **खण्ड डी (D ) विद्युत्, ग्याँस, बाफ तथा वातानुकूलित सेवा** | |
| | यस खण्डमा विद्युत्, बाफ, प्राकृतिक ग्याँस, तातोपानी जस्ता सुविधाहरूको आपूर्तिको लागि स्थायी प्रकृतिका नेटवर्क प्रसारण लाइनहरू एवं पाइपलाइनहरू विस्तारगर्ने |

| NSIC वर्गिकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | क्रियाकलापहरू; नेटवर्कको दायरा जस्तोसुकै भए तापनि विद्युत् वितरण, ग्याँस, बाफ, तातोपानी एवं औद्योगिक पार्क वा आवासीय भवनहरूमा आपूर्ति गर्ने क्रियाकलापहरू; विद्युत् तथा ग्याँसका उपयोगिताहरूको सञ्चालन जसबाट विद्युत् वा ग्याँसको उत्पादन, नियन्त्रण तथा वितरण गर्ने कार्य; बाफ तथा वातानुकूलित आपूर्तिका क्रियाकलापहरू समावेश गरिन्छ । |
| **35** | **विद्युत्, ग्याँस, बाफ तथा वातानुकूलित सेवा** |
| **351** | **विद्युत् उत्पादन,प्रसारण तथा वितरण** |
| **3510** | **विद्युत् उत्पादन, प्रसारण तथा वितरण** |
| | यस वर्गमा विद्युत् उत्पादन, उत्पादन केन्द्रबाट वितरण केन्द्रसम्मको प्रसारण र उपभोक्तासम्मको वितरण सेवाहरु पर्दछ । जलविद्युत् तथा थर्मल, परमाणु, वायु, ग्याँस, टर्वाइन, डिजेल साथै नविकरणीय उर्जा जस्तैः सौर्य उर्जा आदिबाट विद्युत् उत्पादन, सञ्चालन सुविधा प्रदान गर्ने कार्यहरू; विद्युत् उत्पादन गृहदेखि वितरण केन्द्रसम्मको उत्पादित बिजुली प्रसारण गर्ने कार्यहरू (वितरण प्रणालीको सञ्चालन जस्तैः पोल गाड्ने, तार तान्ने, वायरिङ तथा मिटर जडान आदि उपभोक्ताको घरसम्म बिजुली पुर्याउनको लागि गरिने क्रियाकलापहरू); उपभोक्तालाई विद्युत् बिक्री गर्ने कार्यहरू (विद्युत् ब्रोकरहरू वा एजेण्टका क्रियाकलापहरू जसअन्तर्ग अन्य निकायद्वारा सञ्चालित विद्युत् वितरण प्रणालीको माध्यमबाट विद्युत्को बिक्री गरिन्छ ।); विद्युतीय शक्तिका लागि विद्युत प्रसारण क्षमताको आदान प्रदान कार्यहरू *उदाहरण अपर तामाकोशी जलविद्युत कम्पनी, काली गण्डकी जलविद्युत; नेपाल बिद्युत प्राधिकरण र यसका शाखा उपशाखाहरु* |
| **352** | **ग्याँसको उत्पादन, मुख्य वितरण प्रणालीद्वारा ग्याँस इन्धनको वितरण** |
| **3520** | **ग्याँसको उत्पादन, मुख्य वितरण प्रणालीद्वारा ग्याँस इन्धनको वितरण** |
| | यस वर्ग अन्तर्गत ग्यासको उत्पादन र उपभोक्तासम्म मुख्य पाइपलाइन प्रणालीमार्फत प्राकृतिक वा कृत्रिम ग्यास पुऱ्याउने कार्यहरू पर्दछ । जस्तैः ग्याँस आपूर्तिको उद्देश्यले कोइलाको कार्वोनेशन वा कृषिजन्य उपउत्पादन वा खेरगएका वस्तुबाट ग्याँसको उत्पादन गर्ने कार्यहरू; प्राकृतिक ग्याँस लगायत अन्य ग्याँसलाई निर्धारित मापनमा प्रशोधन, शुद्धीकरण, मिश्रण गरी ग्याँस उत्पादन गर्ने क्रियाकलाप; मुख्य वितरण प्रणालीबाट सबै प्रकारका ग्याँस इन्धनहरूको ढुवानी, वितरण र आपूर्ति गर्ने कार्यहरू; मुख्य वितरण प्रणालीबाट उपभोक्तालाई ग्याँस बिक्री |
| **353** | **बाफ तथा वातानुकूलितको आपूर्ति** |
| **3530** | **बाफ तथा वातानुकूलितको आपूर्ति** |
| | यस वर्ग अन्तर्गत तताउन वा अन्य प्रयोजनको लागि बाफ तथा तातो पानीको उत्पादन, सङ्कलन र वितरण गर्ने क्रियाकलापहरू; चिसो हावाको उत्पादन तथा वितरण गर्ने क्रियाकलापहरू; चिसो बनाउनका लागि चिसो पानीको उत्पादन र वितरण गर्ने |

| NSIC वर्गिकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | क्रियाकलापहरू;खाद्य वा गैरखाद्यपदार्थ चिस्याउनको लागि वरफको उत्पादन कार्य पर्दछ । |
| **खण्ड ई (E) पानीको आपूर्ति, ढलनिकास, फोहर व्यवस्थापन र उपचारात्मक क्रियाकलापहरू** | |
| | यस खण्डमा पिउने पानीको संकलन, प्रशोधन र वितरण; ढल प्रणालीको सञ्चालन र फोहोर पानी (waste water) को उपचार; ठोस वा तरल, औद्योगिक वा घरायसी फोहोर संकलन, ढुवानी र विसर्जन ; प्रदूषित माटो, सतहको पानी वा जमिनमुनिको पानी सफा गर्ने र वातावरणीय प्रदूषण हटाउने कार्य र पुन: प्रयोग सम्बन्धी क्रियाकलापहरु<br>पर्दछन । |
| **36** | **पानीको सङ्कलन, शुद्धीकरण तथा आपूर्ति** |
| **360** | **पानीको सङ्कलन, शुद्धीकरण तथा आपूर्ति** |
| **3600** | **पानीको सङ्कलन, शुद्धीकरण तथा आपूर्ति** |
| | यस वर्ग अन्तर्गत पानीको सङ्कलन, प्रशोधन (treatment) र वितरणसम्बन्धी सेवा सञ्चालन कार्यहरू पर्दछन्। यसमा सार्वजनिक वा निजी जल आपूर्ति प्रणाली सञ्चालन,र सफा खानेपानी उपलब्ध गराउने कार्य समावेश हुन्छ।नगरपालिकाको वा निजी जलाशयबाट पानी सङ्कलन,पानीको शुद्धीकरण (filtration, chlorination, UV treatment आदि),पाइपलाइनमार्फत पानी वितरण,पानी ट्याङ्की र पम्प स्टेशन सञ्चालन,पेयजल आपूर्ति व्यवस्थापन,सिँचाइ नहरको सञ्चालन |
| **37** | **ढलनिकास** |
| **370** | **ढलनिकास** |
| **3700** | **ढलनिकास** |
| | यस वर्ग अन्तर्गत घर, कार्यालय, उद्योग वा अन्य स्रोतबाट उत्पन्न फोहर/कचरा सङ्कलन, प्रशोधन, पुन:प्रयोग र निपटानसम्बन्धी सेवा सञ्चालन कार्यहरू पर्दछन्।घर, व्यवसाय वा उद्योगबाट फोहर सङ्कलन,फोहरको वर्गीकरण (segregation) र पुन:प्रयोग (recycling),कचरा डम्पिङ/ल्यान्डफिल व्यवस्थापन,कम्पोस्टिङ (composting) सेवा,सडक तथा सार्वजनिक स्थलको सफाइ,औद्योगिक फोहोर प्रशोधन,मानववस्ती वा उद्योग प्रतिष्ठान आदिबाट निस्केको फोहर पानीको उपचार गर्ने क्रियाकलापहरू ढल वा नालीको मर्मत र सफा गर्ने क्रियाकलापहरू |
| **38** | **फोहरमैला सङ्कलन, प्रशोधन र विसर्जन गर्ने क्रियाकलापहरू, सामग्रीको पुनः प्राप्ति** |
| **381** | **फोहर सङ्कलन** |
| **3811** | **गैरहानिकारक फोहरको सङ्कलन** |
| | यस वर्ग अन्तर्गत घर, कार्यालय, उद्योग वा अन्य स्रोतबाट उत्पन्न घातक नभएको ठोस फोहोर (non-hazardous solid waste) सङ्कलनसम्बन्धी सेवा सञ्चालन कार्यहरू पर्दछन्। |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | घरायसी फोहोर सङ्कलन, कार्यालय र व्यवसायिक स्थलबाट फोहोर सङ्कलन,सार्वजनिक स्थलको कचरा सङ्कलन,फोहोर उठाउने ट्रक/वाहन प्रयोग गरी व्यवस्थापन,पुन:प्रयोग र रिसाइक्लिङका लागि वर्गीकरणपूर्व तयारी |
| **3812** | **हानिकारक फोहरको सङ्कलन** |
| | यस वर्ग अन्तर्गत घर, उद्योग वा अन्य स्रोतबाट उत्पन्न घातक/विषाक्त फोहोर (hazardous waste) सङ्कलन, व्यवस्थापन र सुरक्षित रूपमा स्थानान्तरण गर्ने सेवा सञ्चालन कार्यहरू पर्दछन्। औद्योगिक र रासायनिक फोहोर सङ्कलन,विषाक्त, ज्वलनशील वा रासायनिक फोहोरको सुरक्षित भण्डारण र ढुवानी,इलेक्ट्रोनिक (e-waste) वा औषधि/प्रयोगशाला फोहोर व्यवस्थापन,सुरक्षित निपटानको लागि भण्डारण स्थलसम्म ढुवानी,रिसाइक्लिङ वा पुन:प्रयोगका लागि तयारी |
| **382** | **फोहर प्रशोधन र विसर्जन** |
| **3821** | **गैरहानिकारक फोहरको प्रशोधन र विसर्जन** |
| | यस वर्गअन्तर्गत घर, कार्यालय वा उद्योगबाट सङ्कलन गरिएको घातक नभएको ठोस फोहोर (non-hazardous waste) प्रशोधन, पुन:प्रयोग र रिसाइक्लिङसम्बन्धी सेवा सञ्चालन कार्यहरू पर्दछन्। फोहर वर्गीकरण (segregation) र रिसाइक्लिङको तयारी,जैविक फोहोर (organic waste) कम्पोस्टिङ,प्लास्टिक, कागज, धातु आदि पुन:प्रयोगको लागि तयारी,गैर-घातक फोहोर प्रशोधन र सफाइ,औद्योगिक गैर-घातक फोहोरको रिसाइक्लिङ |
| **3822** | **हानिकारक फोहरको प्रशोधन र विसर्जन** |
| | यस वर्ग अन्तर्गत औद्योगिक, रासायनिक वा अन्य स्रोतबाट उत्पन्न घातक/विषाक्त फोहोरको सुरक्षित प्रशोधन, रिसाइक्लिङ र निपटान सेवा सञ्चालन कार्यहरू पर्दछन्। रासायनिक, विषाक्त, ज्वलनशील वा रेडियोएक्टिभ फोहोरको प्रशोधन,औद्योगिक घातक फोहोर रिसाइक्लिङ,ई—वेस्ट र अन्य विषाक्त इलेक्ट्रोनिक फोहोर प्रशोधन,सुरक्षित निपटानको लागि तयारी र प्रक्रियाघातक फोहोरको भण्डारण र स्थानान्तरण तयारी |
| **383** | **सामग्री पुनःप्राप्ति** |
| **3830** | **सामग्री पुनःप्राप्ति** |
| | यस वर्ग अन्तर्गत धातु, अधातु, प्लास्टिक, सिसा, रबर, कपडा र अन्य फोहोर/कवाडीलाई यान्त्रिक वा रासायनिक प्रक्रिया प्रयोग गरी सहायक कच्चा पदार्थ (secondary raw materials) बनाउने कार्यहरू पर्दछन्। पुराना सवारी साधन, घरायसी उपकरण, इलेक्ट्रोनिक उपकरण फुकाल्ने, भत्काउने, कुच्याउने,धातु र अधातु फोहोर टुक्रा पार्ने, काट्ने, प्रेस/श्रेङ्ग गर्ने,प्लास्टिक र सिसा छुटयाउने, पिस्ने, सफा गर्ने, पेलेट बनाउने,रबर (टायर) र कपडाबाट पुनःप्राप्ति,फोटोग्राफी र प्रयोग भएको तेलबाट धातु वा अन्य कच्चा पदार्थ निकाल्ने,मिश्रित सामग्री वर्गीकरण (कागज, प्लास्टिक, धातु) |
| **39** | **उपचारात्मक क्रियाकलापहरू तथा अन्य फोहर व्यवस्थापन गर्ने सेवाहरू** |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| **390** | **उपचारात्मक क्रियाकलापहरू तथा अन्य फोहर व्यवस्थापन गर्ने सेवाहरू** |
| **3900** | **उपचारात्मक क्रियाकलापहरू तथा अन्य फोहर व्यवस्थापन गर्ने सेवाहरू** |
| | यस वर्ग अन्तर्गत वातावरणीय सफाइ, प्रदूषण नियन्त्रण र फोहोर व्यवस्थापनका विशेष सेवाहरू पर्दछन्। यसमा प्रदूषित स्थलबाट प्रदूषण हटाउने, पुनः सुरक्षित बनाउने कार्य पर्दछ । माटो र भूमिगत जलको शुद्धीकरण (siteमै वा अन्यत्र) यान्त्रिक, रासायनिक वा जैविक विधिद्वारा,औद्योगिक वा आणविक ऊर्जा केन्द्रहरूको प्रदूषण हटाउने कार्य,अकस्मात प्रदूषण भएको सतही पानी सफा गर्ने (रासायन प्रयोग वा प्रदूषक संकलन),तेल चुहावट वा अन्य प्रदूषण हटाउने — जमिन, सतही पानी, समुद्र वा तटीय क्षेत्रहरू,विषाक्त सामग्री हटाउने — एस्बेस्टोस (Asbestos), लिड पेन्ट (Lead paint) आदि,जमिनमुनि बिछ्याइएका बम वा सुरुङ पत्ता लगाउने र निष्क्रिय गर्ने (Detonation),अन्य विशेष प्रदूषण नियन्त्रण र वातावरणीय सफाइ सेवाहरू |
| **खण्ड एफ (F) निर्माण** | |
| | यस खण्डमा सिभिल इन्जिनियरिङ र भवनका लागि सामान्य तथा विशेष निर्माणसम्बन्धी क्रियाकलापहरू (आवासीय भवन, कार्यालय भवन, भण्डारण तथा अन्य सार्वजनिक भवन र अत्यावश्यक सेवा दिने भवन (युटिलिटी भवन), फार्म भवनहरू आदिको निर्माण; मोटर गुड्ने बाटो, सडक, पुल, सुरुङ, रेलमार्ग, हवाईमैदान, बन्दरगाह (harbours) तथा अन्य जल आयोजनाहरू, सिँचाइ प्राणाली, ढलनिकास प्रणाली, औद्योगिक सुविधाहरू, पाइप लाइन तथा विद्युत् प्रसारण लाइन, खेलकुद सुविधाहरू आदिका निर्माण कार्यहरू) समावेश गरिन्छ । |
| **41** | **भवनको निर्माण** |
| **410** | **भवन निर्माण** |
| **4100** | **भवन निर्माण** |
| | यस वर्ग अन्तर्गत आवासीय तथा गैर—आवासीय भवनहरूको निर्माणसम्बन्धी सम्पूर्ण मुख्य निर्माण कार्यहरू पर्दछन्। यसमा नयाँ भवन बनाउने, पुनर्निर्माण गर्ने तथा ठूलो स्तरको विस्तार गर्ने कार्य समावेश हुन्छ। आवासीय घर, अपार्टमेन्ट निर्माण,कार्यालय भवन, विद्यालय, अस्पताल जस्ता गैर—आवासीय भवन निर्माण,भवनको पूर्ण पुनर्निर्माण (reconstruction) । जस्तैः घर निर्माण गर्ने निर्माण कम्पनी,आवासीय अपार्टमेन्ट परियोजना,निजी वा सरकारी कार्यालय भवन निर्माण |
| **42** | **सिभिल इन्जिनियरिङ** |
| **421** | **सडक र रेलमार्गको निर्माण** |
| **4210** | **सडक र रेलमार्गको निर्माण** |
| | यस वर्ग अन्तर्गत सडक, राजमार्ग, पुल, फ्लाइओभर तथा रेलमार्गसम्बन्धी पूर्वाधार निर्माण कार्यहरू यस वर्गमा पर्दछन्। राजमार्ग तथा ग्रामीण सडक निर्माण,पुल तथा |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | फ्लाइओभर निर्माण, रेलमार्ग बिछ्याउने कार्य,सडक कालोपत्रे (asphalt paving),सडक मर्मत तथा विस्तार |
| **422** | **उपयोगिता सेवा संरचनाका आयोजना निर्माण** |
| **4220** | **उपयोगिता सेवा संरचनाका आयोजना निर्माण** |
| | यस वर्ग अन्तर्गत पानी, विद्युत्, ग्यास, ढल निकास जस्ता उपयोगिता (utility) प्रणालीसम्बन्धी पूर्वाधार निर्माण कार्यहरू यस वर्गमा पर्दछन्। खानेपानी आपूर्ति लाइन निर्माण, ढल तथा निकास प्रणाली निर्माण,विद्युत् प्रसारण लाइन निर्माण,जलविद्युत् आयोजना सम्बन्धी सिभिल निर्माण कार्य,ग्यास पाइपलाइन निर्माण,; कुवा खन्ने, इनार वा बोरिङ (ड्रिल) गर्ने काम |
| **429** | **अन्य सिभिल इन्जिनियरिङ आयोजनाहरूको निर्माण** |
| **4290** | **अन्य सिभिल इन्जिनियरिङ आयोजनाहरूको निर्माण** |
| | यस वर्ग अन्तर्गत सडक वा उपयोगिता बाहेकका अन्य सिभिल संरचना निर्माण कार्यहरू यस वर्गमा पर्दछन्। बाँध तथा जलाशय निर्माण,सिँचाइ नहर निर्माण,खेल मैदान तथा रंगशाला निर्माण,विमानस्थल रनवे निर्माण,औद्योगिक प्लान्टको सिभिल संरचना निर्माण |
| **43** | **विशिष्टीकृत निर्माणका क्रियाकलापहरू** |
| **431** | **संरचना भत्काउने तथा निर्माण स्थल तयारी** |
| **4311** | **संरचना भत्काउने** |
| | यस वर्ग अन्तर्गत भवन तथा अन्य संरचनाहरू भत्काउने वा फोड्ने कार्य पर्दछ । |
| **4312** | **निर्माण स्थल तयारी** |
| | यस वर्ग अन्तर्गत भवन वा सिभिल संरचना निर्माण अघि गरिने जग्गा तयारीसम्बन्धी कार्यहरू यस वर्गमा पर्दछन्। यसमा खन्ने, पुर्ने, सम्याउने, ढलान बनाउने जस्ता भूमिसम्बन्धी तयारी कार्य समावेश हुन्छ। जग्गा सम्याउने (land leveling),उत्खनन (excavation) तथा माटो खन्ने कार्य,जमिन काट्ने, पुर्ने तथा ढलान बनाउने,निर्माण स्थल सफा गर्ने (site clearing),डोजर, एक्साभेटर प्रयोग गरी माटो सार्ने कार्य,जग हाल्नुअघि गरिने प्रारम्भिक ग्राउन्ड तयारी |
| **432** | **विद्युत्, पाइप तथा अन्य निर्माण सामग्रीसम्बन्धी जडानका कार्यहरू** |
| **4321** | **विद्युत् जडानसम्बन्धी कार्यहरू** |
| | यस वर्ग अन्तर्गत भवन वा अन्य संरचनाभित्र विद्युत् प्रणाली जडानसम्बन्धी विशेषीकृत निर्माण कार्यहरू यस वर्गमा पर्दछन्। यसमा वायरिङ, प्यानल जडान, प्रकाश व्यवस्था तथा अन्य विद्युत् उपकरण जडान कार्य समावेश हुन्छ। घर तथा कार्यालयमा विद्युत् वायरिङ जडान,स्विच, सर्किट ब्रेकर, डिस्ट्रीब्युसन बोर्ड जडान,प्रकाश (lighting) प्रणाली जडान,सडक बत्ती (street light) जडान,फायर अलार्म तथा सुरक्षा विद्युत् प्रणाली जडान,जेनेरेटर, ट्रान्सफर्मर जडान (भवनसँग सम्बन्धित) |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| **4322** | **प्लम्बिङ (पाइप, धारा आदि), हिटर तथा एयर कण्डिशन जडान** |
| | यस वर्ग अन्तर्गत भवन वा अन्य संरचनाभित्र पानी आपूर्ति, ढल निकास, तताउने (heating) तथा एयर—कन्डिसनिङ प्रणाली जडानसम्बन्धी विशेषीकृत निर्माण कार्यहरू यस वर्गमा पर्दछन्। खानेपानी पाइपलाइन जडान,ढल तथा निकास प्रणाली जडान,बाथरूम/किचन प्लम्बिङ कार्य,गिजर, पानी तताउने प्रणाली जडान,एयर—कन्डिसनिङ (AC) जडान,भेन्टिलेसन तथा HVAC प्रणाली जडान,ग्यास पाइपलाइन (भवनभित्र) जडान |
| **4329** | **अन्य निर्माण उपकरण जडान** |
| | यस वर्ग अन्तर्गत भवन वा अन्य संरचनामा गरिने विद्युत् (4321) र प्लम्बिङ/एचभीएसी (4322) बाहेकका अन्य विशेषीकृत जडान कार्यहरू यस वर्गमा पर्दछन्।लिफ्ट (elevator) तथा एस्केलेटर जडान,स्वचालित ढोका (automatic door) जडान,बिजुली चट्याङ् सुरक्षा प्रणाली (lightning protection) जडान,ध्वनि तथा सार्वजनिक उद्घोषणा (PA system) जडान,सुरक्षा क्यामेरा (CCTV) जडान,औद्योगिक उपकरण जडान (भवनसँग स्थायी रूपमा जडित हुने), |
| **433** | **भवन निर्माण सम्पन्न तथा साजसज्जा कार्य** |
| **4330** | **भवनको निर्माण सम्पन्न तथा साजसज्जा कार्य** |
| | यस वर्ग अन्तर्गत भवन निर्माणपछि गरिने भित्री तथा बाहिरी फिनिसिङ र सजावटसम्बन्धी कार्यहरू यस वर्गमा पर्दछन्। यसमा सौन्दर्य तथा अन्तिम सम्पन्नता दिने कार्यहरू समावेश हुन्छन्। घर तथा भवन पेन्टिङ (भित्री/बाहिरी),टायल, मार्बल, ग्रानाइट जडान,फ्लोरिङ (wooden, laminate, carpet आदि),सिसा (glazing) जडान,प्लास्टरिङ तथा पुट्टी कार्य,वालपेपर टाँस्ने कार्य,false ceiling जडान,भित्री सजावटसम्बन्धी अन्तिम कार्यहरू |
| **439** | **अन्य विशिष्टीकृत निर्माण क्रियाकलाप** |
| **4390** | **अन्य विशिष्टीकृत निर्माण क्रियाकलाप** |
| | यस वर्ग अन्तर्गत 4311–4330 मा नपरेका अन्य विशेषीकृत निर्माणसम्बन्धी कार्यहरू यस वर्गमा पर्दछन्। यी कार्यहरू सामान्यतया विशेष सीप, उपकरण वा प्रविधि प्रयोग गरी गरिन्छन्। छाना छाउने कार्य (roofing),स्क्याफोल्डिङ (scaffolding) जडान तथा हटाउने,पाइल ड्राइभिङ (pile driving) कार्य,कङ्क्रिट रिइन्फोर्समेन्ट (rod tying) कार्य,भवनको जलरोधक (waterproofing) कार्य,औद्योगिक चिम्नी निर्माण,विशेष संरचनात्मक स्टिल जडान,अन्य वर्गीकृत नभएका विशेष निर्माण कार्यहरू, आउटडोर पौडी पोखरीको निर्माण, अपरेटरसहित क्रेन(हेभी उपकरण) को भाडा लगाउने |
| **खण्ड जी (G) थोक एवं खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मतसम्भारका कार्यहरू** | |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | यस खण्डमा कुनै पनि प्रकारका वस्तुहरू, सेवामूलक वस्तुहरूको थोक तथा खुद्रामा बिक्री गर्ने कार्यहरू पर्दछ। बिक्री भन्नाले वस्तुको स्वरूप परिवर्तन नगरी गरिने व्यापार लाई बुझाउँछ। साथै यो खण्डमा मोटरगाडी तथा मोटरसाइकलका विक्री तथा मर्मतसम्भारका कार्यहरू पनि समावेश गरिएका छन् । |
| **45** | **मोटरगाडी तथा मोटरसाइकलको थोक एवं खुद्रा बिक्री र मर्मतसम्भारको कार्य** |
| **451** | **मोटरगाडीको बिक्री** |
| **4510** | **मोटरगाडीको बिक्री** |
| | यस वर्ग अन्तर्गत नयाँ तथा पुराना (second-hand) मोटर गाडीहरूको थोक तथा खुद्रा बिक्रीसम्बन्धी क्रियाकलापहरू पर्दछन्। नयाँ मोटर गाडी (कार, जिप, भ्यान आदि) को बिक्री,पुराना (used) गाडीहरूको खरिद—बिक्री,गाडी डिलरशिप सञ्चालन,मोटर गाडीको कमिसन/एजेन्सीमार्फत बिक्री, आयात गरी गाडी बिक्री गर्ने कार्य,कमिसन एजेन्टद्वारा गरिने बिक्री र मोटरगाडीको लिलामी (Auctions) कार्य। |
| **452** | **मोटरगाडीको मर्मत तथा सम्भार कार्यहरू** |
| **4520** | **मोटरगाडीको मर्मत तथा सम्भार कार्यहरू** |
| | यस वर्ग अन्तर्गत गाडीको यान्त्रिक तथा विद्युतीय समस्या समाधान, नियमित सर्भिसिङ तथा पार्ट्स प्रतिस्थापन जस्ता कार्यहरू पर्दछन्। मोटर गाडीको नियमित सर्भिसिङ; इन्जिन, ब्रेक, क्लच, गियरबक्स मर्मत; विद्युतीय प्रणाली (battery, wiring, lighting) मर्मत; पङ्क्चर मर्मत तथा टायर फेर्ने सेवा; गाडी धुने तथा सरसफाइ सेवा; स्पेयर पार्ट्स जडान तथा प्रतिस्थापन; दुर्घटनापछि हुने सामान्य मर्मत कार्य उदाहरण : अटो वर्कशप (Garage) सञ्चालन; मोटरसाइकल तथा कार सर्भिस सेन्टर; टायर तथा ब्याट्री सेवा केन्द्र; गाडी धुने व्यवसाय; अधिकृत सर्भिस सेन्टर |
| **453** | **मोटरगाडीका पार्टपुर्जाहरू तथा सहायक सामानको बिक्री** |
| **4530** | **मोटरगाडीका पार्टपुर्जाहरू तथा सहायक सामानको बिक्री** |
| | यस अन्तर्गत गाडी आफैं बिक्री नगरी, त्यसका आवश्यक उपकरण र पार्टपुर्जा बिक्री गर्ने कार्य पर्दछ। मोटर गाडीका स्पेयर पार्ट्स (इन्जिन पार्ट्स, ब्रेक पार्ट्स, फिल्टर आदि) को बिक्री; टायर, ट्युब तथा ब्याट्री बिक्री; गाडीका एक्सेसरीज (सीट कभर, म्याट, लाइट, मिरर आदि) बिक्री; थोक तथा खुद्रा रूपमा पार्टपुर्जा आपूर्ति; आयात गरी पार्टपुर्जा बिक्री गर्ने कार्य;कमिसन/एजेन्सीमार्फत पार्टपुर्जा बिक्री । उदाहरण: अटो पार्ट्स पसल; टायर तथा ब्याट्री बिक्री केन्द्र; मोटरसाइकल स्पेयर पार्ट्स सप्लायर्स; कार एक्सेसरीज शोरुम; अटो पार्ट्स थोक व्यापारी |
| **454** | **मोटरसाइकल र यसको पार्टपुर्जा तथा सहायक सामानहरूको बिक्री, मर्मत तथा सम्भार कार्यहरू** |
| **4540** | **मोटरसाइकल र यसको पार्टपुर्जा तथा सहायक सामानहरूको बिक्री, मर्मत तथा सम्भार कार्यहरू** |

| NSIC वर्गिकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | यस अन्तर्गत मोटरसाइकलको थोक तथा खुद्रा बिक्रीसँगै सेवा तथा मर्मत कार्य पनि पर्दछ। नयाँ तथा पुराना मोटरसाइकलको बिक्री; मोटरसाइकलका स्पेयर पार्ट्स तथा एक्सेसरीज बिक्री; मोटरसाइकल सर्भिसिङ तथा मर्मत; टायर, ब्याट्री तथा अन्य पार्ट्स प्रतिस्थापन; कमिसन/एजेन्सीमार्फत मोटरसाइकल बिक्री; मोटरसाइकल वर्कशप सञ्चालन । उदाहरणः मोटरसाइकल शोरुम; मोटरसाइकल सर्भिस सेन्टर; बाइक स्पेयर पार्ट्स पसल; अधिकृत डिलर तथा सेवा केन्द्र; पुराना बाइक किनबेच गर्ने अटो ट्रेडिङ |
| **46** | **मोटरगाडी र मोटरसाइकलबाहेकका थोक व्यापार** |
| **461** | **शुल्क वा करारको आधारमा गरिने थोक बिक्री** |
| **4610** | **शुल्क वा करारको आधारमा गरिने थोक बिक्री** |
| | यस अन्तर्गत एजेन्टले आफैं सामानको स्वामित्व नलिई उत्पादक र खरिदकर्ताबीच मध्यस्थको रूपमा काम गरी कमिसन आम्दानी गर्ने कार्य पर्दछ। उत्पादक र थोक खरिदकर्ताबीच सामानको किनबेच मिलाउने; कमिसन/एजेन्सी आधारमा वस्तु बिक्री गराउने; व्यापारिक प्रतिनिधिको रूपमा काम गर्ने; आयात—निर्यात कारोबारमा ब्रोकरको भूमिका निर्वाह गर्ने; विभिन्न वस्तुहरूको अर्डर संकलन तथा आपूर्ति समन्वय गर्ने; उदाहरण:कृषि उत्पादनको थोक बिक्री मिलाउने एजेन्ट; उद्योगका सामान बिक्री गराउने कमिसन एजेन्ट;आयात—निर्यात ब्रोकर; व्यापारिक प्रतिनिधि; थोक व्यापार एजेन्ट |
| **462** | **अप्रशोधित कृषि उपज एवं जीवित पशुपन्छीको थोक बिक्री** |
| **4620** | **अप्रशोधित कृषि उपज एवं जीवित पशुपन्छीको थोक बिक्री** |
| | यस अन्तर्गत उत्पादकबाट कच्चा कृषि उत्पादन तथा जीवित पशुहरू ठूलो मात्रामा (wholesale) किन्न र बेच्न गरिने औद्योगिक गतिविधिहरू पर्छन्। समेटिने गतिविधि: धान, अनाज र बिउको थोक बिक्री; तेलजन्य फल तथा बिउको थोक बिक्री; फूल र बिरुवा को थोक बिक्री; अप्रशोधित सुर्ती बिक्री;जीवित पशु (जस्तै गाई, भैंसी, बाखा आदि) को थोक व्यापार;छाला, चमडा तथा संबंधित कृषि कच्चा पदार्थको थोक बिक्री;पशु आहार बनाउन प्रयोग हुने कच्चा वस्तुहरूको थोक व्यापार; |
| **463** | **खाद्य पदार्थ, पेय पदार्थ र सुर्तीको थोक बिक्री** |
| **4630** | **खाद्य पदार्थ, पेय पदार्थ र सुर्तीको थोक बिक्री** |
| | यस अन्तर्गत खाद्य, पेय पादार्थ र सुर्तीको थोक स्तरमा व्यापार गर्ने कार्य पर्दछ। फलफूल तथा तरकारीको थोक व्यापार; दुग्धजन्य उत्पादनहरूको थोक बिक्री;अण्डा तथा अण्डाजन्य उत्पादनहरूको थोक व्यापार; खाने तेल तथा बोसोको थोक व्यापार; मासु तथा मासुजन्य उत्पादनहरूको थोक बिक्री; माछा तथा माछाप्रधान खाद्य वस्तुको थोक व्यापार; चिनी, चकलेट तथा मिठाइका वस्तुहरूको थोक बिक्री; बेकरी उत्पादनहरूको थोक व्यापार;पेय पदार्थ (जुस, पानी, चिया/कफी आदि) को थोक बिक्री; |
| **464** | **घरायसी सामानको थोक बिक्री** |
| **4641** | **टेक्स्टाइल कपडा, तयारी वस्त्र र जुत्ता चप्पलको थोक बिक्री** |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | यस अन्तर्गत टेक्स्टाइल (कपडा सामग्री), लुगा र जुत्ता को थोक व्यापार सम्बन्धी गतिविधिहरू पर्दछन्। धागो र सियोको थोक बिक्री; कपडा (fabrics)को थोक बिक्री; सिउने धागो, लुगा र खेलकुदका पोसाकको थोक बिक्री; लुगाका एक्सेसरीहरू (जस्तै पन्जा, टाइ, ब्रेसेस आदि) को थोक बिक्री; जुत्ताको थोक बिक्री; फर (fur) सम्बन्धी सामग्रीहरूको थोक बिक्री; छाता (umbrella) को थोक बिक्री। |
| **4649** | **अन्य घरायसी सामानको थोक बिक्री** |
| | यस अन्तर्गत घरायसी उपभोक्ता सामानको थोक बिक्रीसम्बन्धी गतिविधिहरू पर्दछन्। घरायसी फर्निचरको थोक बिक्री; घरायसी उपकरण तथा उपभोक्ता इलेक्ट्रोनिक्सको थोक बिक्री; प्रकाश उपकरणको थोक बिक्री;औषधि र चिकित्सा सम्बन्धी सामग्रीको थोक बिक्री; सुगन्ध, सौन्दर्य सामग्री तथा साबुनको थोक बिक्री; साइकल र त्यसका पाट्र्स/एसेसरिजको थोक बिक्री;स्टेशनरी, किताब, पत्रिका, समाचारपत्रको थोक बिक्री; घडी, गहना र यस्तै अन्य घरायसी सामानको थोक बिक्री; खेलकुद सामग्री र मनोरञ्जन सामग्रीको थोक बिक्री उदाहरण: घरायसी फर्निचर थोक आपूर्तिकर्ता;घरायसी इलेक्ट्रोनिक्स थोक बिक्री फर्म; औषधि/चिकित्सा सामग्री थोक व्यापारी; स्टेशनरी र किताबको थोक आपूर्तिकर्ता; खेलकुद सामग्री थोक आपूर्तिकर्ता; घडी र गहना थोक बिक्री गर्ने फर्म |
| **465** | **यान्त्रिक वा मेशीनरी उपकरण तथा यससम्बन्धी आपूर्तिका सामग्रीको थोक बिक्री** |
| **4651** | **कम्प्युटर, कम्प्युटरसम्बन्धी सामानहरू र सफ्टवेयरको थोक बिक्री** |
| | यस अन्तर्गत कम्प्युटर, कम्प्युटर सम्बन्धी उपकरण तथा सफ्टवेयरको थोक बिक्रीसम्बन्धी गतिविधिहरू पर्दछन्। कम्प्युटर (डेस्कटप, ल्यापटप) को थोक बिक्री; कम्प्युटर सम्बन्धी उपकरण (जस्तै प्रिन्टर, मोनिटर) को थोक बिक्री; कम्प्युटर सफ्टवेयरको थोक बिक्री; थोक स्तरमा हार्डवेयर पाट्र्स तथा पेरिफेरल उपकरणहरू आपूर्ति गर्ने; ठूला व्यापारी, खुद्रा पसल वा कम्पनीलाई कम्प्युटर सम्बन्धी सामग्री उपलब्ध गराउने;उदाहरण: कम्प्युटर थोक आपूर्तिकर्ता; ल्यापटप र डेस्कटप थोक बिक्री फर्म; प्रिन्टर तथा स्क्यानर थोक बिक्री फर्म; सफ्टवेयर थोक आपूर्तिकर्ता; टेक्नोलोजी हार्डवेयर थोक व्यापारी; |
| **4652** | **विद्युतीय तथा दूरसञ्चारका उपकरण र त्यसका पार्टपुर्जाको थोक बिक्री** |
| | यस अन्तर्गत टेलिफोन, टेलिकम्युनिकेसन तथा सञ्चार उपकरणहरूको थोक बिक्रीसम्बन्धी गतिविधिहरू पर्दछन्। टेलिफोन (मोबाइल, स्थिर फोन) को थोक बिक्री; टेलिकम्युनिकेसन उपकरण (राउटर, मोडेम, स्विच) को थोक बिक्री; सञ्चार नेटवर्क उपकरण (फाइबर अप्टिक उपकरण आदि) को थोक बिक्री; सञ्चारका लागि प्रयोग हुने उपकरण पाट्र्स तथा एक्सेसरीहरूको थोक बिक्री; थोक स्तरमा टेलिकम/सञ्चार सामग्री आपूर्ति गर्ने; ।उदाहरण: मोबाइल फोन थोक आपूर्तिकर्ता; टेलिकम नेटवर्क उपकरण थोक विक्रेता; राउटर तथा मोडेम थोक बिक्री गर्ने फर्म; सञ्चार उपकरण पाट्र्स थोक बिक्री गर्ने फर्म; टेलिकम्युनिकेसन एक्सेसरी थोक आपूर्तिकर्ता |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| **4653** | **कृषिसम्बन्धी यन्त्र, उपकरण तथा यससम्बन्धी आपूर्तिका सामग्रीहरूको थोक बिक्री** |
| | यस अन्तर्गत कृषि तथा पशुपालन सम्बन्धी यान्त्रिक उपकरण र मेशिनरीको प्रयोगसम्बन्धी गतिविधिहरू पर्दछन्। हलो, कोदालो, मल छर्ने यान्त्रिक सामानको प्रयोग र बिक्री; बीउ छर्ने मेशिनको प्रयोग र बिक्री; धान तथा अन्य अन्न सङ्कलन गर्न प्रयोग हुने हार्भेस्टर र थ्रेशर; दूध दुहुने मेशिनको प्रयोग र बिक्री; कुखुरा पालन र माहुरी पालनमा प्रयोग हुने उपकरण तथा मेशिनरी; ट्र्याक्टर (कृषि/वनजन्य कार्यमा प्रयोग हुने) को सञ्चालन; चउरमा दुवो/घाँस काट्ने मेशिनको प्रयोग र बिक्री; उदाहरण: हलो र कोदालो मेशिन थोक आपूर्तिकर्ता; बीउ छर्ने मेशिन बिक्री फर्म; हार्भेस्टर र थ्रेशर संचालन गर्ने कृषि सेवा कम्पनी; दूध दुहुने मेशिन थोक आपूर्तिकर्ता; कुखुरा पालन उपकरण आपूर्तिकर्ता; ट्र्याक्टर (कृषि कार्यका लागि) भाडामा दिने कम्पनी; चउर घाँस काट्ने मेशिन आपूर्तिकर्ता; |
| **4659** | **अन्य मेसिन तथा उपकरणहरूको थोक बिक्री** |
| | यस अन्तर्गत अन्य मेसिन तथा उपकरणहरूको थोक बिक्रीसम्बन्धी गतिविधिहरू पर्दछन्। कम्प्युटर र तत्सम्बन्धी मुख्य उपकरणहरू बाहेक कार्यालय मेसिन तथा उपकरणहरूको थोक बिक्री; कार्यालय फर्निचरहरूको थोक बिक्री; मोटरगाडी, मोटरसाइकल, मोपेड, स्कुटर, साइकलबाहेकका यातायातका साधनहरूको थोक बिक्री; तार र स्वीचहरू तथा औद्योगिक प्रयोगका लागि अन्य जडान उपकरणहरूको थोक बिक्री; विद्युतीय मोटर, ट्रान्सफरमर आदिजस्ता अन्य विद्युतीय सामानको थोक बिक्री; कुनै पनि सामानका लागि र कुनै पनि प्रकारको यन्त्र औजारहरू (मेसिन टुल) को थोक बिक्री; उद्योग, व्यापार तथा खोजबिन र अन्य सेवाहरूमा प्रयोगका लागि अन्यत्र कहीँ उल्लेख नगरिएका अन्य यान्त्रिक सामानहरूको थोक बिक्री; कम्प्युटर नियन्त्रित मेसिन औजारहरूको थोक बिक्री; कपडा उद्योगका लागि कम्प्युटर नियन्त्रित मेसिन औजारहरू र सिलाइ बुनाइका मेसिनहरूको थोक बिक्री; नापजाँच गर्ने सामान तथा उपकरणहरूको थोक बिक्री; उदाहरण: फोटोकपी मेसिन थोक बिक्री एजेन्सी; ठूला प्रिन्टर थोक बिक्री फर्म; कार्यालय मेसिन थोक आपूर्तिकर्ता; कम्प्युटर नियन्त्रित सिलाइ मेशिन थोक बिक्री फर्म; औद्योगिक यान्त्रिक उपकरण थोक विक्रेता; उद्योग तथा अनुसन्धान प्रयोगका लागि अन्य मेशिन थोक आपूर्तिकर्ता; |
| **466** | **अन्य विशेष सामानहरूको थोक बिक्री** |
| **4661** | **ठोस, तरल तथा ग्याँस इन्धन र तत्सम्बन्धी वस्तुको थोक बिक्री** |
| | यस अन्तर्गत ऊर्जा र उर्जासँग सम्बन्धित इन्धन तथा लुब्रिकेन्टहरूको थोक बिक्रीसम्बन्धी गतिविधिहरू पर्दछन्। ठोस इन्धन जस्तै कोइला, दाउरा, काठको गोल (Charcoal) र नेफ्था (Naphtha) को थोक बिक्री; तरल इन्धन जस्तै कच्चा पेट्रोलियम, कच्चा तेल, डिजेल, पेट्रोल, फर्नेस आयल (Fuel oil), मिट्टीतेल (Kerosene) आदि को थोक बिक्री; ग्यास इन्धन जस्तै एलपी ग्यास (LPG - खाना पकाउने ग्यास), ब्युटेन र प्रोपेन ग्यासको थोक बिक्री; लुब्रिकेन्ट्स जस्तै लुब्रिकेटिङ तेल (मोबिल), ग्रिज र अन्य प्रशोधित |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | पेट्रोलियम उत्पादनहरूको थोक बिक्री;उदाहरण: नेपाल आयल निगम (NOC) का डिपोहरू |
| **4662** | **धातु तथा अप्रशोधित धातुको थोक बिक्री** |
| | यस अन्तर्गत फलाम तथा गैरफलामजन्य धातु तथा बहुमूल्य धातुको थोक बिक्री/प्रशोधनसम्बन्धी गतिविधिहरू पर्दछन्। अप्रशोधित फलाम तथा गैरफलामजन्य धातुको थोक बिक्री; प्राथमिक स्वरूपमा फलाम तथा गैरफलामजन्य अर्धप्रशोधित धातुको थोक बिक्री; सुन तथा अन्य बहुमूल्य धातुको थोक बिक्री;<br>उदाहरण: धातु खानी कम्पनीहरूका थोक आपूर्तिकर्ता; अर्धप्रशोधित फलाम/गैरफलाम थोक बिक्री फर्म; सुन र बहुमूल्य धातु थोक व्यापारी |
| **4663** | **निर्माण सामाग्रीहरू, हार्डवेयर, प्लम्बिङ एवं तताउने उपकरणहरूको थोक बिक्री तथा आपूर्ति कार्यहरू** |
| | यस अन्तर्गत भौतिक पूर्वाधार र भवन निर्माणमा प्रयोग हुने सामग्रीहरूको थोक बिक्रीसम्बन्धी गतिविधिहरू पर्दछन्। काठपात‘कच्चा काठ र काठको प्राथमिक प्रशोधनबाट बनेका उत्पादनहरूको थोक बिक्री; रङरोगन‘सबै प्रकारका रङ र वार्निसको थोक बिक्री; निर्माणसामग्रीहरू‘बालुवा, गिट्टी, ढुङ्गा, इँटा, सिमेन्ट आदि को थोक बिक्री; भित्ता र भुइँ सजावट‘वालपेपर र भुइँमा बिछ्याइने सामग्री जस्तै कार्पेट, म्याट आदि को थोक बिक्री; सिसा‘सादा वा फ्ल्याट सिसाको थोक बिक्री; हार्डवेयर र ताला-चाबी‘विभिन्न प्रकारका हार्डवेयर सामान, ताल्चा र फिटिङ सामग्रीको थोक बिक्री; हिटिङ उपकरण‘तातो पानीका लागि प्रयोग हुने हिटर, गिजर र हिटिङ प्रणालीको थोक बिक्री; सेनेटरी उपकरण‘बाथटब, बासबेसिन, ट्वाइलेट र अन्य सेनेटरी पोर्सिलेन सामग्रीको थोक बिक्री; प्लम्बिङ र पाइप‘पाइप , फिटिङ्स, धारा, टी-पिस , र रबरका पाइपहरूको थोक व्यापार; हाते औजार‘हथौडा, आरी , स्क्रू-ड्राइभर र अन्य हाते औजारहरूको थोक बिक्री;<br>उदाहरण: काठ र काठका उत्पादन थोक आपूर्तिकर्ता; निर्माणसामग्री (बालुवा, गिट्टी, सिमेन्ट) थोक बिक्री फर्म; वालपेपर तथा फर्श सामग्री थोक व्यापारी; सिसा तथा ग्लास थोक आपूर्तिकर्ता; हार्डवेयर, ताल्चा र फिटिङ थोक आपूर्तिकर्ता; हिटर/गिजर थोक विक्रेता; बाथटब, बासबेसिन र ट्वाइलेट थोक आपूर्तिकर्ता; पाइप तथा प्लम्बिङ उपकरण थोक बिक्री फर्म; हाते औजार थोक आपूर्तिकर्ता; |
| **4669** | **अन्यत्र कहीं वर्गीकृत नगरिएका खेर फालिएका तथा कुँडाकर्कट टुक्राटुक्री तथा अन्य यस्तै वस्तुको थोक बिक्री** |
| | यस अन्तर्गत औद्योगिक कच्चा पदार्थ, रसायन र कवाड सामग्रीहरूको थोक बिक्रीसम्बन्धी गतिविधिहरू पर्दछन्। औद्योगिक रसायन जस्तै प्रिन्टिङ मसी, औद्योगिक ग्यास, रासायनिक गोंद, औद्योगिक नुन, एसिड, गन्धक, प्लाष्टिक दाना, रबर र कृत्रिम रेशा आदि को थोक बिक्री; रासायनिक मल र कृषि रसायन‘खेतीपातीमा प्रयोग हुने रासायनिक मल र कीटनाशक औषधि को थोक बिक्री; थोक कागज‘ठूलो परिमाणमा |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | कागज र बहुमूल्य पत्थरहरूको थोक बिक्री; कवाड र पत्रु सामग्री'धातु र अधातुजन्य पत्रु वा कवाड सामग्रीको थोक बिक्री; पुराना गाडी, कम्प्युटर, टेलिभिजन आदिलाई टुक्र्याएर काम लाग्ने भाग निकाल्ने र पुनः बिक्री गर्ने कार्य; कवाड संकलन, छुट्याउने, प्याकिङ गर्ने र भण्डारण गर्ने तर वस्तुको स्वरूपमा पूर्ण परिवर्तन नगर्ने कार्य;उदाहरण: औद्योगिक रसायन थोक आपूर्तिकर्ता; रासायनिक मल तथा कृषि रसायन थोक बिक्री गर्ने फर्म; कागज र बहुमूल्य पत्थर थोक व्यापारी; कवाड तथा पत्रु सामग्री थोक आपूर्तिकर्ता; पुराना गाडी/कम्प्युटर/टेलिभिजन पाट्र्स पुनः बिक्री गर्ने फर्म; कवाड संकलन, प्याकिङ र भण्डारण गर्ने थोक सेवा प्रदायक; |
| **469** | **विशिष्टीकृत नगरिएका वस्तुहरूको थोक व्यापार** |
| **4690** | **विशिष्टीकृत नगरिएका वस्तुहरूको थोक व्यापार** |
| | यस अन्तर्गत कुनै एक विशेष वस्तुको व्यापारमा मात्र सीमित नभई, विभिन्न प्रकारका अर्थात् धेरै थरीका सामानहरूको थोक व्यापारसम्बन्धी गतिविधिहरू पर्दछन्। एउटै व्यवसायले धेरै फरक-फरक विधाका सामानहरू (जस्तै: खाद्यान्न, लत्ताकपडा, इलेक्ट्रोनिक्स, निर्माण सामग्री आदि) थोक रूपमा बिक्री गर्ने कार्य; विभिन्न श्रेणीका उत्पादनहरूलाई ठूला व्यापारी वा खुद्रा पसलमा आपूर्ति गर्ने; थोक स्तरमा उपभोक्ता वा व्यवसायिक ग्राहकहरूलाई मिश्रित सामग्री उपलब्ध गराउने;उदाहरण: खाद्यान्न, लत्ताकपडा, इलेक्ट्रोनिक्स तथा निर्माण सामग्री सबै थोक बिक्री गर्ने फर्म; विभिन्न प्रकारका दैनिक उपभोग्य वस्तुहरूको थोक आपूर्तिकर्ता; मिश्रित उत्पादन थोक व्यापार गर्ने कम्पनी; |
| **47** | **मोटरगाडी तथा मोटरसाइकलबाहेकका खुद्रा व्यापार** |
| **471** | **विशिष्टीकृत नगरिएका पसलमा गरिने खुद्रा बिक्री** |
| **4711** | **खाद्य, पेय पदार्थ वा सुर्तीजन्य वस्तुहरूको बाहुल्यता रहेको विशिष्टीकृत नगरिएका पसलहरूमा गरिने खुद्रा बिक्री** |
| | यस अन्तर्गत खाद्य, पेय पदार्थ वा सुर्तीजन्य वस्तुहरूको बाहुल्यता रहेको विशिष्टीकृत नगरिएका पसलहरूमा गरिने खुद्रा बिक्रीसम्बन्धी गतिविधिहरू पर्दछन्। खाद्य तथा पेय पदार्थहरू (जस्तै चामल, तेल, दाल, दूध, पानी, जुस आदि) को खुद्रा बिक्री; सुर्तीजन्य वस्तुहरू (सिगरेट, चुरोट, धूम्रपानका अन्य उत्पादन) को खुद्रा बिक्री; विभिन्न प्रकारका दैनिक उपभोग्य वस्तुहरूको मिश्रित खुद्रा बिक्री; विशिष्टीकृत नभएका पसलहरूमा उपभोक्तालाई सिधा बिक्री गर्ने कार्य;उदाहरण: किराना पसल; मिश्रित खुद्रा सामग्री बेच्ने साना पसल; खाद्य तथा पेय पदार्थ बिक्री गर्ने थोक—खुद्रा पसल; सुर्तीजन्य उत्पादन बिक्री गर्ने खुद्रा पसल; दैनिक उपभोग्य सामग्रीको खुद्रा बिक्री गर्ने साना व्यापारिक पसल; |
| **4719** | **विशिष्टीकृत नगरिएका पसलहरूमा अन्य खुद्रा बिक्री** |
| | यस अन्तर्गत खाद्यान्न,पेय पदार्थ वा सुर्तीजन्य पदार्थ बाहुल्यता नभएका नभएका पसलको खुद्रा बिक्रीका क्रियाकला पर्दछन् । विभिन्न प्रकारका सामानहरू बिक्री गर्ने |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | डिपार्टमेन्टल स्टोरहरू जहाँ खाद्यान्न सहित लुगाफाटा, फर्निचर, विद्युतीय उपकरण, हार्डवेयर, कस्मेटिक्स, गहना, खेलौना, खेलकुदका सामानहरू आदि उपलब्ध हुन्छन्; एउटै पसलमा धेरै विधाका सामानहरू बिक्री गरिए तापनि खाद्यान्नले कुल बिक्रीको ठूलो हिस्सा ओगट्दैन;उदाहरण: यदि कुनै ठूलो पसलमा खाद्यान्न वा किराना सामानको खुद्रा बिक्री थोरै हुन्छ तर लुगा, जुत्ता, कस्मेटिक्स र घरायसी सामान धेरै थरिका छन् र यसको खुद्रा बिक्री तुलनात्मक दृष्टिबाट धेरै छ भने यस्ता प्रतिष्ठानलाई ४७१९ अन्तर्गत गणना गरिन्छ; |
| **472** | **विशिष्टीकृत पसलहरूमा खाद्य, पेय पदार्थ र सूर्तिजन्य वस्तुको खुद्रा बिक्री** |
| **4721** | **विशिष्टीकृत पसल वा स्टोरहरूमा खाद्य वस्तुको खुद्रा बिक्री** |
| | यस अन्तर्गत त्यस्ता खुद्रा पसलहरू पर्दछन् जसले कुनै एउटा विशेष एकै प्रकारको खाद्यान्न मात्र बिक्री गर्छन्। फलफूल तथा तरकारी'ताजा वा संरक्षित फलफूल र तरकारीको खुद्रा बिक्री; दुग्धजन्य पदार्थ र अण्डा'दूध, दही, पनिर, घिउ र अण्डाहरूको खुद्रा बिक्री; मासु र मासुजन्य उत्पादन'राँगा, खसी, कुखुराको मासु र सोबाट बनेका परिकारहरूको खुद्रा बिक्री; माछा'ताजा वा सुकाइएका माछा र अन्य समुद्री खाद्यान्नको खुद्रा बिक्री; बेकरी पसल'पाउरोटी, केक, बिस्कुट आदि को बिक्री; मिठाइ र कन्फेक्सनरी 'चिनीबाट बनेका विभिन्न मिठाइ, चकलेट र क्यान्डीको बिक्री; अन्य विशिष्ट खाद्यान्न' कुनै खास प्रकारका खाद्य वस्तुहरू जस्तै मसला पसल मात्र वा चामल पसल मात्र। उदाहरण: फलफूल मात्र बेच्ने पसल; दूध, दही, पनिर मात्र बिक्री गर्ने पसल; मासुजन्य उत्पादन बिक्री गर्ने पसल; ताजा माछा बिक्री गर्ने पसल; बेकरी उत्पादन (पाउरोटी, केक) मात्र बिक्री गर्ने पसल; चकलेट र क्यान्डी मात्र बिक्री गर्ने मिठाइ पसल; मसला वा चामल मात्र बेच्ने पसल। |
| **4722** | **विशिष्टीकृत पसलमा पेय पदार्थको खुद्रा बिक्री** |
| | यस अन्तर्गत मुख्य रूपमा विभिन्न प्रकारका पेय पदार्थ मात्र बिक्री गरिने खुद्रा पसलहरू पर्दछन्।<br>मदिराजन्य पेय पदार्थ'रक्सी, बियर, वाइन, ब्रान्डी, ह्विस्की आदिको खुद्रा बिक्री; गैर-मदिराजन्य पेय पदार्थ'सफ्ट ड्रिक्स (कोक, फ्यान्टा आदि), जुस, खनिज पानी, इनर्जी ड्रिक्स आदिको खुद्रा बिक्री;उदाहरण: मदिरा बिक्री गर्ने खुद्रा पसल; सफ्ट ड्रिक्स, जुस र खनिज पानी मात्र बेच्ने पसल; इनर्जी ड्रिक्स खुद्रा बिक्री गर्ने पसल; पेय पदार्थ बेच्ने मिश्रित खुद्रा पसल। |
| **4723** | **विशिष्टीकृत पसलमा सूर्तिजन्य वस्तुको खुद्रा बिक्री** |
| | यस अन्तर्गत मुख्य रूपमा सुर्ती र सुर्तीजन्य पदार्थहरू मात्र बिक्री गरिने खुद्रा पसलहरू पर्दछन्। सुर्ती'काँचो सुर्ती वा प्रशोधित सुर्तीको खुद्रा बिक्री; सुर्तीजन्य पदार्थ'चुरोट, बिंडी, खैनी, सिगार, हुक्काको सुर्ती, सुर्ती मिसाइएको गुट्खा आदिको खुद्रा बिक्री; हुक्का, भेप वा ई-चुरोट मात्र बेच्ने विशिष्ट पसलहरू; |

| NSIC वर्गिकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | उदाहरण: चुरोट वा बिँडी मात्र बिक्री गर्ने पसल; खैनी, सिगार वा हुक्काको सुर्ती मात्र बेच्ने पसल; हुक्का, भेप वा ई-चुरोट मात्र बिक्री गर्ने पसल; सुर्तीजन्य पदार्थको मिश्रित खुद्रा पसल। |
| **473** | **विशिष्टीकृत पसलहरूमा मोटरगाडीका (अटोमेटिभ) इन्धनको खुद्रा बिक्री** |
| **4730** | **विशिष्टीकृत पसलहरूमा मोटरगाडीका (अटोमेटिभ) इन्धनको खुद्रा बिक्री** |
| | यस अन्तर्गत मुख्यतया मोटर सवारी साधन र मोटरसाइकलका लागि आवश्यक पर्ने इन्धन बिक्री गर्ने प्रतिष्ठानहरू (पेट्रोल पम्पहरू) पर्दछन्। पेट्रोल, डिजेल आदि इन्धनको खुद्रा बिक्री गर्ने पेट्रोल पम्पहरू; लुब्रिकेन्ट र कुलिङ उत्पादनहरू‘इञ्जिन तेल, ग्रिज, ब्रेक आयल र कुलान्टको खुद्रा बिक्री; उदाहरण: पेट्रोल पम्प ; लुब्रिकेन्ट (इञ्जिन तेल, ग्रिज) मात्र बिक्री गर्ने पसल; कुलिङ उत्पादन (ब्रेक आयल, कुलान्ट) बिक्री गर्ने पसल; इन्धन तथा लुब्रिकेन्ट दुवै बिक्री गर्ने मिश्रित पेट्रोल पम्प। |
| **474** | **विशिष्टीकृत पसलहरूमा सूचना तथा सञ्चार उपकरणहरूको खुद्रा बिक्री** |
| **4741** | **विशिष्टीकृत पसलहरूमा कम्प्युटर, कम्प्युटरका पार्टपुर्जाहरू, सफ्टवेयर र दूरसञ्चारका उपकरणहरूको खुद्रा बिक्री** |
| | यस अन्तर्गत कम्प्युटर, ल्यापटप तथा दूरसञ्चार उपकरणहरूको खुद्रा बिक्री गर्ने पसलहरू पर्दछन्। कम्प्युटर र ल्यापटपको खुद्रा बिक्री; कम्प्युटरसँग सम्बन्धित पार्टपुर्जा बिक्री; प्रिन्टर, स्क्यानर र फोटोकपी मेशिन सहितको प्रिन्टर बिक्री; भिडियो गेम कन्सोल र नन्कस्टमाइज्ड सफ्टवेयर सहितको भिडियो गेम बिक्री; ट्याब्लेट, मोबाइल फोन, ल्याण्डलाइन फोनको सेट तथा दूरसञ्चार उपकरणहरूको खुद्रा बिक्री; उदाहरण: कम्प्युटर तथा ल्यापटप बिक्री गर्ने पसल; प्रिन्टर, स्क्यानर र फोटोकपी मेशिन बिक्री गर्ने पसल; भिडियो गेम कन्सोल बिक्री गर्ने पसल; नन्कस्टमाइज्ड सफ्टवेयर बिक्री गर्ने पसल; ट्याब्लेट, मोबाइल फोन र ल्याण्डलाइन सेट बिक्री गर्ने पसल; दूरसञ्चार उपकरण बिक्री गर्ने पसल। |
| **4742** | **विशिष्टीकृत पसलहरूमा श्रव्य तथा दृश्यका उपकरणहरूको खुद्रा बिक्री** |
| | यस अन्तर्गत रेडियो, टेलिभिजन तथा अडियो उपकरणहरूको खुद्रा बिक्री गर्ने पसलहरू पर्दछन्।<br>रेडियो र टेलिभिजन उपकरण‘सबै प्रकारका टेलिभिजन (LED, LCD, Smart TV) र रेडियो सेटहरूको खुद्रा बिक्री; स्टेरियो उपकरण‘साउन्ड सिस्टम, होम थिएटर, स्पिकरहरू, एम्प्लीफायर र हाइ-फाई अडियो प्रणालीहरूको खुद्रा बिक्री; प्लेयर तथा रेकर्डर‘सीडी, डिभिडी र ब्लु-रे प्लेयरहरू तथा रेकर्ड गर्ने उपकरणहरूको खुद्रा बिक्री;उदाहरण: टेलिभिजन बिक्री गर्ने पसल; रेडियो सेट बिक्री गर्ने पसल; होम थिएटर र स्टेरियो साउन्ड सिस्टम बिक्री गर्ने पसल; सीडी, डिभिडी र ब्लु-रे प्लेयर बिक्री गर्ने पसल; अडियो रेकर्डिङ उपकरण बिक्री गर्ने पसल। |
| **475** | **विशिष्टीकृत पसलहरूमा घरायसी प्रयोजनका वस्तु तथा उपकरणहरूको खुद्रा बिक्री** |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| **4751** | **विशिष्टीकृत पसलहरूमा कपडाको खुद्रा बिक्री** |
| | यस अन्तर्गत कपडा र सिलाई-बुनाइका सामग्रीहरूको खुद्रा बिक्री गर्ने पसलहरू पर्दछन्। थानका कपडा'बुट्टा भएका वा सादा थानका कपडाहरूको खुद्रा बिक्री; बुन्ने धागो'स्वीटर वा अन्य लुगा बुन्न प्रयोग गरिने ऊन वा धागोको बिक्री; हस्तकलाका सामग्री'गलैंचा, ट्यापेस्ट्री वा कढाई गर्न प्रयोग हुने आधारभूत सामग्रीहरूको बिक्री; सिलाई-बुनाइका सामग्री'सियो, सिलाई धागो, टाँक, जिपर, रिवन आदिको खुद्रा बिक्री;उदाहरण: थानका कपडा बिक्री गर्ने पसल; बुन्ने धागो बिक्री गर्ने पसल; गलैंचा वा ट्यापेस्ट्री सामग्री बिक्री गर्ने पसल; सियो, जिपर र सिलाई धागो बिक्री गर्ने पसल। |
| **4752** | **विशिष्टीकृत पसलहरूमा हार्डवेयर, रङरोगनहरू र सिसाखुद्रा बिक्री** |
| | यस अन्तर्गत घर निर्माण, मर्मत सम्भार र सजावटका सामग्रीहरू बिक्री गर्ने विशिष्ट खुद्रा पसलहरू पर्दछन्। हार्डवेयर'नट-बोल्ट, ताल्चा, ह्यान्डल, फलामे औजार र फिटिङका सामानहरूको खुद्रा बिक्री; रङ र वार्निस'घरमा लगाउने रङ, वार्निस, इनामेल र सोसँग सम्बन्धित सामग्रीको बिक्री; सिसा'झ्याल-ढोकामा प्रयोग हुने सादा वा फ्ल्याट सिसा बिक्री; निर्माण सामग्री'इँटा, काठ, सिमेन्ट र सेनेटरी उपकरण (बाथटब, बासबेसिन, ट्वाइलेट फिटिङ) बिक्री; DIY सामग्री'उपभोक्ताले आफैं मर्मत वा निर्माण गर्न प्रयोग गर्ने साना औजार र उपकरण बिक्री; घाँस काट्ने मेसिन'बगैंचामा प्रयोग हुने लन-मोवर; साउना'साउना उपकरण वा बाथका सामग्रीहरू बिक्री;उदाहरण: निर्माण सामग्री तथा हार्डवेयर बिक्री गर्ने पसल; रङ, वार्निस र इनामेल बिक्री गर्ने पसल; सिसा बिक्री गर्ने पसल; सेनेटरी फिटिङ तथा उपकरण बिक्री गर्ने पसल; DIY औजार र लन-मोवर बिक्री गर्ने पसल; साउना उपकरण बिक्री गर्ने पसल। |
| **4753** | **विशिष्टीकृत पसलहरूमा कार्पेट (दरी, गलैंचा), कम्वल, भित्ता तथा भुँईमा ढाक्ने वा ओछयाउने लगाइने कभरहरूको खुद्रा बिक्री** |
| | यस अन्तर्गत घर वा कार्यालयको आन्तरिक सजावटका लागि प्रयोग गरिने भुइँ र भित्ता ढाक्ने सामग्रीहरू बिक्री गर्ने विशिष्ट खुद्रा पसलहरू पर्दछन्। गलैंचा र म्याट' सबै प्रकारका गलैंचा, सुकुल, म्याट र डोर-म्याटहरूको खुद्रा बिक्री; पर्दाहरू'झ्याल-ढोकामा प्रयोग हुने पर्दा र जालीदार पर्दाहरूको बिक्री; भित्ता र भुइँ सजावट'वालपेपर, लिनोलियम र अन्य प्लास्टिक वा रबरका भुइँ ढाक्ने सामग्रीहरूको बिक्री;<br>उदाहरण: गलैंचा र म्याट बिक्री गर्ने पसल; झ्याल पर्दा र जालीदार पर्दा बिक्री गर्ने पसल; वालपेपर, लिनोलियम वा अन्य भुइँ सजावट सामग्री बिक्री गर्ने पसल। |
| **4759** | **विशिष्टीकृत पसलहरूमा घरायसी प्रयोजनका विद्युतीय भाँडाकुँडाहरू, फर्निचर, बिजुलीबत्तीका उपकरण र अन्य घरायसी वस्तुहरूको खुद्रा बिक्री** |
| | यस अन्तर्गत घरायसी फर्निचर र गृहस्थी सामग्रीहरूको खुद्रा बिक्री गर्ने पसलहरू पर्दछन्। घरायसी फर्निचर'काठ, स्टिल वा प्लाष्टिकका पलङ, दराज, कुर्सी, टेबल |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | आदि; बत्ती तथा प्रकाश सामग्री‘झिलिमिली बत्ती, झुम्मर, चिम, ट्युबलाइट र सजावटका बत्तीहरू; भान्साका भाँडाकुँडा‘स्टील, तामा, पित्तलका भाँडा, छुरी-काँटा, माटोका भाँडा, चिनियाँ माटोका भाँडा; काठ र बेतका सामान‘काठ, कर्क वा बेत-बाँसबाट बनेका घरायसी सामान जस्तै मुढा, टोकरी; घरायसी विद्युतीय उपकरण‘फ्रिज, वासिङ मेसिन, भ्याकुम क्लिनर, मिक्सर, ग्राइन्डर, पङ्खा, आइरन, वाटर हिटर; वाद्यवादन‘मादल, बाँसुरी, गितार, हार्मोनियम र तिनका नोटहरू; सुरक्षा प्रणाली‘ताल्चा, सेफ र भल्टको खुद्रा बिक्री (जडान सेवा बिना); अन्य घरायसी वस्तुहरू‘अन्यत्र उल्लेख नगरिएका घरमा चाहिने विविध सामग्रीहरू;उदाहरण: फर्निचर बिक्री गर्ने पसल; बत्ती र प्रकाश सामग्री बिक्री गर्ने पसल; भाँडाकुँडा र किचन सामान बिक्री गर्ने पसल; काठ र बेतका घरेलु सामान बिक्री गर्ने पसल; फ्रिज, वासिङ मेसिन, मिक्सर आदि विद्युतीय उपकरण बिक्री गर्ने पसल; वाद्यवादन सामग्री बिक्री गर्ने पसल; ताल्चा, सेफ वा भल्ट बिक्री गर्ने पसल; अन्य घरायसी सामान बिक्री गर्ने पसल। |
| **476** | **विशिष्टीकृत पसलहरूमा सांस्कृतिक तथा मनोरञ्जनका सामग्रीहरूको खुद्रा बिक्री** |
| **4761** | **विशिष्टीकृत पसलहरूमा पुस्तक, समाचारपत्रहरू तथा मसलन्द सामानको खुद्रा बिक्री** |
| | यस अन्तर्गत पुस्तक, पत्रपत्रिका र स्टेशनरी सामग्रीहरूको खुद्रा बिक्री गर्ने पसलहरू पर्दछन्। पुस्तक‘सबै प्रकारका नयाँ पुस्तकहरू जस्तै पाठ्यपुस्तक, साहित्यिक पुस्तक, धार्मिक पुस्तकको खुद्रा बिक्री; पत्रपत्रिका र स्टेशनरी‘दैनिक पत्रपत्रिका, म्यागजिन र स्टेशनरी सामानहरूको बिक्री; कार्यालयका सामग्री‘कलम, पेन्सिल, कागज, डायरी, मार्कर, ग्लु र अन्य कार्यालयमा प्रयोग हुने साना सामग्रीहरूको बिक्री; उदाहरण: पुस्तक बिक्री गर्ने पसल; पाठ्यपुस्तक मात्र बेच्ने पसल; दैनिक पत्रपत्रिका र म्यागजिन बिक्री गर्ने पसल; स्टेशनरी र कार्यालय सामग्री बिक्री गर्ने पसल। |
| **4762** | **विशिष्टीकृत पसलहरूमा सङ्गीत तथा भिडियो रेकर्डिङ्गहरूको खुद्रा बिक्री** |
| | यस अन्तर्गत सङ्गीत रेकर्ड, अडियो/भिडियो मिडिया तथा सम्बन्धित उपकरणहरूको खुद्रा बिक्री गर्ने पसलहरू पर्दछन्। सङ्गीत रेकर्डहरू, अडियो टेप, कम्प्याक्ट डिस्क (सिडी) तथा क्यासेटको बिक्री; भिडियो टेप तथा डिभिडिहरूको बिक्री; खाली टेप तथा डिस्कको खुद्रा बिक्री;उदाहरण: सङ्गीत रेकर्ड मात्र बिक्री गर्ने पसल; अडियो टेप र क्यासेट बिक्री गर्ने पसल; भिडियो टेप र डिभिडी बिक्री गर्ने पसल; खाली सिडी, टेप वा डिस्क बिक्री गर्ने पसल। |
| **4763** | **विशिष्टीकृत पसलहरूमा खेलकुद उपकरणहरूको खुद्रा बिक्री** |
| | यस अन्तर्गत खेलकुद र बाह्य मनोरञ्जनात्मक गतिविधिका लागि आवश्यक पर्ने उपकरणहरू बिक्री गर्ने विशिष्ट पसलहरू पर्दछन्। खेलकुदका सामान‘फुटबल, क्रिकेट ब्याट, बल, भलिबल, ब्याडमिन्टन र्याकेट, टेनिस सामग्री, जिमका सामान ; माछा मार्ने उपकरण‘बल्छी, जाल र माछा मार्न प्रयोग हुने अन्य सामग्री; क्याम्पिङका सामान‘ टेन्ट, स्लिपिङ ब्याग, पदयात्रामा प्रयोग हुने उपकरण र क्याम्पिङमा चाहिने सामग्री; डुङ्गा |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | तथा यॉफ्टिङ उपकरण'ससाना डुङ्गा, कायक, र यॉफ्टिङका लागि प्रयोग हुने सामग्री; साइकलहरू;उदाहरण: फुटबल, क्रिकेट, भलिबल आदि खेलकुद सामग्री बिक्री गर्ने पसल; जिम उपकरण बिक्री गर्ने पसल; माछा मार्ने उपकरण बिक्री गर्ने पसल; क्याम्पिङ सामग्री बिक्री गर्ने पसल; डुङ्गा र कायक बिक्री गर्ने पसल; साइकल बिक्री गर्ने पसल। |
| **4764** | **विशिष्टीकृत पसलहरूमा खेल तथा खेलौनाको खुद्रा बिक्री** |
| | यस अन्तर्गत मुख्यतया बालबालिकाहरूका लागि मनोरञ्जनात्मक खेलौना र बौद्धिक खेल सामग्री बिक्री गर्ने विशिष्ट पसलहरू पर्दछन्। खेलौनाहरू'प्लास्टिक, काठ, धातु, कपडा वा रबरबाट बनेका गुडिया, खेलौना गाडी, ब्लकहरू, र ससाना मेसिनरी खेलौनाहरूको खुद्रा बिक्री; खेलका सामग्री'बोर्ड गेम्स जस्तै लुडो, बुद्धिचाल (Chess), क्यारम बोर्ड र अन्य पारिवारिक मनोरञ्जनका खेल सामग्रीहरूको खुद्रा बिक्री; उदाहरण: गुडिया तथा प्लास्टिक/काठका खेलौना बिक्री गर्ने पसल; ससाना मेसिनरी खेलौना बिक्री गर्ने पसल; बोर्ड गेम्स र पारिवारिक मनोरञ्जनका खेल सामग्री बिक्री गर्ने पसल। |
| **477** | **विशिष्टीकृत पसलहरूमा अन्य सामानहरूको खुद्रा बिक्री** |
| **4771** | **विशिष्टीकृत पसलहरूमा लत्ताकपडा, जुत्ताचप्पल र छालाका सामानहरूको खुद्रा बिक्री** |
| | यस अन्तर्गत तयारी अवस्थामा रहेका पहिरन र व्यक्तिगत प्रयोगका सहायक सामग्रीहरू खुद्रा बिक्री गर्ने विशिष्ट पसलहरू पर्दछन्। तयारी पोशाक'पुरुष, महिला तथा बालबालिकाका सबै प्रकारका तयार लुगाहरूको बिक्री; भुवादार लुगा'भुवा वा फर्माबाट बनेका पोशाकहरूको बिक्री; लुगाका सहायक सामग्री'पञ्जा, टाइ, पेटी वा ब्रेस आदि; छाता बिक्री; जुत्ता र चप्पल बिक्री; छालाका सामान'छालाबाट बनेका पर्स, बेल्ट, ज्याकेट आदि; यात्राका सामग्री'छाला वा छाला जस्तै देखिने अन्य सामग्रीबाट बनेका झोला, सुटकेस र अन्य भ्रमण सामग्रीहरूको बिक्री;उदाहरण: पुरुष, महिला र बालबालिका तयार पोशाक बिक्री गर्ने पसल; भुवादार लुगा बिक्री गर्ने पसल; पञ्जा, टाइ, बेल्ट आदि सहायक सामग्री बिक्री गर्ने पसल; छाता र जुत्ता-चप्पल बिक्री गर्ने पसल; छालाका पर्स, ज्याकेट र झोला बिक्री गर्ने पसल। |
| **4772** | **विशिष्टीकृत पसलहरूमा औषधी (फर्मास्युटिकल) र चिकित्साजन्य (मेडिकल) सामानहरू, सौन्दर्यवद्र्धक सामान र सरसफाइका वस्तुहरूको खुद्रा बिक्री** |
| | यस अन्तर्गत मानिसको स्वास्थ्य र शारीरिक सौन्दर्यसँग सम्बन्धित सामग्रीहरू बिक्री गर्ने विशिष्ट पसलहरू पर्दछन्। औषधि'सबै प्रकारका एलोपेथिक, आयुर्वेदिक र होमियोप्याथिक औषधिहरूको खुद्रा बिक्री; चिकित्सा तथा हाडजोर्नी सामग्री'ह्विलचेयर, बैसाखी, स्वास्थ्य जाँच गर्ने उपकरण (जस्तै प्रेसर नाप्ने मेसिन, ग्लुकोमिटर) बिक्री; सौन्दर्य प्रसाधन र अत्तर'अत्तर, श्रृङ्गारका सामान, साबुन, स्याम्पु र अन्य व्यक्तिगत सरसफाइका सामग्रीहरूको खुद्रा बिक्री; उदाहरण: एलोपेथिक, आयुर्वेदिक र |

| NSIC वर्गिकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | होमियोप्याथिक औषधि बिक्री गर्ने पसल; ह्विलचेयर, बैसाखी र स्वास्थ्य उपकरण बिक्री गर्ने पसल; अत्तर, श्रृङ्गार सामग्री, साबुन र स्याम्पु बिक्री गर्ने पसल। |
| **4773** | **विशिष्टीकृत पसलहरूमा नयाँ प्रकारका सामग्रीहरूको खुद्रा व्यापार** |
| | यस अन्तर्गत विविध गैरखाद्य वस्तुहरूको खुद्रा बिक्री गर्ने पसलहरू पर्दछन्। फोटोग्राफिक र अप्टिकल उपकरण, चश्मा, घडी र घडी जडित गहना, फूल, बिरुवा, बीउ, मल, उपहार र सजावट सामग्री, धार्मिक सामग्री, कला ग्यालरीका सामान, घरायसी इन्धन, सफाइ सामग्री, हातहतियार, पुराना हुलाक टिकट तथा सिक्का, र अन्य गैरखाद्य वस्तुहरूको बिक्री; उदाहरण: फोटोग्राफिक उपकरण वा चश्मा बिक्री गर्ने पसल; घडी र गहना बिक्री गर्ने पसल; फूल, बिरुवा वा बीउ बिक्री गर्ने पसल; उपहार, सजावट र धार्मिक सामग्री बिक्री गर्ने पसल; घरायसी इन्धन बिक्री गर्ने पसल; हातहतियार वा सिक्का बिक्री गर्ने पसल। |
| **4774** | **प्रयोग भईसकेको (सेकेण्ड ह्याण्ड) सामानहरूको खुद्रा बिक्री** |
| | यस अन्तर्गत पुराना र प्राचीन वस्तुहरूको खुद्रा बिक्री गर्ने पसलहरू पर्दछन्। पुराना पुस्तकहरू, पुराना लुगाफाटा, फर्निचर, इलेक्ट्रोनिक्स र अन्य घरायसी पुराना सामान बिक्री; प्राचीन/पुरातात्विक वस्तु बिक्री; खुद्रा लिलाम गृहमार्फत सामानको बिक्री;उदाहरण: पुराना किताब बिक्री गर्ने पसल; पुराना लुगाफाटा वा फर्निचर बिक्री गर्ने पसल; प्राचीन वस्तु बिक्री गर्ने पसल; लिलाम गृह मार्फत बिक्री गर्ने पसल। |
| **478** | **स्टल (सानो पसल) वा सडक किनारका फुटपाथे बजार मार्फत् वस्तुको खुद्रा बिक्री** |
| **4781** | **स्टल (सानो पसल) वा फुटपाथे बजारमार्फत् खाद्य, पेयपदार्थ र सूर्तिजन्य वस्तुहरूको खुद्रा बिक्री** |
| | यस अन्तर्गत स्टल वा फुटपाथमार्फत खाद्यवस्तु, पेय पदार्थ र सुर्तीजन्य पदार्थको खुद्रा बिक्री गर्ने क्रियाकलापहरू पर्दछन्। खुल्ला ठाउँ, ठेलागाडा वा अस्थायी संरचना (Stalls) बाट फलफूल, तरकारी, पेय पदार्थ र सुर्तीजन्य उत्पादन (चुरोट/सुर्ती) बिक्री;उदाहरण: ठेलागाडामा फलफूल वा तरकारी बिक्री गर्ने पसल; फुटपाथमा साना स्टलहरू सञ्चालन गर्ने पसल; हाटबजारमा अस्थायी पसलबाट खुद्रा बिक्री गर्ने स्थान। |
| **4782** | **स्टल (सानो पसल) वा फुटपाथे बजार मार्फत् टेक्सटायल कपडा, लत्ता कपडा र जुत्ताचप्पलको खुद्रा बिक्री** |
| | यस अन्तर्गत स्टल वा फुटपाथमार्फत् टेक्सटाइल कपडा, लत्ताकपडा र जुत्ता—चप्पलको खुद्रा बिक्री गर्ने क्रियाकलापहरू पर्दछन्। खुल्ला ठाउँ वा अस्थायी संरचना (Stalls) बाट विभिन्न प्रकारका कपडा, लत्ताकपडा र जुत्ता—चप्पल बिक्री; उदाहरण: फुटपाथ वा साना स्टलबाट कपडा बिक्री गर्ने पसल; जुत्ता र चप्पल बिक्री गर्ने स्टल; हाटबजारमा अस्थायी पसलबाट कपडा—जुत्ता बिक्री। |
| **4789** | **स्टल (सानो पसल) वा फुटपाथे बजार मार्फत् अन्य सामानहरूको खुद्रा बिक्री** |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | यस अन्तर्गत स्टल वा फुटपाथमार्फत् अन्य सामानहरूको खुद्रा बिक्री गर्ने क्रियाकलापहरू पर्दछन्। खुल्ला ठाउँ वा अस्थायी स्टलबाट गैरखाद्य तथा विविध वस्तुहरू बिक्री;उदाहरण: फुटपाथ स्टलबाट घरेलु सामान, उपहार सामग्री, खेलौना वा अन्य साना सामान बिक्री गर्ने पसल; हाटबजारमा अस्थायी पसलबाट विविध वस्तु बिक्री। |
| **479** | **पसल, स्टल र फुटपाथ बजारबाहेक भिन्दै रूपले गरिने सामानको खुद्रा व्यापार** |
| **4791** | **हुलाक, मेल अर्डर वा इन्टरनेट (अनलाइन) , इमेल मार्फतबाट गरिने वस्तुको खुद्रा बिक्री** |
| | यस अन्तर्गत मेल अर्डर वा इन्टरनेटमार्फत गरिने खुद्रा बिक्री क्रियाकलापहरू पर्दछन्। विज्ञापन, क्याटलग, वेबसाइट वा अन्य सञ्चार माध्यममार्फत सामान छनोट गरी हुलाक,फोन वा इन्टरनेटबाट अर्डर दिने बिक्री;खरिद गरिएका सामानहरू इन्टरनेटबाट डाउनलोड गर्ने वा ग्राहकको ठेगानामा पुऱ्याइने बिक्री;टेलिभिजन,रेडियो वा फोनमार्फत प्रत्यक्ष बिक्री; इन्टरनेटमार्फत गरिने खुद्रा लिलामी।उदाहरण: हुलाक (Mail order) मार्फत कुनै पनि वस्तु बिक्री गर्ने पसल; अनलाइन स्टोरबाट खुद्रा बिक्री गर्ने पसल; टेलिभिजन वा रेडियोको प्रत्यक्ष बिक्री सञ्चालन गर्ने पसल; इन्टरनेट लिलामी मार्फत बिक्री गर्ने पसल। |
| | ख्याल गर्नुपर्ने कुरा: online अर्डर बाट तुरुन्त उपभोग गर्न मिल्ने खानाको सप्लाई जस्तै:मोमो, चौमिन, पिजा आदि बिक्रि गरिन्छ भने ५६१० कोड राख्नु पर्दछ । यदि कुनै प्रतिष्ठानले आफुले खानेकुरा तयार नगरी अरु रेस्टुरेन्टबाट तयारी खानेकुरा deliver गर्ने गर्दछ भने ५३२० कोड राख्नु पर्दछ । |
| **4799** | **पसल, स्टल (सानो पसल) वा फुटपाथ बजारबाहेक अन्य खुद्रा बिक्री** |
| | यस अन्तर्गत अघिल्ला वर्गमा नपरेका पसलबाहिरको खुद्रा बिक्री क्रियाकलापहरू पर्दछन्। प्रत्यक्ष बिक्री वा घर-घर गएर बिक्री (Door-to-door sales); भेन्डिङ मेसिन (Vending Machines) मार्फत बिक्री; न्धनको प्रत्यक्ष वितरण (सिलिन्डर ग्याँस, दाउरा आदि) ग्राहकको ठेगानामा पुऱ्याएर बिक्री; पसलबाहिरको लिलामी (Non-store auctions); पसल नभएका कमिसन एजेन्टमार्फत बिक्री। उदाहरण: नेटवर्क मार्केटिङ वा त्यक्ष एजेन्टहरू जसले स्वास्थ्य पूरक वा सौन्दर्य सामग्री बिक्री गर्छन्;भेन्डिङ मेसिनबाट वस्तु बिक्री गर्नेपसल; घर-घर गएर सामान बिक्री गर्ने एजेन्ट; पसलबाहिर लिलामी सञ्चालन गर्ने व्यक्तिहरू; कमिसन जेन्टमार्फत बिक्री गर्ने पसल। |
| **खण्ड एच (H) यातायात तथा भण्डारण** | |
| | यस खण्डमा यात्री वा सामान ढुवानी गर्ने यातायातका क्रियाकलापहरू: रेलमार्ग, पाइपलाइन, स्थलगत मार्ग, जलमार्ग, हवाईमार्गद्वारा प्रदान गरिने विभिन्न सेवाहरूका साथै यसैसँग सम्बन्धित अन्य क्रियाकलाप जस्तैः टर्मिनल तथा पार्किङ सुविधा, भण्डारण |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | सेवा, आदि क्रियाकलापहरू; ढुवानीका लागि चालकसहित भाडामा दिने यातायात सेवासमेत ; हुलाक वा कुरियर सेवाहरू संचालन गर्ने क्रियाकलापहरु समावेश हुन्छन् |
| **49** | **स्थल यातायात तथा पाइप लाइन एवं तारमार्फत् चल्ने यातायात** |
| **491** | **रेल यातायात** |
| **4911** | **अन्तरनगर यात्रुवाहक रेल यातायात** |
| | यस वर्ग अन्तर्गत यात्रुवाहक रेल यातायातका सेवाहरू जस्तै खाने तथा सुत्नेसमेतको एकीकृतसेवा भएको यात्रुवाहक रेल यातायात (लामोदुरीको ट्रेन रेल); नगर क्षेत्रहरू बीच सञ्चालित यात्रुवाहक रेल यातायात (सिटी ट्रेन, मेट्रो ट्रेन, ट्राम) पर्दछ। |
| **4912** | **ढुवानी सेवाको रेलयातायात** |
| | यस वर्ग अन्तर्गत मुख्य रेलमार्ग सञ्जाल भएर **ढुवानी सेवा सञ्चालन गर्ने रेल** यातायात पर्दछ । |
| **492** | **अन्य स्थल यातायात** |
| **4921** | **नगर र उपनगर क्षेत्रमा सञ्चालन हुने यात्रुवाहक स्थल यातायात** |
| | यस वर्ग अन्तर्गत नगर र उपनगर क्षेत्रमा सञ्चालन हुने यात्रुवाहक स्थल यातायातका सेवाहरू जस्तै : समय तालिकाबमोजिम नियमितरूपले निश्चित गरिएका स्थानहरूमा मात्र रोकिने गरी सञ्चालित नगर, उपनगर क्षेत्रमा सञ्चालन हुने विभिन्न किसिमका यात्रुवाहक स्थल यातायातका साधनहरू जस्तैः मोटर, बस, ट्राम, ट्रलीबस, नगर बस, एयरपोर्ट बस सेवाहरू, रेल स्टेशनसम्म सञ्चालन हुने बस सेवा, मिनिबस, माइक्रोबस सेवा;तारको माध्यमबाट चल्ने यातायात (केबुलकार, तुइन आदिबाट प्रदान गरिने सेवाहरू) पर्दछ। |
| **4922** | **अन्य यात्रुवाहक स्थल यातायात** |
| | यस वर्ग अन्तर्गत समय तालिकाबमोजिम चल्ने लामो दुरीका बस सेवा; चार्टर, मनोरञ्जनयुक्त यात्रा, बेलामौकामा मात्र सञ्चालन गरिने कोच सेवा ; ट्याक्सी सञ्चालन ;एयरपोर्ट सटल बस सेवा;टेलफरको सञ्चालन; चालकसहितको भाडाका निजी कार सेवा ;स्कूल बस तथा कर्मचारी बस सेवा; मानिस वा जनावरले तान्ने यात्रुवाहक यातायातका सेवाहरू जस्तैः रिक्सा, टाँगा, घोडा आदि; बिद्युत उर्जा बाट चल्ने ई-रिक्सा पर्दछ । |
| **4923** | **सडकमार्गबाट मालसामान ढुवानी** |
| | यस वर्ग अन्तर्गत सडकमार्ग प्रयोग गरेर मालसामान ढुवानी गर्ने सेवा पर्दछ। अर्थात् ग्राहक वा संस्थाबाट लोड लिएर गन्तव्यसम्म भाडामा वा ठेक्कामा अनुसार मालसामान पुर्‍याउने सेवा हो। यसमा सडकमार्गमा ट्रक, भ्यान, लारी वा अन्य सवारी साधनमार्फत मालसामान ढुवानी, लॉजिस्टिक सेवा, फ्रेट एजेन्ट सेवा, डेलिभरी सेवा पर्दछ। मानिस वा जनावरहरुले तान्ने यातायातका साधनहरुबाट मालसामान ओसारपसार पनि यस अन्तर्गत |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | नै पर्दछ ।जस्तैः निर्माण सामग्री, कृषि उपज वा व्यापारिक सामान ढुवानी गर्ने ट्रक कम्पनी, सडकमार्गबाट राष्ट्रिय वा अन्तर्राष्ट्रिय मालसामान ढुवानी गर्ने फर्म,ठेक्कामा अनुसार मालसामान डेलिभरी गर्ने संस्थाका क्रियाकलाप |
| **493** | **पाइपलाइनबाट सञ्चालन गरिने यातायात** |
| **4930** | **पाइपलाइनबाट सञ्चालन गरिने यातायात** |
| | **यस वर्ग अन्तर्गत पाइपलाइन बाट सञ्चालन गरिने ढुवानी सेवाहरु पर्दछ।** **पाइपलाइनबाट ग्याँस, पानी, तेल वा अन्य तरल पदार्थ ढुवानी**, यस्ता तरल पदार्थ ढुवानीका लागि पम्प स्टेसन सञ्चालन (**तेल पाइपलाइन, प्राकृतिक ग्याँस वितरण पाइपलाइन**) |
| **50** | **जल यातायात** |
| **501** | **सामुद्रिक र तटीय जल यातायात** |
| **5011** | **सामुद्रिक र तटीय यात्रुवाहक जल यातायात** |
| | यस अन्तर्गत सामुन्द्रिक र तटीय यात्रुवाहक जल यातायात, समय तालिका सहित वा रहित समुद्र र तटीय क्षेत्रमा सञ्चालित यात्रुवाहक सेवा, समुद्रमा सञ्चालित यात्रु सेवा (फेरी, जलटयाक्सी, पानी जहाज आदिका सुविधाहरू), समुद्रमा यात्रु वोक्न फेरी, जलटयाक्सी, डुङ्गा आदिका चालकसहित भाडामा लगाउने कार्य पर्दछ । |
| **5012** | **समुद्र तथा तटीय ढुवानी** |
| | यस अन्तर्गत सामुन्द्रिक र तटीय मालसामान ढुवानी, नौका वा डुङ्गाबाट तानेर वा धकेलेर ढुवानी (पानी जहाज डुङ्गाबाट मालसामान ढुवानी, तेल ढुवानीजहाज) पर्दछ । |
| **502** | **आन्तरिक जल यातायात** |
| **5021** | **आन्तरिक जल यात्रु यातायात सेवाहरू** |
| | यस वर्ग अन्तर्गत देशभित्रको नदी, ताल, खोला वा अन्य आन्तरिक जलमार्ग प्रयोग गरेर यात्रु सेवा पर्दछ। अर्थात् नदी/ताल/खोला मार्फत यात्रु वा पर्यटकलाई भाडामा वा नियमित सेवा गर्ने कार्य हो। यसमा फेरी सेवा, जलमार्ग यात्री बस, पर्यटक बोट सेवा पर्दछ। जस्तैः ताल/नदीमार्गमा पर्यटक बोट सेवा सञ्चालन गर्ने कम्पनी, निजी वा सार्वजनिक फेरी/बोट सेवा पर्दछन्। |
| **5022** | **आन्तरिक जल यातायात ढुवानी** |
| | यस वर्ग अन्तर्गत नदी, ताल, नहर र बन्दरगाह क्षेत्रभित्र मालसामान ढुवानी( नदी/ताल डुङ्गा ढुवानी, बन्दरगाह मालसामान ट्रान्सफर) सेवा पर्दछ । |
| **51** | **हवाई यातायात सेवाहरू** |
| **511** | **यात्रुवाहक हवाई यातायात** |
| **5110** | **यात्रुवाहक हवाई यातायात** |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | यस वर्ग अन्तर्गत विमानमार्फत यात्रु लैजाने सेवा पर्दछ। एयरलाइन वा अन्य हवाई सेवा प्रदायकले घरेलु वा अन्तर्राष्ट्रिय गन्तव्यसम्म यात्रु भाडामा लैजाने कार्य हो। यसमा कमर्शियल एयरलाइन सेवा, चार्टर फ्लाइट, हेलीकप्टर/साना विमानमार्फत यात्रु सेवा, एयर ट्राभल/एयर ट्याक्सी सेवा पर्दछ। जस्तैः राष्ट्रिय वा अन्तर्राष्ट्रिय एयरलाइन सञ्चालन गर्ने कम्पनी, पर्यटक/चार्टर फ्लाइट सेवा दिने संस्था, हेलिकप्टर प्रयोग गरेर पर्यटन वा व्यवसायिक यात्रु लैजाने क्रियाकलाप |
| **512** | **हवाई यातायातबाट गरिने ढुवानी** |
| **5120** | **हवाई यातायातबाट गरिने ढुवानी** |
| | यस वर्ग अन्तर्गत विमानमार्फत मालसामान/सामान ढुवानी गर्ने सेवा पर्दछ। एयरलाइनले विमानमार्फत घरेलु वा अन्तर्राष्ट्रिय गन्तव्यसम्म मालसामान पुऱ्याउने कार्य हो। यसमा कमर्शियल एयर फ्रेट सेवा, चार्टर मालसामान ढुवानी पर्दछ। जस्तैः राष्ट्रिय वा अन्तर्राष्ट्रिय हवाई मालसामान सेवा दिने कम्पनी, एयर फ्रेट चार्टर सेवा प्रदायक। |
| **52** | **यातायात सेवाका गोदाम तथा तत्सम्बन्धी सहयोगी क्रियाकलापहरू** |
| **521** | **गोदामघर तथा भण्डारण** |
| **5210** | **गोदामघर तथा भण्डारण** |
| | यस अन्तर्गत सबै प्रकारका सामानहरूको लागि भण्डारण र गोदाम सुविधाहरूको सञ्चालन जस्तै:अनाज भण्डार, सामान्य व्यापारिक वस्तुहरूको गोदाम, शीतभण्डार, ट्याङ्क भण्डारण आदि, वैदेशिक व्यापारिक क्षेत्रमा वस्तुहरूको भण्डारण; खाद्यवस्तुलाई उच्च गतिमा विशेष किसिमले चिस्याई भण्डारण गर्ने (शीत भण्डार,कोल्ड स्टोरेज) पर्दछ । |
| **522** | **यातायातका लागि सहयोगी क्रियाकलापहरू** |
| **5221** | **स्थल यातायातका लागि भैपरिआउने सेवाहरू** |
| | यस वर्ग अन्तर्गत स्थलगत सामान ढुवानीको लागि प्रयोग गरिने रेलवे स्टेशन, बस स्टेशन आदिका टर्मिनल सुविधाहरूको सञ्चालन; रेलमार्गका पूर्वाधारहरूको सञ्चालन; सडक, पुल, सुरुड, कार पार्क वा ग्यारेज, साइकल पार्किङको सञ्चालन; स्वीचिङ र सन्टिङ; रोडसाइडका सहयोगी सेवाहरू जस्तैः मोटरगाडी तान्ने, वोक्ने आदि कार्यहरू, ढुवानी गर्ने उद्देश्यले ग्याँसलाई तरल बनाउने  कार्य पर्दछ । |
| **5222** | **जल यातायातका लागि भैपरि आउने सेवाहरू** |
| | यस वर्ग अन्तर्गत बन्दरगाह र जहाज चढ्ने ओर्लने पायर जस्ता टर्मिनल सुविधाको सञ्चालन; जलमार्गको लागि पानीको वहाव रोक्ने वाटरलक आदि सञ्चालन; दिशा निर्देश, राडार नियन्त्रण, जहाज पार्किङ गर्ने, बाँध्ने (बर्थिङ); प्रकाशगृह (Lighthouse) का कार्य र उद्धार सम्बन्धी क्रियाकलापहरु (selvage) ) पर्दछ। |
| **5223** | **हवाइ यातायातका लागि भैपरि आउने सेवाहरू** |
| | यस वर्ग अन्तर्गत हवाई टर्मिनल सुविधा दिने; एयरपोर्ट तथा हवाई ट्राफिक कार्यहरू; हवाई ग्राउण्डका एयरफिल्डका कार्यहरू; एयरपोर्टमा अग्नीसयन र अग्नी |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | नियन्त्रण पर्दछ । |
| **5224** | **कार्गो सञ्चालन** |
| | यस वर्ग अन्तर्गत ढुवानीका लागि प्रयोग हुने सबै किसिमका यातायातका साधनमा गरिने मालसामान वा यात्रीका सामानहरू चढाउने र उतार्ने कार्य, मानिसद्वारा जहाजमा मालसामान चढाउने तथा उतार्ने कार्यहरू, विभिन्न साधनद्वारा जहाजमा मालसामान चढाउने तथा उतार्ने कार्यहरू, एयर कार्गो ह्यान्डलिङ, रेलका डिब्बाहरूबाट सामान लोडिङ तथा अनलोडिङ गर्ने कार्यहरू पर्दछ । |
| **5229** | **अन्य ढुवानी सेवाका सहयोगी क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत ढुवानीका सहयोगी क्रियाकलापहरुः रेल, सडक, जल तथा हवाई मार्गहरुद्वारा सामान ढुवानीको व्यवस्थापन वा व्यवस्था मिलाउने कार्यहरू; व्यक्तिगत वा सामुहिक मालसामान ढुवानीका लागि सामान सङ्कलन तथा वितरण आदिको व्यवस्थापन कार्यहरू; गोदामघर वा अन्य ठाउँमा मालसामान पुर्याउने वा वितरण गर्ने कार्ययोजना वा कार्यक्रम बनाउने; ढुवानीका कागजात खरिद तथा जारी गर्ने र वितरण गर्ने; भन्सार एजेन्ट; जहाज तथा हवाइ स्थलका लागि दलाली सेवा; समुद्री वा हवाई मार्गबाट प्राप्त सामान सम्बन्धित ठाउँमा पठाउने एजेन्टका कार्यहरू; सामान हेन्डलिङ सञ्चालन (ढुवानीगर्दा गरिने सामानको निरीक्षण, सामान तौलने, नमुना जाँच्ने आदिजस्ता कार्यहरूबाट सामानलाई सुरक्षित राख्ने उद्देश्यले अस्थायीरूपमा गरिने प्याकिङ कार्य पर्दछ। |
| **53** | **हुलाक सेवा एवं कुरियर सेवा सम्बन्धित क्रियाकलापहरू** |
| **531** | **हुलाक सेवासम्बन्धी क्रियाकलापहरू** |
| **5310** | **हुलाक सेवासम्बन्धी क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत विश्वव्यापी सार्वजनिक हुलाकको मान्यताअनुसार चलेका हुलाकसम्बन्धी क्रियाकलापहरू: यातायातको विभिन्न माध्यमबाट हुलाक वस्तु (चिठीपत्र, पोस्टकार्ड, अखवार, पत्रपत्रीका, पर्चापम्पलेट, साना प्याकेज, सामान तथा कागजपत्र) सम्बन्धित ठाउँमा वितरण गर्ने र वितरणको व्यवस्थापन गर्ने कार्यहरू; अन्य सेवाहरूलाई आवश्यक सहयोगी क्रियाकलापहरू; राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठीपत्र, पार्सल इत्यादि सङ्कलन गर्ने, सर्टिड गर्ने डेलिभरी गर्ने क्रियाकलापहरू; सार्वजनिक पत्रमञ्जुसा वा हुलाक कार्यालयबाट पत्र वा पार्सलहरूको सङ्कलन कार्य; वितरणकार्य पर्दछ। जस्तै: जिल्ला हुलाक कार्यालय |
| **532** | **कुरियर सेवासम्बन्धी क्रियाकलापहरू** |
| **5320** | **कुरीयर सेवा सम्बन्धी क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत विश्वव्यापी हुलाकको मान्यताअनुसार चल्नैपर्ने वाध्यता नभएका कुरियर सेवा (चिठीपत्र, पुलिन्दा इत्यादि सङ्कलन गर्ने, सर्टिङ गर्ने, डलिभरी);पत्र वा पुलिन्दाहरूको वितरणकार्य; घरमा नै पुलिन्दा,पत्र पुर्याउने सेवाहरू) पर्दछ । जस्तै: |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | DHL, कुरियर कम्पनीहरु |
| **खण्ड आई (I ): आवास तथा भोजन सेवासम्बन्धी क्रियाकलापहरु** | |
| | यस खण्डमा यात्रीहरूको लागि खान, पीउन तथा छोटो अवधिको लागि आवासको सुविधा प्रदानगर्ने; तत्कालै उपभोग गर्ने खाद्य तथा पेयपदार्थको सेवा प्रदान गरिने क्रियाकलापहरू समावेश गरिन्छ। |
| **55** | **आवास सुविधा** |
| **551** | **अल्पकालीन आवाससम्बन्धी क्रियाकलापहरू** |
| **5510** | **अल्पकालीन आवाससम्बन्धी क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत पर्यटक, व्यवसायिक वा अन्य पाहुनालाई छोटो अवधीका लागि रातभर बस्न सुविधा उपलब्ध गराउने कार्य पर्दछ। यसमा होटेल, रिसोर्ट, गेस्ट हाउस, मोटेल, सेवा अपार्टमेन्ट सञ्चालन, कोठा भाडामा उपलब्ध गराउने सेवा पर्दछ। जस्तैः शहर वा पर्यटकीय क्षेत्रको होटल सञ्चालन गर्ने कम्पनी, रिसोर्ट/गेस्ट हाउस सञ्चालन गर्ने फर्म |
| **552** | **शिविर स्थल, मनोरञ्जनका साधनयुक्त उद्यान, टेलर पार्क** |
| **5520** | **शिविर स्थल, मनोरञ्जनका साधनयुक्त उद्यान र टेलर पार्क** |
| | यस वर्ग अन्तर्गत आवास शिविर, स्थानान्तरण गर्न मिल्नेअस्थायी घर, टेलर पार्क, मनोरञ्जन शिविरका साथै माछा मार्न तथा शिकार खेल्नका लागि अल्पकालीन आवास सुविधाको व्यवस्था; मनोरञ्जनयुक्त सवारी साधनको लागि चाहिने ठाउँ तथा सुविधाको व्यवस्था; सुरक्षित आवास वा पाल हाल्न र स्लिपिङ्ग व्याग राख्नका लागि टेन्ट गाड्न मिल्ने अस्थायी सुविधाको व्यवस्था पर्दछ । |
| **559** | **अन्य आवास सुविधा** |
| **5590** | **अन्य आवास सुविधा** |
| | यस वर्ग अन्तर्गत अस्थायी वा लामो समयावधिको लागि विद्यार्थीहरूको डोर्मीटरी (संयुक्त आवास), आप्रवासी (मौसमी) कामदारहरू र अन्य व्यक्तिहरूलाई प्रदान गरिएको आवास सुविधासम्बन्धी क्रियाकलापहरू पर्दछ ।जस्तै: विद्यार्थीहरूको आवास/ होस्टेल, विद्यालयभित्र सामुहिकरूपको बसोबास गर्ने डोर्मीटरी (school dormitories), कर्मचारी/कामदारहरूको आवास गृह, खानेबस्ने सुविधा भएका आवास भएको रेलवे यात्री सुत्ने डिब्बा (railway sleeping cars) |
| **56** | **भोजन तथा पेय पदार्थको सेवाका क्रियाकलापहरू** |
| **561** | **रेष्टुरेण्ट तथा घुम्ती खाना सेवा** |
| **5610** | **रेष्टुरेण्ट तथा घुम्ती खाना सेवा** |
| | यस वर्ग अन्तर्गत ग्राहकलाई तयार खाना वा पेय पदार्थ उपलब्ध गराउने कार्य पर्दछ। रेस्टुरेन्ट, फास्ट-फुड, मोबाइल फुड भ्यानमार्फत खाना/पेय सेवा दिने सेवा हो। यसमा रेस्टुरेन्ट सञ्चालन, बार, फास्ट-फुड सेवा, मोबाइल फुड भ्यान/ट्रक, होटलमा खाना प्रदान |

| NSIC वर्गिकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | गर्ने सेवा (restaurant section) समावेश) पर्दछ। जस्तैः शहर वा पर्यटकीय क्षेत्रमा रेस्टुरेन्ट सञ्चालन गर्ने कम्पनी, फास्ट-फुड चेन,सडक/मोबाइल फुड भ्यान सञ्चालन गर्ने संस्था |
| **562** | **विशेष समारोहमा गरिने क्याटरिङ तथा अन्य भोजन सेवाका क्रियाकलापहरू** |
| **5621** | **कुनै चाडपर्व, उत्सव तथा विशेष समयमा प्रदान गर्ने क्याटरिङ सेवाहरू** |
| | यस वर्ग अन्तर्गत ग्राहकसँगको सम्झौताका आधारमा, ग्राहकले तोकेको स्थानमा कुनै निश्चित कार्यक्रमको लागि खाद्य सेवा वा इभेन्ट क्याटरिङ (भोजभतेर व्यवस्थापन) सेवा प्रदान गर्ने कार्यहरू पर्दछ ।जस्तै: इभेन्ट क्याटरिङ (पास्नी, विवाह, ब्रतवन्ध, सांस्कृतिक पर्व आदिमा भोज वा कार्यक्रमका लागि खानाको व्यवस्था गर्ने) सेवाका कार्य। उदाहरण पार्टी प्यालेसहरु |
| **5629** | **भोजन सेवाका अन्य क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत संस्थागत वा औद्योगिक क्याटरिङ सेवा अर्थात् ग्राहकसँगको सम्झौताका आधारमा निश्चित समयावधिका लागि भोजन सेवा प्रदान गर्ने क्याटरिङ सेवाहरू; कारखाना, कार्यालय, स्कूल तथा कलेज, हस्पिटल आदि स्थानमा सहुलियत दरमा सञ्चालन गर्ने क्यान्टिन तथा क्याफटेरिया; खेलकुद वा यस्तै प्रकारका कार्यक्रमहरुमा प्रदान गरिने भोजन सुविधा, भोजन सेवा प्रदान गर्ने ठेकेदारका क्रियाकलाप (जस्तैः खाना ढुवानी गर्ने कम्पनी) पर्दछ । |
| **563** | **पेयपदार्थ सेवासम्बन्धी क्रियाकलाप** |
| **5630** | **पेयपदार्थ सेवासम्बन्धी क्रियाकलाप** |
| | यस वर्गमा प्रतिष्ठान वा इकाइको प्राङ्गणमा नै तत्काल उपभोग गर्नको लागि पेय पदार्थको तयारी र सेवा प्रदान गर्ने क्रियाकलापहरू पर्दछ । जस्तै: बार सम्बन्धी क्रियाकलापहरू, मद्यपान, भट्टी, कक्टेल लाउन्ज , डिस्कोथेक्स, बियर पार्लर तथा पव, चिया पसल, कफी सप, फलफूलका जुसको वार, पेय पदार्थको घुम्ती बिक्री सेवा प्रदायक (mobile beverage vendors) |
| **खण्ड जे (J) सूचना तथा सञ्चार** | |
| | यस खण्डमा सूचना उत्पादन तथा वितरण गर्ने, प्रसारण तथा वितरण गर्ने, सूचना प्रविधिसम्बन्धी क्रियाकलापहरू, लगत प्रशोधन र अन्य सूचनामुलक सेवा क्रियाकलापहरू। प्रकाशन (सफ्टवेयर प्रकाशनसमेत) सम्बन्धी क्रियाकलाप, चलचित्र, भिडियो र ध्वनि रेकर्डिङ, रेडियो, टेलिभिजन कार्यक्रम उत्पादन, सङ्गीत प्रकाशनसम्बन्धी क्रियाकलाप, रेडियो, टेलिभिजन, कार्यक्रम प्रसारण गतिविधि, दूरसञ्चार गतिविधिहरू, कम्प्युटर प्रोग्रामिङ, परामर्शदाता र तत्सम्बन्धी क्रियाकलापहरू र सूचना सेवासम्बन्धी क्रियाकलाप संचालन गर्ने प्रतिष्ठानहरु समावेश हुन्छन् । |
| **58** | **प्रकाशनका क्रियाकलापहरू** |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| **581** | **पुस्तक, आवधिक प्रकाशन र अन्य प्रकाशनका क्रियाकलापहरू** |
| **5811** | **पुस्तकको प्रकाशन** |
| | यस वर्गमा किताबहरुको प्रकाशन (छपाइ, इलेक्ट्रोनिक किताव, श्रव्य, इन्टरनेट) गर्ने गतिविधि आदि क्रियाकलापहरु पर्दछ । जस्तैः पुस्तक, ब्रोसर, लिफलेट, शब्दकोश, इनसाइक्लोपेडिया आदि प्रकाशनसम्बन्धी क्रियाकलापहरू; एटलस, नक्सा, चार्ट आदि प्रकाशनसम्बन्धी क्रियाकलापहरू; श्रव्य पुस्तक प्रकाशनसम्बन्धी क्रियाकलापहरू; इन्साइक्लोपेडिया, सी.डी. रोम/ पेनड्राइभमा प्रकाशन |
| **5812** | **डाइरेक्ट्री तथा पत्राचार सूचीहरूको प्रकाशन** |
| | यस वर्गमा तथ्य/सूचना (डाटावेस)हरुको प्रकाशनलाई समावेश गरिन्छ। यस्ता सूचीहरु छापा वा विद्युतीय माध्यममा प्रकाशन गर्न सकिन्छ। जस्तैःचिठ्ठीपत्र पठाउने ठेगानाहरूको सूची प्रकाशन, टेलिफोन डाइरेक्ट्रीहरूको सूची प्रकाशन, अन्य डाइरेक्ट्रीहरूको प्रकाशन (नजीरहरूको सूची, औषधीको सारसंक्षेप) साथै डिजिटल डाइरेक्टरी प्रकाशन |
| **5813** | **समाचार पत्रिका, आवधिक (प्रकाशन र जर्नलहरूको प्रकाशन** |
| | यस वर्ग अन्तर्गत छपाइ, विद्युतीय वा इन्टरनेटमार्फत अखबार, पत्रपत्रिका, जर्नल, विज्ञापन, रेडियो/टीभी तालिका आदि प्रकाशन गर्ने कार्य पर्दछ। जस्तैः गोरखापत्र |
| **5819** | **अन्य प्रकाशनसम्बन्धी क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत अन्य प्रकाशन (अनलाइनसहित) का क्रियाकलपहरु पर्दछ । जस्तैःक्याटलग, फोटो, चित्र, पोष्टकार्ड, शुभकामना कार्ड, फाराम, पोष्टर, विज्ञापन सामग्री, अन्य छापिएका सामग्री र तथ्याङ्क/ सूचनाहरूको अनलाइन प्रकाशन। |
| **582** | **सफ्टवेयर प्रकाशन** |
| **5820** | **सफ्टवेयर प्रकाशन** |
| | यस वर्ग अन्तर्गत सफ्टवेयर निर्माणका क्रियाकलापहरु पर्दछ। यसमा रेडिमेड (परिवर्तन गर्न नसकिने) सफ्टवेयरको प्रकाशन, जस्तैः अपरेटिङ सिस्टम, व्यवसायिक/अन्य एप्लीकेशन र सबै प्लेटफर्ममा चल्ने कम्प्युटर गेम। |
| **59** | **चलचित्र, भिडीयो र टेलिभिजन कार्यक्रम उत्पादन, ध्वनि रेकर्डिङ र सङ्गीत प्रकाशन गर्ने क्रियाकलापहरू** |
| **591** | **चलचित्र, भिडियो, र टेलिभिजन कार्यक्रम उत्पादन गर्ने क्रियाकलापहरू** |
| **5911** | **चलचित्र, भिडियो, र टेलिभिजन कार्यक्रम उत्पादन गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत चलचित्र, भिडियो र टेलिभिजन कार्यक्रम वा व्यापारिक विज्ञापनको उत्पादन गर्ने कार्य पर्दछ । |
| **5912** | **चलचित्र, भिडियो र टेलिभिजन कार्यक्रम उत्पादन पछिका क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत पोस्ट प्रोडक्सन गतिविधिहरु जस्तैः इडिटिङ, शीर्षक/उपशीर्षक/आभार लेख्ने, क्याप्सनिङ, कम्प्युटर ग्राफिक/एनिमेसन/विशेष प्रभाव, |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | फिल्म ट्रान्सफर, चलचित्र प्रशोधन, विकास, पुनः उत्पादन र स्टक फुटेज लाइब्रेरीसम्बन्धी कार्य पर्दछ। |
| **5913** | **चलचित्र, भिडियो र टेलिभिजन कार्यक्रमको वितरण क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत चलचित्र, भिडियो र टेलिभिजन कार्यक्रमको वितरण सम्बन्धी क्रियाकलापहरु पर्दछ । यसमा चलचित्र थिएटरको लागि भिडियो टेप, डिभिडि र अन्य यस्तै माध्यमबाट चलचित्र वितरणगर्ने। |
| **5914** | **चलचित्र प्रदर्शन क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत सिनेमाघर वा खुला स्थानमा गरिने प्रदर्शन वा अन्य प्रदर्शन स्थलमा चलचित्र तथा भिडियो प्रर्दशन र  सिने क्लब सम्बन्धी क्रियाकलाप। |
| **592** | **ध्वनि रेकर्डिड तथा सङ्गीत प्रकाशन गर्ने क्रियाकलापहरू** |
| **5920** | **ध्वनि  रेकर्डिङ तथा संगीत प्रकाशन गर्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत ध्वनि रेकर्डिङ्ग (मास्टर/सीडी), **स्टुडियो रेकर्डिङ,** चलचित्र/टेलिभिजन/रेडियो/भिडियो ध्वनि प्रकाशन, **सङ्गीत कम्पोजिशनको अधिकार दर्ता, प्रवर्धन, र प्रतिलिपि अधिकार वितरण पर्दछ**। |
| **60** | **कार्यक्रम निर्माण तथा प्रसारण** |
| **601** | **रेडियो प्रसारण** |
| **6010** | **रेडियो प्रसारण** |
| | यस वर्ग अन्तर्गत रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने कार्य पर्दछ। अर्थात् समाचार, संगीत, विज्ञापन आदि सामग्री तयार गरी ए.एम., एफ.एम. वा डिजिटल माध्यमबाट श्रोतासम्म प्रसारण गर्ने सेवा। यसमा एफ.एम./ए.एम. रेडियो स्टेशन सञ्चालन, रेडियो समाचार प्रसारण, रेडियो विज्ञापन प्रसारण, अनलाइन रेडियो सेवा पर्दछ। जस्तैः सामुदायिक एफ.एम. रेडियो, व्यावसायिक रेडियो स्टेशन। |
| **602** | **टेलिभिजन कार्यक्रम उत्पादन तथा प्रसारण क्रियाकलापहरू** |
| **6020** | **टेलिभिजन कार्यक्रम उत्पादन तथा प्रसारण क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत टेलिभिजन कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने कार्य पर्दछ। समाचार, सिरियल, मनोरञ्जन आदि कार्यक्रम तयार गरी स्याटेलाइट, केबल वा डिजिटल माध्यमबाट दर्शकसम्म प्रसारण गर्ने सेवा। यसमा टेलिभिजन च्यानल सञ्चालन, TV समाचार प्रसारण, सिरियल/रियालिटी शो प्रसारण, TV विज्ञापन प्रसारण पर्दछ। जस्तैः समाचार च्यानल सञ्चालन गर्ने कम्पनी, मनोरञ्जन TV च्यानल। |
| **61** | **दूरसञ्चार** |
| **611** | **तारको माध्यमबाट गरिने दूरसञ्चारका क्रियाकलापहरू** |
| **6110** | **तारको माध्यमबाट गरिने दूरसञ्चारसम्बन्धी क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने कार्य पर्दछ। |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | समाचार, संगीत, विज्ञापन आदि सामग्री तयार गरी ए.एम., एफ.एम. वा डिजिटल माध्यमबाट श्रोतासम्म प्रसारण गर्ने सेवा। यसमा एफ.एम./ए.एम. रेडियो स्टेशन सञ्चालन, रेडियो समाचार प्रसारण, रेडियो विज्ञापन प्रसारण, अनलाइन रेडियो सेवा पर्दछ। जस्तैः सामुदायिक एफ.एम. रेडियो, व्यावसायिक रेडियो स्टेशन। |
| **6120** | **ताररहितको दूरसञ्चार क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत टावर/रेडियो सिग्नलमार्फत (तार बिना) टेलिफोन, इन्टरनेट वा डाटा सेवा उपलब्ध गराउने कार्य पर्दछ। यसमा मोबाइल सञ्जाल (wireless network) बाट ग्राहकसम्म सेवा पुग्छ। जस्तैः मोबाइल फोन सेवा (GSM, CDMA आदि),मोबाइल डेटा/इन्टरनेट सेवा (3G/4G/5G),वायरलेस ब्रडब्यान्ड सेवा,टावरमार्फत VoIP सेवा पर्दछ। (सिम कार्ड प्रयोग गरेर कल र इन्टरनेट दिने कम्पनी,मोबाइल टावर सञ्चालन गर्ने सेवा प्रदायक) |
| **6130** | **भू-उपग्रह दूरसञ्चार क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत स्याटेलाइटमार्फत टेलिफोन, इन्टरनेट वा डाटा सेवा उपलब्ध गराउने कार्य पर्दछ। अर्थात् सेवा ग्राहकसम्म उपग्रह (satellite) सञ्जाल बाट पुग्छ। यसमा स्याटेलाइट फोन सेवा, VSAT सेवा, स्याटेलाइट इन्टरनेट सेवा, स्याटेलाइटमार्फत डाटा प्रसारण सेवा पर्दछ। जस्तैः दूरदराज क्षेत्रमा स्याटेलाइट डिशमार्फत इन्टरनेट दिने कम्पनी, स्याटेलाइट फोन सेवा प्रदायक। |
| **6190** | **अन्य दूरसञ्चार क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत अन्यत्र स्पष्ट रूपमा नपरेका दूरसञ्चारसम्बन्धी सेवा प्रदान गर्ने कार्यहरू पर्दछन्। 6110 (तारयुक्त), 6120 (ताररहित/मोबाइल) र 6130 (स्याटेलाइट) मा प्रत्यक्ष रूपमा नपर्ने तर दूरसञ्चार सञ्जालसँग सम्बन्धित सेवा यसमा समावेश हुन्छन्। यसमा इन्टरनेट एक्सचेन्ज सेवा (ISP), दूरसञ्चार पुनर्विक्रिता (reseller) सेवा, दूरसञ्चार सञ्जाल क्षमताको थोक बिक्री, विशेष संचार सेवा, अन्य डाटा ट्रान्समिशन सेवा पर्दछ। जस्तैःआफ्नै नेटवर्क नबनाई अन्य कम्पनीको सञ्जाल भाडामा लिएर सेवा पुनःबिक्री गर्ने कम्पनी,इन्टरनेट ट्राफिक आदान-प्रदान गराउने संस्था (Internet Exchange), विशेष प्रयोजनको संचार सेवा प्रदायक |
| **62** | **कम्प्युटर प्रोग्रामिङ, परामर्श र तत्सम्बन्धित क्रियाकलापहरू** |
| **620** | **कम्प्युटर प्रोग्रामिङ, परामर्श र सम्बन्धी क्रियाकलापहरू** |
| **6201** | **कम्प्युटर प्रोग्रामिङका क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत कम्प्युटर सफ्टवेयर, एप्लिकेसन वा प्रणालीको डिजाइन, लेखन (coding), परीक्षण, परिमार्जन तथा विकास गर्ने कार्य पर्दछ। अर्थात् ग्राहकको आवश्यकताअनुसार नयाँ सफ्टवेयर/एप बनाउने वा विद्यमान सफ्टवेयर परिमार्जन गर्ने सेवा हो। यसमा कस्टम सफ्टवेयर विकास, वेब एप्लिकेसन विकास, मोबाइल एप विकास, सिस्टम सफ्टवेयर विकास, डाटाबेस तथा एप्लिकेसन प्रोग्रामिङ, सफ्टवेयर परीक्षण तथा डिबगिङ पर्दछ। जस्तैःकुनै संस्थाको लागि लेखा/ERP सफ्टवेयर बनाउने |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | कम्पनी,मोबाइल एप (Android/iOS) विकास गर्ने फर्म,वेबसाइट तथा वेब एप्लिकेसन विकास गर्ने कम्पनी |
| **6202** | **कम्प्युटर परामर्श तथा कम्प्युटर सेवा सुविधाहरू व्यवस्थापन क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत कम्प्युटर प्रणाली, सूचना प्रविधि (IT) पूर्वाधार र सफ्टवेयरसम्बन्धी परामर्श, योजना तथा प्रणाली डिजाइन गर्ने कार्य पर्दछ। ग्राहकको आवश्यकता विश्लेषण गरी कस्तो हार्डवेयर, सफ्टवेयर, नेटवर्क वा IT प्रणाली अपनाउने भन्ने सल्लाह र डिजाइन प्रदान गर्ने सेवा हो (स्वयं कोड लेख्ने मुख्य कार्य होइन)। यसमा IT परामर्श सेवा, सिस्टम आर्किटेक्चर डिजाइन, नेटवर्क डिजाइन योजना, IT रणनीति परामर्श, ERP/Software छनोट तथा कार्यान्वयन परामर्श, साइबर सुरक्षा परामर्श पर्दछ। जस्तैः कुनै बैंकलाई IT प्रणाली सुधारका लागि परामर्श दिने कम्पनी,अफिसको नेटवर्क संरचना योजना बनाइदिने फर्म, ERP प्रणाली छनोट तथा कार्यान्वयन सल्लाह दिने संस्था |
| **6209** | **अन्य सूचना प्रविधि तथा कम्प्युटर सेवासम्बन्धी क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत अन्यत्र स्पष्ट रूपमा नपरेका कम्प्युटर तथा IT सम्बन्धी सेवा प्रदान गर्ने कार्य पर्दछ। सफ्टवेयर विकास (6201) वा IT परामर्श/डिजाइन (6202) बाहेक अन्य IT/कम्प्युटर सेवा यसमा पर्छ। कम्प्युटर बिग्रेको रिकोभरी, निजी कम्प्युटरम इन्टल वा सेट अप गर्ने, सफ्टवेयर इन्टल गर्ने । |
| **63** | **सूचना सेवा क्रियाकलापहरू** |
| **631** | **डाटा प्रशोधन, होस्टिङ र सम्बन्धित क्रियाकलापहरू, वेब पोर्टल** |
| **6311** | **डाटा प्रशोधन, होस्टिङ र सम्बन्धित क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत डाटा प्रोसेसिङ, वेब होस्टिङ, क्लाउड सेवा, तथा IT प्रणाली संचालनसम्बन्धी सेवा प्रदान गर्ने कार्य पर्दछ। अर्थात् ग्राहक वा संस्थाका लागि डेटा भण्डारण, प्रशोधन, व्यवस्थापन र डिजिटल सेवा सञ्चालन गर्ने सेवा हो। यसमा वेब/क्लाउड होस्टिङ सेवा, डेटा प्रोसेसिङ सेवा, IT सिस्टम सञ्चालन सेवा, डाटाबेस व्यवस्थापन, वेबसाइट/सर्भर सञ्चालन तथा मेन्टेनेन्स पर्दछ। जस्तैः कम्पनीको वेबसाइट वा एप्लिकेसन होस्टिङ गर्ने फर्म, क्लाउड प्लेटफर्म सेवा दिने कम्पनी, ग्राहकको डाटाबेस सञ्चालन र मर्मत गर्ने IT सेवा प्रदायक |
| **6312** | **वेब पोर्टल** |
| | यस वर्ग अन्तर्गत वेब पोर्टल निर्माण, सञ्चालन र प्रबन्ध गर्ने कार्य पर्दछ। अर्थात् वेबमार्फत सूचना, सेवा, सामग्री वा व्यापारिक प्लेटफर्म उपलब्ध गराउने सेवा हो। यसमा समाचार पोर्टल सञ्चालन, ई—कमर्स पोर्टल व्यवस्थापन, सामाजिक/व्यावसायिक वेब प्लेटफर्म सञ्चालन, अनलाइन सेवाको व्यवस्थापन पर्दछ। जस्तैः अनलाइन समाचार वेबसाइट सञ्चालन गर्ने कम्पनी,ई—कमर्स पोर्टल (जस्तै, अनलाइन किनमेल प्लेटफर्म) सञ्चालन गर्ने संस्था,वेब प्लेटफर्ममार्फत सेवा वा सूचना उपलब्ध गराउने फर्म |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| **639** | **अन्य सूचना सेवाका क्रियाकलापहरू** |
| **6391** | **समाचार एजेन्सीका क्रियाकलापहरू** |
| | यस अन्तर्गत मिडियाका लागि समाचार, तस्विर र सामग्री उत्पादन कार्य पर्दछ। **उदाहरणः राष्ट्रिय समाचार समिति।** |
| **6399** | **अन्यत्र उल्लेख नगरिएका अन्य सूचना सेवाका विभिन्न क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत अन्यत्र स्पष्ट रूपमा नपरेका सूचना सेवा वा IT/डिजिटल सेवा प्रदान गर्ने कार्य पर्दछ। यसमा अनलाइन खोजी सेवा, डिजिटल सामग्री वितरण, विशेष सूचना प्रणाली सञ्चालन, अन्य IT/डिजिटल सूचना सेवा पर्दछ। जस्तैः अनलाइन खोजी (search engine) सेवा दिने कम्पनी,डिजिटल सामग्री (e-books, समाचार, भिडियो आदि) वितरण गर्ने संस्था,अन्य सूचना प्रणाली सञ्चालन गर्ने IT/डिजिटल सेवा प्रदायक |
| **खण्ड के (K) वित्तीय तथा बीमासम्बन्धी क्रियाकलापहरू** | |
| | यस खण्डमा बैंकिंग सेवा; बिमा, पुनर्बिमा तथा पेन्सन कोष, सामाजिक सुरक्षा कोष लगायतका वित्तीय सेवा र ती सेवाहरूलाई सहयोग गर्ने क्रियाकलापहरु पर्दछ । साथै, होल्डिङ कम्पनीसँगको व्यावसायिक वित्तीय गतिविधि, ट्रष्ट, कोष र यस्तै वित्तीय गतिविधि संचालन गर्ने प्रतिष्ठानहरु समावेश गरिन्छ । |
| **64** | **बिमा एवं पेन्सन कोषबाहेकका वित्तीय सेवाका क्रियाकलापहरू** |
| **641** | **मौद्रिक मध्यस्थता** |
| **6411** | **केन्द्रीय बैंकका क्रियाकलाप** |
| | यस वर्ग अन्तर्गत देशको केन्द्रीय बैंकद्वारा सञ्चालन हुने वित्तीय गतिविधि पर्दछन्। यसमा मुद्रा जारी गर्नु, मौद्रिक नीति व्यवस्थापन, राष्ट्रको वित्तीय स्थायित्व कायम राख्ने काम समावेश हुन्छ। जस्तैःनेपाल राष्ट्र बैंकको केन्द्रीय कार्यालय |
| **6419** | **अन्य मौद्रिक मध्यस्थतासम्बन्धी क्रियाकलाप** |
| | यस वर्ग अन्तर्गत केन्द्रीय बैंक बाहेकका बैंक तथा वित्तीय संस्था/वित्तीय मध्यस्थताबाट गरिने मौद्रिक सेवा पर्दछन्। यसमा ऋण, निक्षेप, क्रेडिट कार्ड, भुक्तानी व्यवस्थापन, मुद्रा हस्तान्तरण आदि समावेश हुन्छ। जस्तै : बैंकहरू (वाणिज्य ब्याङ्क, विकास ब्याङ्क, वित्तीय संस्था, बचत तथा ऋण सहकारी आदि); बचत बैंक; ऋण प्रदान गर्ने केन्द्रहरू; मौद्रिक मध्यस्थता संवन्धी कार्य गर्ने; हुलाक बचत ब्याङ्कका क्रियाकलाप; विशेष निक्षेप सङ्कलन गर्ने संस्थाहरूमार्फत् घर खरिदका लागि ऋण प्रदान गर्ने; धनादेश सेवा (रेमिट, ड्राफ्ट, टीटी आदि) |
| **642** | **होल्डीङ्ग कम्पनीका क्रियाकलापहरू** |
| **6420** | **होल्डीङ्ग कम्पनीका क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत आफ्ना अधिनस्थ कम्पनीको सम्पत्ति जमानीको रूपमा आफ्नो नाममा राख्ने, भोग चलनगर्ने र ऋण प्रवाह गर्ने होल्डिङ कम्पनीका क्रियाकलापहरू पर्दछ । |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | उदाहरण विभिन्न ब्यापारिक ग्रुप जस्तै IME Group |
| **643** | **ट्रष्ट, कोष, तथा यस्तै किसिमका वित्तीय निकायहरूको क्रियाकलाप** |
| **6430** | **ट्रष्ट, कोष, तथा यस्तै किसिमका वित्तीय एकाइहरू** |
| | यस वर्ग अन्तर्गत वित्तीय ट्रस्ट, कोष, म्युचुअल फन्ड र अन्य समान वित्तीय निकायको सञ्चालन र व्यवस्थापन सम्बन्धी गतिविधि पर्दछन्। यसमा लगानी कोष व्यवस्थापन, ट्रस्ट सञ्चालन र अन्य वित्तीय निकाय सञ्चालन समावेश हुन्छ। जस्तैः म्युचुअल फण्ड; नागरिक लगानिकोषको Unit Scheme (एकाइ योजना) |
| **649** | **बिमा एवं पेन्सन कोषबाहेकका अन्य वित्तीय सेवा क्रियाकलापहरू** |
| **6491** | **वित्तीय ठेक्कापट्टा** |
| | यस वर्गअन्तर्गत वित्तीय लिज सेवा पर्दछ। यसमा कम्पनीहरूले ग्राहकलाई संपत्ति वा उपकरण लिजमा दिने, तर सम्पत्ति मालिकको अधिकार र जोखिम व्यवस्थापन वित्तीय ढाँचामा गर्ने काम समावेश हुन्छ।<br>वित्तीय ठेक्कापट्टा भनेको यस्तो वित्तीय व्यवस्था हो जहाँ कुनै वित्तीय संस्थाले कुनै सम्पत्ति (जस्तैः मेसिन, गाडी, उपकरण) किनेर ग्राहकलाई लामो अवधिको लागि प्रयोग गर्न दिन्छ। यसमा सम्पत्तिको कानुनी स्वामित्व बैंकसँग भए तापनि, त्यसको प्रयोगबाट हुने सबै फाइदा र त्यससँग जोडिएका सबै जोखिमहरू ग्राहकले नै व्यहोर्छन्। जस्तैःकुनै वित्तीय संस्थाले कुनै निश्चित अवधिका लागि कुनै निर्माण व्यवसायको लागि डोजर वा एक्साभेटर वा हेवी मेसिनरी "लीज" मा उपलब्ध गरिदिनु र किस्ता भुक्तानी गरेपछी उक्त निर्माण प्रतिष्ठानको नाममा स्वामित्व हस्तान्तरण गर्नु वित्तीय ठेक्कापट्टाको उदाहरण हो । |
| **6492** | **अन्य कर्जा स्वीकृत गर्ने क्रियाकलाप** |
| | यस वर्गअन्तर्गत बैंक बाहेक अन्य वित्तीय संस्था वा कम्पनीले ग्राहकलाई ऋण/क्रेडिट दिने सेवा पर्दछ। यसमा व्यक्तिगत, व्यवसायिक वा साना-ठूला ऋण/क्रेडिट सुविधा उपलब्ध गराउने कार्य समावेश हुन्छ। जस्तैः व्यक्तिगत सम्पत्ति धितो लिई ब्याजमा रकम लगानी गर्ने पसल वा साहू महाजन |
| **6499** | **बिमा र पेन्सन कोषबाहेकका अन्यत्र वर्गीकृत नभएका अन्य वित्तीय सेवा क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत अन्यत्र छुट्टै वर्गीकृत नभएका वित्तीय सेवा पर्दछन्। यसमा बैंक, बीमा, वित्तीय लिज वा सामान्य ऋण/क्रेडिट बाहेकका वित्तीय सेवा गतिविधिहरू समावेश हुन्छ। जस्तैः Factoring Activities, Venture Capital ; वित्तीय जोखिम व्यवस्थापन, लगानी क्लब वा समूह, भेन्चर क्यापिटल र प्राइभेट इक्विटी लगानी कम्पनीहरु (जसले अरूलाई ऋण दिँदैनन् तर आफ्नो पूँजी सहायक कम्पनीहरू वा शेयर बजारमा लगानी गर्छन्) |
| **651** | **बिमा (Insurance)** |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| **6511** | **जीवन बिमा (Life insurance)** |
| | यस वर्ग अन्तर्गत जीवन बीमा कम्पनी वा संस्थाहरूद्वारा प्रदान गरिने सेवा पर्दछ। यसमा जीवन बीमा पोलिसी बिक्री, दाबी व्यवस्थापन, जोखिम मूल्याङ्कन र ग्राहक सेवा समावेश हुन्छ। जस्तैः राष्ट्रिय जीवन बीमा कम्पनी नेपाल लाइफ इन्स्योरेन्स कम्पनी, ,नेशनल लाइफ इन्स्योरेन्स, एलआईसी नेपाल |
| **6512** | **निर्जीवन बिमा** |
| | यस वर्ग अन्तर्गत जीवन बीमा बाहेकका बीमा कम्पनी वा संस्थाहरूको गतिविधि पर्दछन्। यसमा सवारी, सम्पत्ति, स्वास्थ्य, दुर्घटना, व्यवसायिक वा अन्य अजीवन बीमा सेवा समावेश हुन्छ। जस्तैः दुर्घटना तथा अग्नि बिमा, स्वास्थ्य बिमा, यातायात बिमा, सम्पत्ति बिमा, मोटर, जल, उडान र स्थल यातायात बिमा, आर्थिक क्षति तथा दायित्व बिमा |
| **652** | **पुनर्बीमा** |
| **6520** | **पुनर्बिमा** |
| | यस वर्ग अन्तर्गत बीमा कम्पनीहरूले आफ्नो जोखिम अर्को बीमा कम्पनी (Reinsurance Company) लाई हस्तान्तरण गर्ने कार्य पर्दछ। यसलाई पुनर्बीमा भनिन्छ। अर्थात्, जब एउटा बीमा कम्पनीले ठूलो जोखिम एक्लै बहन गर्न नसक्ने अवस्था हुन्छ, त्यस जोखिमको केही हिस्सा वा पूरा भाग अर्को बीमा कम्पनीलाई सुम्पिन्छ ।जस्तै: नेपाल पुनर्बीमा कम्पनी लिमिटेड; हिमालयन पुनर्बीमा लिमिटेड |
| **653** | **निवृत्तिभरण कोषका क्रियाकलाप** |
| **6530** | **निवृत्तिभरण कोषका क्रियाकलाप** |
| | यस वर्ग अन्तर्गत पेन्सन कोष सञ्चालन तथा व्यवस्थापन गर्ने कार्यहरू पर्दछन्। अर्थात्, भविष्यमा अवकाश पछि आय सुनिश्चित गर्नका लागि रकम संकलन, लगानी र वितरण गर्ने संस्थागत गतिविधि पर्दछ। जस्तैः<br>नागरिक लगानी कोष, सञ्चय कोष, सामाजिक सुरक्षा कोष |
| **66** | **वित्तीय सेवा तथा बिमासम्बन्धी सहायक क्रियाकलापहरू** |
| **661** | **बिमा एवं निवृत्तिभरण कोषबाहेकका वित्तीय सेवा गतिविधिका सहायक क्रियाकलाप** |
| **6611** | **वित्तीय बजार प्रशासन** |
| | यस वर्ग अन्तर्गत सार्वजनिक निकायहरुबाट गरिने बाहे सेयर बजार वा अन्य वित्तीय बजार सञ्चालन र व्यवस्थापन गर्ने संस्था पर्दछन्। यसमा बजार सञ्चालन, कारोबार व्यवस्थापन, नियम कार्यान्वयन, सूचीकरण (listing) तथा निगरानी जस्ता कार्य समावेश हुन्छन्। समावेश हुने गतिविधिहरू: सेयर बजार सञ्चालन, प्रतिभूति कारोबार व्यवस्थापन, कम्पनीहरूको सूचीकरण,बजार निगरानी तथा नियमन सहयोग,इलेक्ट्रोनिक ट्रेडिङ प्लेटफर्म सञ्चालन ।उदाहरण:नेपाल स्टक एक्सचेन्ज (NEPSE) |
| **6612** | **सुरक्षण तथा वस्तु सम्झौता दलाली** |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | यस वर्ग अन्तर्गत अरूको तर्फबाट वित्तीय बजारमा कारोबार गरिदिने (जस्तैः शेयर दलाली वा स्टक ब्रोकिङ); धितोपत्र दलाली,वस्तु विनिमय दलाली वा सम्झौता,मुद्रा सटही काउन्टरहरू का क्रियाकलापहरू पर्दछ ।(जस्तैःनेपाल स्टक एक्सचेन्ज अन्तर्गत कार्यरत लाइसेन्स प्राप्त ब्रोकर कम्पनीहरू र मनि चेन्जर पसलहरू) |
| **6619** | **वित्तीय सेवा गतिविधिका अन्य सहायक क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत बैंक, बीमा वा स्टक एक्सचेन्ज स्वयं सञ्चालन नगरीकन तिनलाई सहयोग गर्ने वित्तीय सेवासम्बन्धी अन्य सहायक गतिविधिहरू पर्दछन्। यसमा निक्षेप लिने, ऋण दिने, बीमा गर्ने वा सेयर बजार सञ्चालन गर्ने मुख्य कार्य हुँदैन, तर वित्तीय कारोबारलाई सहयोग गर्ने सेवा प्रदान गरिन्छ। |
| **662** | **बिमा तथा निवृत्तिभरणका सहायक क्रियाकलापहरू** |
| **6621** | **जोखिम तथा क्षति मूल्याङ्कन** |
| | यस अन्तर्गत बीमा कम्पनीको तर्फबाट वा स्वतन्त्र रूपमा बीमा सम्बन्धी जोखिमको मूल्याङ्कन गर्ने तथा क्षतिको आकलन गर्ने सेवा पर्दछन्। यी संस्थाहरूले स्वयं बीमा सेवा प्रदान गर्दैनन्, तर बीमा दाबी तथा जोखिम मूल्याङ्कनमा प्राविधिक सहयोग पुर्‍याउँछन्। उदाहरणहरू बीमा सर्भेयरहरू (Insurance Surveyors), नोक्सानी मूल्याङ्कनकर्ता (Loss Assessors) |
| **6622** | **बिमा अभिकर्ता तथा दलालका क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत बीमा मध्यस्थकर्ताहरूको रूपमा बीमा एजेन्ट र ब्रोकरहरूले गर्ने क्रियाकलापहरू जस्तैः वार्षिकी (annuities), बीमा (insurance) र पुनर्बीमा (reinsurance) पोलिसीहरूको बिक्री गर्ने पर्दछ । उदाहरण बीमा एजेन्टहरू, बीमा ब्रोकर कम्पनीहरू; पुनर्बीमा ब्रोकरहरू |
| **6629** | **बिमा तथा निवृत्तिभरण कोषका अन्य सहायक क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत बीमा र निवृत्तिभरण (पेन्सन) कोषसँग सम्बन्धित वा त्यससँग नजिक रहेका अन्य सहयोगी क्रियाकलापहरू पर्दछ । जस्तैः साल्भेज प्रशासन; एक्चुअरियल सेवाहरू |
| **663** | **कोष व्यवस्थापन क्रियाकलापहरू** |
| **6630** | **कोष व्यवस्थापन क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत व्यक्ति, व्यवसाय वा अन्यहरुको लागि सशुल्क वा सम्झौताको आधारमा पोर्टफोलियो (विभिन्न लगानीको समूह) र कोष व्यवस्थापन गर्ने क्रियाकलापहरू पर्दछ ।जस्तैः सामूहिक लगानी कोष (म्युचुअल फन्ड) को व्यवस्थापन, अन्य लगानी कोषहरूको व्यवस्थापन (क्यापिटल मार्केट र लगानी व्यवस्थापन गर्ने कम्पनीहरू) |
| **खण्ड एल (L )घरजग्गा कारोबारका व्यवसायिक क्रियाकलापहरू** | |
| | यस खण्डमा जग्गा जमिनको खरिद बिक्री, जग्गा जमिन भाडामा लगाउने, अन्य |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | घरजग्गा कारोवारका सेवा दिने कार्यहरू जस्तैः घरजग्गा कारोवारको लागि मूल्याङ्कन सेवा प्रदान गर्ने वा घरजग्गा कारोवारको खरिद बिक्रीको लागि तेस्रो व्यक्तिको लागि जमानी बस्ने एजेण्ट (escrow agents) क्रियाकलाप; शुल्क तथा सम्झौताका आधारमा घरजग्गा कारोवारको खरिद बिक्री तथा भाडा लिनेदिने कार्यको मध्यस्थता कार्य संचालन गर्ने प्रतिष्ठानहरु समावेश गरिन्छ । |
| **68** | **घरजग्गा कारोवारका व्यवसायिक क्रियाकलापहरू** |
| **681** | **आफ्नै वा कबुलियत घरजग्गा कारोवारका क्रियाकलापहरू** |
| **6810** | **आफ्नै वा कबुलियत घरजग्गा कारोवारका क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत आफ्नै स्वामित्वमा रहेको सम्पत्ति (Real Estate) खरिद/बिक्री गर्ने गतिविधि पर्दछ। यसमा कम्पनी/व्यक्तिले आफ्नै प्रोजेक्ट वा सम्पत्ति किन्दै बिक्री गर्ने कार्य समावेश हुन्छ। समावेश हुने गतिविधिहरू: भवन, घर, अपार्टमेन्ट आदि खरिद र बिक्री, व्यावसायिक सम्पत्ति खरिद—बिक्री, भूमिसम्बन्धी व्यापार । उदाहरण:Developer कम्पनीले आफ्नै बनाएको अपार्टमेन्ट बिक्री गर्छ,कम्पनीले आफ्नो कार्यालय भवन बिक्री। |
| **682** | **शुल्क वा सम्झौताका आधारमा गरिने घरजग्गा कारोवारका क्रियाकलापहरू** |
| **6820** | **शुल्क वा सम्झौताका आधारमा गरिने घरजग्गा कारोवारका क्रियाकलापहरू** |
| | यस वर्गमा शुल्क वा सम्झौताको आधारमा गरिने जरजग्गा कारोकारको वा सोसँग सम्बन्धित क्रियाकलापहरु पर्दछ ।जस्तैः घरजग्गा एजेन्ट तथा ब्रोकर (दलाल) हरूको क्रियाकलाप, मध्यस्थता ( निश्चित शुल्क वा कमिसन लिएर घरजग्गा खरिद, बिक्री वा भाडामा लगाउनका लागि गरिने), घरजग्गा शुल्क वा सम्झौताको आधारमा अरूको घरजग्गाको रेखदेख र व्यवस्थापन गर्ने कार्य; जग्गा वा भवनको बजार मूल्य कति छ भनेर मूल्याङ्कन गर्ने सेवा; घरजग्गा कारोबारमा पैसा र कागजातहरूको सुरक्षित हस्तान्तरणका लागि मध्यस्थता गर्ने एजेन्टहरू ।(घरजग्गा एजेन्सीहरू,व्यक्तिगत ब्रोकर वा दलाल ,घरजग्गा मूल्याङ्कनकर्ता; सम्पत्ति व्यवस्थापन कम्पनी( ठूला मल, अपार्टमेन्ट वा व्यावसायिक भवनहरूको रेखदेख, सरसफाइ, सुरक्षा र भाडा उठाउने जिम्मा लिने कम्पनीहरू); अनलाइन पोर्टलहरू (Online Portals) Nepal Homes आदि) |
| **खण्ड एम (M ) पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू** | |
| | यस खण्डमा विशिष्टीकृत पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू; यस्ता क्रियाकलापहरू सम्पादन गर्नका लागि उच्चस्तरीय तालिम तथा विशेष प्रकारको ज्ञान, दक्षता र सिपको आवश्यकता पर्ने क्रियाकलापहरु संचालन गर्ने प्रतिष्ठान पर्दछन । |
| **69** | **कानून तथा लेखासम्बन्धी क्रियाकलापहरू** |
| **691** | **कानून तथा लेखासम्बन्धी क्रियाकलापहरू** |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| **6910** | **कानूनी क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत कानुनी सेवा सम्बन्धी सबै गतिविधि पर्दछन्। यसमा कानून सल्लाह, प्रतिनिधित्व, दस्तावेज तयार गर्ने र अदालतमा प्रतिनिधित्व गर्ने सेवा समावेश हुन्छ। यसमा वकिल/अधिवक्ता द्वारा कानुनी परामर्श, अदालतमा प्रतिनिधित्व, कानुनी दस्तावेज तयार पार्ने सेवा, कानुनी अनुसन्धान, कानुनी मध्यस्थता/अर्बिट्रेशन (Mediation/Arbitration) पर्दछ । उदाहरण वकिल कार्यालय/फर्म, कानुनी सल्लाह दिने कानुनी कन्सल्टेन्सी,अदालतमा प्रतिनिधित्व गर्ने अधिवक्ता, नोटरी पब्लिक |
| **692** | **लेखा, श्रेस्ता (बहिखाता), लेखापरीक्षण र कर परामर्शसम्बन्धी क्रियाकलापहरू** |
| **6920** | **लेखा, श्रेस्ता (बहिखाता), लेखापरीक्षण र कर परामर्शसम्बन्धी क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत प्रतिष्ठानहरुका कारोवारहरूको श्रेस्ता राख्ने; वित्तीय लेखाको तयारी तथा लेखा परीक्षण गर्ने; लेखा श्रेस्ताको जाँच गर्ने र दुरुस्त÷शुद्धता भएको प्रमाणित गर्ने ; आयकर फिर्ता{सम्बन्धी प्रतिवेदन तयारी ; कर निकायहरूमा ग्राहकको तर्फबाट प्रदान गरिने सल्लाह तथा प्रतिनिधित्वका कार्यहरू पर्दछ । जस्तैः अडिट फर्म,व्यक्तिगत वा कम्पनीको कर सल्लाह दिने कन्सल्टेन्सी, लेखा/ बुककिपिङ सेवा दिने व्यवसाय |
| **70** | **केन्द्रीय कार्यालयको गतिविधि तथा व्यवस्थापन परामर्शसम्बन्धी क्रियाकलापहरू** |
| **701** | **केन्द्रीय कार्यालयका क्रियाकलापहरू** |
| **7010** | **केन्द्रीय कार्यालयका क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत कम्पनी वा संस्था/उद्यमका मुख्य कार्यालय (Head Office) सञ्चालन सम्बन्धी गतिविधि पर्दछ। मुख्य कार्यालयले कम्पनीको कुल सञ्चालन व्यवस्थापन, नीति निर्धारण र निर्देशन कार्य गर्छ, तर सिधै उत्पादन वा सेवा उत्पादन गर्दैन। यसमा कम्पनी/संस्थाको मुख्य प्रशासन र निर्देशन, नीति र रणनीति निर्धारण, विभिन्न शाखा वा उप-केन्द्रको व्यवस्थापन, कम्पनीको समग्र प्रशासनिक नियन्त्रण, वित्तीय, मानव-स्रोत, मार्केटिङ निर्णयको सुपरिवेक्षण जस्ता क्रियाकलाप समावेश हुन्छ । *उदाहरण : बैंक तथा वित्तीय संस्थाका केन्द्रीय कार्यालयहरू; व्यावसायिक समूहका कर्पोरेट कार्यालयहरू (Business Groups जस्तै चौधरी ग्रुप (CG), गोल्छा ग्रुप, जगदम्बा ग्रुप जस्ता ठूला औद्योगिक घरानाका मुख्य कार्यालयहरू); बीमा कम्पनीका मुख्य कार्यालयहरू* |
| **702** | **व्यवस्थापन परामर्शका क्रियाकलापहरू** |
| **7020** | **व्यवस्थापन परामर्शका क्रियाकलापहरू** |
| | यस वर्गमा व्यवस्थापन विषयहरुमा व्यावसायिक तथा अन्य सङ्गठनहरुलाई सल्लाह तथा सञ्चालन सहायतार मार्गदर्शन प्रदान गर्ने कार्य पर्दछ ।जस्तैःरणनीतिक र संगठनात्मक योजना; वित्तीय प्रकृतीका निर्णयहरू; बजार व्यवस्थापन नीति; मानव संसाधन नीति र अभ्यास; उत्पादन योजना; व्यावसायिक सेवा अन्तर्गत सेवाहरु जनसम्पर्क र सञ्चार ; लबिइङ (Lobbying); लेखा प्रणालीको डिजाइन; दक्षता र |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | नियन्त्रण *उदाहरण नयाँ उद्योग वा व्यवसाय कसरी सञ्चालन गर्ने भनेर योजना (Business Plan) बनाइदिने कन्सल्टेन्सीहरू।* |
| **71** | **भवन निर्माण कला र इन्जिनियरिङ क्रियाकलापहरू तथा प्राविधिक परीक्षण र विश्लेषण** |
| **711** | **भवन निर्माण कला र इन्जिनियरिङ क्रियाकलापहरू तथा सम्बन्धित प्राविधिक परामर्श सेवा** |
| **7110** | **भवन निर्माण कला र इन्जिनियरिङ क्रियाकलापहरू तथा सम्बन्धित प्राविधिक परामर्श सेवा** |
| | यस वर्ग अन्तर्गत वास्तुकला सेवाहरू, इन्जिनियरिङ तथा प्राविधिक सल्लाह सेवा पर्दछन्। यसमा भवन, सडक, पुल, औद्योगिक संरचना वा अन्य इन्जिनियरिङ प्रोजेक्टको योजना, डिजाइन, अनुगमन र सल्लाह समावेश हुन्छ। जस्तैः *इन्जिनियरिङ कन्सल्टेन्सीहरू, जलविद्युत (Hydropower) डिजाइन फर्महरू, इन्टेरियर र ल्याण्डस्केप डिजाइन (बगैंचा, पार्क वा घरको बाहिरी सजावटको डिजाइन गर्ने वास्तुकला विज्ञहरू); वातावरणीय प्रभाव मूल्याङ्कन (EIA/IEE)* |
| **712** | **प्राविधिक परीक्षण एवं विश्लेषण** |
| **7120** | **प्राविधिक परीक्षण एवं विश्लेषणका कार्यहरू** |
| | यस वर्ग अन्तर्गत वस्तु, सामग्री वा प्रणालीको प्राविधिक परीक्षण, गुणस्तर जाँच र विश्लेषण गर्ने सेवा पर्दछन्। यसमा परीक्षण प्रयोगशाला (Laboratory testing), गुणस्तर नियन्त्रण, निरीक्षण र अनुसन्धान गतिविधि समावेश हुन्छ। समावेश हुने गतिविधिहरू: भौतिक, रासायनिक वा जैविक परीक्षण , औद्योगिक सामग्रीको गुणस्तर जाँच,परीक्षण रिपोर्ट तयार पार्ने सेवा, निरीक्षण/Certification सेवा, प्राविधिक विश्लेषण र परामर्श । जस्तैः सिमेन्ट, रड (TMT Bars), र कङ्क्रिटको मजबुती परीक्षण गर्ने प्रयोगशालाहरू, गुणस्तर र मिसावट जाँच गर्ने प्रयोगशाला सवारी साधन परीक्षण केन्द्र वातावरण परीक्षण सेवा, सुनचाँदीको शुद्धता परीक्षण; विद्युतीय उपकरण परीक्षण; फरेन्सिक प्रयोगशाला (Forensic Lab) । |
| **72** | **वैज्ञानिक अनुसन्धान तथा विकास** |
| **721** | **प्राकृतिक विज्ञान र इन्जिनियरिङ विषयामाथि अनुसन्धान एवं प्रयोगात्मक विकास** |
| **7210** | **प्राकृतिक विज्ञान र इन्जिनियरिङ विषयामाथि अनुसन्धान एवं प्रयोगात्मक विकास** |
| | यस वर्ग अन्तर्गत प्राकृतिक विज्ञान र इन्जिनियरिङ विषय माथि अनुसन्धन र प्रयोगात्मक विकास गर्ने क्रियाकलापहरु पर्दछ ।जस्तैः प्राकृतिक विज्ञान, इन्जिनियरिङ र प्रविधि, चिकित्सा विज्ञान, जैव प्रविधि, कृषि विज्ञान सम्बन्धी अनुसन्धान र विकास । (कृषि अनुसन्धान केन्द्रहरू; स्वास्थ्य र औषधि सम्बन्धी अनुसन्धान संस्थाहरु ) |
| **722** | **सामाजिक विज्ञान एवं मानविकीसम्बन्धी अनुसन्धान एवं प्रयोगात्मक विकास** |
| **7220** | **सामाजिक विज्ञान एवं मानविकीसम्बन्धी अनुसन्धान एवं प्रयोगात्मक विकास** |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | यस वर्ग अन्तर्गत सामाजिक विज्ञान, मानविकी शात्रको क्षेत्रमा अनुसन्धान र विकास पर्दछ ।साथै मानविकी तथा सामाजिक विज्ञानको प्रधानता रहेको अन्तरविषयक अनुसन्धान र विकास पर्दछ । |
| **73** | **विज्ञापन, बजार अनुसन्धान तथा जनमत सङ्कलन** |
| **731** | **विज्ञापन** |
| **7310** | **विज्ञापन** |
| | यस वर्ग अन्तर्गत सम्पूर्ण विज्ञापन सेवाहरु( आन्तरिक क्षमता वा पेटी ठेक्काद्वारा),साथै सरसल्लाह, सृजनात्म सेवाहरु, विज्ञापन सामग्रीहरुको उत्पादन, सञ्चार माध्यमको(मिडिया) योजना र खरिदकार्यहरु पर्दछ ।जस्तैः पत्रपत्रिका, रेडियो, टेलिभिजन, इन्टरनेट र अन्य सञ्चार माध्यमहरूका लागि विज्ञापन बनाउने र प्रकाशन/प्रसारण गर्ने संस्था; विभिन्न मिडियाहरूमा विज्ञापनका लागि समय (Time) र ठाउँ (Space) बिक्री गर्ने, विज्ञापन सामग्री वा नमूनाहरू (Samples) को वितरण; प्रदर्शनीका लागि स्टल (Stands) र अन्य प्रदर्शनी संरचनाहरूको निर्माण); मार्केटिङ अभियान र अन्य विज्ञापन सेवाहरू (वस्तु वा सेवाको प्रवर्द्धन, बिक्री बिन्दु मार्केटिङ, प्रत्यक्ष पत्राचार विज्ञापन, मार्केटिङ परामर्श |
| **732** | **बजार अनुसन्धान तथा जनमत सङ्कलन** |
| **7320** | **बजार अनुसन्धान तथा जनमत सङ्कलन** |
| | यस वर्ग अन्तर्गत बजारको अवस्था बुझ्न र जनमानसको राय सङ्कलन गर्नका लागि गरिने अनुसन्धान तथा सर्वेक्षणहरू पर्दछ । जस्तै : बिक्री प्रवर्द्धन र नयाँ उत्पादनहरूको विकास गर्ने उद्देश्यले कुनै उत्पादनको सम्भाव्यता, ग्राहकको स्वीकार्यता, वस्तुको लोकप्रियता र उपभोक्ताहरूको खरिद गर्ने बानीको बारेमा गरिने अनुसन्धान; सङ्कलित तथ्याङ्कहरूको साङ्ख्यिकीय विश्लेषण; राजनीतिक, आर्थिक र सामाजिक मुद्दाहरूमा सर्वसाधारणको सामूहिक विचार वा राय कस्तो छ भनेर गरिने अनुसन्धान र त्यसको साङ्ख्यिकीय विश्लेषण। |
| **74** | **अन्य पेशागत, वैज्ञानिक र प्राविधिक क्रियाकलापहरू** |
| **741** | **विशिष्टीकृत डिजाइन कार्यहरू** |
| **7410** | **विशिष्टीकृत डिजाइन कार्यहरू** |
| | यस वर्ग अन्तर्गत फेसन बुटिकहरू, सुनचाँदीका गहनाहरूको नयाँ र आधुनिक बुट्टा वा डिजाइन तयार गर्ने गहना डिजाइन स्टुडियो; घर, होटल वा अफिसको भित्री भाग सजाउने, फर्निचरको लेआउट मिलाउने इन्टेरियर डिजाइन फर्म; लोगो (Logo) बनाउने, विज्ञापनका लागि लेआउट तयार गर्ने, पुस्तक वा पत्रपत्रिकाको कभर डिजाइन गर्ने ग्राफिक डिजाइन स्टुडियो; औद्योगिक उत्पादनहरूका लागि आकर्षक प्याकेट वा बट्टाको डिजाइन तयार गर्ने प्याकेजिङ डिजाइन पर्दछ । |
| **742** | **फोटो खिच्ने (फोटोग्राफीक) क्रियाकलापहरू** |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| **7420** | **फोटो खिच्ने (फोटोग्राफीक) क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत फोटोग्राफी सेवा सम्बन्धी सबै गतिविधि पर्दछन्। यसमा पेशेवर फोटोग्राफरहरूले दिने सेवा, फोटो विकास, डिजिटल फोटो सम्पादन आदि समावेश हुन्छ। समावेश हुने गतिविधिहरू: पोर्ट्रेट फोटोग्राफी,विवाह/समारोह फोटोग्राफी, व्यावसायिक/प्रोडक्ट फोटोग्राफी, फोटो सम्पादन, रिटचिङ, स्टुडियो सञ्चालन , फोटो विकास र प्रिन्टिङटिभ वा सिनेमा फिल्मबाट फोटो धुलाउने (Developing), छाप्ने (Printing) र ठूलो बनाउने कार्य; फिल्म प्रोसेसिङ र फोटो पत्रकारका क्रियाकलापहरू ; कागजातहरूको माइक्रोफिल्मिङ |
| **749** | **अन्यत्र कतै वर्गीकरण नगरिएका अन्य पेशागत तथा वैज्ञानिक र प्राविधिक क्रियाकलापहरू** |
| **7490** | **अन्यत्र कतै वर्गीकरण नगरिएका अन्य पेशागत तथा वैज्ञानिक र प्राविधिक क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत  अन्यत्र छुट्टै वर्गीकृत नभएका व्यावसायिक, वैज्ञानिक वा प्राविधिक सेवा पर्दछन्। यसमा विविध साना-ठुला विशेषज्ञ सेवाहरू पर्दछन्, जुन 7110, 7120, 7310 आदि अन्य विशिष्ट कोडमा पर्दैन ।जस्तै: अनुवाद र दोभाषे सेवा; व्यावसायिक मध्यस्थता (साना र मझौला आकारका व्यवसायहरू खरिद-बिक्रीको व्यवस्था मिलाउने कार्य ); पेटेन्ट मध्यस्थता ; मूल्याङ्कन कार्य (पुरातात्विक वस्तुहरू (Antiques), गहना आदि जस्ता वस्तुहरूको मूल्य निर्धारण गर्ने कार्य); बिल लेखापरीक्षण र ढुवानी दर (बिलहरूको जाँच गर्ने र ढुवानी दर सम्बन्धी जानकारी उपलब्ध गराउने कार्य); परिमाण सर्वेक्षणकर्ता (निर्माण कार्यमा लाग्ने सामग्री र लागतको परिमाण निकाल्ने कार्य।) मौसम पूर्वानुमान; परामर्श सेवाहरू (सुरक्षा परामर्श, कृषि विज्ञान परामर्श, वातावरणीय परामर्श र अन्य प्राविधिक परामर्श सेवाहरू); एजेन्टका क्रियाकलापहरु (कलाकार, खेलाडी, लेखक आदिको तर्फबाट सम्झौता मिलाइदिने, चलचित्र वा खेलकुदमा अवसर खोजिदिने र प्रकाशकहरूसँग पुस्तक वा कलाकृति व्यवस्थापन गरिदिने एजेन्टहरूको कार्य) |
| **75** | **पशु चिकित्सासम्बन्धी क्रियाकलापहरू** |
| **750** | **पशु चिकित्सासम्बन्धी क्रियाकलापहरू** |
| **7500** | **पशु चिकित्सासम्बन्धी क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत कृषिजन्य पशुपन्छीको उपचार; घरपालुवा जनावरको उपचार; दक्ष पशु चिकित्सकद्वारा प्रदान गरिने सेवा; पशु चिकित्सा सहायक वा अन्य सहयोगी कर्मचारीहरूले गर्ने प्राविधिक कार्यहरू; जनावरहरूको रोग पहिचानका लागि गरिने प्रयोगशाला परीक्षण र अन्य क्लिनिकल परीक्षणहरू (रोग निदान सेवा); पशु एम्बुलेन्स सेवा पर्दछ । |
| **खण्ड एन (N ) प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू** | |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | यस खण्डमा कुनै पनि प्रतिष्ठान, व्यवसाय वा कार्यालयको सामान्य दैनिक सञ्चालन लाई सहयोग पुर्याउने विभिन्न क्रियाकलापहरू संचालन गर्ने प्रतिष्ठान समावेश हुन्छन् । यी कामहरू कुनै पनि संस्थालाई सुचारु रूपमा चलाउनका लागि प्रिष्टभागमा गरिने सहयोगी कार्यहरू हुन्। यसमा बौद्धिक वा प्राविधिक विशेषज्ञता भन्दा पनि व्यवस्थापकीय र सञ्चालनगत सहयोग को भूमिका बढी हुन्छ। |
| **77** | **भाडा तथा लिजमा बन्धकी वा ठेक्कापट्टामा लिनेदिने क्रियायकलापहरू** |
| **771** | **मोटरगाडीको भाडा तथा ठेक्कासम्बन्धी क्रियाकलापहरू** |
| **7710** | **मोटरगाडीको भाडा तथा ठेक्कासम्बन्धी क्रियाकलाप** |
| | यस वर्ग अन्तर्गत चालकबाहेक यात्रुवाहक तथा मालवाहक सवारी साधन (मोटर, कार, जीप, भ्यान, ट्रक, ट्रेलर, कन्टेनर आदि) तथा मनोरञ्जन प्रयोजनका सवारी साधनहरूको भाडा र सञ्चालन ठेक्कासम्बन्धी क्रियाकलापहरू पर्दछ। |
| **772** | **व्यक्तिगत तथा घरायसी सामानहरूको भाडा तथा ठेक्कासम्बन्धी क्रियाकलाप** |
| **7721** | **क्रिडा वा मनोरन्जन गर्ने साधनहरू तथा खेलकुदका सामानहरूको भाडा तथा लिज वा ठेक्कासम्बन्धी क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत मनोरञ्जन तथा खेलकुद प्रयोजनका साधन र सामग्रीहरू (जस्तैः प्लीजर बोट, क्यानो, सेलबोट, साइकल, समुद्र/नदी/तलाउ किनारामा प्रयोग हुने मेच र छाता, स्की(हिउँ खेल्ने) सामग्री तथा अन्य खेलकुदका सामानहरू) को भाडामा लिनेदिने क्रियाकलापहरू पर्दछ । |
| **7722** | **भिडियो टेप तथा डिस्कको भाडामा दिनेसम्बन्धी क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत भिडियो टेप, रेकर्ड, सीडी, डीभीडी आदि श्रव्य-दृश्य सामग्रीहरू भाडामा दिने क्रियाकलापहरू पर्दछ। |
| **7729** | **अन्य व्यक्तिगत तथा घरायसी वस्तुको भाडा तथा ठेक्कासम्बन्धी क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत व्यक्तिगत, घरायसी तथा संस्थागत प्रयोजनका सामग्रीहरू (जस्तै लुगालत्ता, जुत्ता, फर्निचर, भान्साघरका सामग्री, विद्युतीय/इलेक्ट्रोनिक सामग्री, गरगहना, पुस्तक-पत्रपत्रिका, सङ्गीत तथा सजावटी सामग्री, उपकरण, फूल-बिरुवा आदि) भाडामा दिने क्रियाकलापहरू पर्दछ। |
| **773** | **अन्य मेसिन यान्त्रिक सामान तथा उपकरणहरू र स्पर्शबोध गर्न सकिने वस्तुहरू भाडामा दिनेसम्बन्धी क्रियाकलापहरू** |
| **7730** | **अन्य मेसिन यान्त्रिक सामान तथा उपकरणहरू र स्पर्शबोध गर्न सकिने वस्तुहरू भाडामा दिनेसम्बन्धी क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत छुट्टै वर्गीकृत नभएका मेसिन, उपकरण तथा मूर्त वस्तुहरू अपरेटरबीना भाडामा वा लिजमा दिने गतिविधि पर्दछन्। यसमा स्वामित्व आफैंकहाँ हुन्छ र प्रयोगका लागि अन्य व्यक्ति/संस्थालाई निश्चित अवधिका लागि उपलब्ध गराइन्छ। जिस्तैः निर्माण उपकरण (Excavator, Crane) भाडामा दिने, जेनेरेटर, कम्प्रेसर |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | भाडामा दिने , कार्यक्रमका लागि साउण्ड/लाइट उपकरण भाडामा दिने, स्क्याफोल्डिङ (Scaffolding) भाडामा दिने,औद्योगिक मेसिनरी भाडा सेवा, कृषि उपकरण (यदि 7731/7732 मा नपरेको भए) |
| **774** | **कपिराइट कार्यबाहेक बौद्धिक सम्पत्ति र तत्सम्बन्धी उत्पादनको लिज वा ठेक्कासम्बन्धी क्रियाकलापहरू** |
| **7740** | **कपिराइट कार्यबाहेक बौद्धिक सम्पति र तत्सम्बन्धी उत्पादनको लिज वा ठेक्कासम्बन्धी क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत बौद्धिक सम्पत्ति (Intellectual Property) उत्पादनहरु वा यस्तै प्रकारको उत्पादनहरु, यस्ता सम्पत्तिका मालिकहरुले रोयल्टी भुक्तानी लिने गरि वा प्रयोगबापत अनुमति शुल्क लिने गरी अरुलाई प्रयोग गर्न दिने क्रियाकलापहरु पर्दछ ।किताब, सफ्टवेयरजस्ता उत्पादनको कपिराइट कार्यहरुबाहेक बौद्धिक सम्पत्तिका उत्पादनका लिज वा ठेक्कामा दिने कार्यहरु, नयाँ आविष्कारको अस्तित्व,ट्रेडमार्क वा सर्विस मार्क ब्राण्ड नामहरु, खनिज अन्वेषण तथा मूल्याङ्कन, विशेषाधिकार सम्झौता प्रयोगबापत रोयल्टी वा अनुमति शुल्क प्राप्त गर्ने कार्य । |
| **78** | **रोजगारसम्बन्धी क्रियाकलापहरू** |
| **781** | **रोजगारी उपलब्ध गराउने एजेन्सीका क्रियाकलापहरू** |
| **7810** | **रोजगारी उपलव्ध गराउने एजेन्सीका क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत कार्यकारी कर्मचारीसहित अन्य कर्मचारीको खोजी गर्ने, योग्यता जाँच गरी छनोट गर्ने र पदस्थापन गर्ने। कलाकार खोज्ने र मिलाउने संस्था जस्तैः नाटक का लागि कलाकार छनोट गर्ने संस्थाको क्रियाकलापहरु गर्ने, अनलाइन रोजगारी उपलब्ध गराउने एजिन्सीहरु पर्दछ ।उदाहरणको रुपमा वैदेशिक रोजगार एजेन्सी (नेपालबाट वैदेशिक रोजगारीका लागि कामदार छनोट गरी पठाउने म्यानपावर कम्पनीहरू; यिनीहरूले विदेशस्थित कम्पनीका लागि कामदार खोजिदिने काम गर्छन्); अनलाइन जब पोर्टल वेबसाइट सञ्चालन गर्ने कम्पनीहरू |
| **782** | **अस्थायी रोजगारी उपलब्ध गराउने एजेन्सीका क्रियाकलापहरू** |
| **7820** | **अस्थायी रोजगारी उपलव्ध गराउने एजेन्सीका क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत कामदार माग गरेका उद्योग वा व्यवसायलाई सिमित वा निश्चित अवधिका लागि उनीहरुको कामलाई मद्दत गर्न /अभाव पुर्ती गर्नका लागि वा व्यवसायको अन्य कामदार कर्मचारिको सट्टामा अस्थायी कामदारहरु आपूर्ती गर्ने कार्यहरु पर्दछ । |
| **783** | **अन्य जनशक्ति वा मानव स्रोतको व्यवस्था** |
| **7830** | **अन्य जनशक्ति मानव स्रोतको व्यवस्था** |

| NSIC वर्गिकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | यस वर्ग अन्तर्गत कामदार माग गरेका उद्योग वा व्यवसायलाई जनशक्ति वा मानव स्रोतको व्यवस्था गरिदिने कार्यहरु पर्दछ ।यस प्रकारको जनशक्तिको व्यवस्था खासगरी दीर्घकालीन वा स्थायी रुपमा पदपूर्ति गर्ने आधारमा क्रियाकलापहरु गरिन्छ ।यो व्यवस्था अन्तर्गत उद्योग व्यवसायलाई आवश्यक पर्ने विभिन्न प्रकारका वा विभिन्न क्षमताका जनशक्तिहरुको व्यवस्थागर्ने क्रियाकलापहरु सञ्चालन गरिन्छन् । |
| **79** | **ट्राभल एजेन्सी, टुर अपरेटर, रिजर्भेसन सेवा, र तत्सम्बन्धी क्रियाकलापहरू** |
| **791** | **ट्राभल एजेन्सी र टुर अपरेटर क्रियाकलापहरू** |
| **7911** | **ट्राभल एजेन्सीका क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत सामान्य नागरिकहरु तथा व्यापारिक ग्राहकहरुका लागि ट्राभल, टुर ट्रान्सपोर्टेसन र एकोमोडेशन (बस्ने खानेको व्यवस्था) को सेवाहरु प्राथमिक रुपमा बिक्री गर्ने क्रियाकलापहरु( पदयात्रा, घुमघाम, पदयात्रा तथा घुमघाममा प्रयोग गरिने यातायात र सुविधाका सेवाहरु उपलब्ध गराउन क्रियाकलापहरु), यातायातका साधनहरुको टिकट विक्रि गर्ने क्रियाकलापहरु पर्दछ ।यस अन्तर्गत पर्ने ट्राभल एजेन्सीहरुले मध्यस्थ (Agent) को रूपमा काम गर्दछन भने आफैं टुर सञ्चालन नगरी ग्राहक र सेवा प्रदायकलाई जोड्नेकाम गर्दछन् ।जस्तैः एयर टिकटिङ एजेन्सी , होटल बुकिङ गर्ने ट्राभल एजेन्सी |
| **7912** | **टुर अपरेटरसम्बन्धी क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत आफैंले टुर प्याकेज तयार र सञ्चालन गर्ने,यातायात, होटल, गाइड, खानपान सबै समेटेर प्याकेज बनाउने,Trekking, adventure, sightseeing कार्यक्रम सञ्चालन गर्ने क्रियाकलापहरु पर्दछ ।जस्तैः<br>ट्रेकिङ कम्पनी,हिमाल आरोहण प्याकेज सञ्चालन गर्ने कम्पनी, इनबाउन्ड/आउटबाउन्ड टुर अपरेटर, धार्मिक टुर अपरेटर, जङ्गल सफारी अपरेटर, साहसिक खेल टुर (राफ्टिङ, प्याराग्लाइडिङ वा बन्जी जम्पिङ) अन्तर्राष्ट्रिय टुर प्याकेज |
| **799** | **अन्य रिजरभेसन सेवा, र तत्सम्बन्धी क्रियाकलापहरू** |
| **7990** | **रिजरभेसन सेवा, र तत्सम्बन्धी क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत अन्य यात्रा अर्थात यात्रासम्बन्धी रिजर्भेसन सेवाहरुको व्यवस्था जस्तैः यातायात, होटल, रेस्टुरेन्ट, भाडाका गाडी, मनोरञ्जन र खेलकुद लागि बुकिङ वा रिजर्भेसनका क्रियाकलाप, नाट्याशाला, थियटर, नाटक, संगितआदि जस्ता मनोरञ्जन कार्यक्रमको टिकट रिजर्भेसनका क्रियाकलाप, यात्री वा पर्यटकहरुका लागि सहायता सेवा, यात्रा वा ट्राभलसम्बन्धी सूचना सेवा, टुरिष्ट गाइडसम्बन्धी क्रियाकलापहरु, पर्यटन प्रबर्धन सम्बन्धी क्रियाकलापहरु पर्दछ । |
| **80** | **सुरक्षा एवं छानबिन अनुसन्धानका क्रियाकलापहरू** |
| **801** | **निजी सुरक्षाका क्रियाकलापहरू** |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| **8010** | **निजी सुरक्षाका क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत अङ्गरक्षक सेवा, पोलिग्राफ सेवा, औंठाछाप सेवा, सुरक्षा गार्ड सेवा पर्दछ ।जस्तैः निजी सुरक्षा कम्पनीहरू (नेपालमा दर्ता भएका 'गरुड', 'G4S' जस्ता सेक्युरिटी कम्पनीहरू ) |
| **802** | **सुरक्षा प्रणाली सेवाका क्रियाकलापहरू** |
| **8020** | **सुरक्षा प्रणाली सेवाका क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत चोरी र आगलागी विरुद्धका विद्युतीय सुरक्षा आलार्म प्रणालीहरूको निगरानी वा टाढाबाट गरिने (Remote) निगरानी, ती प्रणालीको स्थापना(installation), तिनको मर्मतसम्भार,पुन:निर्माण, मेकानिकल वा विद्युतीय ताल्चामार्ने उपकरण (Locking devices), सेफ(Safes) र सुरक्षा भल्ट (Security vaults) हरूको जडान(Installation), मर्मत, पुनर्निर्माण र मिलान (Adjusting) गर्ने कार्य पर्दछ । |
| **803** | **छानबिन वा अनुसन्धानका क्रियाकलापहरू** |
| **8030** | **छानबिन वा अनुसन्धानका क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत छानबि तथा गोप्य जासुसी सेवाका क्रियाकलाप, सवै प्रकारका निजी क्षेत्रबाट प्रदान गरिने अनुसन्धान र जासुसी सेवाहरू पर्दछ । ( यस्त क्रियाकलापहरु, छानविनको उद्देश्य वा सेवा ग्राही वा पीडकको प्रकासअनुसार स्वतन्त्र हुन्छन्) |
| **81** | **भवन तथा ल्याण्डस्केप वा भूदृष्य (जग्गा जमीन बगैंचा आदि) क्रियकलापका लागि सेवासम्बन्धी क्रियाकलापहरू** |
| **811** | **संयुक्त सुविधाका सहयोगी क्रियाकलापहरू** |
| **8110** | **संयुक्त सुविधाका सहयोगी क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत ग्राहकको परिसर (भवन वा कार्यालय) भित्र विभिन्न सहयोग सेवाहरूको संयुक्त प्याकेज प्रदान गर्ने क्रियाकलापहरू जस्तै: संयुक्त सहयोग सेवाहरूको व्यवस्था (ग्राहकको व्यवसाय सञ्चालनमा सहयोग पुऱ्याउनका लागि गरिने भित्री भागको सामान्य सरसफाइ, मर्मतसम्भार, फोहोर विसर्जन, सुरक्षा तथा पहरेदारी, चिठ्ठीपत्र वा डाक व्यवस्थापन, स्वागत (Reception), लुगा धुने र अन्य सम्बन्धित सेवाहरू); यी कार्य सम्पादनका लागि आफ्नै कर्मचारी परिचालन पर्दछ । |
| **812** | **सरसफाइसम्बन्धी क्रियाकलापहरू** |
| **8121** | **भवनको सफाइसम्बन्धी क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत भवनभित्रको नियमित वा सामान्य सफाइ सेवा पर्दछ। जस्तैःकार्यालयको दैनिक सफाइ, बैंक, अस्पताल, विद्यालयको भित्रको सफाइ,सपिङ मल, होटल, सरकारी कार्यालयको इनडोर क्लिनिङ,झ्याल, भुइँ, भित्ता, शौचालय सफाइ,झाडु, पोछा, धुलो सफा गर्ने कार्य । विशेषताःयसमा नियमित/कन्ट्र्याक्ट आधारित |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | सफाइ सेवा,सम्पूर्ण भवन वा भवनभित्रको सामान्य सरसफाइ,विशेष प्राविधिक उपकरण आवश्यक नपर्ने। अन्य व्यावसायिक वा व्यापारिक भवनको प्रांगणहरु र बहुएकाइ आवासीय भवनहरुको सामन्य सरसफाइ पनि पर्दछ । |
| **8129** | **अन्य भवन तथा औद्योगिक कार्यको सरसफाइसम्बन्धी क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत विशेष प्रकारका, प्राविधिक वा औद्योगिक सफाइ सेवा पर्दछ। जस्तैः औद्योगिक मेसिनरी सफाइ,ट्यांकी, चिम्नी, बोइलर सफाइ,सडक सफाइ,स्विमिङ पुल सफाइ,बाहिरी भाग (Exterior) प्रेसर वासिङ,कीट नियन्त्रण (Pest Control) सेवा । विशेषता:प्राविधिक/विशेष उपकरण प्रयोग हुने,औद्योगिक वा विशिष्ट सफाइ,साधारण दैनिक सफाइभन्दा फरक |
| **813** | **ल्याण्डस्केप वा भूदृष्य (जग्गा जमीन बगैचा आदि) को हेरचाह तथा सम्भार, सञ्चालनसम्बन्धी क्रियाकलापहरू** |
| **8130** | **भूदृष्य (बँगैचा आदि) को हेरचाह तथा सम्भार, सञ्चालनसम्बन्धी क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत हरित क्षेत्र (Green Areas) को संरक्षण, सजावट र मर्मतसम्भार सम्बन्धी सेवा पर्दछन् । जस्तैः बगैंचा (Garden) को हेरचाह तथा व्यवस्थापन,लन (Lawn) काट्ने, मल हाल्ने, सिँचाइ गर्ने, हेज/झाडी ट्रिमिङ (Hedge Trimming), फूलबारी, पार्क, रिसोर्टको हरियाली व्यवस्थापन, होटल, कार्यालय, औद्योगिक क्षेत्र वरिपरिको ल्यान्डस्केप मर्मत, सडक किनारको वृक्षारोपण तथा संरक्षण, सार्वजनिक पार्क तथा खुला स्थानको हरियाली व्यवस्थापन । |
| **82** | **कार्यालयको प्रशासनिक, कार्यालयका लागि सहयोगी तथा व्यवसायिक कार्यका लागि सहयोगी क्रियाकलापहरू** |
| **821** | **कार्यालयको प्रशासनिक तथा सहयोगी क्रियाकलापहरू** |
| **8211** | **कार्यालयको प्रशासनिक तथा सहयोगी संयुक्त क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत शुल्क वा करारको आधारमा अन्य संस्थाहरूका लागि दैनिक कार्यालय सञ्चालनका विभिन्न प्रशासनिक सेवाहरूको संयुक्त (Combination) सेवा उपलब्ध गराउने क्रियाकलापहरू; यसमा कुनै एक मात्र सेवा नभई धेरै संयोजित सेवाहरू एकैसाथ प्रदान गरिन्छ जस्तै: स्वागत सत्कार सेवा, आर्थिक योजना, बिलिङ र अभिलेख व्यवस्थापन, कर्मचारी प्रशासन, हुलाक वा चिठ्ठीपत्र व्यवस्थापन, बन्दोबस्ती वा ढुवानी व्यवस्थापन (Logistics) । |
| **8219** | **फोटोकपी गर्ने, आवश्यक कागजपत्रहरू तयार गर्ने र अन्य विशेष कार्यालयसम्बन्धी सहयोगी क्रियाकलापहरू** |
| | यस वर्गमा विविध प्रकारका प्रतिलिपि बनाउने वा फोटोकपी गर्ने, कागजपत्र तयारी गर्ने र अन्य विशेष कार्यालयसम्बन्धी सहयोगी क्रियाकलापहरु पर्दछ ।जस्तैः फोटोकपी सेवा, प्रिन्टिङ (Document printing – सानो स्तरको), टाइपिङ सेवा, कागजात |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | तयारी (Form filling, CV preparation), बाइन्डिङ, लेमिनेसन, स्टेनोग्राफी तथा डिक्टेशन टाइपिङ, डाटा प्रोसेसिङ सेवा (सीमित स्तर) । |
| **822** | **कल सेन्टरका क्रियाकलापहरू** |
| **8220** | **कल सेन्टरहरूका क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत टेलिफोन वा अन्य सञ्चार माध्यमबाट ग्राहकसँग प्रत्यक्ष सम्पर्क गरी सेवा प्रदान गर्ने कल सेन्टर गतिविधि पर्दछन्। यसमा कम्पनीहरूले अन्य संस्था/व्यवसायको तर्फबाट ग्राहक सेवा, सूचना, बिक्री प्रवर्द्धन आदि काम गर्छन्। जस्तैः Customer care service (Inbound calls), Telemarketing (Outbound calls), हेल्प डेस्क सेवा, टेलिफोन सर्वेक्षण, च्याट/इमेल सपोर्ट (Contact center service), अर्डर लिने र गुनासो समाधान गर्ने सेवा । |
| **823** | **सभा वा सम्मेलन र व्यापारिक प्रदर्शनीहरूको आयोजना** |
| **8230** | **सभा वा सम्मेलन र व्यापारिक प्रदर्शनीहरूको आयोजना** |
| | यस वर्ग अन्तर्गत सम्मेलन, गोष्ठी, प्रदर्शनी (Exhibition), व्यापार मेला, एक्स्पो आदि कार्यक्रम आयोजना गर्ने सेवा पर्दछन्। यसमा आयोजक संस्थाले कार्यक्रमको सम्पूर्ण व्यवस्थापन (Planning, Coordination, Logistics) गर्दछ। जस्तैः व्यापार मेला आयोजना, सम्मेलन, सेमिनार, गोष्ठी व्यवस्थापन, प्रदर्शनी स्टल व्यवस्थापन, एक्स्पो/इभेन्ट समन्वय, कार्यक्रम दर्ता, टिकटिङ व्यवस्थापन, इभेन्ट व्यवस्थापन सेवा (Event management for business events) |
| **829** | **अन्यत्र उल्लेख नगरिएका व्यवसायिक सेवाका सहयोगी क्रियाकलापहरू** |
| **8291** | **सङ्कलन एजेन्सी तथा क्रेडिट व्यूरोहरूका क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत ऋण असुली (Debt Collection) तथा क्रेडिट सूचना संकलन/विश्लेषण सेवा पर्दछन्। यी सेवाहरू प्रायः बैंक,वित्तीय संस्था वा व्यवसायको तर्फबाट गरिन्छन्। यसमा बैंक/वित्तीय संस्थाको तर्फबाट ऋण असुली गर्ने सेवा, व्यक्तिको/संस्थाको क्रेडिट इतिहास संकलन, क्रेडिट रिपोर्ट तयार गर्ने सेवा,बक्यौता रकमको ट्र्याकिङ र फॉलो—अप, क्रेडिट स्कोर सम्बन्धी सूचना उपलब्ध गराउने कार्य पर्दछ ।जस्तैः (बैंकको खराब कर्जा असुली गर्ने निजी कम्पनी,क्रेडिट सूचना संकलन गरी रिपोर्ट दिने संस्था ) |
| **8292** | **प्याकेजिङ (पोका पार्ने) सम्बन्धी क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत शुल्क वा करारका आधारमा वस्तु प्याकिङ/प्याकिङ सेवासम्बन्धी क्रियाकलापहरू पर्दछ ।जस्तैः तरल खाद्य तथा पेयपदार्थ बोतलमा भर्ने, ठोस वस्तु प्याक गर्ने (जस्तैः ब्लिस्टर प्याक, फोइल कभर), औषधिजन्य वस्तुको सुरक्षित प्याकिङ, नाम टाँस्ने, लेबल/छाप लगाउने, हुलाक/कुरियर सामान (पार्सल) प्याक गर्ने र उपहार कागजले बेर्ने कार्य उदाहरण खाद्यान्न प्याकेजिङ केन्द्र; निर्यातका लागि प्याकिङ सेवा; लेबलिङ सेवा |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| **8299** | **अन्यत्र कहीं उल्लेख नगरिएका अन्य व्यवसायिक सहयोगी सेवाका क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत कानुनी प्रक्रिया वा बहसमा बोलिएका कुराहरूलाई शब्द-शब्द रेकर्ड गर्ने र पछि त्यसलाई लिखित रूपमा उतार्ने सेवा ; टेलिभिजनका प्रत्यक्ष प्रसारण, बैठक वा सम्मेलनहरूमा बोलिएका कुराहरूलाई तुरुन्तै पर्दामा उपशीर्षक को रूपमा देखाउने सेवा; ठेगाना वा सामानहरूमा बार कोड राख्ने र छाप्ने सेवा); कोष संकलन; सामान पुनः प्राप्ति (फाइनान्स कम्पनीबाट ऋणमा लिएको गाडीको किस्ता नतिर्दा सो गाडी खोजेर उठाउने वा कब्जामा लिने सेवा दिने व्यक्ति वा कम्पनी।); पार्किङ मिटर सिक्का संकलन; स्वतन्त्र लिलामकर्ता; व्यापारिक प्रतिष्ठानहरूले ग्राहकका लागि चलाउने लोयल्टी प्रोग्राम (जस्तै: रिवार्ड पोइन्ट वा क्यासब्याक अफर) को प्रशासनिक व्यवस्थापन पर्दछ । |
| **खण्ड पीः (P) शिक्षा** | |
| | यस खण्डमा कुनै पनि तहका वा कुनै पेशा वा व्यवसायका लागि मौखिक, वा लिखित साथसाथै रेडियो र टेलिभिजन वा सञ्चारका अन्य माध्यमहरूद्वारा प्रदान गरिएको शिक्षा; नियमित विद्यालय प्रणालीबाट विभिन्न विद्यालय संस्थाहरूले प्रदान गर्ने विभिन्न तहहरूको शिक्षा साथसाथै प्रौढ शिक्षा, साक्षरता कार्यक्रमहरू साथै यसअन्तर्गत क्रमश तहहरूअनुसारका सैनिक विद्यालयहरू र शैक्षिक प्रतिष्ठानहरू, वन्दीगृहमा सञ्चालित विद्यालयहरू; सार्वजनिक तथा निजी शिक्षा; अशक्त वा अपाङ्गता भएका व्यक्तिहरूका लागि प्रदान गरिने विशेष शिक्षा संचालन गर्ने प्रतिष्ठान समावेश गरिन्छ । |
| **85** | **शिक्षा** |
| **851** | **पूर्व प्राथमिक तथा प्राथमिक तहको शिक्षा** |
| **8510** | **पूर्व प्राथमिक तथा प्राथमिक तहको शिक्षा** |
| | यस वर्ग अन्तर्गत पूर्व प्राथमिक शिक्षा (शिशु कक्षा, नर्सरी, LKG, UKG आदि), प्राथमिक शिक्षा (कक्षा १ देखि ८ सम्म), यहि तहको अपाङ्ग बालबालिकाका लागि विशेष शिक्षा, प्रौढहरूको साक्षरता कार्यक्रम पर्दछ । यस्तो शिक्षा कक्षा कोठाहरु वा डिजिटल माध्यम( रेडियो,टेलिभिजन, इन्टरनेट प्रसारण) द्वारा वा घर मै प्रदान गरिन्छ । |
| **852** | **माध्यमिक तहको शिक्षा** |
| **8521** | **साधारण माध्यमिक तहको शैक्षिक क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत माध्यमिक तह (अनिवार्य विद्यालय शिक्षाको अवधिसँग मेल खाने माध्यमिक स्तरको पहिलो चरण (कक्षा ९र१० सम्म)); उच्च माध्यमिक तह (उच्च शिक्षा (कलेज/विश्वविद्यालय) मा प्रवेशको आधार दिने माध्यमिक स्तरको दोस्रो चरण (कक्षा ११-१२) र यसै तहमा अपाङ्गता भएका विद्यार्थीका लागि बिशेष शिक्षा पर्दछ । यस्तो शिक्षा कक्षा कोठाहरु वा डिजिटल माध्यम( रेडियो,टेलिभिजन, इन्टरनेट प्रसारण) द्वारा वा घर मै प्रदान गरिन्छ । उदाहरण: कक्षा 9 देखि १० सम्म वा कक्षा १२ सम्म अध्यापन गराउने निजी तथा सामुदायिक विद्यालयहरू; दश जोड |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
| --- | --- |
| | दुई (१०+२) कलेजहरू; रेडियो वा इन्टरनेटको माध्यमबाट माध्यमिक शिक्षा दिने खुल्ला विद्यालयहरू |
| **8522** | **प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा** |
| | यस वर्ग अन्तर्गत उच्च शिक्षा(वर्ग ८५३०) भन्दा मुनिको प्राविधिक र व्यावसायिक शिक्षा; पर्यटकको पथप्रदशक(टुरिष्ट गाइड) को प्रशिषण,भान्छे वा सेफ, होटल र रेस्टुरेन्ट सञ्चालकहरूका लागि दिइने तालिम; यस तहमा अपाङ्गता भएका व्यक्तिहरुलाई दिइने प्राविधिक वा व्यावसायक शिक्षासम्बन्धी विशेष शिक्षा; कपाल काट्ने तथा व्युटिपार्लर वा व्यूटिशियनसम्बन्धी प्रशिक्षण वा तालिम; कम्प्युटर मर्मत तालिम; व्यावसायिक चालकहरू (जस्तै: ट्रक, बस, कोच चालक) का लागि ड्राइभिङ स्कूलहरू पर्दछन् ।<br>जस्तैः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त कार्यक्रमहरू र विद्यालयका प्राविधिक कक्षाहरू संचालन गर्ने प्रतिष्ठानहरु (प्राविधिक एसएलसी जस्तै:सव-ओभरसियर, अमिन, अनमी, सिएमए , भेटेरिनरी जेटीए (JTA) आदि।); डिप्लोमा तह - ३ वर्षे डिप्लोमा कोर्षहरू (इन्जिनियरिङ, नर्सिङ, फार्मेसी, कृषि आदि)।) |
| **853** | **उच्च शिक्षा** |
| **8530** | **उच्च शिक्षा** |
| | यस वर्ग अन्तर्गत उच्च शिक्षा अन्तर्गत माध्यमिक शिक्षा पछिको (Post-secondary) विश्वविद्यालय स्तर भन्दा मुनिको शिक्षा र विश्वविद्यालय स्तरको शिक्षा (Tertiary education) प्रदान गर्ने क्रियाकलापहरू पर्दछ । यस्तो शिक्षामा भर्ना हुनका लागि कम्तीमा उच्च माध्यमिक विद्यालयको प्रमाणपत्र वा कक्षा १२ उत्तीर्ण) वा सो सरहको शैक्षिक योग्यता आवश्यक हुन्छ। विश्वविद्यालय स्तरको शिक्षाको पहिलो चरण (स्नातक र स्नातकोत्तर); विश्वविद्यालय स्तरको शिक्षाको दोस्रो चरण (advanced research qualification वा विद्यावारिधि PhD ); उच्च शिक्षा प्रदान गर्ने ललितकला (Performing arts) सम्बन्धी विद्यालय वा कलेजहरू पर्दछ। उदाहरणहरू: विश्वविद्यालयका आंगिक क्याम्पसहरू; BBA, MBA, BBS, MBS, BSc., CSIT जस्ता कार्यक्रमहरू संचालन गर्ने विभिन्न विश्वविद्यालयबाट सम्बन्धन प्राप्त निजी कलेजहरू; MBBS, MD वा इन्जिनियरिङ (BE, ME) पढाउने मेडिकल र इन्जिनियरिङ कलेजहरू: स्नातक तहको नर्सिङ शिक्षा प्रदान गर्ने नर्सिङ कलेजहरू |
| **854** | **अन्य शैक्षिक कार्यक्रमहरू** |
| **8541** | **खेलकुद तथा मनोरञ्जनसम्बन्धी शैक्षिक कार्यक्रमहरू** |
| | यस वर्ग अन्तर्गत कुनै क्याम्पहरु वा विद्यालयहरुद्वारा व्यक्ति वा समूहहरुलाई प्रदान गरिने खेलकुद सम्बन्धी क्रियाकलापहरू पर्दछ । जस्तै : खेलकुद प्रशिक्षण वा तालिम (जस्तै: क्रिकेट, फुटबल, भलिबल, बास्केटबल, आदि); खेलकुद प्रशिक्षण क्याम्पहरू (Sports camps); जिम्न्यास्टिक प्रशिक्षण; घोडचढी तालिम वा विद्यालय; |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | पौडी प्रशिक्षण; व्यावसायिक खेलकुद प्रशिक्षक वा शिक्षक वा कोचहरुको प्रशिक्षण, मार्सल आर्ट वा कुस्तीको प्रशिक्षण (जस्तैः कराँते, तेक्वान्दो, जुडो, बक्सिङ आदि); तास वा बौद्धिक खेलहरूको निर्देशन (जस्तैः ब्रिज, चेस); योग (प्रशिक्षण वा योगकेन्द्रहरू)। यस वर्गमा नियमित शैक्षिक विद्यालय, कलेज र विश्वविद्यालयका आफ्नै पाठ्यक्रम अन्तर्गतका क्रियाकलापहरू समावेश हुँदैनन्। |
| **8542** | **सांस्कृतिक सम्बन्धी शैक्षिक कार्यक्रमहरू** |
| | यस वर्ग अन्तर्गत कला, नाटक र सङ्गीत क्षेत्रमा प्रशिक्षण गर्ने क्रियाकलापहरु पर्दछ ।जस्तैः कलाका प्रशिक्षण, नृत्यको प्रशिक्षण र नृत्य स्टुडियोहरु, नाटकको प्रशिक्षण दिने नाट्य पाठशालाहरु,ललित कलाका प्रशिक्षण(एकेडमीकबाहेक), कला विद्यालयहरु सञ्चालन(एकेडमीकबाहेक), फोटोग्राफीक प्रशिक्षण (एकेडमीकबाहेक) । तर, यस्तो प्रशिक्षण वा तालिमले कुनै व्यावसायिक डिप्लोमा, स्नातक वा स्नातकोत्तर तहको शैक्षिक उपाधि (Degree) प्रदान गर्दैन। |
| **8549** | **अन्यत्र उल्लेख नगरिएका अन्य शैक्षिक कार्यक्रमहरू** |
| | यस वर्ग अन्तर्गत समूह ५८१ देखि ८५३ मा उल्लेखित शैक्षिक कार्यक्रमहरु बाहेक व्यक्ति वा समूहहरुलाई दिइने विशेष प्रशिक्षणहरु वा तालिमहरु पर्दछ ।यस अन्तर्गत तह उल्लेख नगरिने वा गर्न नसकिने शैक्षिक क्रियाकलापहरुः कलेज प्रवेश तयारी कक्षाहरू ; लर्निङ सेन्टर, ट्युसन सेन्टर, व्यावसायिक परीक्षा तयारी कक्षाहरू ; भाषा शिक्षण र कुराकानी सीप तालिम ; धार्मिक शिक्षण ; मोटर ड्राइभिङ स्कूलहरू (निजी सवारी चालकका लागि); उडान विद्यालयहरू ; उद्धारकर्ता तालिम; Survival training; सार्वजनिक भाषण कला तालिम; कम्प्युटर तालिम (सफ्टवेयर सञ्चालन सम्बन्धी)। यस्तो शिक्षाले माध्यमिक विद्यालयको प्रमाणपत्र (SLC/SEE/Diploma) वा विश्वविद्यालयको डिग्री (स्नातक/स्नातकोत्तर) प्रदान गर्दैन। |
| **855** | **शैक्षिक कार्यक्रमहरूलाई सहयोग पुर्याउने क्रियाकलापहरू** |
| **8550** | **शैक्षिक कार्यक्रमहरूलाई सहयोग पुर्याउने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत गैह्रप्रशिक्षण सेवाहरु जसले शैक्षिक प्रक्रीयाहरु वा पद्दतीलाई सहयोग पुर्याउँछ त्यस्ता प्रावधान भएका क्रियाकलापहरु पर्दछ । जस्तैः शैक्षिक परामर्श, शैक्षिक सहायता तथा सल्लाहसुझावका सेवाहरु, शैक्षिक परिक्षणका सेवाहरु, विद्यार्थीहरुको शैक्षिक एक्सचेन्ज कार्यक्रमहरुको आयोजना । |
| **खण्ड क्यू (Q) मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलापहरू** | |
| | यस खण्डमा स्वास्थ्य तथा सामाजिक कार्यसम्बन्धी क्रियाकलापहरूको प्रावधान ; स्वास्थ्य क्षेत्रका वृहत्तर क्रियाकलापहरू जस्तैः अस्पताल तथा अन्य स्वास्थ्य सुविधा प्रदायक संस्थाहरूमा तालिम प्राप्त चिकित्साकर्मीहरूद्वारा प्रदान गरिने स्वास्थ्य हेरचाहबाट शुरु भएर आवासीय हेरचाह क्रियाकलापहरू र स्वास्थ्यकर्मीहरूको संलग्नता बिना पनि प्रदान गरिने सामाजिक कार्यसम्मका क्रियाकलापहरू समावेश |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | गरिन्छ । |
| **86** | **मानव स्वास्थ्य क्रियाकलापहरू** |
| **861** | **अस्पतालका क्रियाकलापहरू** |
| **8610** | **अस्पतालका क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत अस्पतालद्वारा प्रदान गरिने आवासीय (inpatient) तथा बाह्यरोगी (outpatient) स्वास्थ्य सेवा सम्बन्धी सम्पूर्ण क्रियाकलाप पर्दछन्। यसमा सामान्य अस्पताल, विशेषज्ञ अस्पताल, शिक्षण अस्पताल, निजी वा सरकारी अस्पताल सबै समावेश हुन्छन्। बिरामी भर्ना गरी उपचार सेवा (Inpatient care),आकस्मिक कक्ष सञ्चालन,शल्यक्रिया ,विशेषज्ञ चिकित्सकीय सेवा,प्रसूति सेवा ),शिक्षण अस्पतालका क्लिनिकल सेवा । उदाहरणहरू: सरकारी अस्पतालहरू , निजी मेडिकल कलेज अन्तर्गत शिक्षण अस्पतालहरू; विशिष्टीकृत सरकारी अस्पतालहरू (परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल ); निजी कर्पोरेट अस्पतालहरू,सामुदायिक र मिसन अस्पतालहरू; सशस्त्र प्रहरी र सैनिक अस्पतालहरु; निजी नर्सिङ होमहरू |
| **862** | **चिकित्सा तथा दन्त चिकित्साका अभ्यास** |
| **8620** | **चिकित्सा तथा दन्त चिकित्साका अभ्यास** |
| | यस वर्ग अन्तर्गत व्यक्तिगत चिकित्सक, दन्त चिकित्सक, फिजियोथेरापिस्ट वा अन्य स्वास्थ्य पेशागतहरूले संचालन गर्ने क्लिनिक/अफिस स्तरका स्वास्थ्य सेवा पर्दछन्। यसमा बिरामी भर्ना (inpatient) सुविधा नभएको स्वास्थ्य सेवा केन्द्रहरू समावेश हुन्छन्। निजी डाक्टरको क्लिनिक संचालन,दन्त क्लिनिक,फिजियोथेरापी, अङ्ग—प्रत्यङ्ग चिकित्सक सेवा,मानसिक स्वास्थ्य/काउन्सेलिङ सेवा,आउटपेशेन्ट (Outpatient) स्वास्थ्य सेवा,छोटो अवधिको उपचार सेवा (Minor procedures) , विशेष चिकित्सा क्षेत्रमाप्रदान गरिने मेडिकल परामर्श र उपचारका कार्यहरु । उदाहरणहरु निजी पोलिक्लिनिकहरू; दन्त क्लिनिकहरू; स्वास्थ क्लिनिक र ओ.पी.डी. (डाक्टरको निजी क्लिनिक); विशेषज्ञपरामर्श केन्द्रहरू(आँखा विशेषज्ञ); परिवा नियोजन क्लिनिकहरू; कर्पोरेट क्लिनिक । |
| **869** | **मानव स्वास्थ्यसम्बन्धी अन्य क्रियाकलापहरू** |
| **8690** | **मानव स्वास्थ्यसम्बन्धी अन्य क्रियाकलापहरू** |
| | **यस वर्ग अन्तर्गत** अस्पताल वा चिकित्सक (Medical Doctors) र दन्त चिकित्सक बाहेकका अन्य स्वास्थ्यकर्मीहरूले प्रदान गर्ने मानव स्वास्थ्य सम्बन्धी क्रियाकलापहरू पर्दछ । जस्तै: नर्स, सुडेनी (Midwives), फिजियोथेरापिस्ट वा अन्य प्यारामेडिकल स्वास्थ्यकर्मीहरूले प्रदान गर्ने सेवाहरू; अप्टोमेट्री (आँखा जाँच), हाइड्रोथेरापी (जल उपचार), चिकित्सा मसाज (Medical Massage), व्यावसायिक उपचार (Occupational therapy), स्पिच थेरापी (बोलाई सम्बन्धी उपचार), होमियोप्याथी (Homeopathy), अकुपन्चर (Acupuncture) आदि; यी क्रियाकलापहरू कलकारखाना, विद्यालय, वृद्धाश्रम वा अन्य आवासीय सुविधाहरूमा, आफ्नै क्लिनिकमा |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | वा बिरामीको घरमै पनि प्रदान गर्न सकिन्छ। यस्ता क्रियाकलापहरूमा सामान्यतया चिकिस्तक (एमबीबीएस डाक्टर) द्वारा गरिने 'मेडिकल ट्रिटमेन्ट' समावेश हुँदैन।यस्तै अन्य क्रियाकलापहरु जस्तै दन्त सहायकहरू (Dental hygienists) र दन्त नर्सहरूका क्रियाकलापहरू; मेडिकल प्रयोगशालाका क्रियाकलापहरू (एक्स-रे प्रयोगशाला र अन्य डायग्नोस्टिक इमेजिङ केन्द्रहरू (CT scan, MRI, Ultrasound), रगत परीक्षण प्रयोगशालाहरू (Pathology Labs)); रक्त बैंक (Blood banks), विर्य बैंक, अङ्ग प्रत्यारोपण बैंक आदि; हवाई जहाज लगायत जुनसुकै माध्यमबाट बिरामी ओसारपसार गर्ने एम्बुलेन्स सेवाका क्रियाकलापहरू पनि समावेश हुन्छन् । उदाहरणहरु प्याथोलोजी प्रयोगशालाहरू (Pathology Labs); एक्स-रे र भिडियो एक्स-रे केन्द्रहरू; फिजियोथेरापी केन्द्रहरू; अकुपन्चर र प्राकृतिक चिकित्सा केन्द्र; अप्टिकल सेन्टरहरू (चश्मा पसल जहाँ आँखा जाँच हुन्छ); एम्बुलेन्स सेवा प्रदायक; रक्त बैंक (Blood Bank); होमियोप्याथिक क्लिनिक; हेल्थ असिस्टेन्ट (HA) वा नर्सद्वारा सञ्चालित क्लिनिक |
| **87** | **आवासीय हेरचाहका क्रियाकलापहरू** |
| **871** | **आवासीय नर्सिङ हेरचाहका सुविधाहरू** |
| **8710** | **आवासीय नर्सिङ हेरचाहका सुविधाहरू** |
| | **यस** वर्ग अन्तर्गत मुख्यतया ती संस्थाहरू पर्दछन् जहाँ बस्ने सुविधाको साथसाथै स्वास्थ्यकर्मी (नर्स) हरूद्वारा नियमित रूपमा रेखदेख र उपचार सेवा प्रदान गरिन्छ। यस वर्गमा समावेश हुने क्रियाकलापहरू: नर्सिङ हेरचाह सहितका वृद्धाश्रमहरू ; स्वास्थ्य लाभ गृहहरू (बिरामी वा शल्यक्रियापछि निको हुँदै गरेकाहरूका लागि); नर्सिङ हेरचाह सहितका आराम गृहहरू ; नर्सिङ हेरचाह सुविधाहरू; नर्सिङ होमहरू । उदाहरणहरु: सुविधायुक्त निजी वृद्धाश्रम ; दीर्घकालीन नर्सिङ सेवा दिने नर्सिङ होम (संस्थाले बिरामीलाई हप्तौं वा महिनौं सम्म राखेर केवल 'नर्सिङ केयर' मात्र दिने ) |
| **872** | **मानसिक रोगी र लागुपदार्थ दुर्व्यसनीहरूका लागि आवासीय हेरचाहका क्रियाकलापहरू** |
| **8720** | **मानसिक रोगी र लागुपदार्थ दुर्वेसनीहरूका लागि आवासीय हेरचाहका क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत बौद्धिक अपाङ्गता,मानसिक रोग,वा लागूऔषध/ मद्यपानको दुर्व्यसनीमा परेका व्यक्तिहरूलाई प्रदान गरिने आवासीय हेरचाह सुविधाहरू (तर लाइसेन्स प्राप्त अस्पतालको उपचार होइन) समावेश हुन्छन्। जस्तैः मद्यपान र लागूऔषध दुर्व्यसनी सुधार केन्द्रहरूको क्रियाकलाप ; मनोरोग पछि स्वास्थ्य लाभ गरिरहेकाहरूका लागि आवासीय गृह; संवेगात्मक समस्या भएका व्यक्तिहरूका लागि सामूहिक आवासीय गृह ; बौद्धिक अपाङ्गता (सुस्त मनस्थिति) भएका व्यक्तिहरूका लागि आवास सुविधाहरू; मानसिक स्वास्थ्य सुधारका लागि 'हाफवे हाउसेस'(अस्पतालबाट घर फर्कनु अघिको बीचको चरण)/ उदाहरणहरु :लागूऔषध तथा मद्यपान सुधार केन्द्र; मानसिक |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | स्वास्थ्य पुन:स्थापना केन्द्र; बौद्धिक अपाङ्गता भएकाहरूका लागि आवासीय आश्रम; अटिजम आवासीय केन्द्र; विवादमा परेका वा संवेगात्मक समस्या भएका युवाहरूका लागि सुधार गृह (मानसिक वा व्यवहारजन्य समस्या भएका किशोरकिशोरीहरूलाई आवासीय सुधार सेवा प्रदान) |
| **873** | **वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि आवासीय हेरचाह क्रियाकलापहरू** |
| **8730** | **वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि आवासीय हेरचाह क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत आफ्नो हेरचाह आफैं गर्न पूर्ण रूपमा असमर्थ वा स्वतन्त्र रूपमा बस्न नचाहने ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूका लागि आवासीय र व्यक्तिगत हेरचाह सेवाहरूको व्यवस्था समावेश हुन्छ। यस्ता संस्थाहरूमा ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई "सुरक्षित आवास" र "दैनिक स्याहार" प्रदान गरिन्छ तर 'बिरामीको उपचार' मुख्य उद्देश्य हुँदैन। यस्तो हेरचाहमा सामान्यतया आवास (कोठा), खाना, सुपरीवेक्षण र दैनिक जीवनमा आवश्यक पर्ने सहयोग (जस्तैः सरसफाइ र घरायसी काम) समावेश हुन्छ। कतिपय अवस्थामा, यी संस्थाहरूले आफ्नै परिसरमा छुट्टै सुविधामार्फत दक्ष नर्सिङ सेवा पनि प्रदान गर्न सक्छन्। जस्तैः निजी तथा सामुदायिक वृद्धाश्रमहरू (पशुपति वृद्धाश्रम); अपाङ्गता भएका व्यक्तिहरूका लागि आवासीय केन्द्रहरू |
| **879** | **आवासीय हेरचाहसम्बन्धी अन्य क्रियाकलापहरू** |
| **8790** | **आवासीय हेरचाहसम्बन्धी अन्य क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरू बाहेकका अन्य समूह (आफ्नो पूर्ण हेरचाह आफैं गर्न नसक्ने वा स्वतन्त्र रूपमा बस्न नचाहने व्यक्तिहरू) का लागि प्रदान गरिने आवासीय सेवाहरू र व्यक्तिगत हेरचाह सेवाहरूको व्यवस्था गर्ने क्रियाकलाप पर्दछ। जस्तैः अनाथालयहरू; बालबालिकाका लागि सञ्चालित सामाजिक सहायता केन्द्रित आवासीय गृह वा होस्टेलहरू; अस्थायी घरबारविहीन आश्रयस्थलहरू ; अविवाहित वा एकल आमा र उनीहरूका बालबालिकाको हेरचाह गर्ने संस्थाहरू; सामाजिक वा व्यक्तिगत समस्या भएका व्यक्तिहरूका लागि सञ्चालित सुधार गृहहरू; कानुनको विवादमा परेका वा सुधार आवश्यक भएकाहरूका लागि सुधार गृहहरू; अनुशासनात्मक शिविरहरू (Disciplinary camps)। ( बालगृहहरू; महिला सुरक्षित गृह; सडक बालबालिका पुनर्स्थापना केन्द्र; बाल सुधार गृह; विपन्न वा एकल आमा आवास गृह) |
| **88** | **गाँसबासबाहेकका सामाजिक कार्यका क्रियाकलापहरू** |
| **881** | **वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि गाँसवासको व्यवस्थाबाहेक सामाजिक कार्यका क्रियाकलापहरू** |
| **8810** | **वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि गाँसबासको व्यवस्थाबाहेक सामाजिक कार्यका क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूकै घरमा वा |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | सामुदायिक केन्द्रहरूमा गएर सेवा दिने तर (आवास) सुविधा नभएका संस्थाहरूको क्रियाकलाप पर्दछन् ।यस्ता संस्थाहरुले सामाजिक, परामर्श (Counselling), कल्याणकारी, सिफारिस (Referral) र यस्तै अन्य सेवाहरू प्रदान गर्दछन्। यस अन्तर्गत पर्ने क्रियाकलापहरू जस्तै: ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको घरमै पुगेर गरिने भेटघाट र रेखदेख सेवा; दिवा-सेवा (Day-care) क्रियाकलापहरू; अपाङ्गता भएका व्यक्तिहरूका लागि व्यावसायिक पुनर्स्थापना (Vocational rehabilitation) र तालिम क्रियाकलापहरू,। उदाहरणहरु : ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र ; घरमै पुगेर दिइने केयर-गिभर सेवा; अपाङ्गता भएका वयस्कका लागि सीपमूलक तालिम; अपाङ्गता सहायता र परामर्श केन्द्र; (घरबाट बाहिर निस्कन नसक्ने वृद्ध वा अपाङ्ग व्यक्तिहरूका लागि घरमै तयारी खाना पुर्‍याइदिने सामाजिक सेवाहरू) |
| **889** | **गाँसवासबाहेकका अन्य सामाजिक क्रियाकलापहरू** |
| **8890** | **गाँसवासबाहेकका अन्य सामाजिक क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत बालबालिका, परिवार र विपद् पीडितहरूका लागि सामाजिक, परामर्श (Counselling), कल्याणकारी, शरणार्थी सहायता, सिफारिस र यस्तै अन्य सेवाहरूका क्रियाकलाप पर्दछ। जस्तै: बालबालिका तथा किशोरकिशोरीका लागि कल्याणकारी र मार्गदर्शन क्रियाकलापहरू; धर्मपुत्र/धर्मपुत्री (Adoption) राख्ने प्रक्रिया र बालबालिका विरुद्ध हुने क्रूरता रोकथाम सम्बन्धी क्रियाकलाप; घरायसी बजेट परामर्श, वैवाहिक तथा पारिवारिक मार्गदर्शन, ऋण तथा कर्जा सम्बन्धी परामर्श सेवाहरू; सामुदायिक र टोल विकास सम्बन्धी क्रियाकलापहरू; विपद् पीडित, शरणार्थी र आप्रवासीहरूका लागि राहत र अस्थायी आश्रय सेवाहरू; बेरोजगार व्यक्तिहरूका लागि व्यावसायिक पुनर्स्थापना (Vocational rehabilitation) तालिम; सरकारी कल्याणकारी सहायता, भाडामा सहुलियत वा खाद्य सहायताका लागि योग्यता (Eligibility) निर्धारण गर्ने काम; बालबालिका दिवा हेरचाह केन्द्रहरू; घरबारविहीन र अन्य सामाजिक रूपमा कमजोर समूहका लागि दिवा सुविधाहरू ; सामाजिक कार्यका लागि गरिने चन्दा संकलन वा अन्य परोपकारी क्रियाकलापहरू। उदाहरणहरु: शिशु स्याहार तथा दिवा हेरचाह केन्द्र; बाल संरक्षण र अधिकारका लागि कार्यरत NGO हरू; हिंसा पीडितका लागि परामर्श केन्द्र; विपद् राहत संस्थाहरू ; टोल सुधार समिति वा सामुदायिक विकास केन्द्र; वैदेशिक रोजगारी परामर्श (सामाजिक पक्ष); |
| **खण्ड आर (R ) कला, मनोरञ्जन तथा मनोविनोद** | |
| | यस खण्डमा विविध सांस्कृतिक, मनोविनोद, मनोरञ्जन तथा नागरिकहरूको रुचिका मनोरञ्जन तथा क्रिडालाई पूरा गर्ने व्यापक क्रियाकलापहरू; जीवन्त प्रदर्शनहरू, संग्रहालय साइटहरू सञ्चालन, जुवा, खेलकुदहरू तथा अन्य मनोरञ्जनात्मक तथा मनोविनोद क्रियाकलापहरू प्रदान गर्ने प्रतिष्ठानहरु समावेश गरिन्छ। |
| **90** | **सृजनात्मक कलाहरू तथा मनोरञ्जन क्रियाकलापहरू** |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| **900** | **सृजनात्मक कलाहरू तथा मनोरञ्जन क्रियाकलापहरू** |
| **9000** | **सृजनात्मक कलाहरू तथा मनोरञ्जन क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत ग्राहकहरूका सांस्कृतिक तथा मनोरञ्जन आकाक्षाहरूलाई परिपुर्ति गर्न सुविधा तथा सेवा सञ्चालनका क्रियाकलापहरू पर्दछ ।जस्तैःजस्तै प्रत्यक्ष रङमञ्च, नाट्यशाला, कन्सर्ट, ओपेरा, नृत्य, सर्कस, संगीत समूह, पञ्चेवाजा आदि समूह, कलाकार (लेखक, निर्देशक, सङ्गीतकार, स्टेज सेट डिजाइनर), मुर्तिकार, पेन्टिङ, कार्टुनिष्ट, engraver, etcher, स्वतन्त्र पत्रकार, पुरानै कलाको पुनःस्थापना, साइनवोर्ड लेखन र कला प्रस्तुति, साथै सुविधासहित वा रहित प्रत्यक्ष कला प्रस्तुतिका उद्यमी/उत्पादक क्रियाकलापहरू |
| **91** | **पुस्तकालय, पूरातत्व, संग्रहालय तथा अन्य सौँस्कृतिक क्रियाकलापहरू** |
| **910** | **पुस्तकालय, पूरातात्विक अभिलेखालय, संग्रहालय, तथा अन्य सौँस्कृतिक क्रियाकलापहरू** |
| **9101** | **पुस्तकालय, पूरातात्विक अभिलेखालय सम्बन्धी क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत सबै प्रकारका पुस्तकालयहरूका अभिलेख तथा सूचनासम्बन्धी क्रियाकलापहरू ,सूचीकृत वा सूचीकृत नगरिएका वा विशेष प्रकारका अभिलेख तथा सामग्रीहरूको व्यवस्थित क्याटलगहरू तयार गरी राख्ने; पुस्तक, नक्सा, नियमित पत्रपत्रिका, चलचित्र, रेकर्ड, टेप, कलाकृतिहरू आदिको भण्डारण तथा दिने वा लिने कार्य; माग भएका सूचनाको आधारमा सम्बन्धित सामग्रीहरू खोजी उपलब्ध गराउने; मौज्दात फोटो पुस्तकालय तथा सेवाहरू सञ्चालन गर्ने क्रियाकलाप पर्दछ । उदाहरण केशर पुस्तकालय;राष्ट्रिय अभिलेखालय |
| **9102** | **संग्रहालयका क्रियाकलापहरू तथा ऐतिहासिक स्थल र भवनहरूको सञ्चालन** |
| | यस वर्ग अन्तर्गत सबै प्रकारका संग्रहालयहरूको सञ्चालन; कला संग्रहालय, गरगहनाहरू, फर्निचर, सजावटयुक्त भेषभुषाहरू, माटाका भाँडाकुँडाहरू तथा चाँदीका भाँडाकुँडाहरूको संग्रहालय; प्राकृतिक इतिहास, विज्ञान तथा प्रविधियुक्त संग्रहालय, ऐतिहासिक संग्रहालयका साथै सैन्य संग्रहालय; अन्य विशेष प्रकारका संग्रहालय; खुल्ला संग्रहालय; ऐतिहासिक स्थलहरू तथा भवनहरूको सञ्चालन गर्ने क्रियाकलाप पर्दछ । जस्तैः नारायणहिटी दरबार संग्रहालय; हनुमानढोका, पाटन र भक्तपुर दरबार क्षेत्र; अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय (पोखरा); थारु सांस्कृतिक संग्रहालय |
| **9103** | **वनस्पति, वन्यजन्तु उद्यानहरू तथा प्रकृति संरक्षणका क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत वन्यजन्तु (प्राणी) तथा वनस्पति उद्यानहरूका साथै बालबालिकाहरूका लागि बनाइएको चिडियाखाना; प्रकृती संरक्षणका साथै वन्यजन्तु आरक्ष आदि कार्यको सञ्चालनका क्रियाकलाप पर्दछ ।जस्तैः सदर चिडियाखाना, राष्ट्रिय वनस्पति उद्यान, चितवन राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज |
| **92** | **जुवा तथा बाजी लगाउने क्रियाकलापहरू** |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| **920** | **जुवा तथा बाजी थाप्ने क्रियाकलापहरू** |
| **9200** | **जुवा तथा बाजी थाप्ने क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत बुकमेकीङ (एक प्रकारको बाजी) र अन्य बाजीका खेलहरू सञ्चालन; च्याँखे थाप्ने ; क्यासिनोहरू; चिठ्ठाको टिकटहरू विक्री; सिक्काबाट सञ्चालन गरिने जुवाखेलका मेसिनहरूको सञ्चालन; वेव साइटबाट खेलिने अवास्तविक (virtual) जुवाखेलको सञ्चालन क्रियाकलाप पर्दछ ।जस्तैः नेपालका पाँचतारे होटलहरूमा इजाजतपत्र लिएर सञ्चालनमा रहेका क्यासिनोहरू |
| **93** | **खेलकुद, मनोविनोद तथा मनोरञ्जनका क्रियाकलापहरू** |
| **931** | **खेलकुदसम्बन्धी क्रियाकलापहरू** |
| **9311** | **खेलकुद क्रियाकलापहरूको सञ्चालन** |
| | यस वर्ग अन्तर्गत आन्तरिक वा बाह्य खेलकुद कार्यक्रमहरूका लागि सुविधाहरूको सञ्चालन गर्ने क्रियाकलाप पर्दछ । जस्तैः फुटवल, हकी, क्रिकेट, रङ्गशालाहरू; कारहरू, कुकर तथा घोडा दौडहरूका लागि दौडिने रेसर ट्र्याकहरू; स्वीमिङ पुल र यससम्बन्धी रंगशालाहरू; ट्र्याक र फिल्ड रंगशालाहरू; जाडोमा खेलिने खेलमैदानहरू र त्यसका रंगशालाहरू; आइस हक्की खेलमैदानहरू ; बक्सीङ खेलमैदानहरू, ; गल्फ कोर्सहरू; बाउलिङ लेनहरू; व्यायामशालाहरू; पेशागत तथा सौखिन खेलाडीहरूका लागि आन्तरिक वा बाह्य खेलहरूको आयोजना तथा सञ्चालन उदाहरण दशरथ रंगशाला (त्रिपुरेश्वर),गोकर्ण फरेस्ट रिसोर्ट गल्फ कोर्स, मूलपानी र कीर्तिपुर क्रिकेट मैदान, फिटनेस र जिम सेन्टरहरू । |
| **9312** | **खेलकुद क्लबका क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत खेलकुद क्लबहरूका क्रियाकलापहरू पर्दछ ।जसले व्यावसायिक, अर्धव्यावसायिक वा एमेच्योर क्लबहरूलाई सदस्यता प्रदान गरी खेलकुद क्रियाकलापहरूमा क्रियाशील गराउने जस्तैः खेलकुद क्लबहरूको सञ्चालन; फुटबल क्लबहरू; वउलिङ क्लबहरू; स्वीमिङ क्लबहरू; गल्फ क्लबहरू; बक्सिङ क्लबहरू; शारीरिक सुगठन (बडीबिल्डीङ) क्लबहरू; शितकालीन (winter) खेलकुद क्लबहरू; बुद्धिचाल (चेस), बाघचाल क्लबहरू आदि; ट्र्याकमा खेलिने एथलेटिक्स खेलहरूका क्लबहरू; सुटिङ क्लबहरू आदि उदाहरण 'ए' डिभिजन फुटबल क्लबहरू; (जस्तै मनाङ मर्स्याङ्दी क्लब, श्री स्टार क्लब) |
| **9319** | **अन्य खेलकुदका क्रियाकलापहरू** |
| | यस वर्गअन्तर्गत अन्यत्र वर्गीकृत नभएका खेलकुदसम्बन्धी क्रियाकलाप पर्दछन्। यसमा प्रत्यक्ष खेलकुद खेल्नेभन्दा बढी खेलकुद कार्यक्रम आयोजना,व्यवस्थापन,रेफ्री/अम्पायर सेवा, खेल प्रवर्द्धन जस्ता गतिविधि समावेश हुन्छन्। खेलकुद प्रतियोगिता आयोजना तथा व्यवस्थापन,म्याराथन, दौड, खुला खेल महोत्सव आयोजना,रेफ्री, अम्पायर, टाइमकिपर सेवा,खेलकुद एजेण्ट/प्रमोटर सेवा,खेलाडी प्रशिक्षण क्याम्प (विशेष क्लब बाहेक),स्वतन्त्र खेल प्रशिक्षक, हिमाल आरोहणका गाइड (पथ प्रदर्शक)सम्बन्धी |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | क्रियाकलाप,खेलकुद नियामक निकायहरू (Regulating Bodies) जस्तै: नेपाल ओलम्पिक कमिटी (NOC), नेपाल फुटबल संघ (ANFA) वा नेपाल क्रिकेट संघ (CAN); खेलकुद प्रवर्द्धक र एजेन्सीहरू (नेपाल सुपर लिग (NSL) का आयोजकहरू); ढोरपाटन शिकार आरक्षमा सहयोगी सेवा; बर्दिया वा कर्णाली क्षेत्रमा 'स्पोर्ट फिसिङ' |
| **932** | **मन रमाउने वा अन्य मनोरञ्जनात्मक क्रियालापहरू** |
| **9321** | **मनोरञ्जन तथा विषयगत उद्यानहरूका क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत मनोरञ्जन वा विषयगत उद्यानहरूका क्रियाकलापहरू; विभिन्न आकर्षण क्रियाकलापहरूको सञ्चालन जस्तैः मनोरञ्जनात्मक यान्त्रिक साधनहरू चढेर उद्यान घुम्ने व्यवस्था, जलविहारको व्यवस्था, खेलहरू खेल्ने व्यवस्था, प्रदर्शन वा विषयगत प्रदर्शनीको व्यवस्था; वनभोज स्थलको व्यवस्था पर्दछ । |
| **9329** | **अन्यत्र कतै वर्गीकरण नगरिएका अन्य मनोरञ्जन र मनोविनोदका क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत अन्यत्र वर्गीकृत नभएका मनोरञ्जन, आमोद—प्रमोद तथा फुर्सद सम्बन्धी क्रियाकलाप पर्दछन्।यसमा खेलकुद वा सांस्कृतिक गतिविधिभन्दा फरक, मनोरञ्जनका लागि सञ्चालन गरिने सेवा समावेश हुन्छन्। मनोरञ्जन पार्क सञ्चालन, पानी पार्क (Water park) सञ्चालन,बञ्जी जम्प, एडभेन्चर खेल गतिविधि,<br>इनडोर खेल/बाल प्ले जोन सञ्चालन,मनोरञ्जनका लागि ट्राम्पोलिन, गेम जोन, फन पार्क,समुद्र तट वा पिकनिक स्थलमा मनोरञ्जन सेवा |
| **खण्ड एसः (S) अन्य सेवा प्रदान गर्ने क्रियाकलापहरू** | |
| | यो खण्डमा अन्य मुख्य औद्योगिक वर्गीकरणहरू (जस्तै: उत्पादन, व्यापार, शिक्षा, स्वास्थ्य आदि) मा नपरेका<br>सदस्य सङ्गठनहरुको क्रियाकलापहरु, व्यक्तिगत तथा घरपरिवारको सामानहरु र कम्प्युटरहरुको मर्मत तथा कहिँ कतै उल्लेख नगरिएका विवध प्रकारका व्यक्तिगत सेवाका क्रियाकलापहरु समावेश गरिन्छ । |
| **94** | **व्यवसायिक संस्थाहरूका क्रियाकलापहरू** |
| **941** | **व्यावसायी, रोजगारदाता तथा पेशागत सदस्य संस्थाका क्रियाकलापहरू** |
| **9411** | **व्यावसायी तथा रोजगारदाता सदस्य संस्थाका क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत अन्तर्गत व्यवसायी, उद्योगी वा रोजगारदाताहरूको साझा हित, प्रतिनिधित्व र प्रवर्द्धन गर्ने उद्देश्यले स्थापना गरिएका सदस्य संस्थाहरूका क्रियाकलाप पर्दछन्।यी संस्थाहरूले आफ्ना सदस्यहरूको व्यावसायिक, आर्थिक, कानुनी तथा नीतिगत हित संरक्षण गर्ने काम गर्छन्।उद्योग तथा व्यवसायिक महासंघ/संघहरूको सञ्चालन,रोजगारदाता संघका गतिविधिहरू,सदस्यहरूका लागि तालिम, गोष्ठी, सेमिनार आयोजना,सरकारसँग नीतिगत छलफल तथा प्रतिनिधित्व,व्यापार प्रवर्द्धन तथा व्यवसायिक नेटवर्किङ,सदस्यता व्यवस्थापन तथा समन्वय कार्य ।उदाहरण: उद्योग वाणिज्य संघ,व्यवसायी महासंघ,होटल संघ,निर्माण व्यवसायी संघ, नेपाल पोल्ट्री महासंघ |

| NSIC वर्गिकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | वा फलफूल तथा तरकारी व्यवसायी महासंघ |
| **9412** | **पेशागत सदस्य सङ्गठनहरूका क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत विशेष पेशा (profession) का व्यक्तिहरूको साझा हित, आचारसंहिता, क्षमता अभिवृद्धि तथा पेशागत मानक विकास गर्ने उद्देश्यले स्थापना गरिएका सदस्य संस्थाहरूका क्रियाकलाप पर्दछन्। यी संस्थाहरू प्रायः डाक्टर, इन्जिनियर, वकिल, लेखापाल, शिक्षक, पत्रकार जस्ता पेशागत समूहहरूद्वारा गठन गरिन्छन्। पेशागत संघ/परिषद् सञ्चालन,पेशागत आचारसंहिता निर्माण र कार्यान्वयन,सेमिनार,तालिम,कार्यशाला आयोजना,सदस्य दर्ता तथा प्रमाणिकरण सम्बन्धी कार्य,पेशागत हित संरक्षण र प्रतिनिधित्व,अनुसन्धान तथा प्रकाशन कार्य । उदाहरण:नेपाल बार एशोसिएसन,चिकित्सक संघ,इन्जिनियर्स संघ,लेखापाल संघ |
| **942** | **श्रमिक सङ्गठनहरू वा ट्रेड युनियनहरूका क्रियाकलापहरू** |
| **9420** | **श्रमिक सङ्गठन वा ट्रेड युनियनहरूका क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत मुख्यतया श्रमिक वा कर्मचारीहरूको हकहित संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले खोलिएका ट्रेड युनियन र युनियनहरूको महासंघ वा छाता संगठनहरूको क्रियाकलाप पर्दछन।जस्तैः राष्ट्रिय ट्रेड युनियन महासंघहरू (नेपाल ट्रेड युनियन कांग्रेस, नेपाल ट्रेड युनियन महासंघ, अखिल नेपाल ट्रेड युनियन महासंघ); प्रतिष्ठान स्तरका युनियनहरू(उदाहरण: नेपाल टेलिकम कर्मचारी युनियन, वा कुनै सिमेन्ट कारखाना भित्रको मजदुर संगठनको कार्यालय); पेशागत श्रमिक संगठनहरू (नेपाल यातायात स्वतन्त्र मजदुर संगठन, नेपाल निर्माण मजदुर संघ) |
| **949** | **अन्य सदस्य संस्थाका क्रियाकलापहरू** |
| **9491** | **धार्मिक संस्थाका क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत धार्मिक उद्देश्यका लागि स्थापित संस्थाहरू वा व्यक्तिगत रूपमा धार्मिक सेवा दिने व्यक्तिहरूको क्रियाकलाप पर्दछ ।जस्तैः मन्दिर, मस्जिद, चर्च, गुम्बा, विहार वा अन्य धार्मिक स्थलहरूमा भक्तजनहरूलाई प्रत्यक्ष रूपमा प्रदान गरिने सेवाहरू तथा व्यवस्थापन; ध्यान शिविर वा धार्मिक अनुष्ठानहरू सञ्चलान; धर्म र संस्कृति अनुसार गरिने मृत्यु संस्कार वा दाहसंस्कारसँग सम्बन्धित धार्मिक क्रियाकलापहरू ।(पशुपति क्षेत्र विकास कोष, स्वयम्भू वा बौद्ध व्यवस्थापन समिति, विपश्यना ध्यान केन्द्रहरू; धार्मिक सेवा दिने व्यक्तिहरू (पण्डित, पुरोहित,लामा, वा मौलवीहरू) अन्त्येष्टि सेवा प्रदायक समिति जस्तैः आर्यघाट ) |
| **9492** | **राजनैतिक सङ्गठनका क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत राजनीतिक दलहरू र उनीहरूसँग आबद्ध सहायक वा भ्रातृ संगठनहरू (राजनीतिक दलसँग आबद्ध रहेका युवा संगठन, विद्यार्थी संगठन, महिला संगठन आदि) का क्रियाकलाप पर्दछ । |
| **9499** | **अन्यत्र वर्गीकरण नगरीएका अन्य सदस्य संस्थाहरूका क्रियाकलापहरू** |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | यस वर्ग अन्तर्गत अन्यत्र वर्गीकृत नभएका सदस्यतामा आधारित संस्थाहरूका क्रियाकलाप पर्दछन्। अर्थात् 9411 (व्यवसायी), 9412 (पेशागत), 9420 (श्रमिक), 9491 (धार्मिक), 9492 (राजनीतिक) मा नपर्ने सामाजिक, सांस्कृतिक, वातावरणीय, नागरिक समूह आदिका सदस्य संस्थाहरू यसमा समावेश हुन्छन्।<br>सामाजिक तथा सामुदायिक क्लब सञ्चालन, सांस्कृतिक तथा कला प्रवर्द्धन संस्था,वातावरण संरक्षण समूह, महिला, युवा, बाल क्लब जस्ता सदस्य संस्था, मानवअधिकार, उपभोक्ता अधिकार, सामाजिक अभियान्ता समूह,मैत्री संघ, एलुम्नाई एसोसिएसन आदि । उदाहरण:टोल विकास संस्था,युवा क्लब,सांस्कृतिक समाज,वातावरण संरक्षण समिति, नेपालमा सञ्चालित धेरै गैर-सरकारी संस्थाहरू (NGOs) र सामाजिक क्लबहरू; |
| **95** | **कम्प्युटरहरू र व्यक्तिगत र घरायसी सामग्रीहरूको मर्मतका कार्यहरू** |
| **951** | **कम्प्युटर तथा सञ्चारका उपकरणको मर्मत कार्यहरू** |
| **9511** | **कम्प्युटर र यससम्बन्धी उपकरणहरूको मर्मत कार्यहरू** |
| | यस वर्ग अन्तर्गत कम्प्युटर उपकरण र सम्बद्ध मेसिनरीको मर्मत, सम्भार गर्ने क्रियाकलाप पर्दछ। जस्तैः डेस्कटप/ल्यापटप कम्प्युटर, प्रिन्टर, स्क्यानर, कम्प्युटर टर्मिनल, सर्भर कम्प्युटर प्रोजेक्टर,स्वचालित टेलर यन्त्र (ATM), CD-RW, CD-ROM, DVD-RW, DVD-ROM को मर्मत र सम्भार |
| **9512** | **सञ्चारका उपकरणहरूको मर्मत कार्यहरू** |
| | यस वर्ग अन्तर्गत विभिन्न सञ्चारका साधन र उपकरणहरूको मर्मत तथा सम्भार गर्ने क्रियाकलाप पर्दछ ।जस्तैःमोबाइल फोन मर्मत (स्मार्टफोन र साधारण); टेलिफोनहरू मर्मत (ताररहित टेलिफोन र फ्याक्स मेसिन); नेटवर्किङ उपकरणहरू मर्मत (सञ्चार प्रसारणमा प्रयोग हुने राउटर , ब्रिज र मोडेमहरूको मर्मत); वाकी-टाकी र सेटहरू मर्मत; व्यावसायिक क्यामेराहरू(व्यावसायिक टेलिभिजन च्यानलले प्रयोग गर्ने क्यामेरा र भिडियो क्यामेराहरूको मर्मत) |
| **952** | **व्यक्तिगत तथा घरायसी सामानहरूको मर्मत कार्यहरू** |
| **9521** | **विद्युतीय उपभोगका सामानहरूको मर्मत कार्यहरू** |
| | यस वर्ग अन्तर्गत मुख्यतया मनोरञ्जन र व्यक्तिगत प्रयोगका लागि प्रयोग गरिने विद्युतीय (Electronic) उपकरणहरूको मर्मत र सम्भारको क्रियाकलाप पर्दछ ।जस्तैः टेलिभिजन (TV), रेडियो रिसिभर, भिडियो क्यासेट रेकर्डर (VCR), सीडी/डिभिडी (CD/DVD) प्लेयर, घरमा प्रयोग गरिने साधारण भिडियो क्यामेरा र डिजिटल क्यामेराहरूको मर्मत । |
| **9522** | **घरायसी समाग्री तथा घर र वगैंचामा प्रयोग हुने उपकरणको मर्मत कार्यहरू** |
| | यस वर्ग अन्तर्गत घरायसी विद्युतीय र मेकानिकल उपकरणहरू तथा बगैंचामा प्रयोग हुने साना मेसिनहरूको मर्मत र सर्भिसिङ गर्ने क्रियाकलाप पर्दछ ।जस्तैःफ्रिज (Refrigerators), खाना पकाउने चुलो (Stoves/Ovens), वासिङ मेसिन, लुगा सुकाउने |

| NSIC वर्गीकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | मेसिन (Dryers), कोठामा प्रयोग गरिने एयर कन्डिसनर (Room AC),घाँस काट्ने मेसिन, किनारा मिलाउने मेसिन, पातहरू हटाउने ब्लुअर र ट्रिमरहरूको मर्मत । |
| **9523** | **जुत्ता र छालाका सामानहरूको मर्मत कार्यहरू** |
| | यस वर्ग अन्तर्गत जुत्ता, चप्पल र छालाबाट बनेका विभिन्न व्यक्तिगत सामानहरूको मर्मत र सम्भार गर्ने कार्यहरू पर्दछ ।जस्तैः सबै प्रकारका जुत्ता, बुट, स्यान्डल र चप्पल, छालाका झोला , सुटकेस, पर्स, बेल्ट र सोही प्रकृतिका अन्य सामानहरूको मर्मत तथा सम्भार । |
| **9524** | **फर्निचर र सजावटका सामानहरूको मर्मत कार्यहरू** |
| | यस वर्ग अन्तर्गत घरायसी फर्निचर तथा सजावट/घरायसी सामग्रीको मर्मत तथा पुनःस्थापना (restoration) सम्बन्धी क्रियाकलाप पर्दछन्।यसमा कुर्सी, टेबल, दराज, सोफा, गद्दा आदि सामग्रीको मर्मत, पोलिस, कपडा परिवर्तन, पार्ट्स प्रतिस्थापन जस्ता कार्य समावेश हुन्छन्।काठ वा फलामका फर्निचर मर्मत, सोफा/कुर्सीमा कपडा (upholstery) परिवर्तन,गद्दा (mattress) मर्मत,फर्निचर पोलिस तथा पुनःरंगाई,घरायसी सजावट सामग्री मर्मत |
| **9529** | **व्यक्तिगत तथा घरायसी अन्य सामानहरूको मर्मत कार्यहरू** |
| | यस वर्ग अन्तर्गत विभिन्न व्यक्तिगत र घरायसी प्रयोगका सामानहरूको मर्मत र सम्भार पर्दछ ।जस्तैः साइकल मर्मत; लुगाहरूको मर्मत र मिलाउने कार्य); सुन, चाँदी तथा अन्य गहनाहरूको मर्मत र पुनर्निर्माण ; हाते घडी, भित्तेघडी र तिनका पुर्जाहरूको मर्मत); खेलकुदका सामग्रीहरूको मर्मत; पुराना वा च्यातिएका पुस्तकहरूको मर्मत तथा बाइन्डिङ); वाद्यवादन मर्मत (गितार, मादल, पियानो जस्ता वाद्यवादनका सामग्रीहरूको मर्मत र पियानो ट्युनिङ); बालबालिकाका खेलौनाहरूको मर्मत; अन्य व्यक्तिगत र घरायसी सामानहरूको मर्मत |
| **96** | **व्यक्तिगत अन्य सेवा सञ्चालन गर्ने कार्यहरू** |
| **960** | **व्यक्तिगत अन्य सेवा सञ्चालन गर्ने कार्यहरू** |
| **9601** | **कपडा एवं भुवादार कपडा धुने, पखाल्ने एवं सरसफाइ गर्ने कार्यहरू** |
| | यस वर्ग अन्तर्गत सबै प्रकारका लुगाफाटा र कपडाजन्य वस्तुहरूको धुलाई र सरसफाइ सम्बन्धी सेवाहरू पर्दछ ।जस्तैः कपडाहरू धुने, ड्राइ-क्लिनिङ गर्ने र इस्त्री (Pressing) गर्ने कार्य( यो कार्य हातले, मेसिनले वा पैसा हालेर चल्ने मेसिन बाट हुन सक्छ।); ग्राहकको घरबाट लुगा संकलन गर्ने र धोएर पुर्‍याइदिने सेवा; गलैंचा र पर्दा सफाइ (ग्राहककै घरमा गएर वा आफ्नै पसलमा ल्याएर)।); लुगा धुने संस्थाहरूले तन्ना, कार्यस्थलमा लगाइने युनिफर्म र सम्बन्धित सामग्रीहरू उपलब्ध गराउने सेवा; सफाइ गर्ने कार्यसँगै गरिने लुगाको सामान्य मर्मत वा अल्टर (मिलाउने) कार्य । |
| **9602** | **कपाल काट्ने, कपालको सजावट गर्ने र कपालको सौन्दर्य भर्ने अन्य क्रियाकलापहरू** |

| NSIC वर्गिकरण | आर्थिक क्रियाकलाप |
|---|---|
| | यस वर्ग अन्तर्गत पुरुष तथा महिला दुवैका लागि कपाल र अनुहारको सौन्दर्यसँग सम्बन्धित सबै प्रकारका सेवाहरू पर्दछ ।जस्तैःकपाल धुने, छिमल्ने (Trimming), काट्ने, सेटिङ गर्ने, रंगाउने (Dyeing), घुम्राउने (Waving), सिधा गर्ने (Straightening) ,दाह्री काट्ने र मिलाउने; अनुहारको मसाज (Facial massage), हात र खुट्टाको नङ तथा छालाको स्याहार, मेकअप आदि ।(ब्युटीपार्लर , शैलुन) |
| **9603** | **अन्त्येष्टि तथा अन्त्येष्टि क्रियासम्बन्धी क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत मानिस वा जनावरको शव गाड्ने वा दाहसंस्कार गर्ने र सोसँग सम्बन्धित व्यवस्थापकीय कार्यहरू पर्दछ ।जस्तैःशवलाई गाड्न वा जलाउनका लागि तयार गर्ने, शव जलाउने वा गाड्ने प्रत्यक्ष सेवाहरू प्रदान गर्ने; अन्त्येष्टिका लागि आवश्यक स्थान वा क्रियापुत्रीहरुकालागि कोठा भाडामा दिने); चिहानघारी वा समाधिस्थलहरूको हेरचाह र मर्मत सम्भार गर्ने । |
| **9609** | **अन्यत्र वर्गीकरण नगरिएका व्यक्तिगत सेवासम्बन्धी अन्य क्रियाकलापहरू** |
| | यस वर्ग अन्तर्गत अन्यत्र वर्गीकरण नगरिएका व्यक्तिगत सेवासम्बन्धी अन्य क्रियाकलापहरु पर्दछ ।जस्तैः साउना , स्टिम बाथ, टर्किस बाथ, मसाज पार्लर, र तौल घटाउने वा दुब्लाउने सेवा दिने सैलुनहरू ; ज्योतिष र आध्यात्मिक सेवा (ज्योतिषीय परामर्श, चिना हेर्ने, हात हेर्ने र आध्यात्मिक गुरु वा परामर्शदाताका क्रियाकलापहरू); सामाजिक सेवाहरू (विवाह गराइदिने संस्था वा लमी सेवा (Marriage bureaux)); घरपालुवा जनावरको स्याहार (कुकुर वा बिराला जस्ता जनावरलाई राख्ने, उनीहरूको कपाल काट्ने वा सफा गरिदिने, हेरचाह गर्ने र तालिम दिने सेवा); व्यक्तिगत सहयोगी सेवा (जुत्ता पालिस गर्ने, भरिया वा भारी बोक्ने सेवा (Porters), र भ्यालेट पार्किङ (Valet car parkers) सेवा); सिक्काबाट चल्ने मेसिनहरूको सञ्चालन (सिक्का हालेर तौल जोख्ने, रक्तचाप नाप्ने, फोटो खिच्ने वा लकर सेवा दिने मेसिनहरूको व्यावसायिक सञ्चालन।) |